# सामाजिक अध्ययन शिक्षण

## सक्षमतामा आधारित निम्नमाध्यमिक तथा माध्यमिक शिक्षक तालिम
(एकमहिने - तेस्रो मोडुल)

प्रशिक्षक निर्देशिका

300.7
NCE-S
063

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर

२०६३

परीक्षणका लागि

# सामाजिक अध्ययन शिक्षण

सक्षमतामा आधारित निम्नमाध्यमिक तथा माध्यमिक शिक्षक तालिम
(एकमहिने - तेस्रो मोड्युल)

# प्रशिक्षक निर्देशिका

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**शैक्षिक जनशक्ति विकास केन्द्र**
सानोठिमी, भक्तपुर
२०६३

**प्रकाशक**
नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**शैक्षिक जनशक्ति विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

शैक्षिक जनशक्ति विकास केन्द्र
पुस्तकालय

G1569

**प्रथम संस्करण - २०६३**

**टेलिफोन** : ६-६३१२७६, ६-६३१३७२, ६-६३०७६६
**फ्याक्स** : ६-६३०१९३, ६-६३१४८६
**पो.ब.नं.** : २१४५, ३६५२
**E-mail : ** nced@ntc.net.np

**सल्लाहकार एवम् सुझाव**

अर्जुनबहादुर भण्डारी

बुनु श्रेष्ठ

इन्द्रबहादुर श्रेष्ठ

**लेखक समूह**

प्रा.डा. श्रीरामप्रसाद उपाध्याय

इन्द्रविलास घिमिरे

गीरमान थापा

दिनानाथ गौतम

अब्दुल कैयुम

बोधकुमार खनाल

खुबीराम अधिकारी

गौरीशङ्कर पाण्डे

**विषयवस्तु सम्पादन समूह**

प्रा.डा. श्रीरामप्रसाद उपाध्याय

इन्द्रबहादुर श्रेष्ठ

इन्द्रविलास घिमिरे

अब्दुल कैयुम

सोभियतराम विष्ट

गीरमान थापा

**भाषा सम्पादन समूह**

गीरमान थापा

शुकदेव सापकोटा

**आवरण डिजाइन**

सुमन बज्राचार्य

**कम्प्युटर सेटिङ**

लक्ष्मी श्रेष्ठ

रीता अमात्य

## भूमिका

विद्यालय शिक्षाको गुणस्तर बढाउन शिक्षकहरूको पेसागत दक्षतामा अभिवृद्धि हुनु आवश्यक हुन्छ । शिक्षकको पेसागत विकासका लागि शिक्षक तालिमलाई उपयुक्त उपायका रूपका लिन सकिन्छ । शिक्षक तालिमबाट प्राप्त ज्ञान र सीपको कक्षाकोठामा प्रयोगबाट शिक्षणसिकाइ प्रभावकारी हुन्छ । प्रभावकारी शिक्षणसिकाइबाट नै गुणस्तरीय शिक्षाको अपेक्षा गर्न सकिने हुन्छ । निम्नमाध्यमिक तथा माध्यमिक शिक्षाको गुणस्तरमा सुधार ल्याउने उद्देश्यले **माध्यमिक शिक्षा सहयोग कार्यक्रम** कार्यान्वयन हुँदै आएको छ । यस कार्यक्रमको एउटा प्रमुख पक्ष शिक्षक शिक्षा र विकास हो । यस कार्यक्रमअन्तर्गत शैक्षिक जनशक्ति विकास केन्द्रले निम्नमाध्यमिकतहका पाँचओटा र माध्यमिकतहका छओटा मुख्य विषयहरूलाई समेटेर सक्षमतामा आधारित दसमहिने प्रमाणीकरण शिक्षक तालिम पाठ्यक्रम तयार गरेको छ । उक्त तालिम पाठ्यक्रमअनुसार निम्नमाध्यमिक तथा माध्यमिकतहको शिक्षक तालिमलाई तीन मोडुलमा विभाजित गरिएको छ । प्रस्तुत प्रशिक्षक निर्देशिका तेस्रो मोडुलको एकमहिने तालिम केन्द्रमा आधारित **सामाजिक अध्ययन शिक्षण** विषयको शिक्षक तालिम सञ्चालन गर्न प्रशिक्षकहरूका लागि तयार पारिएको हो ।

प्रस्तुत प्रशिक्षक निर्देशिका निम्नमाध्यमिक तथा माध्यमिकतहको दसमहिने प्रमाणीकरण शिक्षक तालिम पाठ्यक्रमलाई आधार मानी तयार पारिएको हो । यस निर्देशिकामा तालिम पाठ्यक्रमको आधारमा सङ्गठित गरिएका विषयवस्तुहरूलाई क्रियाकलापमुखी र सान्दर्भिक बनाउने प्रयास गरिएको छ । तालिम सञ्चालनका क्रममा गराइने क्रियाकलापहरूलाई बढी सहभागीकेन्द्री गराउने प्रयास भएको छ । शिक्षक तालिमका क्रममा प्रदर्शन, छलफल, अभ्यास आदिजस्ता क्रियाकलापमा सबै सहभागीहरूको समान, सक्रिय र उच्च सहभागिता कायम गराई अपेक्षित ज्ञान, सीप र अभिवृत्तिको विकास गराउन प्रस्तुत निर्देशिकाले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

अन्त्यमा प्रस्तुत प्रशिक्षक निर्देशिका तयार पार्नका लागि विभिन्न क्षेत्रबाट आवश्यक सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दै यसमा देखिएका त्रुटि तथा कमीकमजोरी औँल्याई सहयोग पुऱ्याउनु हुनसमेत सम्वद्ध सबैसँग अनुरोध छ ।

२०६३, आषाढ

शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर

# विषयसूची


| एकाइ | शीर्षक | पेज |
|---|---|---|
| १. | कक्षाकोठामा समाहित हुने विभिन्न प्रकारका सामाजिक विविधताहरू | १ |
| २. | सहपाठी सहयोगी सिकाइ | २१ |
| ३. | अपेक्षित पेसागत सक्षमताको विकास | ३८ |
| ४. | कक्षाकोठामा ज्ञान र सीपहरूको प्रयोग | ६४ |
| ५. | शैक्षणिक क्रियाकलापहरूको योजना र रूपरेखा | ७७ |
| ६. | सञ्चार र सङ्गठन | ९० |
| ७. | सिकाइ सहजीकरणका सीपहरू | १०८ |
| ८. | अन्तर व्यक्तिगत र व्यक्तिगत व्यवहार | १२२ |
| ९. | मानवअधिकारको रक्षाका लागि शैक्षिक प्रक्रिया | १४६ |
| १०. | आ-आफ्नो कार्यक्षमताको प्रतिविम्बन | १५८ |
| ११. | विद्यार्थीको क्षमता मूल्याङ्कन | १७९ |
| १२. | शिक्षामा जीवनोपयोगी सीपहरू | १९५ |

# कक्षाकोठामा समाहित हुने विभिन्न प्रकारका सामाजिक विविधताहरू

**सक्षमता :** शिक्षकले सामाजिक अध्ययन शिक्षणका क्रममा लैङ्गिक, क्षेत्रीय, जातीय, जनजातीय, भाषिक, अपाङ्ग बालबालिका, युद्ध प्रभावित बालबालिका, बालश्रमिक र बालमजदुर, सिकाइ क्षमता र अक्षमताहरू, सिकाइ शैलीहरू, संवेगात्मक अवस्था तथा सांस्कृतिक, धार्मिक भिन्नताजस्ता कक्षाकोठामा पाइने सामाजिक विविधताहरू पत्ता लगाउनेछन् ।

**जम्मा घण्टा :** १२ **सत्र :** ८

**सत्र : पहिलो**
**समय : १:३० घण्टा**

## सामाजिक र कक्षाकोठागत विविधताहरू

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) सामाजिक विविधताको पहिचान गर्न,
(ख) कक्षाकोठामा हुने विविधतापूर्ण परिवेश बताउन,
(ग) सामाजिक शिक्षा शिक्षणका क्रममा कक्षाकोठाभित्रको विविधता पत्ता लगाउने तरिका भन्न ।

२. **सामग्री**

सामाजिक विविधताको चार्ट, सामाजिक विविधता पत्ता लगाउने तरिकाको सूची आदि ।

३. **विषयवस्तु**

(क) सामाजिक विविधताको पहिचान गर्न,
(ख) कक्षाकोठामा हुने विविधतापूर्ण परिवेश बताउन,
(ग) सामाजिक शिक्षा शिक्षणका क्रममा कक्षाकोठाभित्रको विविधता पत्ता लगाउने तरिका भन्न ।

४. **क्रियाकलाप**


**सामाजिक विविधताको पहिचान**

१. सहभागीहरूलाई समूहगत रूपमा तल दिइएका प्रश्नहरूको उत्तर तयार पार्न लगाई समूहगत रूपमा प्रस्तुत गर्न लगाउने । छलफल र पृष्ठपोषण आदानप्रदान गरी निष्कर्षमा पुग्न सहयोग गर्ने ।
   १. सामाजिक विविधतालाई कसरी बुझ्न सकिन्छ ? यसका पक्षहरू केके हुन् ?
   २. केकस्ता कारणले गर्दा विविधतापूर्ण सामाजिक परिवेशको सिर्जना हुन्छ ? कसरी ?
   ३. सामाजिक अध्ययन शिक्षणमा सामाजिक विविधताको पहिचान किन आवश्यक छ ?
   ४. विविधतापूर्ण सामाजिक परिवेशलाई कसरी समावेशीकरण गर्न सकिन्छ ?

**सामाजिक विविधता**

- सामाजिक परिवेशभित्र पाइने विविधतापूर्ण अवस्था,
- लैङ्गिक विभेद, पितृसत्ता र मातृसत्ताको अवस्था र लैङ्गिक समविकासको धारणा,

- जाति, जनजाति, पिछडिएका जाति, वर्ग, तथा उचनीचको अवस्था,
- बहुसांस्कृतिक, बहुभाषिक, र धार्मिक सहिष्णुताको सवाल,
- अन्धा, अपाङ्ग, बहिरा, सुस्तश्रवण, सुस्तमनस्थिति, अशक्त, असहाय, गरिब आदि परिस्थिति,
- फरकफरक मूल्य र मान्यताको विषय,
- पीडक, शोषक, शोषित हुने र नहुनेबीचको अवस्था,
- बालमजदुर, बालश्रमिक, सडक बालबालिका, विभिन्न संवेगात्मक अवस्था भएका बालबालिकाको अवस्था ।




यी सबै सामाजिक परिवेशको सिङ्गो स्वरूप नै सामाजिक विविधता हो ।

**सामाजिक विविधताका पक्षहरू**

**सामाजिक विविधता सिर्जना हुने कारणहरू**

- अन्धविश्वासपूर्ण धार्मिक र सांस्कृतिक परम्परा
- गरिबी
- जातीय छुवाछुतको परम्परा
- सन्तुलित खानाको अभाव
- जन्मजात अपाङ्गता
- कडा विरामी र उपचारको अभाव
- द्वन्द्व, लडाइँ र झगडा
- राष्ट्रको समानुपातिक विकास नहुनु, असन्तुलित विकास
- औद्योगिक विकास नहुनु
- पारिवारिक कलह
- भौगोलिक विकटता
- यातना, शारीरिक र मानसिक विकासमा अवरोध
- दुर्घटना

(यससम्बन्धी विस्तृत विषयवस्तु प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)

२. सहभागीहरूलाई लिङ्ग, जाति, जनजाति, भाषिक, सांस्कृतिक, धार्मिक, अपाङ्ग, द्वन्द्व प्रभावित, संवेगात्मक अवस्थामा विविधता भएका जस्ता विषयमा केन्द्रित भई एकएकओटा घटना निर्माण गर्न लगाउने । घटना निर्माण गर्दा वास्तविक, आफूले देखेका र अनुभव गरेका विषयमा केन्द्रित हुन जानकारी दिने । साथै घटना लेखन गर्दा आवश्यकतानुसार सामाजिक विविधताका क्षेत्र तोकेर दिई तोकिएको क्षेत्रसँग सम्बन्धित विषयमा केन्द्रित हुन भन्नुहोस् र उक्त घटनाहरूलाई प्रस्तुतीकरण गर्न लगाई छलफल गराउने ।

३. सहभागीहरूलाई कक्षाकोठामा रहेको विविधतापूर्ण अवस्थाको पहिचान कसरी गर्न सकिन्छ भन्ने विषयमा छलफल गरी समूहगत रूपमा आआफ्नो धारणामा पेश गर्न लगाउने ।

**कक्षाकोठाको विविधता पहिचान गर्ने तरिका**

- विद्यार्थीहरूको सामाजिक, पारिवारिक, धार्मिक, सांस्कृतिक र आर्थिक पृष्ठभूमि थाहा पाई,
- संवेगात्मक अवस्था पहिचान गरी,
- विद्यार्थीहरूको सिकाइको गति पत्तालगाई,
- विद्यार्थीहरूले गर्ने त्रुटिक्षेत्र पहिचान गरी कुन भाषिक परिवारबाट आएको हो जानकारी लिई
- विद्यार्थीहरूको दैनिक क्रियाकलापको अवलोकन गरी साथीहरूसँगको व्यवहार, खाजा खाने प्रक्रिया/शैली, सङ्गत, समूहनिर्माण, खेल्ने समूह आदिको अवलोकन गरी,
- कक्षामा विद्यार्थीहरूको बसाइको अवस्था पहिचान गरी,
- सुस्तमनस्थिति, बहिरा, आत्मकेन्द्री, संवेगात्मक असन्तुलन भएकाहरूका बारेमा तालिमप्राप्त व्यक्ति वा तत्सम्बन्धी चिकित्सकहरूको सहयोग, सल्लाह र परामर्श लिई ।

४. शिक्षकले विद्यालयको कक्षाकोठामा सबैखाले विद्यार्थीहरूलाई सिकाइमा समान र सक्रिय सहभागी हुनसक्ने खालको वातावरण तयार पार्न सकेको खण्डमा र कक्षाकोठामा हुने त्यस्ता विविधताहरूको उपयुक्त व्यवस्थापन गराउन सकेमा निम्नानुसारको सकारात्मक परिवर्तनको अपेक्षा गर्न सकिने निष्कर्ष दिने :

- बालबालिकाले विद्यालयमा सिकेका कुरा घरमा प्रयोग गर्ने,
- सिकाइबाट व्यावहारिक परिवर्तन हुने,
- न्यायपूर्ण सामाजिक संरचनामा सहयोग पुग्ने,
- छोरा र छोरीमा भेदभाव हट्ने, महिलामाथिको शोषण अन्त्य हुने,
- विनाभेदभाव शिक्षामा पहुँच पुग्ने, विद्यालय परिसर छात्रछात्रानुकूल हुने,
- घर व्यवहारमा बाबुको काम आमाले, आमाको काम बाबुले र दाजु, दिदीभाइ सबैको काम सबैले गर्न हुन्छ भन्ने भावनाको विकास हुने,
- पारिवारिक हौसला बढ्ने,
- क्षमता र योग्यताको कदर हुने आदि ।

५. **मूल्याङ्कन**

(क) शिक्षकले कक्षाकोठाभित्रको विविधतालाई पहिचान गर्ने प्रक्रियाहरू केके छन् ?

(ख) कक्षाकोठाको सामाजिक विविधता पहिचान गर्नुपर्ने कारणहरू टिपोट गर्नुहोस् ।

सत्र [illegible]
समय: १:३० घण्टा

# सामाजिक र कक्षाकोठागत विविधताहरू

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) कक्षाकोठाका विविधतासम्बन्धी गलत धारणाहरूको पहिचान गर्न,

(ख) कक्षाकोठाका सम्पूर्ण विविधालाई समाहित गरी प्रस्तुत गर्ने तरिकाहरू बताउन ।

२. **सामग्री**

कक्षाकोठाका विविधतासम्बन्धी गलत धारणाहरूको सूची, कक्षाकोठागत विविधतालाई प्रस्तुत गर्ने तरिकाहरूको विवरण

३. **विषयवस्तु**

(क) कक्षाकोठाका विविधतासम्बन्धी गलत धारणा

(ख) भाषाशिक्षणका सन्दर्भमा कक्षाकोठागत विविधतालाई समाहित गरी प्रस्तुत गर्ने तरिका

४. **क्रियाकलाप**

(क) सहभागीहरूलाई उनीहरू पनि सामाजिक विविधताभित्रको एउटा पक्ष भएका कारणले आफूले अनुभव गरेको घटना टिपोट गरी सुनाउन लगाउने । आफूले महसुस गरेका कुराहरूको अनुभव अदानप्रदान गर्न लगाउने ।

(ख) सहभागीहरूलाई तल दिइएको प्रश्नको उत्तर तयार पारी छलफलका लागि प्रस्तुत गर्न लगाउने र आवश्यक पृष्ठपोषण आदानप्रदान गरी निष्कर्ष दिने ।

तपाईंहरूले अनुभव गरेका, सुनेका, पढेका आदि आधारमा कक्षाकोठाभित्र पाइने विविधतासम्बन्धी गलत धारणाहरू केके हुन् ? टिपोट गर्नुहोस् ।

**गलत धारणाहरू :**

- जातजाति, जनजाति, दलित आदिसँग सँगै बस्नु, खानु र खेल्नुहुँदैन,
- दलितहरूले छोएको खानुहुँदैन, सँगै बस्नुहुँदैन र उनीहरूलाई घरभित्र लैजानुहुँदैन,
- महिनावारी भएकी छात्रा कक्षामा आउनुहुँदैन र छुनुहुँदैन,
- छात्र र छात्रा एउटै बेन्चमा बस्नुहुँदैन, गरिबका छोराछोरीसँग सङ्गत गर्नुहुँदैन,
- दलित, दृष्टिविहीन, सुस्तमनस्थितिका छात्रछात्राहरूसँग खेल्न, बस्न खान र समूहकार्य गर्नुहुँदैन,
- असहाय, सडक बालबालिकाहरूलाई सहयोग गर्न र उनीहरूसँग सहकार्य गर्नुहुँदैन,
- जातीय, शारीरिक, धार्मिक, सांस्कृतिक हिसाबले होच्याउने, खिज्याउने, जिस्क्याउने,
- विद्यालयका क्रियाकलापमा समान सहभागिता नगराउने वा सहभागी हुने अवसर नदिने,
- कक्षाकोठामा बस्ने, क्रियाकलाप गराउने, प्रश्न सोध्ने आदि कुरामा भेदभाव गर्ने कमजोर वा अन्य विविधताका आधारमा छुट्याउने, चासो नदिने, आदरार्थी सम्बोधन नगर्ने,
- छात्रा वा अन्य जाति, जनजाति आदि विशेषतालाई तोकेर छेडछाड गर्ने, होच्याउने किसिमका शब्द प्रयोग गर्ने ।

(ग) सहभागीहरूलाई समूहगत रूपमा छलफल गर्न लगाई सामाजिक शिक्षणका सन्दर्भमा कक्षाकोठा भित्रको विविधतालाई समाहित गरी प्रस्तुत गर्नुपर्ने तरिकाहरू केके हुन सक्छन् प्रस्तुत गर्न लगाउने । अन्त्यमा छलफल, पृष्ठपोषणसहित निष्कर्ष दिने ।

**कक्षाकोठागत विविधतालाई प्रस्तुत गर्ने तरिकाहरू**

- भेदभावपूर्ण वाक्य, शब्दको प्रयोग र त्यस किसिमको व्यवहार नदेखाउने,
- अशक्त, अपाङ्ग, जातीय, लैङ्गिक, धार्मिक, सांस्कृतिक आदि हिसाबले भेदभावमुक्त वातावरण तयार गर्ने,
- सामाजिक विविधतालाई समानतापूर्ण व्यवहार गर्ने विषयमा विद्यालय परिवार र विद्यार्थीहरूबीचमा छलफल गराई त्यसप्रति सकारात्मक धारणा विकास गराउने,
- शिक्षकले कक्षाका सबैप्रति सकारात्मक दृष्टिकोण राख्ने,
- छुवाछुत, भेदभाव आदि काल्पनिक र समाजविरोधी कुराहरू हुन् भन्ने धारणा जगाउने,
- जाति, भाषा, धर्म, संस्कृतिका आधारमा कसैप्रति नकारात्मक धारणा राख्ने, बोल्ने, जिस्क्याउने गर्नुहुन्न र त्यसबारे अरुलाई पनि सम्झाउने,
- ..............................................................................................................
- ..............................................................................................................

**(यससम्बन्धी विस्तृत सामग्री प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

## ५. मूल्याङ्कन

(क) विविधतापूर्ण कक्षाकोठाका गलत धारणाहरू केके हुन् ?

(ख) कक्षाकोठाका विविधतालाई सम्बोधन गर्ने तरिकाहरूको सूची निर्माण गर्नुहोस् ।

सत्र : तेस्रो
समय : १:३० घण्टा

# लैङ्गिक विविधता व्यवस्थापन

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) शिक्षामा लैङ्गिक मूल प्रवाहीकरणका उपायहरू अवलम्बन गर्न,

(ख) कक्षामा लैङ्गिक विविधता व्यवस्थापन गरी समतामूलक शिक्षण गर्न ।

२. **विषयवस्तु**

(क) शिक्षामा लैङ्गिक मूल प्रवाहीकरणका उपायहरू

(ख) कक्षामा लैङ्गिक विविधता व्यवस्थापन

३. **सामग्री**

मार्कर, पेपर, टेप, नक्सा, चार्ट, रुलर, कैंची आदि ।

४. **कियाकलाप**

**(क) शिक्षामा लैङ्गिक मूल प्रवाहीकरणका उपायहरू**

१. तपाईंले विद्यालयमा अध्ययन गरेको अवस्था र आजको विद्यालयको अवस्थामा लैङ्गिक अवधारणासम्बन्धी अनुभवहरूबीच केकस्तो अन्तर पाउनुभएको छ ? प्रश्न सोधी सहभागीहरूलाई समूहगतरूपमा तुलनात्मक सूची तयार गर्न लगाउने । समूहगत प्रस्तुतीकरण गर्न लगाउने ।

| क्र.स. | पक्ष | आफू अध्ययन गर्दा | हालको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १. | पाठ्यपुस्तक (उदाहरण, सम्बोधन, आदि) | | | |
| २. | कक्षामा छात्रा–छात्रप्रतिको शिक्षकको व्यवहार | | | |
| ३. | नेतृत्व (कक्षा मोनिटर अन्य ) | | | |
| ४. | खेलकुद | | | |
| ५. | अतिरिक्त क्रियाकलापमा सहभागिता (छात्र/छात्रा) | | | |
| ६. | कक्षामा अन्तर्क्रिया | | | |
| ७. | महिला शिक्षक | | | |

२. प्रस्तुतीकरणपश्चात् निचोडमा आउन सहजीकरण गर्ने । साथै निम्नलिखित प्रश्न सोध्ने । लैङ्गिक मूलप्रवाहीकरणका उपायहरू केके हुन सक्छन् ?

३. सहभागीहरूका विचारहरूलाई समेटेर प्रशिक्षकले लैङ्गिक मूलप्रवाहीकरणका उपायहरूका सम्बन्धमा निम्नलिखित निचोड दिने ।

- सही र विश्वसनीय तथ्याङ्क सङ्कलन

- जेन्डर अडिटको व्यवस्था, सकारात्मक विभेदको नीति र कार्यक्रम
- महिला र पुरुषलाई स्रोत साधनको उपयोगमा उचित अवसर
- निर्णायक तहमा महिला सहभागिता, लैङ्गिक वकालत (Gender advocacy)
- समाजीकरण
- शैक्षिक संस्थाहरूमा मैत्रीपूर्ण वातारण
- शिक्षकहरूलाई Gender विषयमा तालिम र अभिमुखीकरणको व्यवस्था

**(ख) कक्षामा लैङ्गिक विविधता व्यवस्थापन**

१. सामाजिक अध्ययन विषयमा लैङ्गिक सवाल र सो सवालसँग सम्बन्धित पाठहरू समूहगत रूपमा खोज्न लगाउने ।

| कक्षा | लैङ्गिक सवाल | पाठ | कैफियत |
|---|---|---|---|
| | | | |

२. समूहगत प्रस्तुतीकरणपश्चात् यी पाठहरूको शिक्षण गर्दा शिक्षकले अपनाउनुपर्ने सावधानीहरू केके हुन सक्छन् भनी प्रश्न सोध्दै पुन : समूहकार्य गर्न लगाउने ।

३. कक्षामा लैङ्गिक विविधता व्यवस्थापन गरी समवेत शिक्षण गर्न शिक्षकले केके गर्नुपर्ला भनी प्रश्न सोध्ने ।

४. कक्षामा लैङ्गिक विविधता व्यवस्थापन सम्बन्धमा प्रशिक्षकले निम्नलिखित निष्कर्ष दिने ।

- कक्षाकोठामा छात्रछात्राको बसाइ मिलाउने
- सबै विद्यार्थीहरूलाई उनीहरू आफैंलाई सिक्ने अवसर दिने
- समूह निर्माण गर्दा सबै पृष्ठभूमिका विद्यार्थीहरूको सहभागिता गराउने
- कार्य विभाजन र नेतृत्वको हेरफेर गर्ने
- कक्षाकोठाको नियम पालनामा निष्पक्षता राख्ने
- सबै क्रियाकलापमा सबैले सहभागी हुनुपर्ने नियम बनाउने
- कक्षाकोठाको वातावरण रमाइलो, सहज र सुरक्षात्मक बनाउने
- लैङ्गिक समाहीकरणको भाषा प्रयोग गर्ने
- लैङ्गिक भेदभावरहित उदाहरणहरू प्रस्तुत गर्ने
- अतिरिक्त क्रियाकलापमा सबैलाई सहभागी गराउने ।

**५. मूल्याङ्कन**

(क) तपाईंले अध्यापन गर्ने कक्षाका छात्रछात्राहरूलाई सामाजिक विषयमा अभिरुचि जगाउन केके उपायहरू अपनाउनुहुन्छ ?

(ख) तपाईं आफ्नो विद्यालयको कक्षाकोठामा लैङ्गिक विविधता व्यवस्थापनका लागि केके गर्नुहुन्छ ? लेख्नुहोस् ।

सत्र : चौथो
समय : १:३० घण्टा

# जातजाति, भाषिक, सांस्कृतिक र धार्मिक विविधता

## १. उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) समुदाय र विद्यालयमा जाति, जनजाति, भाषिक, सांस्कृतिक र धार्मिक सवालहरू पहिचान गर्न,

(ख) विद्यालयको आफनो कक्षाकोठामा जाति, जनजाति, भाषिक, सांस्कृतिक र धार्मिक विविधता व्यवस्थापन गर्न ।

## २. सामग्री

मार्कर, पेपर, टेप, नक्सा, चार्ट, बुलेटिन, विभिन्न जातजाति, जनजाति, धर्मसम्बन्धी तथ्याङ्कहरू ।

## ३. विषयवस्तु

(क) समुदाय र विद्यालयमा जाति, जनजाति, भाषिक, सांस्कृतिक र धार्मिक सवालहरू

(ख) विद्यालयको कक्षाकोठामा जाति, जनजाति, भाषिक, सांस्कृतिक र धार्मिक विविधता व्यवस्थापन

## ४. क्रियाकलाप

**(क) समुदाय र विद्यालयमा जाति, जनजाति, भाषिक, सांस्कृतिक र धार्मिक सवालहरू**

१. सर्वप्रथम सहभागीहरूलाई प्रशिक्षकले नेपालका विभिन्न क्षेत्रमा वसोवास गर्ने मानिसहरूको फोटोहरू सङ्कलन गर्न लगाउने र त्यसलाई प्रदर्शनसमेत गर्न लगाउने ।

२. प्रत्येक तस्बिरलाई राम्रोसँग अध्ययन गर्न लगाउने् र जात, धर्म, र भाषासमेत उल्लेख गरी छुट्टाछुट्टै सूची तयार गर्नुहोस् भनी समूहकार्य गर्न लगाउने । सूचीलाई प्रदर्शन बोर्डमा प्रस्तुत गर्न लगाउने ।

३. हाम्रा समुदाय र विद्यालयमा जाति, जनजाति, भाषिक, सांस्कृतिक र धार्मिक सवालहरू केके छन् भनी प्रश्न सोधी समूहकार्य गर्न लगाउने । समूहकार्यपश्चात् प्रस्तुतीकरण गर्न लगाउने ।

४. समूहकार्यको प्रस्तुतीकरणपश्चात् प्रशिक्षकले निम्नलिखित निचोड दिने ।

**जाति, जनजातिका सवालहरू**

- पिछडिएका जाति, जनजाति र दलित वर्गका बालबालिकाहरूको विद्यालयमा पहुँच कम हुनु
- यी वर्गलाई समेट्ने गरी पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण भई नसक्नु
- यी वर्गका बालबालिकाहरूको सिकाइमा विद्यालयले खासै ध्यान नदिनु
- यस्ता वर्गका बालबालिकाहरूअनुकूल विद्यालय वातारण बनाउन नसक्नु
- विद्यालयमा यी वर्गका शिक्षकहरूको सङ्ख्या एकदम कम हुनु
- विद्यालयमा आफ्नो सेवा क्षेत्रका यी वर्गका बालबालिकाहरूको प्रोफाइल खडा गर्न नसक्नु
- यी वर्गहरूलाई विभिन्न किसिमको प्रोत्साहन दिई शिक्षाको मूल प्रवाहीकरणमा ल्याउने रणनीति भए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसक्नु
- सचेतना र सशक्तीकरण कार्यक्रमहरूको कार्यान्वयन हुन नसक्नु
- विषय शिक्षकहरूले पनि यिनीहरूको समस्या बुझ्ने र समाधान गर्ने कार्यमा कमै चासो राख्नु ।

**भाषिक सवालहरू**

- कुनै खास भाषालाई महत्व दिई अरु भाषालाई वेवास्ता गरिनु
- बहुभाषिक समाजमा बहुभाषिक नीति लागू नहुनु
- भाषिक असमानताका कारण पछि परेका समुदायको शैक्षिक, आर्थिक, राजनीतिक र सामाजिक पहुँच कम हुनु
- कक्षाकोठामा द्विभाषिकताको उचित व्यवस्थापन गर्न नसक्नु
- कक्षाकोठामा भाषिक कठिनाइको कारणले विद्यार्थीहरूलाई सिकाइ समस्या भएको छ भन्ने कुरालाई खोज गर्ने परिपाटी नहुनु
- शिक्षकहरूमा भाषिक विविधता व्यवस्थापन सीपको कमी हुनु ।

**सांस्कृतिक सवालहरू**

- हाम्रा विद्यालयको कक्षाकोठाको वातावरण बहुसांस्कृतिक बनाउन नसक्नु
- शिशुहरूमा पनि सांस्कृतिक संरक्षणको धारणा बुझ्ने र अङ्गिकार गर्ने ज्ञान सीपको कमी हुनु
- शिक्षकहरूमा आफना कक्षाकोठाका विद्यार्थीहरूको विभिन्न संस्कृतिको सम्बर्द्धन गर्ने दायित्व बोध नहुनु
- आफूले शिक्षण गर्ने विषयमा सांस्कृतिक अवधारणाको प्रयोग कहाँ कसरी हुनसक्छ भनी चिन्तन गर्न नसक्नु
- शिक्षणसिकाइ कार्यमा सांस्कृतिक व्यवस्थापनको प्रयोग नहुनु ।

सहभागीहरूलाई बहुसांस्कृतिक परिवेशको कक्षामा शिक्षण गर्दा ध्यान दिनुपर्ने कुराहरू केके हुन् भन्ने विषयमा एकएक बुँदाटिपोट गरी मेटाकार्डमा लेख्न लगाउने । सहभागीहरूले लेखेका बुँदाहरू क्रमश: प्रस्तुत गर्दै छलफल र पृष्ठपोषण आदानप्रदान गराई निष्कर्षमा पुऱ्याउन सहयोग गर्नुहोस् ।

**बहुसांस्कृतिक परिवेशमा शिक्षण**

- सांस्कृतिक पृष्ठभूमिका कारणले बालबालिकाहरूको सिकाइलाई प्रभाव पारेको हुन्छ भन्ने कुरामा ध्यान पुऱ्याउनुपर्दछ, जस्तै - कसैको संस्कारमा बढी नबोल्ने ।
- मुखामुख गरी एकअर्काको अनुहार नहेरी बोल्ने, अनुहार ढाक्ने (घुम्टो, बुर्का हाल्ने) जस्ता कुरामा ध्यान दिनुपर्दछ ।
- वक्ताले प्रयोग गर्ने शब्द शैली आ-आफ्नो संस्कृतिअनुसार हुन सक्छन्, जस्तै -एकअर्कालाई अभिवादन गर्दा सलाम, नारायण, साहराम, दर्शन आदि यस्ता शैलीप्रति होच्याउने, जिस्काउने जस्ता कार्य नगर्ने ।
- कसैको संस्कृतिप्रति होच्याउने, नकारात्मक भाव झल्कने किसिमले भाषा प्रगोग गर्नुहुन्न वरु सम्मान गर्नुपर्छ ।
- सम्पन्न र शिक्षित परिवार र गरिब पिछडिएका परिवारबाट आएकाहरूले बोल्ने शैली शब्द प्रयोग आदिमा फरक पर्ने हुँदा तिनलाई एकीकृत रूपमा प्रयोगात्मक अभ्यास गराई सामान्य भाषा प्रयोगप्रति अभ्यस्त गराउनुपर्दछ ।

- घरपरिवारमा कुराकानी, छलफल आदिको अवसर नपाएका कारण विद्यालयमा पनि बोलाइमा उत्प्रेरित नहुन सक्छन् र त्यसप्रति विशेष ध्यान दिनुपर्दछ ।

**(ख) कक्षाकोठामा विविधता व्यवस्थापन**

१. सहभागीहरूलाई निम्नलिखित अवस्थामा के गर्नुहुन्छ भनी प्रश्न सोध्ने ।
तपाईंले शिक्षण गर्ने कक्षामा विभिन्न जातजाति, जनजाति, भाषा र धर्मका विद्यार्थीहरू छन् । सबै विद्यार्थीहरूलाई सिक्नका लागि समान अवसर दिन तपाईंका लागि ठूलो चुनौती देखापरेको छ ।
सहभागीहरूलाई दुईदुईजनाको समूहमा छलफल गरी निचोड प्रस्तुत गर्न लगाउने ।

२. सहभागीहरूबाट प्रस्तुत भएका बुँदाहरूलाई समेटेर प्रशिक्षकले जातीय, भाषिक, धार्मिक र सांस्कृतिक विविधता भएको कक्षाकोठामा प्रभावकारी रूपमा शिक्षण गर्नका लागि शिक्षकले ध्यान पुऱ्याउनुपर्ने कुराहरूको बारेमा निष्कर्ष दिने ।
**(यससम्बन्धी सामग्री प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**
कक्षाकोठामा जाति, जनजाति, भाषिक, सांस्कृतिक र धार्मिक विविधता व्यवस्थापन गरी प्रभावकारी शिक्षण गर्न शिक्षकहरूलाई सहयोग हुने केही उपायहरू तल उल्लेख गरिएको छ ।

(क) शिक्षणको तयारी गर्दा

- जातीय, जनजाति, संस्कृतिका हिसाबले सन्तुलन हुने गरी विद्यार्थीहरूको भूमिका तय ।
- कक्षामा भएका विभिन्न पृष्ठभूमिका विद्यार्थीहरूलाई ध्यानमा राख्दै सामग्री तयारी
  - सामग्री सबैको लागि सहज हुन्छ कि हुँदैन विचार गर्नुहोस् ।
  - सबै पृष्ठभूमिका विद्यार्थीहरूलाई सामग्रीको कुरा सुनिश्चित गर्नुहोस् ।

(ख) विद्यार्थीहरूका लागि कक्षाकोठा वातावरणअनुकूल छ भनी निश्चित हुन

- विद्यार्थीहरूलाई व्यक्तिगत रूपमा चिन्नको लागि अवसरको सिर्जना
  - विद्यार्थीहरूको नाम जान्नुहोस् र सही उच्चारणका साथ सम्बोधन गर्नुहोस् ।
  - कक्षाकोठाबाहिर पनि उनीहरूसँग खुला र आत्मीय व्यवहार गर्नुहोस् ।
  - विद्यालयको स्टाफकोठामा पनि उनीहरूले निर्धक्क भएर भेट्न र आफ्ना कुराहरू भन्न सक्ने वातावरण बनाउनुहोस् ।
  - आफ्ना विद्यार्थीहरूसँग सहयोगी तरिकाले अन्तर्क्रिया गर्नुहोस् ।
- विद्यार्थीहरूलाई आपसमा छलफल, अन्तर्क्रिया गर्ने अवसरको सिर्जना
  - सबै पृष्ठभूमिका विद्यार्थीहरूको प्रतिनिधित्व हुने गरी समूह निर्माण गर्नुहोस् ।
  - सबैलाई पालैसंग नेतृत्व गर्ने अवसर दिनुहोस् ।
  - उनीहरूले गरेका कार्यको प्रस्तुति गर्ने अवसर दिनुहोस् ।
- विद्यार्थीको आवाजलाई क्रियाशिल बनाउन
  - कक्षामा शिक्षक र विद्यार्थीको आपसी सहभागिताको परिस्थिति बनाउनुहोस् जसले गर्दा विद्यार्थीमा दायित्व बोध हुन्छ ।
  - विद्यार्थीहरूलाई आफ्ना अनुभव आदानप्रदान गर्ने मौका दिनुहोस् ।

- विद्यार्थीहरूलाई उनीहरूको विचारको कदर गरिने र उपयुक्त भए स्वीकारिने कुरामा विश्वास दिलाउनुहोस् ।
- धर्मको प्रतिनिधित्व गर्ने अवस्थाको सिर्जना नगर्नुहोस् ।

३. कक्षा ९ र १० को सामाजिक अध्ययन शिक्षा विषयमा जाति, जनजाति, धार्मिक र सांस्कृतिक सवालसँग सम्बन्धित पाठहरू केके छन् ? पत्ता लगाई प्रस्तुत गर्न लगाउने ।

| विविधता | पाठ | कैफियत |
|---|---|---|
| जाति, जनजाति | | |
| धार्मिक | | |
| सांस्कृतिक | | |

यस्ता पाठहरूको शिक्षण गर्दा कुनकुन कुरामा ध्यान पु-याउनुपर्ने हुन्छ ? छलफल गर्न लगाउने ।

५. **मूल्याङ्कन**

तपाईंको आफ्नो विद्यालयको कक्षाकोठामा जाति, जनजाति, धार्मिक र सांस्कृतिक विविधता व्यवस्थापन कसरी गर्नुहुन्छ ? लेख्नुहोस् ।

सत्र : पाँचौं
समय : १:३० घण्टा

# अपाङ्गता, बालश्रमिक, बालमजदुर र द्वन्द्वप्रभावित बालबालिकाहरूको व्यवस्थापन

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन :

(क) विद्यालयको कक्षाकोठामा अपाङ्ग, बालश्रमिक र द्वन्द्वप्रभावित विद्यार्थीहरूको पहिचान गरी अभिलेख राख्न,

(ख) अपाङ्ग, बालश्रमिक र द्वन्द्वप्रभावित विद्यार्थीहरूलाई सिकाइमा सहयोग गर्न,

(ग) कक्षाकोठामा विविधताको अवधारणाको शिक्षणमा उपादेयता बताउन ।

२. **तालिम सामग्री**

मार्कर, पेपर, टेप, चार्ट, द्वन्द्वप्रभावित बालबालिकाहरूको तस्बिर तथा तथ्याङ्कहरू आदि ।

३. **विषयवस्तु**

(क) विद्यालयको कक्षाकोठामा अपाङ्ग, बालश्रमिक, र द्वन्द्वप्रभावित विद्यार्थीहरूको पहिचान

(ख) अपाङ्ग, बालश्रमिक र द्वन्द्वप्रभावित विद्यार्थीहरूलाई सिकाइमा सहयोग

(ग) कक्षाकोठामा विविधताको अवधारणाको शिक्षणमा उपादेयता

४. **क्रियाकलाप**

(क) **अपाङ्ग बालश्रमिक र द्वन्द्वप्रभावित विद्यार्थीहरूको पहिचान**

१. अपाङ्ग, बालश्रम, बालमजदुर र द्वन्द्व प्रभावित बालबालिकाहरूको तस्बिर देखाउँदै सहभागीलाई चित्र हेरी जवाफ दिन भन्ने ।

**प्रश्न**

- दिएको चित्रमा केके देख्नुहुन्छ ?
- तपाईंको समुदायमा पनि यस्ता बालबालिकाहरू छन् ? यदि देख्नुभएको छ भने तिनीहरूको लागि तपाईंले के सहयोग गर्नुभएको छ ?
- तपाईंको विद्यालयमा अध्ययन द्वन्द्व प्रभावित बालबालिका पढ्छन् ? तिनीहरूको रेखदेख कसले गरेको छ ?
- तस्विरमा वा चित्रमा देखिएका बालबालिका र तपाईंले आफ्नो समुदायमा देख्नुभएका यस्ता बालबालिकाको अवस्थालाई लिएर तुलना गर्नुहोस् ।

२. छलफल गरी प्रत्येक प्रशिक्षार्थीहरूबाट आएको सुझावलाई सङ्कलन गर्दै अब सहभागीहरूलाई चारसमूहमा विभाजन गरी प्रत्येक समूहलाई एउटा समूहनेताको पनि छनोट गर्न भन्ने । यसरी 'क', 'ख', 'ग' र 'घ' गरी चारसमूह तयार भएपछि चारैसमूहलाई कार्डबोर्ड उपलब्ध गराई प्रत्येक समूहलाई सूची तयार गर्न भन्ने ।

- समूह 'क' ले नेपालमा बालश्रमिकहरू कहाँकहाँ पाइन्छन् /हुन्छन् ? उल्लेख गर्नुहोस् ।
- समूह 'ख' ले नेपालका बालमजदुरहरूले पाउने ज्यालाको सूची तयार गर्नुहास् ।

– समूह 'ग' अपाङ्गहरूको अवस्था उल्लेख गर्नुहोस् र उनीहरूको प्रकार पनि देखाउनुहोस् ?
– समूह 'घ' नेपालमा हुने द्वन्द्वको सूची तयार गर्नुहोस् । वर्तमान अवस्थामा भएका द्वन्द्वपीडित बालबालिकाको अवस्था चित्रण गर्नुहोस् ।

यसरी प्रत्येक समूहले आफूले तयार पारेको सूचीको साथै कारणसमेत उल्लेख गरी प्रस्तुत गर्न भन्ने र सबै समूहबाट प्रस्तुत भएपश्चात् त्यसलाई एउटा निचोडमा पुऱ्याउने ।

बालश्रमिकहरूको अवस्थाको बारेमा पनि यसरी प्रस्तुत गरिन्छ ।

– नेपालमा २० लाखभन्दा बढी बालबालिकाहरू श्रममा संलग्न छन् ।
– एकलाख २७ हजार बालबालिकाहरू निष्कृष्ट प्रकारको बालश्रममा रही जीवनयापन गरेका छन् ।
– ५५ हजारभन्दा बढी बालबालिकाहरू शहरी क्षेत्रको घरेलु श्रममा संलग्न छन् ।
– काठमाडौँ शहरमा मात्र २१००० भन्दा बढी घरेलु बालश्रमिक रहेका छन् ।
– बालश्रमिकहरू ६ वर्षदेखि १४ वर्षसम्मका छन् ।
– घरेलु बालश्रमिकहरू १३ देखि १५ घण्टा काम गर्दछन् ।
– घरेलु बालश्रमिकहरूमध्ये आधाले विना पारिश्रमिक काम गरिरहेका छन् । ६५% ले महिनाको महिनाको पाँचसय भन्दा कम तलब पाउँछन् । यसैगरी द्वन्द्वपीडित बालबालिकाको र अपाङ्गहरूको अवस्थाको बारेमा पनि प्रस्तुत गरिनेछ ।

४. तपाइँ आफ्नो कक्षाकोठामा अपाङ्ग, बालश्रमिक र द्वन्द्वप्रभावित विद्यार्थीहरूको पहिचान गर्नुहुन्छ भनी प्रश्न सोध्ने, दुईदुईजनाको समूहमा छलफल गराउने र प्रस्तुतीकरण गर्न लगाउने ।

| विविधताको विधा | पहिचान गर्ने तरिका |
|---|---|
| अपाङ्ग | |
| बालश्रम | |
| बलमजदुर | |
| द्वन्द्वप्रभावित | |

५. प्रस्तुतीकरणपश्चात् प्रशिक्षकले निचोड दिने ।
**(यससम्बन्धी केही सामग्री प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

६. अपाङ्ग, बालश्रमिक र द्वन्द्वप्रभावित विद्यार्थीहरूको पहिचान गरिसकेपछि अभिलेख कसरी राख्न सकिन्छ ? नमूना ढाँचा तयार पारी प्रस्तुत गर्न लगाउने ।

**(ख) अपाङ्ग, बालश्रमिक र द्वन्द्वप्रभावित विद्यार्थीहरूलाई सिकाइमा सहयोग**

१. अपाङ्ग, बालश्रमिक र द्वन्द्वप्रभावित विद्यार्थीहरूका सिकाइ समस्याबारे छलफल गर्न लगाउने र ती समस्या हटाउने उपायहरू केके हुन्छन् ? समूहगत रूपमा प्रस्तुत गर्न लगाउने ।

| | सिकाइ समस्या | सम्भाव्य कारणहरू | समाधानका उपाय |
|---|---|---|---|
| अपाङ्ग | | | |
| बालश्रमिक | | | |
| द्वन्द्वप्रभावित | | | |

२. कक्षाकोठामा विविधता व्यवस्थापन अवधारणाको शिक्षणसिकाइमा उपादेयताका बारेमा निचोड दिँदै छोटो व्याख्या गर्ने ।

- विना भेदभाव सबै वर्गको विद्यालय शिक्षामा पहुँच पुग्ने ।
- कक्षाकोठामा सबैलाई समान व्यवहार गरिने भएकाले सिकाइमा समान अवसर प्राप्त हुने ।
- सबै पृष्ठभूमिका विद्यार्थीहरूमा उपलब्ध स्रोत साधनको समानुपातिक वितरण हुने ।
- विद्यालयमा विद्यार्थी अुनकूल वातावरण हुने ।
- सबै वर्गका विद्यार्थीरु र शिक्षकबीच सुमधुर सम्बन्ध बन्ने
- शिक्षणसिकाइ क्रियाकलापमा सबै पृष्ठभूमिका विद्यार्थीहरूको पर्याप्त सहभागिता हुने ।
- भाषिक कठिनाइ परेका वा अल्पभाषिक विद्यार्थीहरूलाई आवश्यकताअनुसार सहयोग प्राप्त हुने ।
- कक्षामा विद्यार्थी र शिक्षकले अरुको भाषा र संस्कृति सिक्ने अबसर पाउने ।
- कक्षाकोठामा सबै विद्यार्थीहरूको क्षमता र योग्यताको कदर हुने ।
- कक्षाकोठामा जातीय, धार्मिक र सांस्कृतिक सहिष्णुता कायम हुने ।
- पिछडिएका वर्गका विद्यार्थीहरूको सिकाइउपलब्धिमा सुधार हुने ।
- अपाङ्ग विद्यार्थीहरूले पनि अरुसँगै बसेर हीनताबोधविना सिक्न पाउने ।
- विद्यालयमा पढाइ छोड्ने विद्यार्थीहरूको सङ्ख्या घट्ने ।

**५. मूल्याङ्कन**

(क) तपाईंको बिद्यालयमा अध्ययनरत बालमजदुर विद्यार्थीहरूलाई स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण विषयमा राम्रो गर्न कसरी सहयोग गर्नुहुन्छ ?

(ख) तपाईं विद्यालयमा फर्केपछि यो पाठमा सिकेको कुरालाई के कसरी प्रयोग गर्नुहुन्छ ?

सत्र : छैठौं
समय : १:३० घण्टा

# दुर्व्यवहार र निषिद्ध अवस्थाको व्यवस्थापन

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) निषिद्ध अवस्थाहरू र दुर्व्यवहारको रूपहरूको परिचय दिन,

(ख) निषिद्ध अवस्थाहरू र दुर्व्यवहारबाट मुक्त कक्षाशिक्षण व्यवस्था मिलाई शिक्षण गर्न ।

२. **सामग्री**

मेटाकार्ड, कैंची, टेप, कलम, नेपालको ठूलो नक्सा ।

३. **विषयवस्तु**

(क) निषिद्ध अवस्थाहरू र दुर्व्यवहारको रूपहरू

(ख) निषिद्ध अवस्थाहरू दुर्व्यवहारबाट मुक्त कक्षाशिक्षण व्यवस्था

४. **क्रियाकलाप**

(क) सहभागीहरूलाई महिला महिनावारी हुँदा वा बच्चा जन्माउँदा घर छाडी छौपडीमा वस्नुपर्ने अवस्थाको चित्र राम्रोसँग अध्ययन गरी उत्तर दिन भन्ने ।

– तपाईंको घर परिवारमा महिला महिनावारी हुँदा र बच्चा जन्माउँदा कहाँ राख्नुहुन्छ ?

(ख) प्रश्नको उत्तर आएपछि सहभागीबीचमा भएको छलफलबाट समाजमा सहज रूपमा स्वीकार्य हुन नसकेका र स्वीकार्य भएकोमा पनि विवादित रहेका विषयमा पनि छलफल गर्दै सहभागीहरूलाई समुदायमा यस किसिमका अन्धविश्वास र भेदभावपूर्ण व्यवहारले जन्माएका समस्याहरू केकस्ता छन् ? त्यसलाई समुदायबाट हटाउन के गर्न सकिएला भन्ने विषयमा छलफल गराई विचार प्रस्तुत गर्न लगाउने ।

(ग) सहभागीहरूलाई चारसमूहमा विभाजन हुन सङ्केत गर्ने र प्रत्येक समूहले एकएकजना समूहनेताको पनि छनोट गर्न भन्ने । प्रत्येक समूहलाई एउटाएउटा कार्डबोर्ड र मार्कर उपलब्ध गराउने । चारसमूहलाई क, ख, ग र घ नाम दिने । अब प्रत्येक समूहलाई कार्य गर्न भन्ने ।

**समूह क**

तपाईंले शिक्षण गर्ने कक्षामा छात्रछात्राहरूको सङ्ख्या कति छ ? उनीहरू विद्यालयमा प्रत्येक महिनामा कति दिन अनुपस्थित हुन्छन् ? अनुपस्थित हुनेमा छात्र र छात्रामध्ये कुनको सङ्ख्या बढी छ ? किन अनुपस्थित हुन्छन् ? छात्राहरू महिनावारी भएको समयमा साथीसँग बस्न असजिलो मान्छन् कि मान्दैनन् ? कि विद्यालय नै आउँदैनन् ? विद्यालय नियमित नआउने छात्राहरूलाई तपाईंले सोधखोज गर्नुभएको छ ? उनीहरू तपाईंसँग कुरा गर्न लाज मान्दछन् भने महिला शिक्षिकासँग कुरा गर्न भन्नुभएको छ ? प्रस्तुत गर्नुहोस् ।

**समूह ख**

तपाईंका विद्यालयमा दलित विद्यार्थी छन् छैनन् ? यदि छन् भने केटा र केटी कतिकति सङ्ख्यामा छन् ? तपाईंको विद्यालयबाट दलित केटीले प्रवेशिका पास गरेको कुनै अभिलेख छ ? त्यस्ता दलित

केटीहरूको विद्यालय पछिको अध्ययन केकस्तो भएको छ ? उनीहरूले उच्च शिक्षा हासिल गर्ने अवसर पाए पाएनन् ?

समूह ग

तपाईंको समुदायमा केटा र केटीबीच प्रेमविवाह भएको छ ? छैन ? भएको भए कुनकुन जातबीच कसरी भएको छ ?

समूह घ

तपाईंको विद्यालयको कक्षाकोठामा बसाइ व्यवस्थापन कस्तो छ ? केटा एकातिर र केटी अर्कोतिरको बेन्चमा बस्छन् वा छ्यासमिस् गरी मिलेर बस्छन् ? छुट्टाछुट्टै बस्दा र सँगै बस्दा के फरक पर्छ होला ? तपाईंले छुट्टै राख्न राम्रो देख्नुहुन्छ कि प्रत्येक बेन्चमा मिसाएर राख्नुपर्ने देख्नुहुन्छ ?

(घ) यसरी चारओटै समूहबाट आएको निष्कर्षलाई छलफल गराई त्यसमा उपयुक्त देखिएका विषयहरूलाई सङ्कलन गरी निचोड दिने ।

(ङ) राम मा. वि. को अवस्था उल्लेख भएको एउटा घटना अध्ययन गर्न लगाउने :

- विद्यालयमा विद्यार्थीहरू नियमित पोसाक लगाएर आउँछन् ।
- केटा वा केटी मिलेर सँधै रोटेसन गरी बस्छन् ।
- शिक्षकले केटाकेटीप्रति गरिने व्यवहारमा फरक गर्दैनन् ।
- सबै विद्यार्थीले आदरार्थी शब्दको प्रयोग गर्दछन् । अश्लिल शब्दको प्रयोग गर्ने गरेका छैनन् ।
- जातजातिका दृष्टिले कुनै भेदभाव छैन । विद्यार्थीहरूसँगै बसेर खाजा खान्छन् ।

तपाईंको विद्यालयमा पनि यस्तो स्थिति छ छैन, तुलना गर्नुहोस् ।

(च) दुर्व्यवहार चारकिसिमका हुन्छन् भनी तिनको छोटकरीमा व्याख्या गर्ने ।

- शारीरिक दुर्व्यवहार
- यौन दुराचार
- संवेगात्मक
- Neglected (बेवास्ता गरेको)

१. शारीरिक दुर्व्यवहार : पिट्ने, कोर्रा लगाउने, सिस्नु पानी लगाउने, लात हान्ने, कपाल उखेल्ने आदिले गर्दा बालबालिकाको भविष्यमा त्रसित हुनसक्छ ।

२. यौन दुराचार : बालकहरूको यौनाङ्ग छुने, चिमोट्ने, यौनसम्पर्क गर्ने, योनी खेलाउने, अस्लिल पत्रपत्रिका देखाउने, यौनकार्य भएको चलचित्र आदि देखाउने आदि दुर्व्यवहार ।

३. संवेगात्मक दुर्व्यवहार :

- बोलीचालीबाट हुने दुर्व्यवहार
- मानसिक दुर्व्यवहार
- भाषाको अभाव

- धावा बोल्नु, खराबसँग तुलना गर्नु आदि पर्दछन् ।

४. Neglected (बेवास्ता गरेको) : बालबालिकाको आधारभूत आवश्यकताबाट वञ्चित ।

## ५. मूल्याङ्कन

(क) तपाईंको विद्यालयका विद्यार्थी नियमित पोसाकमा आउँछन् ? कुनै विद्यार्थी पोसाकमा नआएको देखेमा त्यसको मूल्याङ्कन के कसरी गर्नुहुन्छ ?

(ख) कक्षाकोठामा विद्यार्थीहरूको बसाइ व्यवस्थापनमा शिक्षकले ध्यान दिनुपर्ने कुराहरू केके हुन् ?

सत्र : सातौं र आठौं
समय : ३ घण्टा

# विविध तौरतरिका परिचय व्यवस्थापन

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) समाहित शिक्षाको परिचय दिन,

(ख) शिक्षामा समाहित र असमाहितबीच फरक बताउन,

(ग) कक्षामा विभिन्नता व्यवस्थापन गरी शिक्षण गर्न ।

२. **सामग्री**

मेटाकार्ड, न्युजप्रिन्ट, स्केल, ट्रान्सपेरेन्सी पेपर र कलम, कार्डबोर्ड, मार्कर, साइनपेन ।

३. **क्रियाकलाप**

(क) **समाहित शिक्षाको परिचय**

१. तपाईं आफ्ना विद्यार्थीहरूलाई के र कसरी सिकोस् भन्ने चाहनुहुन्छ ? सहभागीहरूलाई प्रश्न सोधी मेटाकार्डमा लेख्न लगाउने र पिनबोर्डमा टाँस्न लगाउने । छलफल गराउने ।

२. यी बुँदाहरू न्युजप्रिन्ट, बोर्डमा लेखी छलफल गराउने ।


- म मिहिनेती शिक्षक हुँ र राम्ररी पढाउँछु । विद्यार्थीहरू नै साह्रै कमजोर छन्, जति पढाए पनि बुझ्दैनन् ।
- मैले राम्ररी पढाउँदा पनि नबुझ्नु विद्यार्थीको कमजोरी हो ।
- मैले पढाएको समयमा पढाइप्रति ध्यानकेन्द्री नगर्नु मुर्ख्याइँ मात्र हो ।

छलफलको निचोड प्रशिक्षकबाट दिने :


- शिक्षकले आफ्ना विद्यार्थीहरूले राम्ररी सिकून् भन्ने चाहना राखेका हुन्छन् ।
- आफूले राखेको चाहनाअनुरूप विद्यार्थीले सिकेन भने उसलाई समस्याको रूपमा लिने गरिन्छ ।
- परम्परागत दृष्टिकोणमा बालबालिकालाई समस्याको रूपमा लिइन्छ, जुन माथिको छलफलमा देखिन्छ ।
- समाहित दृष्टिकोणमा बालबालिकालाई समस्याको रूपमा लिइँदैन, शैक्षिक प्रणालीलाई समस्याको रूपमा लिइन्छ ।

३. अब तल दिइएका चित्र प्रस्तुत गर्नुहोस् र छलफल गराउनुहोस् :

चित्र "क"




चित्र "ख"




- मथिको चित्रमा देखिएका भिन्नता सबै सहभागीलाई टिपोट गर्न लगाई छलफल गराउनुहोस् ।
- प्रशिक्षकवाट निचोड फ्लीप चार्ट तथा Overhead projector वाट दिने ।

विद्यालयमा विना भेदभाव सवै किसिमका वालवालिकाहरूलाई शिक्षा प्राप्त गर्ने अधिकार छ। उनीहरूको वैयक्तिक अवस्था पारिवारिक एवम् सांस्कृतिक पृष्ठभूमिबाट जानकारी लिई विद्यालयमा सवै बालबालिकाहरूले आफ्नो संस्कृतिको सम्मान र प्रोत्साहन भएको अनुभूति गर्न सक्ने खालको वातावरण विद्यालयमा विकास गर्नु विद्यालयको दायित्व हो।

गरिव, पिछडिएका, दलित, वालश्रमिक, सडक वालवालिका, अपाङ्ग, भाषिक कठिनाइ भएका, भौगोलिक, सामाजिक तथा सांस्कृतिक रूपले पिछडिएका वालवालिकाहरूलाई शिक्षाको मूल प्रवाहमा ल्याई उनीहरूको आवश्यकता, रुचि, चाहना, क्षमता, अनुकूल सिकाइ वातावरण सिर्जना गरी शैक्षिक प्रणालीमा रहेका समस्या हटाउनुपर्छ। समाहित शिक्षाको मूल उद्देश्य पनि यही हो।

४. सहभागीहरूलाई सामाजिक असमाहित (Exclusion) अर्थात् विभेदजन्य व्यवहारहरू केके हुन सक्छन् ? प्रश्न राखी एकएकओटा विभेदजन्य व्यवहार मेटाकार्डमा टिपोट गर्न लगाई छलफलपछि निचोड दिनुहोस्।

**परिवारमा**

- छोरा र छोरीमा समान व्यवहार नगर्नु, छोरालाई राम्रो विद्यालय र छोरीलाई साधारण विद्यालय पठाउनु
- छोराले जे काम पनि गर्न सक्छ, छोरीले गर्न सक्दैनन् भन्ने भावनालाई प्रोत्साहन दिनु
- अपाङ्गलाई विद्यालय पठाउनुको सट्टा घरभित्र लुकाउनु
- छोरीको कपाल लामो राख्नुपर्ने, छोराको छोटो

**समुदायमा**

- गरिव तथा पिछडिएका परिवारका बालवालिका विद्यालय जादैनन्।
- अनाथ, अपाङ्ग, असहाय बालबालिकालाई जिस्क्याउने, होच्याउने, घृणा गर्ने सामाजिक कार्यमा संलग्न नगराउने।

**विद्यालयमा**

- विशेष आवश्यकता भएका बालबालिकालाई भर्ना लिन नमान्ने।
- गरिब, अनाथ तथा कमजोर बालबालिकालाई सिक्न प्रोत्साहन गर्नुको सट्टा निरुत्साहित गर्ने
- कडा दण्ड सजायको व्यवस्था गर्ने।
- कक्षामा चलाख विद्यार्थीलाई मात्र महत्व दिने
- सिकाइमा कमजोर भएका वा कठिनाइ भएकाहरूलाई वेवास्ता गर्ने।

५. तल दिएको सानो घटनाको अध्ययन गर्न लगाई त्यसको निचोड के हुनसक्छ प्रश्नोत्तर गराउनुहोस्। एउटा पोखरीको छेउमा आँपको रूख थियो। त्यो आँपको रूपमा धेरै वर्षदेखि एउटा वाँदर वस्ने गर्दथ्यो। उसले हरेक दिन माथि रूखवाट पोखरीमा पौडी खेलिरहेका माछाहरूलाई देख्दथ्यो। एक दिन वाँदरको मनमा दया र सहयोगको भावना उत्पन्न भयो। उसले सोच्यो - विचरा माछाहरूलाई पोखरीमा सास फेर्न गाह्रो भएको होला अनि जाडो पनि भएको होला त्यसैले अव मैले यिनीहरूलाई मद्दत गर्नैपर्छ भन्ने सोचेर रूखवाट झरेर पोखरीमा आइ धमाधम माछाहरूलाई समात्दै पाखामा

फाल्न थाल्यो यसरी फालिएका माछाहरू एकएक गरी छटपटाउँदै मर्दै थिए । तर बाँदरले उनीहरूलाई मद्दत पुऱ्याउने कार्य गरिरहेको थियो ।

कथाको छलफलपछि सहभागीहरूबाट आएका उत्तरलाई समेट्दै निचोड दिनुहोस् ।

निचोडका केही बुँदा यस्ता पनि हुन सक्छन् :

- शिक्षाको योजना बनाउँदादेखि नै त्यसबाट लाभान्वित हुने समुदायका बालवालिकाको रुचि भावना, दृष्टिकोण आवश्यकता, संस्कार र संस्कृतिमा आधारित हुनुपर्छ ।
- शैक्षणिक योजना बनाउँदा पनि कक्षामा रहेका बालबालिकाको स्तर, रुचि, क्षमता, भावना आवश्यक, संस्कार, संस्कृति, समाजको संरचना समेतलाई ध्यानमा राखेर निर्माण गरिनुपर्छ ।
- अरूको मद्दत र सहयोग गर्दा प्राप्त गर्नेको चाहना राम्ररी बुझेर दिइएन भने सहयोग प्राप्त गर्नेलाई सहयोगभन्दा हानि मात्र पुग्दछ ।
- समाहित शिक्षाले यी सबै कुरालाई समेटी बालमैत्री वातावरणमा शिक्षण गर्छ ।

६. तपाईंको कक्षाशिक्षणमा केकस्ता विभिन्नता (Diversities) पाउनुभएको छ ? समूहगत रूपमा छलफल गरी न्युजप्रिन्टमा टिपोट गर्न भन्नुहोस् र छलफल गराउनुहोस् ।

**विभिन्नता**

विद्यालय विभिन्न किसिमका बालबालिकाहरूको सिकाइको थलो हो । सबै कक्षाहरू फरकफरक हुन्छन् किनकि सबैमा वैयक्तिक भिन्नता हुन्छन् । उनीहरूमा वेग्लावेग्लै किसिमका क्षमता, अनुभव, ज्ञान र दृष्टिकोण हुने गर्दछन् । उनीहरू अलगअलग मातृभाषाका हुन्छन् । त्यहाँ विभिन्न भौगोलिक क्षेत्रबाट आएका बालबालिका पनि हुन्छन् । यी चुनौतीहरू कक्षामा रहेका हुन्छन् । यसका लागि बालबालिकाले सिक्नुपर्ने कुरा केके हुन् ? उसले कसो गर्दा राम्ररी सिक्न सक्छ भन्ने कुराको ख्याल गर्नुपर्छ । कतिपय विद्यालयमा विभिन्नताबाट आएका यस्ता विद्यार्थीहरूलाई थिचोमिचो गरिन्छ, हेपिन्छ । बालबालिकालाई सिक्नबाट बञ्चित गर्ने कुराहरू भनेको थिचोमिचो, द्वेष र भेदभाव हो । छुट्टै जात, धर्म, संस्कार, वैयक्तिक भिन्नताका कारण कुनै पनि बालबालिकाले सिक्ने अवसर गुमाउनुहुँदैन । शिक्षकले बालबालिकाको हरेक क्रियाकलापको अनुगमन गर्नुपर्छ । किन कम बोल्छ ? एक्लै बस्छ कि ? समूहमा खेल्दैन कि ? आँखा जुधाएर बोल्न हिच्किचाउँछ कि ? आशातीत उपलब्धि हासिल भएको छैन कि ? विद्यालयमा अनुपस्थित पनि छ कि ? आदि ।

अन्तमा प्रशिक्षकले आजको सेसनको निचोड प्रस्तुत गरी अन्त्य गर्ने ।

समाहित शिक्षा पद्धतिले राष्ट्रिय एवम् स्थानीयतहमा कुनै पनि परिस्थितिजन्य कारणले शैक्षिक अवसरबाट बञ्चित रहेका एवम् विद्यालयमा रहेर पनि आवश्यक अनुकूल उपयुक्त वातावरण र सहयोगको अभावमा विद्यालय छोड्ने खतरामा परेका बालबालिकाको पहिचान गर्नुका साथै सम्पूर्ण बालबालिकाहरूको सामाजिक, सांस्कृतिक र शैक्षिक आवश्यकतालाई पूरा गर्ने बालकेन्द्री शिक्षण प्रक्रिया अवलम्बन गर्न प्रोत्साहित गर्दछ ।

४ **मूल्याङ्कन**

तपाईं यस तालिमबाट फर्केपछि तपाईंको विद्यालयमा समाहित शिक्षामा जोड दिन केकस्ता क्रियाकलाप सञ्चालन गर्न सक्नुहुन्छ ? योजना बनाउनुहोस् ।

# सहपाठी/ सहयोगी सिकाइ

**सक्षमता :** शिक्षकले सामाजिक अध्ययन शिक्षण र पेसागत अद्यावधिकताको विकास गर्न सहयोगी उपायहरूको खोजी गर्ने र ती साधनहरूको उपयोगका विभिन्न पद्धतिहरूको पहिचान गरी कक्षाकोठामा तिनको प्रयोग गर्नेछन् ।

**जम्मा घण्टा :** ६ **सत्र :** ४

**सत्र : पहिलो**
**समय : १:३० घण्टा**

## शिक्षक/समुदायको सामाजिक मनोवैज्ञानिक वनावट

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) ज्ञानको निर्माण र पुनर्निर्माणका तरिकाहरू वताउन,
(ख) विचारहरू नमिल्नुका कारणहरू पहिचान गर्ने उपायहरू भन्न,
(ग) शिक्षकको सामाजिक मनोवैज्ञानिक वनावटको कक्षा शिक्षणसिकाइमा प्रयोग वताउन ।

२. **तालिम सामग्री**

मार्कर, कार्डबोर्ड पेपर, न्युजप्रिन्ट पेपर, मेटाकार्ड, गम आदि ।


३. **विषयवस्तु**

(क) ज्ञानको निर्माण र पुनर्निर्माण
(ख) विचारहरू नमिल्नुका कारणहरू
(ग) शिक्षकको सामाजिक मनोवैज्ञानिक वनावटको कक्षा शिक्षणसिकाइमा प्रयोग


४. **क्रियाकलाप**

(क) **ज्ञानको निर्माण र पुनर्निर्माण**


१. सहभागीहरूलाई निम्नलिखित प्रश्न सोधी विचार प्रस्तुत गर्न लगाउने ।



२. सहभागीहरूका विचारहरूलाई समेटी प्रशिक्षकले निम्नानुसारको चार्ट प्रस्तुत गरी छोटकरीमा व्याख्या गर्ने ।




३. उपर्युक्त क्रियाकलापका आधारमा सहभागीहरूले निम्नलिखित प्रश्न सोध्ने ।




४. सहभागीहरूका विचारहरूलाई समेट्दै ज्ञानको निर्माण र पुर्ननिर्माणका सम्बन्धमा निम्नानुसारको निचोड दिने ।

**(यससम्बन्धी सामग्री प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

**(ख) वैचारिक द्वन्द्वको जरो**

१. मानिसहरूबीच वैचारिक द्वन्द्वका कारणहरू केके हुन् भनी सहभागीहरूलाई प्रश्न सोध्ने ।

२. सहभागीहरूलाई सर्वप्रथम व्यक्तिगत रूपमा उत्तर पहिल्याउन लगाउने । त्यसपछि दुईदुईजनाको समूहमा आ-आफूले लेखेका कुराहरूको आदानप्रदान तथा छलफल गर्न लगाउने । प्रत्येक जोडी समूहबाट पालैपालो निष्कर्ष प्रस्तुत गर्न लगाउने ।

३. सहभागीहरूका विचारहरूलाई समेट्दै प्रशिक्षकले निम्नलिखित निष्कर्ष दिई छोटकरीमा व्याख्या समेत गरिदिने ।

**वैचारिक द्वन्द्व र यसका कारणहरू**

जहाँ विरोधको परिस्थिति सिर्जना हुन्छ त्यहाँ द्वन्द्व हुन्छ । व्यक्तिहरू वा व्यक्तिहरूको समूहबीच विचार फरकफरक भएको खण्डमा वैचारिक द्वन्द्वको सुरुआत हुन्छ । विरोध त्यसबेला हुन्छ जुनबेला असहमतिका साथ समस्याको समाधान हुन सक्दैन । त्यसैले त वैचारिक द्वन्द्वको सिर्जना गर्ने असहमतिका पक्षहरूलाई हटाउँदै सम्झौताका क्षेत्रहरू पहिल्याउनुपर्ने हुन्छ ।

वैचारिक द्वन्द्व सिर्जना हुने प्रमुख कारण प्रभावकारी सञ्चारको अभाव हो । यसका साथै वैचारिक द्वन्द्व सिर्जनाका अन्य केही प्रमुख कारणहरू तल प्रस्तुत गरिएका छन् :

- सांस्कृतिक भिन्नता
- वैचारिक भिन्नता
- अस्पष्ट भूमिका र अपेक्षाहरू
- कुनै मामला वा व्यक्तिप्रति सम्वेगात्मक प्रतिक्रिया
- असमान स्थिति प्रतिष्ठा
- भाषिक गलत बुझाइ
- साधनको सीमितता

४. वैचारिक द्वन्द्व हटाउने उपायहरू केके हुन सक्छन् भनी सहभागीहरूलाई प्रश्न सोध्ने । प्रत्येक सहभागीबाट एक/एकओटा बुँदाहरू भन्न लगाई कार्डपाटीमा टिप्दै जाने । प्रस्तुत भएका बुँदाहरूलाई वर्गीकरण गर्न लगाउने । अन्त्यमा प्रशिक्षकले निम्नलिखित निष्कर्ष प्रस्तुत गरी छोटो व्याख्या समेत गर्ने ।

**वैचारिक द्वन्द्व व्यवस्थापन गर्ने केही तरिकाहरू**

- अरूसँग मिल्ने वा अरूले भनेको मान्ने, स्वीकार गर्ने
- सहकार्य गरेर
- केही छाड्ने र केही लिने
- प्रभावकारी सञ्चार
- सक्रिय सुनाइ

**शिक्षकले सहजकर्ताका रूपमा वैचारिक द्वन्द्वहरूमा सहजीकरण कार्य गर्दा अपनाउनुपर्ने चरणहरू**

- द्वन्द्व समाधानमा सहजीकरण कार्यका निम्ति सहजकर्ताको रूपमा तपाईंसँग स्पष्ट सहमति आवश्यक हुन्छ ।
- विरोधीहरूको बीचमा मानवीय व्यवहारको सिर्जना गर्नुहोस् ।
- द्वन्द्व समाधानका लागि सहजीकरण गर्दा निश्चित प्रक्रिया अपनाई द्वन्द्वको जरो पत्ता लगाउनुहोस् । दुवै पक्षलाई द्वन्द्वका बारेमा बोल्ने मौका दिनुहोस् । बसाइ व्यवस्थापन, चरणहरू र दृष्यसामग्रीको प्रयोगमा ध्यान पुर्‍याउनुहोस् ।
- दुवै समूहलाई एकपछि अर्को गर्दै विचारहरू प्रस्तुत गर्ने, औंल्याउने मौका दिनुहोस् । दुवै पक्षहरूलाई एक अर्कालाई वैचारिक अभिव्यक्ति गर्न बाधा पुर्‍याउने तत्वहरू हटाउनुहोस् ।
- सम्झौता गर्न लगाउनुहोस् । आ-आफ्ना अडानहरूमा अडिग नरही सम्झौतामा पुग्न आमन्त्रण गर्नुहोस् ।

५. सामाजिक अध्ययन शिक्षण गर्ने शिक्षकले कुनकुन परिवेशमा के-कस्ता वैचारिक द्वन्द्वहरूको व्यवस्थापन गर्नुपर्ने हुन्छ ? सहभागीहरूलाई प्रश्न सोध्दै निम्नानुसारको चार्टमा समूहगत रूपमा विचारहरू लेखी प्रस्तुत गर्न लगाउने । आपसी छलफल र अन्तर्क्रिया गराई उपर्युक्तअनुसारका द्वन्द्व

समाधानका चरणहरूको प्रयोग गरे नगरेको कुरामा आ-आफ्ना अनुभवहरू आदानप्रदान गर्न लगाउने ।

| कक्षाकोठामा द्वन्द्व सिर्जना हुने परिवेश | द्वन्द्व व्यवस्थापनका लागि अपनाइएका उपायहरू |
| --- | --- |
| | |

(ग) **शिक्षकले सामाजिक मनोवैज्ञानिक बनावटको कक्षाशिक्षणमा असर उपादेयता**

१. प्रशिक्षकले निम्नलिखित प्रश्न सोध्ने :

शिक्षकले सामाजिक मनोवैज्ञानिक व्यवहारबाट विद्यार्थीहरूले केके कुरा र कसरी सिक्छन् ?

सहभागीहरूलाई तीनतीनजनाको समूहमा बसी समूहकार्य गर्न लगाउने । पालैपालो समूहगत प्रस्तुति गर्न लगाउने ।

२. समूहगत प्रस्तुतीकरणपश्चात् सहभागीहरूका विचारहरूलाई समेट्नै प्रशिक्षकले निम्नलिखित निष्कर्ष दिने ।

शिक्षकको सामाजिक मनोवैज्ञानिक बनावटको कक्षाशिक्षणमा असर उपादेयता :

- विद्यार्थीहरूले निर्दिष्ट पाठ्यक्रमका अतिरिक्त शिक्षकको व्यवहार, बानी, आचरण आदिबाट पनि सिक्ने हुँदा शिक्षकले सही व्यवहार, बानी र आचरणको प्रदर्शन गर्नुपर्दछ ।
- असल सामाजिक मूल्य र मान्यतालाई अँगाल्नुपर्दछ ।
- कक्षाकोठामा प्रजातान्त्रिक व्यवहारको प्रदर्शन गर्नुपर्छ ।
- सबै धर्म र संस्कृतिलाई उत्तिकै महत्व प्रदान गर्नुपर्छ ।
- विद्यार्थीहरूमा परिश्रम गर्नुपर्छ भन्ने भावनाको विकास गराउनका लागि शिक्षकले परिश्रमका साथ शिक्षणसिकाइ क्रियाकलापहरूको तर्जुमा र कार्यान्वयन गर्नुपर्छ ।
- कक्षाकोठाको व्यवस्थापन, नियमनिर्माण आदिमा प्रजातान्त्रिक आचरण तथा व्यवहार देखाउनुपर्छ ।
- सबै विद्यार्थीहरूलाई समान व्यवहार गर्नुपर्छ ।
- शिक्षणसिकाइलाई पूर्णतः बालकेन्द्रित गराउनुपर्छ ।
- अनुभवबाट सिक्ने अवसर प्रदान गर्नुपर्छ ।
- कक्षाकोठाको सहयोगात्मक सिकाइ वातावरण सिर्जना गरिनुपर्दछ ।

- लैङ्गिक समानता र समताको स्थिति सिर्जना गरिनुपर्दछ ।

## ५. मूल्याङ्कन

(क) ज्ञान निर्माण र पुनर्निर्माण भनेको के हो ?
(ख) ज्ञान निर्माण र पुनर्निर्माणको प्रक्रिया कसरी सम्पन्न हुन्छ ?
(ग) समुदायमा ज्ञानको हस्तान्तरणका आधारहरू केके हुन् ?
(घ) शिक्षकका वैचारिक र मनोवैज्ञानिक द्वन्द्वहरू कसरी प्रकट हुन्छन् ?

**सत्र : दोस्रो**
**समय : १:३० घण्टा**

# विभिन्न समूहको ज्ञानलाई प्रस्तुत गर्ने तरिकाहरू

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) घनिष्ट सम्बन्ध स्थापना गर्ने सीपहरू पहिचान गर्न,
(ख) पुस्तागत छलफल तथा व्यवस्थापन गराउने सीपहरू पहिल्याउन र अभ्यास गर्न,
(ग) अहम् व्यवस्थापन सीप विकास गर्ने तरिकाहरू व्याख्या गर्न,
(घ) आत्मकेन्द्री प्रवृत्तिको व्यवस्थापन सीप (Anonymity management skill) का तरिकाहरू वताउन,
(ङ) परामर्श सीप विकास गर्ने तरिकाहरू पहिल्याउन,
(च) वाह्य साधनका उपयोगका सीपहरू विकास गर्ने तरिकाहरूमा अभ्यास गर्न,
(छ) शिक्षणसिकाइमा ज्ञानलाई प्रस्तुत गर्ने तरिकाहरू वताउन ।

२. **तालिम सामग्री**

मार्कर, कार्डवोर्ड पेपर, टेप, कैंची, मेटाकार्ड, गम, न्युजप्रिन्ट पेपर आदि ।

३. **विषयवस्तु**

(क) सम्वन्ध निर्माण (Rapport building) सीप
(ख) पुस्तागत छलफल र व्यवस्थापन सीप
(ग) अहम् व्यवस्थापन सीप
(घ) आत्मकेन्द्री प्रवृत्तिको व्यवस्थापन
(ङ) परामर्श लिने सीप
(च) वाह्य साधनको उपयोगका सीपहरू
(छ) ज्ञानको प्रस्तुतिका विभिन्न पद्धतिहरूको कक्षाकोठामा प्रयोग

४. **क्रियाकलाप**

**(क) सम्बन्ध निर्माण सीप**

१. सहभागीहरूलाई तलको एउटा मामला पढ्न लगाई सोधिएको प्रश्नको उत्तर व्यक्तिगत रूपमा लेख्न लगाउने ।

**मामला**

*शिक्षक रमेश मा.वि. तहमा सामाजिक अध्ययन शिक्षण गर्छन् । विद्यार्थी, सहकर्मी शिक्षकहरू र विद्यालयका प्रधानाध्यापकसँग उनको प्रगाढ सम्बन्ध रहेको छ । विद्यार्थीहरूलाई नजिकवाट चिन्न सकेकाले शिक्षक रमेशलाई विद्यार्थीहरूले निकै सम्मान र आदर गर्छन् । सिक्ने कार्यमा शिक्षक रमेशवाट विद्यार्थीहरूले प्रशस्त सहयोग प्राप्त गरेका हुन् । यसैगरी आफ्ना सहकर्मी शिक्षकहरूसंग मिलेर काम गर्न उत्सुक र विचारको आदानप्रदान गर्न रमाउने रमेश सहकर्मी शिक्षकहरूका माझ एक प्रियमित्र र अनुकरणीय व्यक्तित्वका रूपमा रहेका छन् । शिक्षणसिकाइलाई प्रभावकारी वनाउन र आफ्नो पेशागत विकासलाई समेत टेवा पुऱ्याउन कार्यमा प्र.अ.वाट प्रशस्त सहयोग पाएका छन् ।*

*यसैगरी विद्यालयको प्रशासनिक एवम् आर्थिक, कार्यहरूमा प्र.अ.लाई पर्याप्त सहयोग पुऱ्याउँदै आएका रमेश प्र.अ.को दृष्टिकोणमा समेत एक सहयोगी मित्रका रूपमा स्थापित हुन् ।*

**प्रश्नहरू**

— शिक्षक रमेश विद्यार्थी, सहकर्मी शिक्षक र प्र.अ.संग कसरी घनिष्ट सम्बन्धको निर्माण गर्न सक्षम भएका हुन् ?

— घनिष्ट सम्वन्ध स्थापना गर्न तपाईंले पनि शिक्षक रमेशले जस्तै व्यवहार गर्दै आउनुभएको छ ?

२. तलको चार्ट प्रस्तुत गर्दै शिक्षकले घनिष्ट सम्बन्ध निर्माण गर्ने उपायहरू अध्ययन गर्न लगाइं छलफल गराउने एवम् छोटो व्याख्या गरी स्पष्ट पार्ने ।

**(यससम्बन्धी सामग्री प्रशिक्षार्थी स्रोत सामग्रीमा दिइएको छ ।)**

३. विद्यार्थीहरूसँग सम्वन्ध निर्माण गर्ने क्रममा शिक्षकले विद्यार्थीहरूलाई सामूहिक रूपमा काम गर्ने वातावरणको सिर्जना गर्न कसरी सहयोग गर्न सक्छन् ? प्रश्न सोधी सहभागीहरूका विचारहरू बोर्डमा टिप्दै जाने । सहभागीका विचारलाई समेट्दै प्रशिक्षकले निम्न निष्कर्ष दिने ।

**(ख) पुस्तागत छलफल र व्यवस्थापन सीप**

१. सहभागीहरूलाई पुस्तागत छलफल र व्यवस्थापन सीप भनेको के हो भनी प्रश्न सोध्ने सहभागीहरूलाई चारसमूहमा विभाजित हुन लगाउने । समूहगत छलफल गराई हरेक समूहबाट निचोड प्रस्तुत गर्न लगाउने ।

२. सहभागीबाट प्रस्तुत बुँदाहरूलाई समेटेर पुस्तागत छलफल र व्यवस्थापन सीपका सन्दर्भमा प्रशिक्षकले निष्कर्षसहित छोटो व्याख्या गर्ने । **(यससम्बन्धी सामग्री प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको ।)**

**(ग) अहम् व्यवस्थापन सीप**

१. प्रशिक्षकले सहभागीहरूलाई अहम्केन्द्री प्रवृत्तिका बारेमा छोटो जानकारी दिने :

> अहम् (Ego) मानवीय प्रवृत्ति हो । परिवेश वा वातावरणका कारण मानिसमा अहम्को विकास हुन्छ । अहम् खास सीमासम्म रहनु ठीकै हुन्छ । तर अहम्को चरमले मानिसलाई अप्ठ्यारोमा पार्छ । 'म केही गर्छु' भन्नु अहम् हो र यसले व्यक्तिको विकास गर्न प्रेरकको भूमिका निर्वाह गर्दछ । 'म त्यसलाई देखाएरै छाड्छु म हरेक कुरामा अगाडि छु, ठीक छु' भन्ने प्रवृत्तिले मान्छेमा द्वन्द्व जन्माउँछ । त्यसैले अहम्को व्यवस्थापन महत्वपूर्ण हुन्छ ।

२. प्रशिक्षकले सहभागीहरूलाई अहम्को व्यवस्थापन कसरी गर्नुपर्छ भनी प्रश्न सोध्ने ।

३. सहभागीहरूलाई तीनतीनजनाको समूहमा विभाजित गरी समूहकार्य गर्न लगाउने ।

४. समूहगत प्रस्तुतिपश्चात् शिक्षकले आफ्नो अहम्को व्यवस्थापन गर्ने सीपहरूका बारेमा छोटो व्याख्यासहित निष्कर्ष दिने ।

**(घ) आत्मकेन्द्री प्रवृत्ति व्यवस्थापन**

१. सहभागीहरूलाई निम्नलिखित प्रश्न सोधी मस्तिष्क मन्थन गराउने ।

आत्मकेन्द्री व्यवस्थापन सीप भनेको के हो ?

२. सहभागीहरूका विचारहरूमा छलफल र अन्तर्क्रिया गराउँदै प्रशिक्षकले आत्मकेन्द्री व्यवस्थापन सीपको अवधारणा र शिक्षकहरूमा यस सीपको विकास गर्ने तरिकाहरूका बारेमा प्रस्ट पार्ने ।

- वास्तविकतालाई स्वीकार गर्नुहोस् जुन तपाईंले आफ्नो जीवनमा सफलतापूर्वक परिवर्तन गर्न सक्नुहुन्छ ।
- नियन्त्रण भन्ने कुरा तपाईंको आफ्नो हातमा छ ।
- अहम् व्यवस्थापनले आफैँलाई नाश गर्ने, मनलाई ग्रस्त पार्ने, आफूलाई रोक्न नसक्ने, विवेकहीन र अस्वीकार्य व्यवहारहरूबाट नियन्त्रणमा राख्छ ।
- व्यक्तिगत दक्षता, स्वायत्तता र सक्षमताको अनुभूति दिन्छ ।
- यसले तपाईंको भाग्य निर्माण गर्छ किनकि यसले तपाईंको सम्पूर्ण जीवनको सफलतामा अवरोध पुऱ्याउने तत्वहरूबाट बचाउँछ ।
- बढी संवेगात्मक प्रतिक्रियाहरूलाई नियन्त्रणमा राख्न मद्दत गर्छ ।
- तपाईंको जीवनलाई परिस्कृत गर्छ ।
- असहयोगी, अरूप्रति भरपर्ने आदि हुनबाट जोगाउँछ ।
- एउटा परिपक्व र जिम्मेवार व्यक्तिका रूपमा वृद्धि गराउन तपाईंको भित्री इच्छालाई प्रतिविम्वन गर्छ ।

### (ङ) सल्लाह लिने सीप

१. प्रशिक्षकले सहभागीहरूलाई निम्नलिखित प्रश्न सोधी सहभागीहरूको विचार लिने ।
शिक्षकका निम्ति सल्लाह लिने सीपको विकास हुन किन जरुरी छ ?

२. सहभागीहरूका विचारहरूका विचारहरूलाई समेटेर प्रशिक्षकले आपसी छलफल, अर्न्तक्रिया तथा उदाहरण प्रस्तुत गर्दै निष्कर्ष दिने ।

३. शिक्षकले सल्लाह लिने सीपको विकास कसरी गर्न सक्छन् सोधी मस्तिष्कमन्थन गराउने ।

४. प्रशिक्षकले निम्नलिखित निष्कर्षसहित छोटकरीमा व्याख्या गर्ने :
सल्लाह तीन किसिमले लिन गर्न सकिन्छ :
(क) अरूबाट प्रत्यक्ष सुझाव लिएर
(ख) अरूबाट अप्रत्यक्ष रूपमा सुझाव प्राप्त गरेर
(ग) अरूको परामर्शबाट र कार्यगत अनुसन्धान गरेर

### (च) बाहृय साधनको उपयोगका सीपहरू

१. बाह्साधनको उपयोग गर्ने सीप भन्नाले के बुझिन्छ ? यस्ता साधनहरूको उपयोग शिक्षणमा कसरी गर्न सकिन्छ ? सहभागीहरूलाई समूहगत रूपमा छलफल र अन्तर्क्रिया गराई अनुभवहरूको आदानप्रदान गराउने ।

२. शिक्षकले बाह्य साधनहरूको उपयोग गर्दा विचार गर्नुपर्ने कुराहरू र बाह्य साधनको उपयोगका सीपहरूका सम्बन्धमा सहभागीहरूका अनुभवलाई जोड्दै छोटो व्याख्यासहित निष्कर्ष दिने ।

वाह्य साधनको सामान्य तात्पर्य शिक्षण-परिवेशभन्दा भिन्न साधनहरूको प्रयोग गर्ने भन्ने हो । शिक्षणमा स्रोतव्यक्ति, क्षेत्रभ्रमण लगायतका साधनहरू प्रयोग गरी शिक्षणसिकाइलाई प्रभावकारी वनाउन सकिन्छ । यसका चाहिने सीपहरू मूलत: यी हुन् :

(क) कुनकुन साधनहरूको प्रयोग कसरी गर्न सकिन्छ, त्यसको योजना वनाउने,

(ख) उपयोग गर्न सकिने साधन, गर्न सकिने अवस्था र स्थिति पहिचान गर्ने,

(ग) उपयोग गर्नका लागि तयारी गरी त्यस्ता साधनको उपयोग गर्ने ।

३. सामाजिक शिक्षकले बाह्य साधनहरूको उपयोगलाई बढाउन केकस्ता रणनीतिहरू कार्यान्वयन गरिनुपर्दछ र सो रणनीतिको कार्यान्वयनका लागि सामाजिक शिक्षकले गर्नुपर्ने क्रियाकलापहरूको सूची तयार पार्न लगाई छलफल गराउने । एकआपसमा पृष्ठपोषण प्रदान गर्ने, गराउने ।

| बाहय साधनको उपयोग बढाउने रणनीति | सामाजिक शिक्षकले गर्नुपर्ने कार्यहरू |
|---|---|
| | |

५. **मूल्याङ्कन**

(क) सम्बन्ध निर्माण कसरी गरिन्छ ?

(ख) पुस्तागत छलफल र व्यवस्थापम सीपको प्रयोग कसरी गर्नुहुन्छ ?

(ग) अहम्केन्द्री र आत्मकेन्द्री प्रवृत्तिको व्यवस्थापन कसरी गरिन्छ ?

(घ) परामर्श सीप भन्नाले के बुझिन्छ ?

(ङ) बाह्यसाधनको उपयोगका लागि के गर्नुपर्छ ?

**सत्र : तेस्रो**
**समय : १:३० घण्टा**

## कक्षाकोठामा सहयोगी सिकाइका प्रयोग तरिकाहरू

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) शिक्षासँग सम्वद्ध विभिन्न संस्था र व्यक्तिवाट व्यक्तिगत र सामूहिक रूपमा ज्ञान प्रवाहीकरण गर्ने तरिकाहरू पहिचान गर्न,

(ख) शिक्षर्णसिकाइ आदानप्रदानका विभिन्न पद्धतिहरूको उपयोगका तरिकाहरू ल्याउन,

(ग) सामाजिक अध्ययन शिक्षण कक्षामा सहयोगी सिकाइको उपयोगका उपायहरू पहिल्याउन ।

२. **विषयवस्तु**

(क) शिक्षासँग सम्वद्ध विभिन्न संस्था र व्यक्तिवाट व्यक्तिगत र सामूहिक रूपमा ज्ञान प्रवाहीकरण गर्ने तरिका

(ख) शिक्षणसिकाइ आदाप्रदानका विभिन्न पद्धतिहरूको उपयोग

(ग) सामाजिक अध्ययन शिक्षण कक्षामा सहयोगी सिकाइको उपयोग

३. **तालिम सामग्री**

मार्कर, कार्डवोर्ड पेपर, टेप, कैँची, मेटाकार्ड, गम, न्युजप्रिन्ट पेपर आदि ।

४. **क्रियाकलाप**

**(क) ज्ञान प्रवाहीकरण गर्ने पद्धति**

१. सहभागीहरूलाई ज्ञान निर्माण तरिकासम्बन्धी निम्नलिखित चार्ट देखाई अध्ययन गर्न लगाउने ।

**ज्ञान उत्पादनका तरिका**

- प्राप्ति (Acquisition)
- समर्पित स्रोतहरू
- संयोजन
- अनुकूलन

ज्ञान उत्पादनमा प्रभावकारी सञ्चार र संयुक्त कार्य (Collaborate) को महत्वपूर्ण भूमिका हुन्छ ।

२. शिक्षासँग सम्वद्ध विभिन्न संस्था र व्यक्तिवाट व्यक्तिगत र सामूहिक रूपमा कसरी ज्ञान प्रवाहीकरण हुन सक्छ ? सहभागीहरूलाई प्रश्न सोधी समूहगत रूपमा उत्तर लेख्न लगाउने ।

| संस्था वा व्यक्ति | ज्ञान प्रवाहीकरणको तरिका |
|---|---|
| | |

३. प्रशिक्षकले निम्नलिखित निष्कर्ष दिने :

**(शिक्षासँग सम्बद्ध विभिन्न संस्था र व्यक्तिहरूबाट ज्ञान प्रवाहीकरण गर्ने पद्धति प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

४. सहभागीहरूलाई समूहगत रूपमा विद्यालयको सन्दर्भमा व्यक्तिगत र सामूहिक रूपमा ज्ञान निर्माण तथा प्रवाहीकरणका तरिकाहरूका बारे छलफल तथा अन्तर्क्रिया गराई निष्कर्षमा पुग्ने ।

**(ख) शिक्षणसिकाइ आदानप्रदानका पद्धतिहरू**

१. प्रशिक्षकले शिक्षणसिकाइ आदानप्रदानका तरिकाहरूका बारेमा सहभागीहरूको अनुभवहरू समेटी छलफल र अन्तर्क्रियाका माध्यमबाट प्रष्ट पार्ने ।

**शिक्षणसिकाइ अनुभव आदानप्रदानका पद्धतिहरू**

- कक्षाअवलोकन र पृष्ठपोषण
- शिक्षकशिक्षकबीचको अन्तर्क्रिया र छलफल, अनुभवी शिक्षकसँगको छलफल
- शिक्षाक्षेत्रसँग सम्बद्ध व्यक्तिहरूसँगको छलफल र अन्तर्क्रिया
- शिक्षणसिकाइसम्बन्धी तालिम सामग्री वा अन्य शिक्षणसिकाइका विषयमा छलफल, पठन र अन्तर्क्रिया

२. शिक्षणसिकाइ आदानप्रदानलाई प्रभावकारी बनाउन एउटा उपयुक्त कार्ययोजना बनाउन लगाई समूहगत रूपमा प्रस्तुतीकरण गर्न लगाउने । प्रस्तुतीकरणपश्चात् पृष्ठपोषण आदानप्रदान गराउने ।

**(ग) कक्षाकोठामा सहयोगी सिकाइको प्रयोग**

१. कक्षाकोठामा सहयोगी सीपको प्रयोग कसरी गर्ने भन्नेबारे हरेक सहभागीलाई आ-आफ्ना अनुभव बताउन लगाउने ।

२. सहयोगी सीपको प्रयोगलाई प्रभावकारी बनाउने उपायका बारेमा समेत प्रशिक्षकले छोटो व्याख्यासहित अन्तर्क्रिया गराउँदै अन्त्यमा निष्कर्ष समेत दिने ।

सहयोगी सीपको कक्षाशिक्षणमा प्रयोग सम्बन्धमा केही मान्यताहरू :

- परिवर्तन ल्याउनका लागि व्यक्तिभन्दा समूहबाट बढी प्रभावकारी हुन्छ ।
- व्यक्तिगत परिवर्तन पनि समूहको सहयोगबाट सहजीकृत हुन्छ ।
- सहयोगी समूहमा सिकाइ बढी प्रभावकारी हुन्छ ।
- सामाजिक परिस्थितिमा एउटा समूहसिकाइका लागि Catalyst हो र सिकाइको स्रोत पनि हो ।
- पृष्ठपोषण सिकाइ प्रक्रियाका लागि मूल्यवान् कुरा हो ।
- विभिन्न दृष्टिकोण, विचारहरू अनुभवले सिकाइलाई बलियो बनाउँछ ।
- सिकारुलाई जोखिम बहन गर्न तथा परिवर्तन ल्याउनका लागि सहयोग र हौसला चाहिन्छ ।
- सिकारुले सम्बन्ध स्थापना गरेर सिक्छ ।
- सिकाइका लागि द्वन्द्व र विवाद आवश्यक कुराहरू हुन् ।
- समूहमा सिकाइ हुँदा सिकारुले सामाजिक परिचय र सामाजिक अनुभूति पाउँछ ।
- समूह संस्कृतिको स्थापना गर्नका लागि सहजकर्ताले साधनको काम गर्छ ।
- सिकाइलाई सहज बनाउनका लागि समूहले उत्तरदायित्व लिन्छ ।
- समूहमा सिकाइलाई प्रभावकारी बनाउन हरेकको भूमिका स्पष्ट हुनुपर्छ ।

सत्र : चौथो
समय : १:३० घण्टा

# विद्यालय सिकाइका सिद्धान्तहरू र बहुबुद्धिको अवधारणा

१. **उद्देश्य**

यस सेसनको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

(क) विद्यार्थीहरूमा सहयोगात्मक सीपको विकास गराउने उपायहरू पहिल्याउन,
(ख) मुख्य सिकाइ (Mastery learning) सित परिचित हुन,
(ग) समस्यामा आधारित सिकाइका तरिकाहरू पहिचान गर्न,
(घ) प्रतिफल सिकाइको कक्षाकोठामा प्रयोगका तरिकाहरू वताउन,
(ङ) वालवातिकामा भएका Multiple intelligence को अवधारणा वताउन ।

२. **विषयवस्तु**

(क) सहयोगात्मक सिकाइ (Cooperative learning)
(ख) मुख्य सिकाइ (Mastery learning)
(ग) समस्यामा आधारित सिकाइ (Problem based learning)
(घ) प्रतिफल सिकाइ (Outcome learning)
(ङ) बालबालिकामा भएका Multiple intelligence

३. **क्रियाकलाप**

(क) **सहयोगात्मक सिकाइ**

१) विद्यार्थीहरू समूहहरूमा बसेर कार्य गरिरहेको चित्र देखाई अवलोकन गर्न लगाउने ।
प्रश्न सोध्ने :
- चित्रमा के देख्नुहुन्छ ?
- चित्रमा देखाइएजस्तै शिक्षकले विद्यार्थीहरूलाई समूहमा राखी शिक्षण गर्दा के फाइदा हुन्छ ?
- तपाईं पनि आफ्नो विद्यालयमा यसै गर्नुहुन्छ ?

२) सहभागीहरूका विचारहरूलाई समेटेर प्रशिक्षकले सहयोगात्मक सिकाइका सम्बन्धमा निम्नलिखित निष्कर्ष दिने । यस सिकाइका मुख्य विशेषताहरू :
- विद्यार्थीहरूले समूहमा कार्य गर्छन् ।
- समूहहरू उच्च, मध्यम र तल्लो शैक्षिक उपलब्धि भएका विद्यार्थीहरूलाई मिलाएर वनाइन्छ ।
- समूहमा विभिन्न जात, धर्म, भाषा, संस्कृतिका विद्यार्थीहरूलाई मिलाउने गरिन्छ ।
- पुरस्कार व्यक्तिलाई होइन, समूहलाई दिइन्छ ।

३) प्रशिक्षकले तलको चार्ट प्रस्तुत गरी अध्ययन गर्न लगाउने ।
सहयोगात्मक सिकाइका चरणहरू :
- शिक्षकले कक्षामा गएर विद्यार्थीहरूलाई पाठको उद्देश्य बारेमा प्रस्ट पार्दै अभिप्रेरित पनि गर्ने ।
- शिक्षकले समस्या वा सूचना कक्षामा प्रस्तुत गर्ने ।

- विषयवस्तु, शिक्षण विधि र मूल्याङ्कन विधिहरू प्रतिफलसँग प्रत्यक्ष रूपमा सम्वन्धित भएको हुनुपर्ने ।
- सफलताको बढी आशा राखिएको हुनुपर्ने ।
- प्रतिफलमा आधारित सिकाइ सबै विद्यार्थीका लागि हो भन्ने मान्यता राख्नुपर्ने ।
- विद्यार्थीहरूलाई प्रोत्साहन र विभिन्न कार्यमा व्यस्त गराएर सफलता गराउनुपर्ने ।
- विद्यार्थीलाई व्यक्तिगत रूपमा पनि हेरविचार गर्नुपर्ने ।

३) प्रतिफलमा आधारित सिकाइको कक्षाशिक्षणमा प्रयोग गर्न कार्ययोजना तयार पार्न लगाउने ।


| विद्यार्थीले प्राप्त गर्न आशा गरिएका प्रतिफल | पाठ्यक्रमको कुन उद्देश्यलाई पूरा गर्छ ? | शिक्षण गरिने विषयवस्तु | शिक्षण विधि | मूल्याङ्कन |
|---|---|---|---|---|
| | | | | |

४) समूहगत प्रस्तुतिपश्चात् छलफल गराई पृष्ठपोषण प्रदान गर्ने ।

**(ङ) बालबालिकामा भएका Multiple intelligence**

१. बालबालिकाहरूले कसरी सिक्दछन् ? सहभागीहरूलाई तलको प्रश्न सोध्ने ।
हरेक सहभागीलाई मेटाकार्ड र मार्कर पेन दिई प्रश्नको उत्तर लेख्न लगाउने एउटा मेटाकार्डमा तीनओटा बुँदासम्म लेख्न सकिने जानकारी दिने ।


२ सहभागीहरूका विचारहरू लेखिएका मेटाकार्डहरूलाई पिनबोर्ड झुण्ड्याइएको कार्डबोर्डमा निम्नानुसार टाँस्दै जाने ।




३ सहभागीहरूबीच छलफल गराउँदै सहजकर्ताले अन्त्यमा निम्नानुसारको निष्कर्ष दिने ।

निष्कर्ष : सवै बालतिकाहरूको सिक्ने शैली एउटै हुँदैन । कसैले एउटा माध्यमबाट राम्ररी सिक्न सक्छ भने कसैले अर्को माध्यमबाट । यसैले बालबालिकाहरूले ज्ञानार्जन गर्ने तरिकाहरूका बारेमा शिक्षक परिचित हुन आवश्यक छ । बालबालिकामा भएको एउटा intelligence को सहायताले अर्को intelligence को विकासमा मद्दत पुऱ्याउन शिक्षकले क्रियाकलापहरू गराउनुपर्ने हुन्छ ।

४. सहजकर्ताले Seven multiple intelligence सम्बन्धी निम्नानुसारको चार्ट प्रस्तुत गरी सहभागीहरूलाई अध्ययन गर्न लगाउने । अध्ययनपश्चात् प्रश्न सोध्ने ।




प्रश्न :

- Multiple intelligence भनेको के हो ?
- तपाईंमा सवैभन्दा बढी कुन Intelligence भएको महसुस गर्नुहुन्छ ?
- तपाईंले शिक्षण गर्ने कक्षाका कुन बालबालिकामा कुनकुन Multiple intelligence बढी छ भनी थाहा पाउने प्रयास गर्नुभएको छ ?
- बालबालिकाहरूले ज्ञानार्जन गर्ने उपर्युक्त सातवटा तरिका/शैलीहरू अर्थात् 7 Multiple intelligence का बारेमा जानकारी लिन किन आवश्यक छ ?

५. सहभागीहरूबाट प्रस्तुत हुने विचारहरूमा व्यापक छलफल गराई सहजकर्ताले अन्त्यमा निम्नानुसारको निष्कर्ष दिने :

निष्कर्ष :

- बालबालिकाहरूले ज्ञानार्जन गर्ने बाटाहरू/शैलीहरू फरकफरक हुन्छन् ।
- बालबालिकाहरूले 7 Multiple intelligence बाट ज्ञानार्जन गर्दछन् ।
- प्राय: सवै बालबालिकामा 7 Multiple intelligence मध्ये कुनै न कुनै Intelligence सवल रूपमा रहेको हुन्छ ।
- बालबालिकामा हुने Intelligcence एकै प्रकारको नहुन सक्छ, त्यसैले त एउटै कक्षामा पनि केही विद्यार्थी अन्तर्मुखी बुद्धि भएका हुन सक्छन् भने केही विद्यार्थी वहिर्मुखी बुद्धि भएका ।

- समूह विभाजन गर्ने ।
- विद्यार्थीलाई समूहमा काम गर्न लगाउने र वेलावेलामा शिक्षकले समूहलाई सहयोग गरिरहने ।
- प्रत्येक समूहबाट एकएकजना विद्यार्थीलाई निष्कर्ष प्रस्तुत गर्न लगाउदै पृष्ठपोषण प्रदान गर्ने ।
- समूह प्राप्तिको बारेमा लेखाजोखा गर्ने ।

४) सहभागीहरूबाट सहयोगात्मक सिकाइको कक्षाकोठामा प्रयोग भए नभएको, विद्यार्थीहरूमा सहयोगात्मक सिकाइको बातावरण तयार पार्ने क्रममा उपयुक्तानुसारका चरणहरू कति हदसम्म अनुशरण गरिएको नगरिएको बारे आपसी अनुभव आदानप्रदान गर्न लगाई छलफल गराउने ।

**(ख) मुख्य सिकाइ**

१) सहभागीहरूलाई तलको एउटा Case अध्ययन गर्न लगाउने ।

*शिक्षिका सरिता कक्षा ९ मा सामाजिक अध्ययन शिक्षण गर्नुहुन्छ । उहाँले पहिले नै एकाइका उद्देश्यहरू निर्धारित गर्नुभएको छ । विषयवस्तुलाई स-साना एकाइमा विभाजन गरी प्रत्येक एकाइको उद्देश्य निर्माण गर्नुभएको छ । यसैगरी पढाउने पाठका लागि उद्देश्य तथा विद्यार्थीको पूर्वज्ञान र क्रियाकलापहरू निर्धारण गर्नुभएको छ । उहाँले शिक्षण गर्दा नयाँ विषयवस्तु र सीपलाई विभिन्न माध्यमबाट प्रस्तुत गर्ने गर्नुहुन्छ, जस्तै : व्याख्या र प्रदर्शन । साथै विभिन्न उदाहरणका साथै विभिन्न प्रश्नहरू दिई तिनै उदाहरणको आधारमा प्रश्नहरू हल गर्न लगाउनुहुन्छ । उहाँले शिक्षणका क्रममा विद्यार्थीहरूलाई विभिन्न क्रियाकलापमा सहभागी गराउनुहुन्छ । यसका लागि विद्यार्थीहरूलाई समूहमा विभाजन गरेर वा व्यक्तिगत रूपमा विभिन्न क्रियाकलापमा सहकार्य गराउनुहुन्छ । उहाँ चाहिँ विद्यार्थी क्रियाकलापको अनुगमन गर्नुहुन्छ । पृष्ठापोषण प्रदान गर्नुहुन्छ र नयाँ एकाइमा प्रवेश गर्नका लागि योग्य छन् छैनन् भनेर निर्णय गर्नुहुन्छ । थप क्रियाकलाप आवश्यक भए विभिन्न गृहकार्य तथा कक्षाकार्य गर्न दिनुहुन्छ । ८०% भन्दा माथि सिकाइ गरेपछि त्यसलाई दिगो बनाउन विद्यार्थीहरूलाई आवश्यकतानुसार विभिन्न क्रियाकलापमा संलग्न गराउनुहुन्छ ।*

पश्नहरू :

- शिक्षिका सरिताको शिक्षण कस्तो लाग्यो ?
- यस प्रकारको शिक्षणबाट विद्यार्थीहरूमा उच्च रूपमा सिकाइउपलब्धि हासिल हुने ठान्नुहुन्छ ?

२) माथिको उदाहरणबाट मुख्य सिकाइ (Mastery learning) र यसका चरणहरू बारेमा प्रशिक्षकले निष्कर्ष दिने ।

मुख्य सिकाइमा सबै विद्यार्थीलाई राम्रो सिकाइ वातावरण दिएर सिकाउने काम गरिन्छ । कक्षाकोठामा उपयुक्त सिकाइ वातावरण उपलव्ध गराउन सकियो भने सबै विद्यार्थीले राम्रोसँग सिक्न सक्छन् भन्ने मान्यता मुख्य सिकाइको हो । मुख्य सिकाइ एउटा समूहमा आधारित शिक्षकद्वारा निर्देशित शिक्षण कार्य हो । यसमा विद्यार्थीहरूले आफ्ना साथीहरूसँगको सहकार्यबाट सिक्छन् र यसमा विद्यार्थीहरूले व्यक्तिगत रूपमा पनि विभिन्न क्रियाकलापहरू गर्छन् ।

**मुख्य सिकाइका चरणहरू :**

- पाठको लागि ढाँचा तयार गर्नु ।

- नयाँ विषयवस्तु र सीपलाई विभिन्न माध्यमबाट प्रस्तुत गर्नु, जस्तै : व्याख्या, प्रदर्शन, उदाहरण आदि ।
- निर्देशित अभ्यास
- नियन्त्रित अभ्यास
- स्वत: अभ्यास

**(ग) समस्यामा आधारित सिकाइ**

१) सहभागीहरूलाई समस्यामा आधारित सिकाइका चरणहरू लेखिएको चार्ट अध्ययन गर्न लगाउने ।

**समस्यामा आधारित सिकाइका चरणहरू**

- विद्यार्थीलाई समस्याप्रति उन्मुख गराउनु ।
- विद्यार्थीलाई अध्ययनका लागि व्यवस्थित गर्नु ।
- व्यक्तिगत र सामूहिक अनुसन्धानलाई सहयोग गर्नु ।
- तथ्याङ्क सङ्कलन र प्रयोग ।
- परिकल्पना वर्णन र समाधान प्रदान ।
- निष्कर्षको निर्माण र प्रस्तुतीकरण ।
- समस्या समाधान प्रक्रियाको विश्लेषण र मूल्याङ्कन ।

२) उपर्युक्त चरणका आधारमा तपाइँ कसरी शिक्षण गर्नुहुन्छ ? तलको चार्टमा आधारित भएर लेख्नुहोस भनी सहभागीहरूलाई चारसमूहमा रही कार्य गर्न दिने ।

| उद्देश्य | विधि | क्रियाकलाप | शिक्षण विधि |
|---|---|---|---|
| | | | |

३) समूहगत प्रस्तुतिपश्चात् छलफल गराई पृष्ठपोषण प्रदान गर्ने ।

**(घ) प्रतिफल सिकाइ**

१) प्रश्न सोधी Brainstorming गराउने ।

> प्रतिफलमा आधारित सिकाइ भन्नाले के बुझ्नुहुन्छ ?

सहभागीहरूलाई मेटाकार्ड र मार्कर उपलब्ध गराई उत्तर लेख्न लगाउने । डिस्प्ले वोर्डमा टाँस्न लगाउने । विचारहरूलाई समूहकृत गर्न सहयोग पुऱ्याउने । छलफल गराउने ।

२) सहभागीहरूका विचारहरूलाई समेटेर निम्नानुसारको निष्कर्ष दिने ।

प्रतिफलमा आधारित सिकाइले विद्यार्थीलाई शिक्षण गरिसकेपछि उनीहरू के गर्न सक्छन् भन्ने कुरामा जोड दिएको हुन्छ । प्रतिफल सिकाइमा सुरुमा विद्यार्थीले सिक्नुपर्ने प्रतिफल तयार पारिन्छ । त्यसपछि मात्र विषयवस्तु शैक्षिक सामग्री र मूल्याङ्कनका तरिकाहरू तयार पारिन्छ ।

प्रतिफल सिकाइका निम्नलिखित सिद्धान्तहरू छन् :

- प्रकृतिलाई स्पष्ट रूपमा महत्व दिइएको हुनुपर्ने ।
- सधैंभरी महत्वपूर्ण र स्पष्ट प्रतिफलको निर्माण गर्नुपर्ने ।
- विद्यार्थीलाई उनीहरूको उद्देश्य के हो भन्ने बारेमा जानकारी दिनुपर्ने ।

- विषयवस्तु, शिक्षण विधि र मूल्याङ्कन विधिहरू प्रतिफलसँग प्रत्यक्ष रूपमा सम्बन्धित भएको हुनुपर्ने ।
- सफलताको बढी आशा राखिएको हुनुपर्ने ।
- प्रतिफलमा आधारित सिकाइ सबै विद्यार्थीका लागि हो भन्ने मान्यता राख्नुपर्ने ।
- विद्यार्थीहरूलाई प्रोत्साहन र विभिन्न कार्यमा व्यस्त गराएर सफलता गराउनुपर्ने ।
- विद्यार्थीलाई व्यक्तिगत रूपमा पनि हेरविचार गर्नुपर्ने ।

३) प्रतिफलमा आधारित सिकाइको कक्षाशिक्षणमा प्रयोग गर्न कार्ययोजना तयार पार्न लगाउने ।


| विद्यार्थीले प्राप्त गर्न आशा गरिएका प्रतिफल | पाठ्यक्रमको कुन उद्देश्यलाई पूरा गर्छ ? | शिक्षण गरिने विषयवस्तु | शिक्षण विधि | मूल्याङ्कन |
|---|---|---|---|---|
| | | | | |

४) समूहगत प्रस्तुतिपश्चात् छलफल गराई पृष्ठपोषण प्रदान गर्ने ।

**(ङ) बालबालिकामा भएका Multiple intelligence**

१ बालबालिकाहरूले कसरी सिक्दछन् ? सहभागीहरूलाई तलको प्रश्न सोध्ने ।
हरेक सहभागीलाई मेटाकार्ड र मार्कर पेन दिई प्रश्नको उत्तर लेख्न लगाउने एउटा मेटाकार्डमा तीनओटा बुँदासम्म लेख्न सकिने जानकारी दिने ।


२ सहभागीहरूका विचारहरू लेखिएका मेटाकार्डहरूलाई पिनबोर्ड झुण्ड्याइएको कार्डबोर्डमा निम्नानुसार टाँस्दै जाने ।




३ सहभागीहरूबीच छलफल गराउँदै सहजकर्ताले अन्त्यमा निम्नानुसारको निष्कर्ष दिने ।

निष्कर्ष : सबै बालबालिकाहरूको सिक्ने शैली एउटै हुँदैन । कसैले एउटा माध्यमबाट राम्ररी सिक्न सक्छ भने कसैले अर्को माध्यमबाट । यसैले बालबालिकाहरूले ज्ञानार्जन गर्ने तरिकाहरूका बारेमा शिक्षक परिचित हुन आवश्यक छ । बालबालिकामा भएको एउटा intelligence को सहायताले अर्को intelligence को विकासमा मद्दत पुऱ्याउन शिक्षकले क्रियाकलापहरू गराउनुपर्ने हुन्छ ।

४ सहजकर्ताले Seven multiple intelligence सम्बन्धी निम्नानुसारको चार्ट प्रस्तुत गरी सहभागीहरूलाई अध्ययन गर्न लगाउने । अध्ययनपश्चात् प्रश्न सोध्ने ।




प्रश्न :

- Multiple intelligence भनेको के हो ?
- तपाईंमा सबैभन्दा बढी कुन Intelligence भएको महसुस गर्नुहुन्छ ?
- तपाईंले शिक्षण गर्ने कक्षाका कुन बालबालिकामा कुनकुन Multiple intelligence बढी छ भनी थाहा पाउने प्रयास गर्नुभएको छ ?
- बालबालिकाहरूले ज्ञानार्जन गर्ने उपर्युक्त सातओटा तरिका/शैलीहरू अर्थात् 7 Multiple intelligence का बारेमा जानकारी लिन किन आवश्यक छ ?

५. सहभागीहरूबाट प्रस्तुत हुने विचारहरूमा व्यापक छलफल गराई सहजकर्ताले अन्त्यमा निम्नानुसारको निष्कर्ष दिने :

निष्कर्ष :

- बालबालिकाहरूले ज्ञानार्जन गर्ने बाटाहरू/शैलीहरू फरकफरक हुन्छन् ।
- बालबालिकाहरूले 7 Multiple intelligence बाट ज्ञानार्जन गर्दछन् ।
- प्राय: सबै बालबालिकामा 7 Multiple intelligence मध्ये कुनै न कुनै Intelligence सबल रूपमा रहेको हुन्छ ।
- बालबालिकामा हुने Intelligcence एकै प्रकारको नहुन सक्छ, त्यसैले त एउटै कक्षामा पनि केही विद्यार्थी अन्तर्मुखी बुद्धि भएका हुन सक्छन् भने केही विद्यार्थी बहिर्मुखी बुद्धि भएका ।

त्यस्तै केही विद्यार्थी शारीरिक बुद्धि भएका त केही विद्यार्थी तार्किक र गणितीय बुद्धि भएका हुन सक्छन् ।

- विद्यार्थीमा भएको एउटा Intelligence का सहायताले अर्को Intelligence को विकासमा टेवा पुऱ्याउने खालका क्रियाकलाप गराउनुपर्छ ।
- फरकफरक Intelligence भएकै कारणले शिक्षकले प्रयोग गर्ने एउटा Teaching technique बाट सबै विद्यार्थीले सबल रूपमा सिक्न सक्दैनन् । विद्यार्थीहरूको Multiple intelligence लाई ख्याल गरी शिक्षण विधि तरिका एवम् प्रविधिको प्रयोगमा विविधता ल्याउनुपर्ने हुन्छ ।
- बालबालिकाहरूको Multiple intelligence लाई ध्यानमा राखी शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गरेको खण्डमा उनीहरूले आफ्नो अनुकूल हुने गरी सहजरूपमा सिक्न सक्छन् ।

६. उपर्युक्त Multiple intelligence भएका बालबालिकाहरूको विशेषताहरूका बारेमा सहभागीबीच प्रश्नोत्तर र छलफल गराउने । अन्त्यमा सहजकर्ताले 7 Multiple intelligence को Handouts अध्ययन गर्न लगाउने ।

**(यससम्बन्धी अध्ययन सामग्री प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

७ सहभागीहरूलाई निम्नानुसारको प्रश्न सोधी आ-आफ्ना अनुभव भन्न लगाउने :

- तपाईंको कक्षामा कुन Intelligence वा कस्तो क्षमता भएका विद्यार्थी बढी छन् ?
- उपर्युक्त 7 Intelligence का आधारमा कक्षाका विद्यार्थीहरूको क्षमता वा स्वभाव पहिचान गर्न सक्नुहुन्छ ? शिक्षणसिकाइ क्रियाकलाप तर्जुमा गर्दा कसरी गर्नुहुन्छ ?

## ४. मूल्याङ्कन

(क) विद्यालय सिकाइका सिद्धान्तहरू केके हुन् ?

(ख) 7 multiple intelligence केके हुन् ?

# अपेक्षित पेसागत सक्षमताको विकास

सक्षमता ३ : शिक्षकले अभिलेखीकरण, अन्तर्क्रिया, प्रतिविम्बन र अनुसन्धानका माध्यमबाट सामाजिक अध्ययन शिक्षणमा पेशागत क्षमताको विकास गर्नेछन् ।

जम्मा घण्टा : १५ सत्र : १०

सत्र : पहिलो
समय : १:३० घण्टा

## व्यक्तिगत उत्तरदायित्व र अपेक्षित सिकाइका लागि अभिलेखीकरण

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित काम गर्न सक्षम हुनेछन् :

(क) मौखिक इतिहासको स्रोत सङ्कलन गर्न,
(ख) मौखिक इतिहासको विश्लेषण गर्न,
(ग) मौखिक इतिहासको अभिलेखीकरण गर्न ।

२. **तालिम सामग्री**

टेपरेकर्डर, भिडियो क्यामरा, मार्कर, न्युजप्रिन्ट, मेटाकार्ड आदि ।

३. **क्रियाकलाप**

(क) **स्रोत सङ्कलन**

१. क्यासेटको प्रयोग गरेर सहभागीहरूका अवस्मरणीय घटनाहरूको रेकर्ड गर्न लगाउनुहोस् ।
२. रेकर्ड गरिएका घटना सबैले सुन्ने गरी बजाउनुहोस् ।
३. रेकर्ड गरिएका घटना सहभागीहरूलाई सुनाउन भन्नुहोस् ।
४. सुनेको घटनाका कारण र परिणाम प्रत्येक सहभागीहरूलाई मेटाकार्डमा लेखेर प्रस्तुत गर्न लगाउनुहोस् ।

(ख) **स्रोत विश्लेषण**

१. जीवनका अविस्मरणीय घटनाहरूमध्ये सबभन्दा उत्कृष्ठ छान्न लगाउनुहोस् ।
२. छानिएका उत्कृष्ट घटनालाई उत्कृष्ट हुनका कारण बुँदागत रूपमा न्युजप्रिन्टमा लेखेर प्रस्तुत गर्न लगाउनुहोस् ।
३. सबभन्दा बढी बुँदाहरू तयार गर्नेलाई न्युजप्रिन्टमा लेखिएका कुरा सुनाउन लगाउनुहोस् ।

(ग) **अभिलेखीकरण**

१. जीवनका अविस्मरणीय घटनाको सङ्कलन गर्नुहोस् ।
२. घटनाको शीर्षक लेख्न लगाउनुहोस् ।
३. शीर्षकको पहिलो अक्षरअनुसार क्रम मिलाई राख्न लगाउनुहोस् ।

४. पत्रपत्रिकामा उल्लेख गरिएका अविस्मरणीय घटनाको सङ्कलन गर्न लगाउनुहोस् ।
५. तालिम केन्द्रमा पत्रपत्रिका सङ्कलन गरेर राखिएका पाठ्यसामग्री सम्बन्धमा सुझाव प्रस्तुत गर्न लगाउनुहोस् ।
६. समुदायमा रहेका पुस्तकालयको भ्रमण गरेर त्यसमा सुधार गर्न सुझाव दिन लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) मौखिक इतिहासको स्रोत सङ्कलन कसरी गर्न सकिन्छ ?

(ख) मौखिक इतिहासको विश्लेषण कसरी गर्न सकिन्छ ?

**केही उपयोगी विषयवस्तु**

सभ्यताको प्रारम्भदेखि नै मानिसले आफ्ना भावनाहरूलाई मौखिक रूपबाट अभिव्यक्त गरेका हुन् । मानिसले आफ्ना वा अरूका जीवनमा घटेका घटनाहरूलाई मौखिक रूपमा सुनाउने र तिनका सन्तान दरसन्तानले त्यसै परम्परालाई धान्दै आएको पाइन्छ । यसरी मौखिक रूपमा सुनेर लिपिवद्ध गर्ने ऐतिहासिक अभ्यासलाई नै मौखिक इतिहासको अभिलेखीकरण भनिन्छ । हाम्रा प्राचीन तथा धार्मिक ग्रन्थहरू यसै प्रकारबाट लेखिएका मौखिक इतिहासको अभिलेखीकरणका प्रमाण हुन् । हाम्रा वेद, पुराण, उपनिषद्, रामायण, महाभारतजस्ता ग्रन्थहरूलाई इतिहासका स्रोतको रूपमा प्रयोग गर्न सकिन्छ । पाँचौ शताब्दी इशापूर्वका इतिहासका पिता हेरोडोटसले मौखिक इतिहासका आधारमा नै पर्सियन युद्धको इतिहास लेखेका थिए । १९४८ देखि सङ्गठित रूपमा मौखिक इतिहास लेख्ने कामको थालनी भयो । प्राध्यापक एलन नेभिन्स (Allan Nevins) ले कोलम्बियामा विश्वविद्यालयमा मौखिक इतिहासको योजना प्रारम्भ गरेपछि मौखिक इतिहासको अभिलेखीकरणले गति प्राप्त गरेको थियो ।

सत्र : दोस्रो
समय : १:३० घण्टा

# साहित्यिक समीक्षाको अभिलेखीकरण

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित काम गर्न सक्षम हुनेछन् :

(क) प्रशिक्षक तथा प्रशिक्षार्थी निर्देशिकाको अध्ययन गर्न,
(ख) निर्देशिकामा आधारित प्रश्न तथा उत्तरको खोजी गर्न,
(ग) बौद्धिक साहित्यिक समीक्षाको मूल्याङ्कन गर्न,
(घ) साहित्यिक समीक्षाका नमुना तयार गर्न ।

२. **तालिम सामग्री**

प्रशिक्षक निर्देशिका, पाठ्यपुस्तक, उत्कृष्ट साहित्यिक समीक्षाका नमुना, न्युजप्रिन्ट, मार्कर, मेटाकार्ड आदि ।

३. **क्रियाकलाप**

(क) **निर्देशिका अध्ययन**

१. प्रशिक्षक तथा प्रशिक्षार्थी निर्देशिकाको अध्ययन गर्न लगाउनुहोस् ।
२. प्रशिक्षक तथा प्रशिक्षार्थी निर्देशिकाको भौतिक पक्ष, जस्तै- कागजको गुणस्तर, अक्षरको आकार, आवश्यक चित्र, लेखाइको मार्जिन सम्बन्धमा बुँदागत टिपोट गरेर प्रस्तुत गर्न लगाउनुहोस् ।
३. सहभागीहरूलाई चारसमूहमा विभाजित गरेर आफ्ना समूहभित्र पर्ने सहभागीका बुँदामाथि छलफल गरेर बुँदाहरूमा सुधार गरेर नयाँ बुँदाहरूको टिपोट गर्न लगाउनुहोस् ।
४. प्रत्येक समूहका नेतालाई टिपिएका बुँदाहरू प्रस्तुत गर्न लगाउनुहोस् ।

(ख) **प्रश्न उत्तरको खोजी**

१. सहभागीहरूलाई सामाजिक अध्ययनसँग सम्बन्धित तत्कालीन घटनामा आधारित पाँच प्रश्न र तिनका पाँच उत्तर लेख्न लगाउनुहोस् ।
२. एकजना सहभागीलाई अगाडि बोलाई तिनले लेखेका पाँच प्रश्नमध्ये पहिलो प्रश्न भन्न र अन्य सहभागीहरूलाई पछिलो प्रश्नसँग मिल्ने सहभागीका प्रश्नमा हात उठाउन भन्ने र हात उठाएको सङ्ख्या प्रश्नको अगाडि लेख्न लगाउनुहोस् ।
३. पछिलो प्रश्न जस्तै गरी पाँचओटै प्रश्न र उत्तर पढ्न र मिल्नेको सङ्ख्या प्रश्न र उत्तरको अगाडि लेख्न लगाउनुहोस् ।
४. सबभन्दा बढी मिल्ने प्रश्न र उत्तरको सङ्ख्या भन्न लगाउनुहोस् ।
५. अन्य सहभागीहरूलाई आजको समाजको जल्दोबल्दो प्रश्न र त्यसको उत्तर के रहेछ भन्न लगाउनुहोस् ।

६. प्रत्येक सहभागीहरूलाई आफ्ना साथीहरूमध्ये कसका प्रश्न र उत्तर सबभन्दा बढी मिल्न गयो पत्ता लगाउन र विजयी घोषित गर्न लगाउनुहोस् ।

(ग) **साहित्यिक समीक्षाको मूल्याङ्कन**

प्रत्येक सहभागीहरूलाई साहित्यिक समीक्षाको नमुना दिएर त्यसका सबल र निर्बल पक्ष बुँदागत रूपमा मेटाकार्डमा लेखेर टाँस्न लगाउनुहोस् ।

(घ) **साहित्यिक समीक्षा निर्माण**

कुनै एक साहित्यिक कृतिको समीक्षा तयार गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

(ग) बौद्धिक साहित्यिक समीक्षाको मूल्याङ्कन कसरी गर्न सकिन्छ ?

(घ) साहित्यिक समीक्षाका नमुना तयार गर्नुहोस् ।

**केही उपयोगी विषयवस्तु**

साहित्यिक समीक्षा भन्नाले विद्वतापूर्ण ढङ्गबाट लेखिएका लेख, पुस्तक, अनुसन्धानात्मक कृति, कार्यपत्र, समालोचना तथा टिप्पणीहरूको सर्भेक्षण गर्नु हो । यस्ता कृतिहरू कुनै खास समस्यामा आधारित भएका हुन्छन् । शिक्षक तालिममा प्रयोग गरिने प्रशिक्षक सामग्री, प्रशिक्षार्थी सामग्री, शिक्षक निर्देशिका, स्वाध्याय सामग्री तथा पाठ्यपुस्तकको समीक्षा गर्नु पनि साहित्यिक समीक्षाअन्तर्गत नै पर्दछ ।

सत्र : तेस्रो
समय: १:३० घण्टा

# अनुभव, व्यक्तिगत र सामूहिक घटनाको अभिलेखीकरण

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित काम गर्न सक्षम हुनेछन् :

(क) अनुभवका अभिलेखीकरण गर्न ।

(ख) व्यक्तिगत घटनाको सङ्कलन गर्न ।

(ग) सामूहिक घटनाको प्रस्तुति गर्न ।

२. **तालिम सामग्री**

मार्कर, न्युजप्रिन्ट, मेटाकार्ड, घटनासम्बन्धी समाचार टेप, स्केल र पेन्सिल ।

३. **क्रियाकलाप**

(क) **अनुभवको अभिलेखीकरण**

१. सहभागीहरूलाई महिना र ऋतुको आधारमा विगत वर्षमा आफ्ना अनुभव तालिका बनाई लेख्न लगाउनुहोस् ।
२. सहभागीहरूलाई आफूले बनाएका अनुभव तालिका बुलेटिन बोर्डमा टाँस्न लगाउनुहोस् ।
३. सहभागीहरूलाई टाँसिएका राम्रा चारओटा अनुभव तालिका छान्न लगाउनुहोस् ।
४. सहभागीहरूलाई चारसमूहमा विभाजित गरी चारओटा राम्रा अनुभव तालिकामा सुधार गरी टाँस्न लगाउनुहोस् ।
५. सहभागीहरूलाई सामाजिक शिक्षा पाठ्यक्रममा कुनकुन शीर्षकको एकाइ, पाठ र पाठका उद्देश्य राख्दा रमाइलो हुन्छ एकएक गरी मेटाकार्डमा लेखेर टाँस्न र पढ्न लगाउनुहोस् ।
६. प्रत्येक सहभागीहरूलाई कुनै पाठशालामा धेरै तालिम प्राप्त शिक्षक र राम्रो प्रतिशतमा पास भएको सङ्ख्या लेख्न लगाउनुहोस् र त्यसको आधारमा ग्राफ बनाई प्रस्तुत गर्न लगाउनुहोस् ।

(ख) **व्यक्तिगत घटनाको अभिलेखीकरण**

१. सहभागीहरूलाई आफ्ना व्यक्तिगत जीवनमा घटेका सामाजिक शिक्षाका विषयवस्तुसँग मेल खाने घटनाको विवरण तयार गर्न लगाउनुहोस् ।
२. सहभागीहरूलाई चारसमूहमा विभाजित गर्नुहोस् र प्रत्येक समूहले तयार गरेको व्यक्तिगत घटनामा सुधार गर्न र छलफल गर्न लगाउनुहोस् ।
३. प्रत्येक समूहलाई सुधारिएका एकएकओटा व्यक्तिगत घटना प्रस्तुत गर्न लगाउनुहोस् ।

(ग) **सामूहिक घटनाको अभिलेखीकरण**

१. सहभागीहरूलाई आ-आफ्ना पाठशालामा घटेका सामूहिक घटनासम्बन्धी बुँदा टिप्न लगाउनुहोस् ।
२. प्रत्येक सहभागीलाई सामूहिक घटनाका बुँदा पढ्न लगाउनुहोस् ।
३. सहभागीहरूलाई सामूहिक घटनाका समाचारका नमुना पढ्न लगाउनुहोस् र त्यसको आधारमा सामूहिक घटनाको समाचार बनाउन लगाउनुहोस् ।

४. अनुभवको अभिलेखीकरण, व्यक्तिगत घटनाको अभिलेखीकरण र सामूहिक घटनाको अभिलेखीकरणको सङ्कलन गर्न लगाउनुहोस् ।

५. सबै अभिलेखीकरण गरिएका सामग्रीहरू सुरक्षित ठाउँमा राख्न लगाउनुहोस् र तिनको उपयोग गर्ने तरिकाको खाका तयार गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) व्यक्तिगत घटनाको सङ्कलन गर्ने तरिकाहरू केके हुन सक्छन् ?

(ख) सामूहिक घटनाको प्रस्तुति गर्ने तरिकाहरू केके हुन सक्छन् ?

**केही उपयोगी विषयवस्तु**

प्रत्येक व्यक्तिले आफ्ना चेतनाको बिकासको साथै विभिन्न किसिमका अनुभव सङ्गालेका हुन्छन् । धेरै व्यक्तिका जीवनका यस्ता अनुभवको अभिलेखीकरणबाट व्यक्ति वा समुदायले ठूलो फाइदा उठाउन सक्छ ।

अनुभवको अभिलेखीकरण भन्नाले विभिन्न व्यक्तिले विभिन्न परिस्थितिहरूमा प्राप्त गरेका अनुभवहरूलाई लिपिबद्ध गर्नु हो । हिमाली प्रदेशका मानिस तराई प्रदेशमा जाँदा प्राप्त गरेको भौगोलिक तथा वातावरणसम्बन्धी अनुभव दुवै प्रदेशका मानिसको निम्ति उपयोगी हुन सक्छ । व्यक्तिगत घटनाको अभिलेखीकरण भन्नाले कुनै पनि व्यक्तिका जीवनमा घटेका महत्वपूर्ण घटनालाई लिपिबद्ध गर्नु हो । यस्ता घटना निश्चित व्यक्ति वा निश्चित परिस्थितिमा घटेका हुन्छन् । घटनाको अभिलेखीकरण भन्नाले धैरै व्यक्तिहरूका जमघट भएका स्थानहरूमा भएका महत्वपूर्ण घटनालाई लिपिबद्ध गर्नु हो । यस्ता घटना कक्षाकोठा, सभा समारोह, जात्रा, पर्व जहाँसुकै हुनसक्छ । शिक्षाशास्त्रीहरूले अनुभवलाई अनुभव तालिका (Experience chart), अनुभव पाठ्यक्रम (Experience curriculum) र अनुभव बक्र (Experience Curve) र एकाइ अनुभव (Experience unit) भनी वर्गीकरण गरेका छन् । अनुभव तालिका भन्नाले विद्यार्थीका अनुभवका आधारमा शिक्षकले तयार पारेका प्रकाशित वा अप्रकाशित तालिका हो । विद्यार्थीका सामान्य चाख र अनुभवका आधारमा तयार गरिएको पाठ्यक्रमलाई अनुभव पाठ्यक्रम भनिन्छ । औपचारिक तालिमको अन्त्यमा पेसागत उन्नतिको अभिलेखको ज्ञान बक्र नै अनुभव बक्र हो । वास्तविक जीवनमा आधारित विद्यार्थीले जानेका शिक्षणसिकाइसँग सम्बन्धित एकाइ नै अनुभव एकाइ हो ।

सत्र : चौथो
समय: १:३० घण्टा

## कक्षाशिक्षणमा पुर्ख्यौली र प्राप्त सिकाइको प्रभाव

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित काम गर्न सक्षम हुनेछन् :

(क) कक्षा परिवेशको निम्ति वातावरण तयार गर्न,
(ख) कक्षाकोठा अन्तर्क्रियामा भाग लिन,
(ग) कक्षाकोठा अवलीकन पद्धतिको प्रयोग गर्न,
(घ) कक्षा परियोजना तयार गर्न,
(ङ) कक्षा उत्तरदायित्व पूरा गर्न,
(च) कक्षाश्रेणी तथा कक्षामापन अन्तर तयार गर्न,
(छ) कक्षाविश्लेषण तालिका तयार गर्न,
(ज) कक्षाकोठा सहयोगीको व्यवस्थापन गर्न ।

२. **तालिम सामग्री**

मेटाकार्ड, मार्कर, न्युजप्रिन्ट, कक्षाकोठाका दृश्य, परियोजनाका दृश्य, विश्लेषण तालिकाका नमुना, मुभिङ क्यामरा ।

३. **क्रियाकलाप**

(क) **कक्षा परिवेश**

१. सहभागीहरूलाई मेटाकार्डमा शैक्षिक अनुसन्धानका अर्थ लेख्न र बुलेटिन बोर्डमा टाँस्न लगाउनुहोस् ।
२. सबभन्दा उपयुक्त परिभाषाको छनौट गर्न लगाउनुहोस् ।
३. शिक्षामा देखिएका समस्या र समाधानका तालिका बनाई प्रस्तुत गर्न लगाउनुहोस् ।
४. कक्षा वातावरणलाई अनुकूल बनाउने उपाय सम्बन्धमा सूची तयार गर्न लगाउनुहोस् ।
५. शिक्षक र विद्यार्थीबीचको सम्बन्ध विकाससम्बन्धी भूमिका अभिनय गर्न लगाउनुहोस् ।

(ख) **कक्षाकोठा अन्तर्क्रिया**

१. सहभागीहरूमध्ये तीनजनालाई कोठाबाहिर गएर आफूले देखेका पाँच वस्तुको नाम छुट्टाछुट्टै लेखेर ल्याउन अह्राउनुहोस् । तीनजनाले बाहिर देखेका कुरा लेखिरहँदा कक्षाका सबै सहभागीहरूलाई बाहिर गएका तीनजनाका राम्रा गुणलाई बुँदागत रूपमा तयार गर्न लगाउनुहोस् । बाहिर गएकाहरू कक्षाकोठामा फर्की आएपछि तिनले लेखेका कुरा सुनाउन लगाउनुहोस् । ती तीनजनाले लेखेका कुरामा समानता र भिन्नता पत्ता लगाउन लगाउनुहोस् । यसो हुनुपर्ने कारण पनि पत्ता लगाउन भन्नुहोस् ।
२. सहभागीहरूलाई चारसमूहमा बाँड्नुहोस् र चारसमूहले तयार पारेका गुणका बुँदाहरूमाथि छलफल गर्न लगाउनुहोस् । विशेष गुणहरू समेटिएका बेग्लै बुँदाहरू तयार गरेर चारसमूहका चार बेग्लाबेग्लै सूचीकृत बुँदाहरू प्रस्तुत गर्न लगाउनुहोस् ।
३. गुण बयान गरिएका तीनजनालाई आफ्ना गुणका विषयमा बोल्न लगाउनुहोस् ।

(ग) **कक्षा अवलोकन पद्धति**

१. तालिम केन्द्र नजिकका कुनै कक्षाकोठाको कक्षा सञ्चालनको भिडियो क्यामराद्वारा छायाङ्कन गर्न लगाउनुहोस् ।

२. छायाङ्कन गरिएका कुराहरू प्रत्येक सहभागीहरूलाई बेग्लाबेग्लै लेख्न लगाउनुहोस् ।

३. छायाङ्कन गर्दा शिक्षकको हाउभाउ र कक्षाका विद्यार्थीका व्यवहारको विषयमा देखाइएका कुरा लेख्न लगाउनुहोस् ।

४. कक्षाका शिक्षक र विद्यार्थीबीचको सम्बन्धको लिखित रूपमा मूल्याङ्कन गर्न लगाउनुहोस् ।

(घ) **कक्षा परियोजना**

१. सहभागीहरूलाई सामाजिक अध्ययनसँग सम्बन्धित परियोजनाको शीर्षक मेटाकार्डमा छुट्टाछुट्टै लेख्न लगाउनुहोस् ।

२. परियोजनाका शीर्षकहरूमध्ये सबभन्दा उपयुक्त एक शीर्षक छान्न लगाउनुहोस् ।

३. सहभागीहरूलाई चारसमूहमा विभाजित गर्नुहोस् । पहिलो समूहलाई परियोजनाको परिचय, दोस्रोलाई उद्देश्य, तेस्रोलाई सामग्री, चौथोलाई तथ्याङ्क सङ्कलन पद्धतिमा लेख्न लगाउनुहोस् ।

४. चारसमूहबाट तयार पारिएका परियोजनाका अध्ययन प्रस्तावलाई एउटामा समावेश गरी छलफल गर्न र मूल्याङ्कन गर्न लगाउनुहोस् ।

(ङ) **कक्षा स्पोनसर**

१. सहभागीहरूलाई कागजका सानासाना टुक्रा बाँड्नुहोस् र प्रत्येक विद्यार्थीहरूलाई कस्ताकस्ता तीन सल्लाह दिएमा उपयुक्त हुन्छ क्रम मिलाई लेख्न लगाउनुहोस् ।

२. कुनकुन सुझाव उपयुक्त रहेछन् क्रमैसँग लेखेर कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

(च) **मापन अन्तर**

१. सहभागीहरूलाई विगतका कुनै एक परीक्षामा सबभन्दा बढी र सबभन्दा कम अङ्कको बीचको अङ्क विषयअनुसार लेख्न लगाउनुहोस् । यसरी फरक हुने कारण र फरक हुन नदिने उपाय सम्बन्धमा मेटाकार्डमा लेखेर बुलेटिन बोर्डमा टाँस्न लगाउनुहोस् ।

२. विद्यालयमा पूर्णाङ्कमा सबभन्दा बढी र कम अङ्क ल्याउनेको बीचको अन्तरसम्वन्ध पत्ता लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

(छ) **विश्लेषण तालिका**

१. बालबालिका लिङ्ग, उमेर र पाठशालामा बिताएको वर्षको आधारमा विषयअनुसार प्राप्ताङ्कको तुलना गर्ने तालिका तयार गर्न लगाउनुहोस् ।

२. सहभागीहरूलाई आफूले बनाएका तालिकामुनि लिङ्ग, उमेर, पाठशालामा विताएका वर्षको आधारमा विषय अङ्कको विश्लेषण गरेर प्रस्तुत गर्न लगाउनुहोस् ।

(ज) **कक्षा व्यवस्थापन सहयोगी**

१. सहभागीहरूलाई तालिम केन्द्रमा उपलब्ध भएका प्रत्येक वस्तुहरूको अवलोकन गर्न लगाउनुहोस् ।

२. सहभागीहरूलाई अवलोकन गरिएका वस्तुहरू सामाजिक अध्ययनका कुनकुन एकाइ र पाठसँग सम्बन्धित छन्, वस्तु र पाठको नाम तालिका बनाई लेख्न लगाउनुहोस् ।

३. सहभागीहरूलाई तालिम केन्द्रमा उपलब्ध नभएका मोल नपर्ने र थोरै मोल पर्ने वस्तुका नाम र पाठको शीर्षक लेखेर प्रस्तुत गर्न लगाउनुहोस् ।

**४. मूल्याङ्कन**

(क) कक्षा उत्तरदायित्व पूरा गर्न गरिने कार्यहरू केके हुन् ?

(ख) कक्षाश्रेणी तथा कक्षामापन अन्तर तयार गर्नुहोस् ।

(ग) कक्षाविश्लेषण तालिका तयार गर्नुहोस् ।

**केही उपयोगी विषयवस्तु**

बालबालिकाहरूले पुर्ख्यौली गुणबाट सिक्छन् । यस्ता सिकाइ लामो समयसम्म स्थायी रूपमा रहिरहन्छ । कक्षाकोठाको वातावरण, साथीसँगीका सहयोगी व्यवहार तथा शिक्षकका नम्र स्वभावबाट पनि बालबालिकाहरूले सिक्दछन् । धेरैजसो बालबालिकाहरू जिज्ञासु र खोजी गर्ने स्वभावका हुन्छन् र तिनीहरूले कुनै कुरा पत्ता लगाउन र समाधान गर्न आनन्द मान्दछन् । यिनै पुर्ख्यौली गुणको आधारमा शिक्षकले विभिन्न माध्यमबाट शिक्षण गर्दछन् । जसलाई प्राप्त सिकाइ (Acquired learning) भनिन्छ ।

बालबालिकाले आमाबुबा, भाइबहिनी भनी सम्बोधन गर्न पुर्ख्यौली रूपबाट सिकेका हुन्छन् । तर त्यसै कुरालाई अङ्ग्रेजी वा अन्य भाषामा सिकाउनु परेमा शिक्षक वा भाषाविज्ञको आवश्यकता पर्दछ । पुर्ख्यौली ज्ञानलाई प्राप्त ज्ञानसँग जोड्न सकिएको खण्डमा त्यस्ता ज्ञानले चिरस्थायी रूप लिन्छ ।

पुर्ख्यौली र प्राप्त ज्ञानको सम्मिश्रणबाट कक्षाशिक्षणलाई प्रभावकारी बनाउन कक्षाकोठा परिवेश (Classroom ecology), कक्षाकोठा अन्तर्क्रिया (Classroom interaction), कक्षाकोठा अवलोकन पद्धति (Classroom observation technique), कक्षायोजना (Class project) कक्षा स्पोन्सर (Class sponser) कक्षाश्रेणी (Class rank), कक्षामापन अन्तर (Class interval), कक्षाकोठा सहभागी (Classroom aids) जस्ता पद्धति र प्रविधिको प्रयोग गर्नुपर्ने हुन्छ ।

सत्र : पाँचौं
समय: १:३० घण्टा

## समूह छलफल र स्रोतको प्रयोगको पहुँच

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछ :

(क) प्राकृतिक र कृत्रिम वस्तुहरू छुट्याउन,
(ख) प्राकृतिक र कृत्रिम वस्तुहरूको सङ्कलन गर्न,
(ग) समूहमा विभाजित भएर एकअर्कालाई सहयोग गर्न,
(घ) प्राकृतिक र कृत्रिम वस्तुको प्रतिरूप तयार गर्न,
(ङ) स्रोतको प्रयोग गर्न,
(च) सूचनाको प्रवाह गर्न ।

२. **तालिम सामग्री**

गुँद, छलफल पत्ति, पुराना समाचारपत्र, ढुङ्गा, माटा र वनस्पतिका चित्र, मेटाकार्ड, मार्कर, न्युजप्रिन्ट, कैंची, स्केल, रूलर, युरोपियन युनियनका नक्सा ।

३. **क्रियाकलाप**

(क) **कृत्रिम हाँसो**

१. सहभागीहरूलाई एकएक गरेर आफूले सकेजति जोडले पालैपालोसँग हाँस्न लगाउनुहोस् ।
२. सवै सहभागीहरूलाई एकसाथ एक मिनेटसम्म हाँस्न लगाउनुहोस् ।
३. दुई किसिमका हाँसोमा फरक छुट्याउन लगाउनुहोस् ।
४. कृत्रिम हाँसो कसरी प्राकृतिक हाँसोमा परिवर्तन भए मेटाकार्डमा लेखेर कार्ड टाँस्न लगाउनुहोस् ।

(ख) **सूचनाको प्रवाह**

१. सबभन्दा अगाडि बस्ने एकजना सहभागीलाई उसले एक दिन अघि सुनेको वा पढेको एक वाक्य जस्ताको त्यस्तै सबैले सुन्ने गरी भन्न लगाउनुहोस् ।
२. पहिलोले भनेको कुरा सबैलाई जस्ताको त्यस्तै एकएक गरेर बोल्न लगाउनुहोस् ।
३. बोल्ने अभ्यास दसपटकसम्म छिटछिटो गर्न लगाउनुहोस् ।
४. सबभन्दा अगाडि बस्ने दोस्रो सहभागीलाई यिनले सुनेका एक महत्वपूर्ण सकारात्मक कुरा अरूले नसुन्ने गरी कानमा भन्न लगाउनुहोस् ।
५. त्यसरी सुनेका कुरा एकले अर्काका कानमा भन्न लगाउने र अन्त्यमा जसले सुरुमा कानमा भनेको हो उसको कानमा भन्न लगाउनुहोस् ।
६. सुरुमा कानमा भनेका सूचना जस्ताको त्यस्तै भन्नेको कानमा आइपुग्यो कि पुगेन भन्न लगाउनुहोस् ।
७. यस प्रकारले प्रत्येक सहभागीलाई पालैपालो भन्न र सुन्न लगाउनुहोस् ।
८. सवै सहभागीहरूलाई आफूले भनेको र सुनेको कुरा मेटाकार्डमा लेखेर टाँस्न लगाउनुहोस् ।

९. कानमा सुनेका कुरा कुनकुन प्राकृतिक र कुनकुन कृत्रिम हुन् छुट्याएर दुईखण्डमा लेखेर टाँस्न लगाउनुहोस् ।

**(ग) कक्षा योजना**

१. सहभागीहरूलाई आफ्ना कापीमा आफूलाई मनपर्ने पाँचओटा क्रियाकलाप लेख्न लगाउनुहोस् । यस्ता क्रियाकलापमा नाच्ने, गाउने, खाना पकाउने, पढ्ने जुनसुकै हुनसक्छ ।
२. एक सहभागीलाई आफूलाई मनपर्ने एउटा क्रियाकलाप पढ्न लगाउनुहोस् र त्यस्तै सहभागीहरूको एकसमूह बनाउन लगाउनुहोस् । यसैगरी मनपर्ने कामको आधारमा पाँचसमूह बनाउन लगाउनुहोस् ।
३. सबै समूहमा बराबरका सङ्ख्यामा सहभागी राख्न लगाउनुहोस् ।
४. प्रत्येक सहभागीहरूलाई तीनतीनओटा मेटाकार्ड दिनुहोस् र तिनलाई मनपर्ने क्रियाकलाप गर्न चाहिने एकएक सामग्रीको नाम र त्यसको परिभाषा लेख्न लगाउनुहोस् ।
५. प्रत्येक समूहलाई आफ्ना समूहका सदस्यले तयार गरेका सामग्रीका नाम र तिनको परिभाषा सङ्कलन गर्न लगाउनुहोस् र तिनलाई सुरुका अक्षरको आधारमा क्रमैसँग ठूलो कागजमा मेटाकार्ड टाँसेर प्रदर्शन गर्न लगाउनुहोस् ।
६. प्रदर्शन गरिएका सामग्रीका नाम र परिभाषा ठीकसँग लेखिएका छन् वा छैनन् सबै सहभागीहरूलाई मेटाकार्डमा लेखेर त्यसै ठाउँमा टाँस्न लगाउनुहोस् ।

**(घ) प्राकृतिक वस्तुको सङ्कलन**

१. सहभागीहरूलाई तालिम स्थलका वरिपरि रहेका मसिना ईंटा वा ढुङ्गाका धेरै मसिना टुक्रा वटुलेर ल्याउन लगाउनुहोस् ।
२. आफूले वटुलेका ईंटा वा ढुङ्गाका आकारका आधारमा समूह बनाउन लगाउनुहोस् ।
३. सबै समूहलाई कार्डबोर्डमा आफूले सङ्कलन गरेका ईंटा वा ढुङ्गाका आकार बनाएर प्रस्तुत गर्न लगाउनुहोस् ।
४. सबै सहभागीलाई आफूले बनाएका ईंटा वा ढुङ्गाका आकारमा उपयुक्त रङ भर्न र प्रदर्शन गर्न लगाउनुहोस् ।
५. ईंटा वा ढुङ्गाका टुक्रा गुँदको सहयोगले जोडेर ठूलो आकार दिन र प्रदर्शन गर्न लगाउनुहोस् ।
६. सहभागीहरूलाई कुनै पनि वस्तुको आकार वढ्नु र घट्नुमा कुनकुन कारण महत्वपूर्ण हुने रहेछ भन्ने कुरा बुँदागत रूपमा लेखेर प्रस्तुत गर्न लगाउनुहोस् ।
७. सहभागीहरूलाई तालिम केन्द्रका वरिपरि रहेका घाँस पातका नमूना सङ्कलन गरेर ल्याउन भन्नुहोस् ।
८. उस्तै आकारका घाँस पातका आधारमा समूह बनाउन लगाउनुहोस् ।
९. समूहका प्रत्येकलाई आफूले ल्याएका घाँसपातका चित्र ठूलो पारेर बनाउन र आवश्यक रङ भर्न लगाउनुहोस् ।

**स्रोतको उपयोग**

१. युरोपीयन युनियनभित्र पर्ने देशका नक्सा बनाउन लगाउनुहोस् । ती देशहरू आयरल्यैण्ड गणतन्त्र, निदरतैण्ड, वेल्जियम, डेनमार्क, जर्मनी, पोर्चुगल, फ्रान्स, इटली र ग्रीस हुन् ।
२. देशअनुसारको आकारमा काटेर टुक्र्याउन लगाउनुहोस् ।
३. काटिएका टुक्राहरूलाई उपयुक्त किसिमबाट अर्को कागजमा टाँस्न लगाउनुहोस् ।
४. देशहरूको बीचमा थोप्ला र थोप्लाबाट रेखा तानेर विभिन्न दिशातर्फ पुऱ्याउन र रेखाको अन्त्यमा माथिदेखि घुमाउँदै क, ख, ग, घ, ङ, च, छ, ज, झ लेख्न लगाउनुहोस् ।
५. तलका जस्ता टुक्रे रेखा बनाई क देखि झ सम्ममा देशका नाम लेख्नुहोस् ।

(क) ... ... ... ... ... ...
(ख) ... ... ... ... ... ...
(ग) ... ... ... ... ... ...
(घ) ... ... ... ... ... ...
(ङ) ... ... ... ... ... ...
(च) ... ... ... ... ... ...
(छ) ... ... ... ... ... ...
(ज) ... ... ... ... ... ...
(झ) ... ... ... ... ... ...

६. सहभागीहरूलाई पाँचसमूहमा विभाजित गर्नुहोस् र प्रत्येक समूहलाई तलका स्पेनिस भाषा कण्ठ गरेर बोल्न र जवाफ दिन लगाउनुहोस् ।
विउनस डायस (Buenos dias) = Good Morning शुभ प्रभात् ।
ले प्रेसेन्टो अल सेनोर (Le presento al senor) = This is Mr वहाँ श्रीमान् ... ... हुनुहुन्छ ।
सेनटेसे पार फेवर (Sientese par favor) = Please sit down कृपया बस्नुहोस् ।
सालुड (Salud) = Wise your good health तपाईंको सुस्वास्थ्यको कामना गर्दछु ।
७. पुराना पत्रपत्रिकाहरूबाट प्राकृतिक तथा कृत्रिम वस्तुका नाम टिपेर प्रस्तुत गर्न लगाउनुहोस् ।
८. सहभागीहरूलाई पाँचसमूहमा विभाजित गर्नुहोस् र समाचारपत्रबाट समाचार शीर्षक छनौट गरी तिनलाई सामाजिक शिक्षा अध्ययनका इतिहास, भूगोल, राजनीतिशास्त्र, अर्थशास्त्रअन्तर्गत क्रमैसँग न्युजप्रिन्टमा लेखेर प्रदर्शन गर्न लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) स्रोतको प्रयोग गर्न गरिने कार्यहरू केके हुन सक्छन् ?
(ख) सूचनाको प्रवाह गर्न गरिने कार्यहरू केके हुन सक्छन् ?

**केही उपयोगी विषयवस्तुहरू**

समूह अन्तर्क्रियात्मक व्यक्तिहरूका विचारको सङ्कलन हो जुन व्यक्तिहरूमा एक अर्काका प्रभाव परेको हुन्छ । समूह छलफल भन्नाले यस्तो व्यक्तिहरूका बीचमा उपलब्धिमूलक परिणाम निस्कने गरी भएका विचारमा पहुँच भन्ने बुझिन्छ ।

समूह छलफलबाट कुनै पनि जटिल समस्याको समाधान गर्न सकिन्छ किनभने यस्ता समूहमा समान रुचि र चाँसो भएका भरपर्दा व्यक्तिहरू रहेका हुन्छन् । यिनका विचारका सङ्गठित रूप नै समस्या समाधानका सूत्र हुन । प्रत्येक व्यक्तिले आफ्नो विचार व्यक्त गर्नुअघि अरूका प्रतिक्रियाको प्रयोग गर्दछन् तिनले आफ्ना पुरस्कार र दण्डको निम्ति अरूलाई पर्खन्छन् । अरूको प्रतिक्रियाबाट नै उसले आफूलाई सुरक्षित र खुशी अथवा क्षति र दुःखको अनुभव गर्दछ । विद्यार्थीले आफ्ना धारण पाठशालामा आफ्ना सम्पर्कमा आएका साथीबाट प्राप्त सुझावको आधारमा तयार गर्दछन् ।

समूह छलफलका निम्ति विभिन्न स्रोतहरूको प्रयोग गर्न सकिन्छ । आफ्ना वरिपरि रहेका प्राकृतिक तथा कृत्रिम वस्तु, प्राकृतिक तथा कृत्रिम वस्तुका परीक्षण, प्राकृतिक तथा कृत्रिम वस्तुका प्रदर्शन, प्राकृतिक तथा कृत्रिम वस्तुका प्रयोग गर्ने प्रविधि नै स्रोतको प्रयोगको पहुँच हो ।

सत्र : छैटौं
समयः १:३० घण्टा

# ज्ञान र सीपको विस्तारको निम्ति शिक्षाका व्यक्तिगत र समूह योजना

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन्

(क) ज्ञान र सीपको विस्तारको निम्ति समूहको निर्माण गर्न,

(ख) योजनाअनुसार क्रियाकलाप सम्पन्न गर्न,

(ग) समूह क्रियाकलापको निम्ति योजना तयार गर्न ।

२. **तालिम सामग्री**

तराई र हिमाल प्रदशेका मानिसका चित्र, तराई र हिमाली क्षेत्रका तथ्याङ्क, तथ्याङ्क तुलना तालिका, सार्क मुलुकका आर्थिक तथा सामाजिक अवस्था झल्कने चित्र र तथ्याङ्क, न्युजप्रिन्ट, मार्कर, मेटाकार्ड, सार्क समाचार ।

३. **क्रियाकलाप**

(क) **ज्ञानको विस्तार**

१. सबै सहभागीहरूलाई आ-आफ्ना व्यक्तिगत जीवनमा घटेका घटना लेख्न र पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

२. प्रस्तुत गरिएका व्यक्तिगत घटना कति जनासँग मिल्न गए ? मिल्न गएका व्यक्तिहरूलाई एक ठाउँमा बस्न लगाउनुहोस् ।

३. व्यक्तिगत घटनाबाट केके कुराहरू सिकियो भन्ने कुरा एकठाउँमा बस्न गएका समूहका बीचमा छलफल गराई समूहगत रूपमा बुँदागत मेटाकार्डमा टिप्न लगाउनुहोस् ।

४. मेटाकार्डमा टिपिएका कुराहरूलाई पालैपालो प्रत्येक समूहलाई बुलेटिन बोर्डमा टाँस्न र त्यसमा लेखिएका कुराहरूको व्याख्या गर्न लगाउनुहोस् ।

५. प्रत्येक सहभागीहरूलाई प्रस्तुत गरिएका कुरालाई ध्यान दिएर सुन्न र त्यसबाट समूहलाई पुग्न गएको फाइदा लेख्न लगाउनुहोस् ।

(ख) **सीपको विस्तार**

१. सबै सहभागीहरूलाई बुलेटिन बोर्डमा टाँसिएका विषयवस्तुलाई सामाजिक, आर्थिक, राजनीतिक, प्रशासनिक, धार्मिक, नैतिक, दार्शनिक, शीर्षकअन्तर्गत राख्न लगाउनुहोस् ।

२. सहभागीहरूलाई विषयअनुसार चारसमूहमा विभाजित गर्नुहोस् । सामाजिक समूहलाई नै धार्मिक, नैतिक र दार्शनिक शीर्षकअन्तर्गत राख्न लगाउनुहोस् । समूहका सहभागीहरूलाई आफूले तोकेका शीर्षक उपयुक्त छ कि छैन भनी छलफल गर्न लगाउनुहोस् र उपयुक्त नभएका विषयहरू उपयुक्त शीर्षकका समूहको निम्ति बुलेटिन बोर्डमा टाँस्न लगाउनुहोस् ।

३. उपयुक्त नभएका शीर्षक तथा विषयवस्तुलाई उपयुक्त समूहलाई छान्न लगाई आफ्ना शीर्षक तथा विषयवस्तुअन्तर्गत राख्न लगाउनुहोस् ।

४. प्रत्येक समूहलाई निर्धारित समयमा पाँचपाँचओटा आकर्षक शीर्षकहरू तयार गरी वुलेटिन वोर्डमा टाँस्न लगाउनुहोस् । यस्ता आकर्षक शीर्षक सामाजिक, आर्थिक, राजनीतिक तथा प्रशासनिक शीर्षकबाट मिल्दोजुल्दो हुनुपर्दछ ।

(ग) **योजना निर्माण**

१. घटना अध्ययनका प्रतिलिपि पढ्न दिनुहोस् । प्रत्येक सहभागीलाई उक्त कक्षा हेर्न जानको निम्ति योजना बनाउन लगाउनुहोस् । योजना बनाउँदा योजनाका शीर्षक, परिचय, उद्देश्य, सामग्री, पद्धति र निष्कर्ष स्पष्ट रूपमा लेख्न लगाउनुहोस् ।

२. सहभागीहरूलाई चारसमूहमा विभाजित गरी चारओटा उपयुक्त योजनाको छनौट गर्न लगाउनुहोस् । ती छानिएका चारओटा उपयुक्त योजनालाई परिष्कृत तथा स्पष्ट पार्न लगाई सुनाउन लगाउनुहोस् ।

३. घटना अध्ययन, योजना र तराई र हिमाली प्रदेशका चित्र र तथ्याङ्कको आधारमा क्रियाकलाप गराई प्रतिवेदन तयार गरी समूहगत रूपमा प्रस्तुत गर्न लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

(ख) योजनाअनुसार क्रियाकलाप सम्पन्न गर्न के गर्नुपर्छ ?

(ग) समूह क्रियाकलापको निम्ति योजना तयार गर्नुहोस् ।

**केही उपयोगी विषयवस्तु**

ज्ञान र सीपको विस्तारको निम्ति व्यक्तिगत र समूह योजनाको आवश्यकता पर्दछ । विद्यार्थीहरूले एकअर्कावाट धेरै कुरा सिक्दछन् । केही समयको निम्ति भएपनि धेरैजसो विद्यार्थीहरूले समूहमा काम गर्न मन पराउँछन् । प्रतिस्पर्धाभन्दा सहयोगी योजनाको लागि प्रोत्साहित गर्नुपर्दछ । विद्यार्थीहरूलाई एकअर्कावाट सिक्न सहयोग पुऱ्याउनुपर्दछ ।

सहयोगी क्रियाकलापको निम्ति समूह बनाउँदा यिनका बीचमा भिन्नता, क्षमता, सीप र क्षमतामा सन्तुलन, लैङ्गिक समानतामाथि विचार पुऱ्याउनुपर्दछ । अन्तर व्यक्तिगत समस्या (Inter personal problem) ले गर्दा समूह योजनामा वाधा पर्न गएमा त्यस्तो समूहमा परिवर्तन गर्नुपर्ने हुन्छ ।

समूह योजना बनाउँदा प्रत्येक व्यक्तिलाई सहयोगी हुने गरी योजना तयार गरिनुपर्दछ । यहाँ दिइएको एक घटना अध्ययनलाई उदाहरणको रूपमा प्रस्तुत गर्न सकिन्छ ।

सामाजिक अध्ययन कक्षामा विश्वका विभिन्न राष्ट्रहरूको तथ्याङ्कको परीक्षण भइरहेको छ । एउटा समूहले अफ्रिकाको स्थिति पत्ता लगाइरहेका छन् । अर्को समूहले ल्याटिन अमेरिकाको अध्ययन गरिरहेका छन् । अर्को तेस्रो समूहले एसिया र युरोपका तथ्याङ्कहरू ध्यान दिएर पढिरहेका छन् । तिनले विविधताको बीचमा सम्बन्ध खोजी रहेका छन् । उदाहरणको निम्ति के प्रतिव्यक्ति आय व्यक्तिको आयुसँग सम्बन्धित छ ? के शिक्षाको स्तर जनसङ्ख्या वृद्धिसँग सम्बन्धित छ ? यिनले आफ्ना खोजको परिणामको साटासाट गर्दा महादेशको तुलना र यिनको बीचको सम्बन्धको तुलना गर्न सकिन्छ कि सकिँदैन भनी सिक्ने कोसिस गरिरहेका छन् ।

सत्र : सातौं
समय: १:३० घण्टा

## कक्षागत अनुसन्धान, अनुसन्धानको प्रतिविम्ब पद्धति

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछ :

(क) अनुसन्धान प्रतिविम्बको योजना बनाउन,

(ख) अनुसन्धान प्रतिविम्बको अभ्यास गर्न,

(ग) अनुसन्धान प्रतिविम्बको प्रतिवेदन तयार गर्न ।

२. **तालिम सामग्री**

मार्कर, कार्डबोर्ड, मेटाकार्ड, प्रश्नावली, असल व्यक्तिसम्बन्धी तालिका, कैंची, ग्लुस्टिक ।

३. **क्रियाकलाप**

(क) **स्वप्रतिविम्ब (Self Reflection)**

१. सहभागीहरूलाई मेटाकार्ड दिएर तीनओटा बाटुलो चक्का बनाउन लगाउनुहोस् ।
२. एउटा चक्कामा विचार, दोस्रोमा शब्द र तेस्रोमा क्रिया लेख्न लगाउनुहोस् ।
३. सहभागीहरूलाई विचार, शब्द र क्रिया लेखिएका तीन चक्काहरू एउटा कार्डबोर्डमा टाँस्न लगाउनुहोस् ।
४. सहभागीहरूलाई पहिले जस्तै मेटाकार्डका तीन चक्का बनाउन लगाउनुहोस् । पहिलोमा विचारको वि, शब्दको श र कार्यको का लेख्न लगाउनुहोस् ।
५. सहभागीहरूलाई वि नछोपिने गरी चक्काको आधा भाग देख्ने गरी श द्वारा छोप्न लगाउने र त्यसैद्वारा आधा छोप्ने गरी का लेखिएको चक्का कार्डबोर्डमा टाँस्न लगाउनुहोस् ।
६. सहभागीहरूलाई आफूलाई सबभन्दा मन पर्ने रङ मन पर्ने शब्दमा र त्यसपछि त्यसभन्दा कम मन पर्ने रङ अन्य चक्काहरूमा भर्न लगाउनुहोस् ।
७. सहभागीहरूलाई छुट्टाछुट्टै टाँसिएका र संयुक्त टाँसिएका चक्काहरूलाई छुट्टाछुट्टै कार्डबोर्डमा टाँस्न लगाउनुहोस् ।
८. सहभागीहरूलाई छुट्टाछुट्टै टाँसिएका र संयुक्त चक्कामध्ये आफूलाई उपयुक्त लागेको चक्कामुनि बाठो मान्छे र विश्वाशिलो मानिस लेखेर टाँस्न लगाउनुहोस् ।
९. सहभागीहरूलाई चक्कामुनि टाँसिएको कुन कुरा उपयुक्त छ भन्ने कुरा छलफल गरी निष्कर्ष लेखेर प्रस्तुत गर्न लगाउनुहोस् ।
१०. सहभागीहरूलाई यिनले विश्वास गरेको मानिस कस्तो हुनुपर्छ र त्यसको कारण के हो भन्ने प्रश्न गरी जवाफ लेख्न लगाउनुहोस् ।

(ख) **कमजोरीको पहिचान**

१. सहभागीहरूलाई आफ्ना मनोवृत्ति र व्यवहारका कुनकुन कुरामा सुधार गर्नुपर्ने हुन्छ बुँदागत रूपमा लेखेर सुनाउन लगाउनुहोस् ।

२. पहिलो सहभागीका राम्रा कुरा र सुधार गर्नुपर्ने कुरा दोस्रो सहभागीलाई लेख्न लगाउनुहोस् र सबै सहभागीका राम्रा कुरा र सुधार गर्नुपर्ने कुरा नामसमेत लेखेर सुनाउन लगाउनुहोस् ।

३. सहभागीहरूलाई आफ्नो विषयमा सोच्न भन्नुहोस् । सहभागीहरूलाई आफ्ना तीनओटा व्यवहारमा गर्नुपर्ने परिवर्तन लेख्न लगाउनुहोस् जुन परिवर्तन अन्य समूहका व्यक्तिमा देखिएका छन् । त्यस किसिमका तीन परिवर्तन र परिवर्तन देखिएका तीन व्यक्तिका नाम तलको जस्तो तालिका बनाई देखाउन लगाउनुहोस् ।

| ममा सुधार गर्नुपर्ने कुरा | अरूमा सुधार देखिएका कुरा | सुधार देखिएका व्यक्तिको नाम |
|---|---|---|
| १. ... ... ... ... ... | १. ... ... ... ... ... | १. ... ... ... ... ... |
| २. ... ... ... ... ... | २. ... ... ... ... ... | २. ... ... ... ... ... |
| ३. ... ... ... ... ... | ३. ... ... ... ... ... | ३. ... ... ... ... ... |

४. सहभागीहरूमा यसका सकारात्मक व्यवहारको विषयमा सोच्न लगाउनुहोस् । आफूमा भएका यस्ता सकारात्मक कुरा अन्य समूहमा भएमा आफ्ना राम्रा कुरा र अन्यबाट त्यसमा भएका सहयोग र नाम तलको जस्तो तालिका बनाई लेख्न लगाउनुहोस् ।

| ममा देखिएका सकारात्मक कुरा | अरूमा भएका त्यस्तै सकारात्मक कुराबाट आफूलाई भएका फाइदा | सकारात्मक कुरा हुने अन्य व्यक्तिको नाम |
|---|---|---|
| १. ... ... ... ... ... | १. ... ... ... ... ... | १. ... ... ... ... ... |
| २. ... ... ... ... ... | २. ... ... ... ... ... | २. ... ... ... ... ... |
| ३. ... ... ... ... ... | ३. ... ... ... ... ... | ३. ... ... ... ... ... |

**(ग) समूहभित्र र समूहबाहिर**

१. सहभागीहरूलाई आफ्नो इच्छाअनुसार पाँचसमूहमा विभाजित हुन भन्नुहोस् । यसरी आफू कुनै समूहमा पर्नुको कारण पत्ता लगाउन भन्नुहोस् ।

२. सहभागीहरूलाई आफू त्यस समूहमा पर्दा कुनकुन कुरामा सजिलो र कुनकुन कुरामा अप्ठ्यारो पर्न सक्छ भनी विचार गर्न लगाउनुहोस् । केही समय विचार गरिसकेपछि मेटाकार्डमा बुँदागतरूपमा सजिलो र अप्ठ्यारो हुने कुराहरू लेख्न लगाउनुहोस् । सजिलोको निम्ति हरियो र अप्ठ्यारोको निम्ति रातो मेटाकार्डको प्रयोग गर्न लगाउनुहोस् ।

३. दुई रङको मेटाकार्डलाई समूहअनुसार छुट्टाछुट्टै ठाउँमा रङअनुसार टाँस्न लगाउनुहोस् । कुनकुनसमूहका कुनकुन व्यक्तिलाई कुनकुन कुरामा सजिलो र अप्ठ्यारो पर्न गएको रहेछ । सम्पूर्ण सहभागीहरूमा सजिलो र अप्ठ्यारो कुरा मिल्दोजुल्दो कतिओटा र नमिल्दो कतिओटा रहेछ सङ्ख्या निकाल्न लगाउनुहोस् ।

४. सहभागीहरूलाई सजिलो र अप्ठ्यारो कुराको सूची बनाई प्रदर्शन गर्न लगाउनुहोस् । कुन सहभागीले सबभन्दा लामो, सजिलो र अप्ठ्यारो कुराको सूची बनाएका छन् तिनलाई अगाडि बोलाई प्रस्तुत गर्न लगाउनुहोस् ।

५. सहभागीहरूलाई आफू अर्को समूहमा नपर्ने कारण पत्ता लगाई मेटाकार्डमा लेखेर टाँस्न लगाउनुहोस् ।
६. सहभागीहरूलाई हरियो मेटाकार्डमा आफू अर्को समूहमा परेको भए के सजिलो र रातो मेटाकार्डमा के अप्ठ्यारो पर्दथ्यो लेख्न लगाई बुलेटिन बोर्डमा टाँस्न लगाउनुहोस् ।
७. सहभागीहरूलाई सजिलो र अप्ठ्यारो बुँदामा पर्न गएको समान कुरा कति जनामा देखिन गयो सङ्ख्या पत्ता लगाउन लगाउनुहोस् ।
८. सहभागीहरूलाई मेटाकार्डको रङको आधारमा बुँदा नदोहोरिने गरी सजिलो र अप्ठ्यारो सम्वन्धी बुँदा तयार गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

**(घ) योजनाका प्रतिविम्ब**

१. सहभागीहरूलाई आफ्ना व्यक्तिगत अनुभवका कुरा लेख्न लगाउनुहोस् जसमा योजनाअनुसार र योजनाविना काममा कतिको र कुनकुन कुरामा फरक भयो बुँदागत रूपमा मेटाकार्डमा टिपेर प्रस्तुत गर्न लगाउनुहोस् ।
२. सहभागीले योजनाअनुसार शिक्षण संस्थामा भर्ना भएको वा कुनै लामो यात्रामा गएको हुन सक्छन् । त्यसको निम्ति बनाइएका योजनाका नमुना तयार गर्न लगाउनुहोस् ।
३. सहभागीहरूलाई योजनाविनां गरिएका यात्राबाट पर्न गएका अप्ठ्याराहरू बुँदागत रूपमा मेटाकार्डमा लेखेर टाँस्न लगाउनुहोस् ।
४. सहभागीहरूलाई पाँच समूहमा विभाजित गर्नुहोस् र प्रत्येक समूहलाई आफ्ना समूहका सहभागीले तयार पारेका योजनाको सहयोगबाट अर्को एउटा व्यावहारिक योजना तयार गर्न लगाउनुहोस् ।
५. प्रत्येक समूहलाई पालैपालो आफूले बनाएका योजना प्रस्तुत गर्न र योजना सम्बन्धमा अरू सहभागीका प्रतिक्रिया टिप्न लगाउनुहोस् । प्रतिक्रिया सम्बन्धमा जवाफ दिन लगाउनुहोस् ।

**(ङ) प्रतिवेदन लेखन**

१. सहभागीहरूलाई नजिकको पाठशाला वा विद्यार्थी भएको समुदायमा गएर एकदेखि आठ सातासम्म कति समयसम्म गृहकार्य, पाठशाला र घरमा गरेका थिए भन्ने कुरा पत्ता लगाउन लगाउनुहोस् ।

विद्यार्थीको नाम :-

| समय | पाठशालाको साता | घरको साता |
|---|---|---|
| एक घण्टाभन्दा कम | ०.१ | ०.१ |
| १-३ घण्टा | ०.२ | ०.२ |
| ४-६ घण्टा | ०.३ | ०.३ |
| ७-९ | ०.४ | ०.४ |
| १०-१२ | ०.५ | ०.५ |
| १३-१५ | ०.६ | ०.६ |
| १६-२० | ०.७ | ०.७ |
| २० घण्टाभन्दा माथि | ०.८ | ०.८ |

२. माथिका तथ्याङ्कको आधारमा प्रतिवेदन तयार गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

(च) **आफ्नो प्रतिविम्ब**

१. सहभागीहरूलाई मानिसमा हुनुपर्ने बीसओटा गुण अवगुणहरू लेख्न लगाउनुहोस् । जस्तै : लोभ, पाप, धर्म, सत्य, योग, कर्म, परिश्रम, न्याय, क्रोध, मानवता, दया, शिष्टता, मितव्ययिता, मौनता, सक्रियता, नम्रता, स्वच्छता, आलस्यता, विलासिता आदि ।

२. मानिसमा व्याप्त बीसओटा गुण अवगुण समेट्ने किसिमबाट खण्डे तालिका बनाउन लगाउनुहोस् । तालिका माथि मानवीय गुण झल्कने एक उखान लेख्न लगाउनुहोस्, जस्तै : हुने विरुवाको चिल्लो पात । तालिकालाई साताको पहिलो अक्षरबाट विभाजित गर्न लगाउनुहोस् ।

३. तलको जस्तै तालिका बनाउन लगाउनुहोस् र आफूमा भएका गुण अवगुणहरू तारा * को रूपमा देखाउन लगाउनुहोस् ।

उद्देश्य के लिनु उडी छुनु चन्द्र एक

| आइतबार | सोमबार | मङ्गलबार | बुधबार | विहीबार | शुक्रबार | शनिबार |
|---|---|---|---|---|---|---|
| लो | * | | | | | |
| पा | | | | | | |
| ध | | | | | | * |
| स | | * | * | | | |
| यो | * | | | | | |
| क | | | | | | |
| प | | | | | | |

४. **मूल्याङ्कन**

(क) अनुसन्धान प्रतिविम्बको योजना बनाउनुहोस् ।

(ख) अनुसन्धान प्रतिविम्बको प्रतिवेदन तयार गर्नुहोस् ।

**केही उपयोगी विषयवस्तु**

स्वप्रतिविम्ब नै व्यक्तिको विकासको मूल आधार हो । यसले कक्षागत अनुसन्धान र अनुसन्धानात्मक प्रतिविम्बको निम्ति बाटो तयार गर्दछ । यसले व्यक्तिलाई प्रभावकारी प्रतिविम्बको माध्यमबाट सिक्न सहयोग गर्दछ । प्रतिविम्ब सिकाइमा ढाकछोप वा कमजोरी लुकाउनाले प्रतिकूल प्रभाव पर्न सक्छ । आफूले आफैँलाई बढी जान्ने छु भनी देखाउन खोजेमा सिकाइमा बाधा पर्न सक्छ । यसमा आफ्ना सबल पक्षमा अरूसँग तुलना गर्ने, आफ्ना समूह र अन्य समूहबीचको सम्बन्ध पत्ता लगाउने, समूहमा आफ्नो अस्तित्व पत्ता लगाउने, सिकाइ अभिलेख तयार गर्ने, सन्तुलित सिद्धान्तको प्रयोग गर्ने, प्रतिविम्ब अनुसन्धान तत्वको विश्लेषण गरिन्छ ।

सत्र : आठौं, नवौं र दसौं
समय: ४:३० घण्टा

# क्रियात्मक तथा कक्षागत अनुसन्धान

## १. उद्देश्य

यी सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछ :

(क) क्रियात्मक अनुसन्धानको परिभाषा दिन,
(ख) क्रियात्मक अनुसन्धानका विषयको छनोट गर्न,
(ग) क्रियात्मक अनुसन्धानका योजना बनाउन,
(घ) क्रियात्मक अनुसन्धानका सामग्री तयार गर्न,
(ङ) क्रियात्मक अनुसन्धान गर्न ।

## २. तालिम सामग्री

न्युजप्रिन्ट, मेटाकार्ड, टेपरिकर्डर, मुभिङ क्यामरा, प्रश्नावलीका नमुना, अवलोकन फारम, शब्दकोष आदि ।

## ३. क्रियाकलाप

### (क) व्यक्तिगत क्रियाकलाप

१. सहभागीहरूलाई आफूले शिक्षासम्बन्धी कुनै गतिविधि सञ्चालन गर्दा केके समस्याहरू आइपरेका थिए र तिनका समाधान कसरी गरियो बुँदागत रूपमा मेटाकार्डमा लेख्न लगाउनुहोस् ।
२. सहभागीहरूलाई पाँचसमूहमा विभाजित गर्नुहोस् र तयार गरिएका समस्या र समाधानमाथि समूहगत रूपमा छलफल गर्न लगाउनुहोस् ।
३. सहभागीहरूलाई आफ्ना समूहले तयार पारेका समस्या र समाधानका उपाय नदोहोरिने गरी न्युजप्रिन्टमा सार्न लगाउनुहोस् ।
४. न्युजप्रिन्टमा लेखिएका कुरालाई समूहबाट एकएकजना अगाडि बोलाई आफ्ना समूहले तयार पारेका समस्या र समाधान सम्बन्धमा विचार व्यक्त गर्न लगाउनुहोस् ।
५. श्रोता सहभागीहरूलाई अनिवार्य रूपमा व्यक्त भावनामाथि सहमति वा विमति वा प्रतिक्रिया दिन लगाउनुहोस् ।

### (ख) परिभाषामाथि छलफल

१. सहभागीहरूलाई पाँचसमूहमा विभाजित गर्नुहोस् र मेटाकार्डमा लेखिएका तलका लेखक, पुस्तक र तिनका विचार सम्बन्धमा छलफल गर्न लगाउनुहोस् ।

रेसन र ब्राडबरी (Reason and Bradbury) ले आफ्ना पुस्तक हैण्डबुक अफ एक्सन रिसर्चमा क्रियात्मक अनुसन्धान, प्रयोगात्मक उपलब्धि र नयाँ किसिमका समझदारी निर्माण गर्ने क्रियाकलाप हो । जसरी समझदारीविनाको क्रियाकलाप अध्यारोमा छाम्ने जस्तै हुन्छ त्यसरी नै क्रियाकलाप विनाको सिद्धान्त अर्थहीन हुन्छ भनी लेखेका छन् ।

२. सहभागीहरूलाई रेसन र ब्राडवरीका परिभाषालाई विभिन्न बुँदाहरूमा तयार गर्न प्रोत्साहित गर्नुहोस् ।

३. सहभागीहरूलाई तयार गरिएका बुँदालाई एउटा ठूलो कागजमा टाँसेर प्रस्तुत गर्न लगाउनुहोस् । अन्य सहभागीहरूलाई त्यसमा टिप्पणी गर्न लगाउनुहोस् ।

(ग) **उद्देश्यका सार्थकता**

१. सहभागीहरूलाई रेसन ब्राडवरीले लेखेका क्रियात्मक अनुसन्धानका निम्नलिखित उद्देश्य मेटाकार्डमा लेखेर वितरण गर्नुहोस् र अध्ययन गर्न लगाउनुहोस् ।
रेसन र ब्राडवरीको विचारमा क्रियात्मक अनुसन्धानको उद्देश्य प्रयोगात्मक ज्ञानको उत्पादन गर्नु हो जुन ज्ञान व्यक्तिका जीवनका प्रत्येक दिनको निम्ति उपयोगी हुन्छ ।

२. सहभागीहरूलाई क्रियात्मक, अनुसन्धान, उद्देश्य, प्रयोगात्मक, ज्ञान उत्पादन, व्यक्ति, जीवन, प्रत्येक, दिन, निम्ति र उपयोगी शब्दलाई विभिन्न टुक्रामा विभाजित गरेर पाँचसमूहलाई घोप्टाएर दिनुहोस् ।

३. तपाईंले सुरु भन्ने वित्तिकै पाँचसमूहले आफ्ना भागमा परेका शव्द टुक्रा जोडेर शब्द बनाउन लगाउनुहोस् । जुनजुन समूहले सबभन्दा पहिले शब्द टुक्रा जोडेर शब्द बनाउँछन् तिनलाई एक, दुई, तीन, चार, पाँच विजयी भनी घोषणा गर्नुहोस् ।

४. सहभागीहरूलाई माथि उल्लेख गरिएका बाह्रओटा शब्दका अर्थ र परिभाषा लेख्न लगाउनुहोस् ।

५. सहभागीहरूलाई पाँचसमूहमा विभाजित गर्नुहोस् र तिनले लेखेका अर्थ र परिभाषा सच्याउन लगाउनुहोस् ।

६. सहभागीहरूलाई आफ्नो समूहमा पर्ने सदस्यले तयार गरेका शब्दका अर्थ र परिभाषा सच्याएर न्युजप्रिन्टमा लेखेर टाँस्न लगाउनुहोस् ।

७. पाँचसमूहलाई पाँचओटा शब्दकोश दिनुहोस् र तिनलाई शब्दकोशमा भएका तिनले लेखेका शव्द र अर्थ कसरी लेखिएको रहेछ जस्ताको त्यस्तै टिप्न लगाउनुहोस् । जुन समूहले जति छिटो शब्दको अर्थ र परिभाषा शब्दकोशबाट सारेर सबैले देख्ने गरी टाँस्न सक्यो तिनै समूहलाई क्रमशः विजयी घोषित गर्दै जानुहोस् ।

८. सहभागीहरूलाई आफूले छानेका शब्द, शब्दको अर्थ र परिभाषाका आधारमा उद्देश्य तयार गर्न लगाउनुहोस् । प्रत्येक सहभागीले उद्देश्य बनाइ सकेपछि तिनलाई चारसमूहमा विभाजित गरेर बनाइएका उद्देश्यहरू सच्याउन लगाउनुहोस् ।

९. सहभागीहरूलाई सच्याइएका उद्देश्यहरू शब्दको वर्णानुक्रमअनुसार टिपेर न्युजप्रिन्टमा सारेर प्रदर्शन गर्न लगाउनुहोस् । प्रदर्शन गरिएका उद्देश्यलाई अन्य सहभागीहरूबाट सुधार गर्न लगाउनुहोस् ।

(घ) **क्रियात्मक अनुसन्धान योजना**

१. सहभागीहरूलाई क्रियात्मक अनुसन्धानका शीर्षक बनाउन लगाउनुहोस् । बनाइएका शीर्षकहरूलाई सहभागीहरूका बीचमा साटासाट गरेर सच्याउन लगाउनुहोस् ।

२. क्रियात्मक अनुसन्धानका शीर्षकलाई विषयअनुसार वर्गीकृत गर्न लगाउनुहोस् । वर्गीकत शीर्षकहरूलाई ठूलो कागजमा टाँसेर प्रदर्शन गर्न लगाउनुहोस् ।

३. प्रदर्शित शीर्षकबाट अनुसन्धानका उद्देश्य कति मात्रामा पूरा हुन र नहुन सक्छ भन्ने कुरामा समूहगत रूपमा छलफल गरेर आ-आफ्ना विचारहरू लेखेर प्रस्तुत गर्न लगाउनुहोस् ।

४. सहभागीहरूलाई आफूले बनाएका क्रियात्मक अनुसन्धानका शीर्षकले आफ्नो व्यावसायिक विकास र संस्थाका नीति परिवर्तनमा कतिको सहयोगी हुनसक्छ लेख्न लगाउनुहोस् ।

५. सबैले व्यक्तिगत रूपमा लेखिसकेपछि सहभागीहरूलाई पाँचसमूहमा विभाजित गर्नुहोस् । लेखिएका कुरालाई समूहमा छलफल गरेर सच्याउन लगाउनुहोस् ।

६. सहभागीहरूलाई सच्याइएका कुरा समूहगत रूपमा लेखेर प्रस्तुत गर्न लगाउनुहोस् । प्रस्तुत गरिएका कुरालाई अन्य सहभागीहरूबाट पनि सुधार गर्न लगाउनुहोस् ।

७. सहभागीहरूलाई पुस्तकालयमा पठाई आफ्ना अनुसन्धान सामग्रीसँग शीर्षकसँग मिल्ने लेख, सरकारी अभिलेख, सन्दर्भपुस्तक र पुस्तक परिच्छेद निम्न ढाँचामा तयार गर्न लगाउनुहोस् ।

**लेख सग्रहको ढाँचा**

लेखकको नाम :-
समाचार पत्रको नाम :-
समाचार प्रकाशन मिति :- गते - बार - महिना - वर्ष उल्लेख गरिएका मुख्य विषय
पृष्ठ - देखि - सम्म
उपयोग - जस्ताको त्यस्तै सार्ने
प्रयोग - के यस लेखका विचारको प्रयोग भएका छन् ?
सरकारी अभिलेखको अभिलेखीकरण
लेखक / स्रोत / कार्यालय :-
शीर्षक : -
वर्ष :-
वर्णन / मुख्य मुद्दा :-
जस्ताको त्यस्तै सार्ने कुरा :-
पछ्याउने काम भएको छ / छैन :-
सन्दर्भ पुस्तकको अभिलेखीकरण
लेखक :-
पुस्तक शीर्षक :-
वर्ष :-
प्रकाशक :-
वर्णन / मुख्य मुद्दा पृष्ठ - देखि - सम्म
जस्ताको त्यस्तै सार्नुपर्ने कुरा - पृष्ठ - देखि - सम्म
काम भएको छ / छैन :-
पुस्तक खण्डको अभिलेखीकरण

लेखक/सम्पादन :-

शीर्षक :-

खण्ड शीर्षक :-

प्रकाशक :-

वर्णन/मुख्य मुद्दा

महत्त्वपूर्ण सार्ने कुरा

काम भएको छ/छैन

८. मेटाकार्डमा लेखिएका कुराहरूलाई शीर्षकअनुसार वर्गीकरण गरी ठूलो कागज वा कार्डबोर्डमा प्रदर्शन गर्न लगाउनुहोस् ।

९. सहभागीहरूलाई प्रदर्शन गरिएका अभिलेखहरूलाई कुनकुन प्रयोजनको निम्ति उपयोग गर्न सकिन्छ छलफल गर्न लगाउनुहोस् । आफूले सङ्कलन गरेका सामग्रीका कुनकुन कुराको उपयोग भएको र कुनकुन कुराको उपयोग नभएको छ हुनु र नहुनुमा कुनकुन कुराले भूमिका खेलेको हो आफ्ना विचार लेखेर प्रस्तुत गर्न लगाउनुहोस् ।

१०. सहभागीहरूलाई आफूले तयार गरेका क्रियात्मक अनुसन्धानका शीर्षकअनुसार प्रश्नावली बनाउन लगाउनुहोस् । प्रश्नावलीमा कम्तीमा पाँच प्रश्न हुनुपर्नेछ ।

११. सहभागीहरूलाई आफूले तयार पारेका प्रश्नावली आफ्ना कक्षाका साथीमा प्रयोग गरेर तथ्याङ्क सङ्कलन गर्न लगाउनुहोस् ।

१२. सहभागीहरूलाई आफ्ना साथीहरूबाट प्राप्त तथ्याङ्कका आधारमा निष्कर्ष तयार गर्न लगाउनुहोस् ।

१३. सहभागीहरूलाई पाँचसमूहमा विभाजित गर्नुहोस् र तयार पारेका निष्कर्षहरूलाई क्रम मिलाई न्युजप्रिन्ट लेखेर टाँस्न लगाउनुहोस् ।

१४. सहभागीहरूलाई कुनकुन निष्कर्षहरू मिल्ने गरेका छन् प्रत्येकको नयाँ शीर्षकहरूका साथै वर्गीकरणअनुसार निष्कर्ष लेख्न लगाउनुहोस् । लेखिएका शीर्षक र निष्कर्षहरूलाई ठूलो न्युजप्रिन्टमा लेखेर प्रस्तुत गर्न लगाउनुहोस् ।

**(ङ) कक्षागत अनुसन्धान**

१. सहभागीहरूलाई तल दिइएका प्रश्नावलीको प्रयोग गरेर आफ्ना साथीका भावनाको सङ्कलन गर्न लगाउनुहोस् ।

| | |
|---|---|
| १. | कल्पना गर्नुहोस् कि तपाईं एउटा त्यस्तो समूहको सदस्य हुनुहन्छ जुन समूहले हालै एउटा प्रदर्शनको निम्ति पुरस्कार पाउने भएको छ । तपाईंले कुनको भूमिका खेल्न चाहनुहुन्छ ? किन ?<br>(क) सञ्चालक<br>(ख) कलाकार<br>(ग) प्रचारक<br>(घ) आवाज व्यवस्थापन<br>(ङ) अन्य ........................ किन ? |

२. मानौं कि तपाईंलाई कुनै प्रकाशकले विद्यार्थीहरूको निम्ति कुनै पुस्तक लेखिदिन आग्रह गरेका छन् । तपाईंले कुन पुस्तक लेख्न मन पराउनुहुन्छ ।

(क) विज्ञान

(ख) गणित

(ग) इतिहास

(घ) सामाजिक

(ङ) भूगोल

(च) राजनीति

(छ) अर्थशास्त्र

(ज) प्रविधि

(झ) अन्य ..................................

३. कक्षा सकिएपछि तपाईंलाई कुन क्रियाकलाप गर्न मनपर्छ ?

(क) खेलकुद

(ख) सिर्जनात्मक लेखन

(ग) नयाँ भाषा सिक्न

(घ) वेव डिजाइन गर्न

(ङ) सङ्गीत सिक्न

(च) कुनै अन्य काम

४. तपाई दस वर्षपछि के हुन चाहनुहुन्छ ?

५. आजदेखि दसवर्षसम्म तपाईंले हुन चाहेको कुरा बन्न के गर्नुहुन्छ ?

२. सहभागीहरूमध्ये कतिकति जना सञ्चालक, कलाकार, प्रचारक, आवाज व्यवस्थापक र अन्य हुन चाहन्छन् र त्यसका कारण के हुनसक्छ पत्ता लगाउन लगाउनुहोस् । सबभन्दा बढी र सबभन्दा कम हुन चाहेको भूमिकाका कारण केके हुन सक्छन् लेखेर प्रस्तुत गर्न लगाउनुहोस् ।

३. सहभागीहरूमध्ये कतिकति जनालाई कुनकुन विषयको पुस्तक लेख्न मनपर्दो रहेछ । कुनकुन पुस्तक लेख्न मन नपर्ने रहेछ पत्ता लगाउन र त्यसका कारण लेख्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् ।

४. सहभागीहरूमध्ये कतिकति जनालाई कक्षा सकिएपछि केके गर्न मन पर्दो रहेछ र केके गर्न मन पर्दो रहेनछ लेखेर प्रस्तुत गर्न लगाउनुहोस् ।

५. सहभागीहरूलाई आफ्ना साथीहरू दस वर्षपछि के हुन्छन् र आजदेखि दसवर्षसम्ममा त्यो हुनलाई के गर्नुपर्छ भन्ने सोचेका रहेछन् पत्ता लगाउन लगाउनुहोस् । आफूले पत्ता लगाएका कुरालाई तालिका बनाई प्रस्तुत गर्न लगाउनुहोस् ।

(छ) **घटना अध्ययन**

१. सहभागीहरूलाई घटना अध्ययनको अध्ययन गरेर प्रश्न तथा उत्तर बनाउन लगाउनुहोस् । यसका कतिपय प्रश्न तथा उत्तर अदृश्य हुन सक्छन् त्यस्ता कुरा पत्ता लगाई मेटाकार्डमा लेखेर टाँस्न लगाउनुहोस् ।

**पार्वती**

पार्वती १२ वर्षकी छिन् । तिनको गणित र सामाजिक राम्रो छ, तर नेपाली राम्रो छैन । तिनी नेपालीमा राम्ररी बोल्न सक्दिनन् त्यसैले कक्षाको छलफलमा पनि भाग लिन्नन् । सानो समूहमा पनि तिनी आफ्ना साथीसँग कुरा गर्न अप्ठ्यारो मान्दछिन् । तिनको आमाबुबासँग भेट्दा तिनले नेपाली बोल्दा रहेनछन् भन्ने थाहा पाए । हाम्रो कुराकानीको बेलामा पार्वतीले दोभाषेको काम गरेकी थिइन् । तिनका आमाबाबुले पार्वतीको कुनै भविष्य नभएको कुरा बताए किनभने तिनको विचारमा तिनी उच्च शिक्षाको निम्ति उज्यालो पृष्ठभूमिमा हुर्केकी होइनन् ।

**अनुसन्धानकर्ताको डायरी**

आज मैले पार्वतीलाई आफ्ना साथीसँग कुरा गरिरहेको देखे र समूहमा काम गर्दा हाँसिरहेको देखेको थिए । दुईसाताअघि मैले तिनलाई र तिनका दुई साथीहरूलाई पाठशाला पछिका समयमा जाने गरी नाटक क्लबमा भर्ना गरिदिएको थिए । के नाटक क्लबमा भर्ना गर्नाले तिनको अरूसँग कुरा गर्नमा विश्वास बढ्न गएको हो । तिनको शिक्षकसँग कुरा गर्दा तिनको बोल्ने सीपको विकास भएको कुरा भनेका थिए ।

२. सहभागीहरूलाई घटना अध्ययनका मुख्य समस्या पत्ता लगाउन लगाउनुहोस् । त्यसको समाधान कसरी गरियो भन्न लगाउनुहोस् ।
३. सहभागीहरूलाई तिनको समुदायमा पार्वती र तिनका आमाबुबालाई कुनै भाषा नआउने छ भने त्यस्ता भाषा केके हुनसक्छ लेख्न लगाउनुहोस् ।
४. सहभागीहरूलाई तिनले समुदायमा शिक्षासम्बन्धी कुनै समस्या र तिनको समाधान भएको कुनै घटना सुनेको हुनसक्छ । त्यस्तो घटनाको कथा बनाई सुनाउन लगाउनुहोस् ।

**(ज) अवलोकन अध्ययन**

१. सहभागीहरूलाई भिडियो क्यामराका साथ कुनै नजिकको पाठशालामा गएर पूरा कक्षाको गतिविधिको छायाँङ्कन गरिएको सम्पूर्ण गतिविधि प्रदर्शन गर्न लगाउनुहोस् । भिडियो चित्र सङ्गीतमय बनाउन लगाउनुहोस् । कक्षाभित्र केके देखिएका थिए प्रत्येक गतिविधि एकएक गरेर न्युजप्रिन्टमा लेख्न लगाउनुहोस् ।
३. सहभागीहरूलाई मेटाकार्डमा कक्षामा देखिएका समस्या र तिनको समाधानमा आफूले पुऱ्याउन सक्ने सहयोगका क्षेत्र क्रमैसँग लेख्न लगाउनुहोस् ।
४. सहभागीहरूलाई चारसमूहमा विभाजित गर्नुहोस् र मेटाकार्डमा लेखिएका कुरामाथि छलफल गर्न लगाउनुहोस् । छलफल गर्दा के चलचित्रमा देखाइएका समस्या वास्तविक समस्या हुन र समाधानका उपायबाट वास्तविक रूपमा समाधान हुन सक्छ भनी सहमती व्यक्त गर्ने र सम्झौतामा आएपछि न्युजप्रिन्टमा लेख्न लगाउनुहोस् ।
५. सबै समूहबाट लेखिएपछि प्रत्येक समूहमा एकजनालाई अगाडि बोलाई पालैपालो लेखिएका कुरा पढ्न र व्याख्या गर्न लगाउनुहोस् । अन्य स्रोताहरूलाई त्यसमाथि पालैपालो टिप्पणी गर्न लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

(क) क्रियात्मक अनुसन्धानको परिभाषा लेख्नुहोस् ।

(ख) क्रियात्मक अनुसन्धानका योजना बनाउनुहोस् ।

**केही उपयोगी विषयवस्तु**

अन्य किसिमका अनुसन्धानमा कुनै तथ्यपरक विषयवस्तुको खोजिनीति गरेर निष्कर्ष निकालिन्छ भने क्रियात्मक अनुसन्धानमा व्यक्तिका क्रियाकलाप तथा तिनको उपलब्धिको परीक्षण गरिन्छ । क्रियात्मक अनुसन्धान एउटा प्रक्रिया (Process) हो जसमा सहभागीहरूले आफ्ना शैक्षिक अभ्यासको क्रमबद्ध र सतर्कतासाथ अनुसन्धान पद्धतिको प्रयोग गरेर परीक्षण गर्दछन् । शिक्षा विकासको निम्ति क्रियात्मक अनुसन्धान अत्यन्त उपयोगी मानिन्छ । यस्ता अनुसन्धानबाट विषयवस्तु, शिक्षण-विधि, शैक्षिक सामग्री र मूल्याङ्कन पद्धतिमा सुधार ल्याउन ठूलो मदत पुग्दछ । तालिम संस्थाहरूको कामको प्रभावकारिता थाहा पाउन पनि यसले सहयोग पुऱ्याउँछ ।

# कक्षाकोठामा ज्ञान र सीपहरूको प्रयोग

सक्षमता : शिक्षकले वातावरणगत (सन्दर्भगत), स्थानीय, राष्ट्रिय र विश्वज्ञानलाई हस्तान्तरण र प्रयोग गर्ने आफ्नो क्षमतालाई सुदृढ पारी सामाजिक अध्ययनको शिक्षणसिकाइमा त्यसको प्रयोग गर्नेछन् ।

जम्मा घण्टा : १०　　　　सत्र : ७

सत्र : पहिलो
समय : १:३० घण्टा

## मौखिक इतिहासको सङ्कलन र पुरातात्विक वस्तुको विश्लेषण

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित काम गर्न सक्षम हुनेछन् :

(क) मौखिक इतिहासको सङ्कलन गर्न,

(ख) मौखिक इतिहासलाई सिर्जनात्मक रूपबाट प्रस्तुत गर्न,

(ग) ऐतिहासिक भूमिका निर्वाह गर्न ।

२. **तालिम सामग्री**

प्राचीन वस्तुका नमुना, लुम्बिनीमा रहेको अशोक स्तम्भका चित्र, शिलालेख तथा ऐतिहासिक आदेशका प्रतिलिपि, कार्डबोर्ड, मेटाकार्ड, मार्कर ।

३. **क्रियाकलाप**

(क) **पौराणिक इतिहास**

१. प्रशिक्षार्थीहरूलाई पालैपालो उपत्यकामा गोपालहरूको प्रवेशको कथा भन्न लगाउनुहोस् ।
२. भनिएका कथाहरू सबभन्दा बढी कसले भन्ने पहिचान गर्न लगाउनुहोस् ।
३. सुनेका कथा सबै प्रशिक्षार्थीलाई जस्ताको त्यस्तै लेख्न लगाउनुहोस् ।
४. प्रशिक्षार्थीहरूलाई आफ्ना समुदायका गोठालाका कथा लेखेर सुनाउन लगाउनुहोस् ।
५. ऐतिहासिक शिलापत्रलाई सम्वादमा बदल्न र एकजनालाई पर्दा पछाडिबाट बोल्न र अर्को दुईलाई त्यसै सम्वादअनुसार अभिनय गर्न लगाउनुहोस् ।

(ख) **ऐतिहासिक लिपि**

१. तलका ऐतिहासिक लिपि जस्ताको त्यस्तै सारेर ए ४ आकारको कागजमा टाँस्न लगाउनुहोस् ।
"५ आगे हरिभक्त पंथ के सम्वत् १८५५ साल आषाढ शुक्ल षष्टि मंगल
६. वारका दिनमा ले कुशपानि डल्लो सङ्कल्प गरिवक्सनु भयाका जग्गा
७. को साँध हाडिगाउँका लगमध्ये पूर्व वाँडाको सुना षेताको लुहुकील ।
२. माथिका लेखमा भएका भौगोलिक, ऐतिहासिक, राजनीतिक र धार्मिक वाक्यहरू छुट्याउन लगाउनुहोस् ।
३. माथिका लेखोटका वाक्य छनोट गरी प्रत्येकको अर्थ लेखेर टाँस्न लगाउनुहोस् ।

४. कसैले समुदायमा कसैलाई कुनै कुरा दान गरेको अनुभव सुनाउन लगाउनुहोस् ।

५. प्रशिक्षार्थीलाई ऐतिहासिक लेखोटको जस्तै गरेर ठूलो कागजमा आफ्ना अनुभवका कुरा लेखेर टाँस्न लगाउनुहोस् ।

६. तलका सूचना ठूलो कागजमा लेखेर टाँस्न लगाऔँ ।

अभिलेख विश्वसम्पदा हो ।
यसको जगेर्ना गर्नु हाम्रो कर्तव्य हो ।
अभिलेखको सुरक्षा गरौँ ।
संस्कृतिको रक्षा गरौँ ।

**- राष्ट्रिय अभिलेखालय**

७. तालिम सकिएपछि समुदायमा गएर टाँस्न लगाउनुहोस् ।

**(ग) ऐतिहासिक स्मारक**

१. ऐतिहासिक स्मारकको रूपमा रहेको अशोक स्तम्भको चित्र बनाउन लगाउनुहोस् ।

२. चित्रमा उपयुक्त रङहरू भर्न लगाउनुहोस् । चित्रलाई सबैले देख्ने गरी टाँस्न लगाउनुहोस् ।

**(घ) अभिलेख सङ्कलन**

१. प्रशिक्षार्थीहरूलाई समुदायमा गएर मानिसहरूलाई भेटेर यिनीसँग छिट्टै उपलब्ध हुने चिट्ठीपत्र वा कुनै लेखोट छ कि सोध्न लगाउनुहोस् ।

२. छ भनेकाहरूसँग कस्तो प्रकारको लेखोट छ सोधेर किसिम मात्र लेख्न लगाउनुहोस् ।

३. सबै प्रशिक्षार्थीहरूलाई समुदायमा आफूले प्राप्त गरेका सूचना तथा अनुभव लेखेर टाँस्न र सुनाउन लगाउनुहोस् ।

**४. मूल्याङ्कन**

मौखिक इतिहासको सङ्कलन कसरी गर्न सकिन्छ ?

**केही उपयोगी विषयवस्तु**

विश्वमा इतिहासको प्रारम्भ नै मौखिक इतिहासको रूपमा भएको थियो । इतिहासलाई लिखित रूपमा प्रस्तुत गर्ने काम पछि मात्र भए । प्राचीनकालमा मानिसले आफूले सुनेका वा देखेका कुरा आफ्ना सन्तानलाई र आफ्ना सन्तानले तिनका सन्तानलाई सुनाउँदै गए । यसरी मौखिक इतिहास एक पुस्ताबाट अर्को पुस्तामा सर्दै गए । तिनै इतिहास पछि मौखिक इतिहासका रूपमा लिपिवद्ध हुँदै गए । प्राचीनकालमा कथावाचनको रूपमा मौखिक इतिहासको विकास हुँदै गयो । युनानी इतिहासकार हेरोडोटसले कालासागरदेखि एजियन सागरसम्म भ्रमण गरेर तथ्याङ्क तथा ऐतिहासिक स्रोतको सङ्कलन गरेर सबभन्दा पहिले पर्सियाको युद्ध नामको इतिहास लेख्ने काम गरेका थिए । यिनले पहिलो पटक विभिन्न स्थलको भ्रमण गरेर तथ्यको आधारमा इतिहास लेखेकै हुनाले यिनलाई इतिहासका पिता भनिन्छ ।

नेपालको इतिहास लेखनमा पनि प्राचीनकालदेखि नै मौखिक इतिहासले प्रमुख भूमिका खेल्दै आएका छन् । शिलालेख, ताम्रपत्र, मुद्रा, मूर्तिमा कुदिएका कुराहरू मौखिक आदेशलाई नै लिपिवद्ध गरिएका हुन् । नेपालको इतिहासको प्रारम्भ नै पौराणिक कथाबाट भएको हो ।

सत्र : दोस्रो
समय : १:३० घण्टा

## प्रशंसाको खोज पद्धति

१. **उद्देश्य**

यस पाठको अन्त्यमा सहभागीहरू निम्नलिखित काम गर्न सक्षम हुनेछन् :

(क) आफ्ना साथी र समुदायका मानिसको प्रशंसा गर्न,

(ख) प्रशंसात्मक कार्यको योजना बनाउन,

(ग) प्रशंसा खोजको तालिका बनाउन ।

२. **तालिम सामग्री**

महानवाणी लेखिएका प्लेकार्ड, मेटाकार्ड, मार्कर, न्युजप्रिन्ट, प्रशंसात्मक वृत्त तालिका, प्रशंसा प्रश्नावली ।

३. **क्रियाकलाप**

(क) **कक्षाकोठाको प्रशंसा**

१. कक्षाकोठाको सरसफाइको प्रशंसामा सक्दो बढी वाक्यमा लेख्न लगाउनुहोस् ।
२. कुन प्रशिक्षार्थीले सबभन्दा बढी प्रशंसाका वाक्य लेख्न सके तिनलाई लेखेका कुरा टाँसेर व्याख्या गर्न लगाउनुहोस् ।
३. कक्षाकोठामा भएका सम्पूर्ण वस्तुका एकएक गरेर प्रशंसात्मक वाक्यहरू लेख्न लगाउनुहोस् ।
४. प्रशिक्षार्थीलाई आफ्ना सबै सहभागीका नाम क्रमैसँग लेख्न लगाउनुहोस् ।
५. प्रशिक्षार्थीहरूलाई आफ्ना सहपाठीका अनुहार, लुगा र गहनाको प्रशंसा लेख्न लगाउनुहोस् । लेखिएका कुरा छिटछिटो पढ्न र पढिसकेपछि सबैले देख्ने गरी टाँस्न लगाउनुहोस् ।

(ख) **समुदायको प्रशंसा**

१. प्रशिक्षार्थीहरूलाई समुदायमा जानुअघि समुदायमा प्रशंसायोग्य हुन सक्ने कुरामा सूची बनाउन लगाउनुहोस् ।
२. प्रशिक्षार्थीहरूलाई चारसमूहमा विभाजित गर्नुहोस् । आफ्नो समूहका सहभागीले तयार पारेका सूचीलाई सुधार गर्न लगाउनुहोस् ।
३. सुधार गरिएका प्रशंसात्मक सूचीलाई समूहगत रूपमा प्रस्तुत गर्न लगाउनुहोस् र अन्य सहभागीहरूका प्रतिक्रिया लिन लगाउनुहोस् ।
४. आफ्ना सूचीमा उल्लेख गरिएका विषयको आधारमा प्रशंसात्मक कुरा पत्ता लगाउन योजना बनाउन लगाउनुहोस् ।
५. योजनाअन्तर्गत शीर्षक, उद्देश्य, पत्ता लगाउने सामग्री, पत्ता लगाउने तरिका, पत्ता लगाउने कुराहरू स्पष्ट रूपमा लेख्न लगाउनुहोस् ।
६. योजना तयार भएपछि योजनाअनुसार समुदायमा पठाउनुहोस् र चाहेका कुरा पत्ता लगाउन लगाउनुहोस् ।
७. समुदायमा पत्ता लगाएका कुराका आधारमा प्रतिवेदन लेख्न लगाउनुहोस् ।

८. प्रशिक्षार्थीहरूलाई चारसमूहमा विभाजित गर्नुहोस् । आफ्ना समूहभित्र परेका सहभागीका प्रतिवेदनमा सुधार गर्न लगाउनुहोस् ।

(ग) **प्रतिवेदन प्रस्तुति**

१. प्रशिक्षार्थीहरूलाई आफ्ना समूहले तयार पारेका प्रतिवेदनमध्ये सबभन्दा राम्रो एक प्रतिवदेन पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

२. प्रस्तुत गरिएका प्रतिवेदन माथि अरूका प्रतिक्रिया लिन र आएका प्रतिक्रिया टिप्न लगाउनुहोस् ।

३. टिपिएका प्रतिक्रिया सबैले देख्ने गरी टाँस्न लगाउनुहोस् र तिनका जवाफ पनि लेखेर टाँस्न लगाउनुहोस् ।

४. समुदायका काम गर्दा आफूलाई परेका समस्या र अपनाइएका समाधान सम्वन्धमा लेखेर प्रस्तुत गर्न र प्रस्तुत गरिसकेपछि बुलेटिन बोर्डमा टाँस्न लगाउनुहोस् ।

४. **मूल्याङ्कन**

आफ्ना साथी र समुदायका मानिसको प्रशंसा गर्ने तरिकाहरू केके हुन सक्छन् ?

**केही उपयोगी विषयवस्तु**

विश्वमा सकारात्मक र नकारात्मक सोच र चिन्तनले समान रूपवाट प्रश्रय पाइरहेको छ । अहिलेसम्म विश्वलाई यी दुई कुराले सन्तुलित बनाइरहेको छ । सकारात्मकता सुखको वाटो हो भने नकारात्मकता दुःखको अँध्यारो गल्ली हो । सकारात्मकताले नकरात्मकतालाई छोप्न सकेको खण्डमा विश्व र राष्ट्र स्वर्ग बन्दछ ।

सकारात्मक सोचबाट जस्तै दुःखबाट पनि मुक्त हुन सकिन्छ । यसबाट मानसिक तनाव निर्मूल हुन्छ र काम गर्न उत्साह बढ्छ । सकारात्मक सोच राख्ने मानिसका कुनै शत्रु र आफन्त र पराया हुँदैनन् । सबै समान र सबै आफ्नै हुन्छन् ।

प्रशंसा के हो ?

- जीवनलाई व्युझाउने मन्त्र हो ।
- जीवनलाई आशावादी बनाउने सूत्र हो ।
- जीवनलाई गतिशील बनाउने यन्त्र हो ।
- विश्वास र सम्बन्ध विकासको कडी हो ।
- स्नेह र सद्भाव व्यक्त गर्ने माध्यम हो ।
- परिवर्तनका लागि तत्परता जगाउने क्रियाकलाप हो ।

प्रशंसाले विश्वास र प्रेमतर्फ उन्मुख गराउँछ । प्रशंसाले लुकेको आशा र शक्ति पत्ता लगाउँछ । (Appreciation leads faith and love, appreciation finds hidden hope and strength) प्रशंसाले नकारात्मकताको अन्त्य र सकारात्मकताको विस्तार गराउँछ ।

विगतको सम्मान, वर्तमानको उपयोग र भविष्यको हेराइ "Respect the part, live in present and look at the future".

सत्र : तेस्रो र चौथो
समय : ३ घण्टा

# विभिन्न स्रोतबाट प्राप्त ज्ञान र सीपको मूल्य

## १. उद्देश्य

यो पाठ अध्ययनपछि सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

(क) सामुदायिक स्रोतको उपयोग गर्न,

(ख) परियोजनाका खाका तयार गर्न,

(ग) सामाजिक समस्याको समाधान गर्न ।

## २. तालिम सामग्री

सामाजिक गतिविधिसम्बन्धी चित्र, ग्रामीण तथा सहरी परिवेशका जीवनपद्धति झल्कने चित्र, मार्कर, संवाद नमुना, न्युजप्रिन्ट, पुराना समाचारका अंश ।

## ३. क्रियाकलाप

### (क) सामुदायिक स्रोतको उपयोग

१. तलका खण्डमा दुई बेग्लाबेग्लै परिवेशमा बढेका मानिसहरूका विचार जान्न खोजिएको छ, तालिकालाई सबैले देख्ने गरी झुन्ड्याउनुहोस् र सबै सहभागीलाई सार्न लगाउनुहोस् । सहभागीहरूलाई समुदायमा गएर जवाफ सोधेर पाएका अन्तर लेख्न लगाउनुहोस् र यिनका जवाफबाट मनोवृत्ति पत्ता लगाउन सकिन्छ ।

| विषय र प्रश्न | निरक्षरको जवाफ | शिक्षितको जवाफ |
|---|---|---|
| **विषय : समय**<br>समयको अर्थ के हो ? यो कति महत्वपूर्ण छ ? | | |
| **विषय: परिवार**<br>परिवारको अर्थ के हो ? यो कति महत्वपूर्ण छ ? | | |
| **विषय : समुदाय**<br>व्यक्तिको निम्ति समुदायको के महत्व छ ? | | |
| **विषय : विचारको आदानप्रदान**<br>कुन विषयमा धेरै कुरा हुन्छ ? | | |
| **विषय : सरकार**<br>सरकारले के गर्छ ? | | |
| **विषय : नोकरी र शिक्षण**<br>नोकरी र शिक्षणमा के फरक छ ? यी दुवैको के महत्व छ ? | | |
| **उमेर**<br>उमेर भनेको के हो ? बालबालिका युवा र वृद्धलाई कसरी छुट्याउने ? | | |


२. प्राप्त जवाफलाई तालिकाको रूपमा ठूलो कागजमा लेखेर टाँस्न लगाउनुहोस् ।
३. यी जवाफहरू प्राप्त गर्दा आफ्ना अनुभव र प्रतिविम्ब बुँदागत रूपमा मेटाकार्डमा लेखेर सुनाउन लगाउनुहोस् ।
४. माथिका जवाफबाट दुई किसिमका मानिसका जवाफमा फरक आउने मुख्य कारण लेख्न र सुनाउन लगाउनुहोस् ।

**(ख) परियोजनाको खाका**

१. सहभागीहरूलाई परियोजनाको अर्थ लेख्न लगाउनुहोस् र सहभागीहरूलाई चारसमूहमा विभाजित गर्नुहोस् । चारसमूहको निम्ति चारओटा ठूलाठूला कार्डबोर्डमा लेखेको कुरा टाँस्न लगाउनुहोस् ।
२. समूहका एक एकजनालाई आफ्ना समूहका अर्थ भन्न र अन्य श्रोताका प्रतिक्रिया लिन लगाउनुहोस् ।
३. उपयुक्त अर्थको अगाडि ठीक चिन्ह र अशुद्ध अर्थको अगाडि चिन्ह लगाउनुहोस् ।
४. सहभागीहरूलाई परियोजनका खाका तयार गर्न लगाउनुहोस् ।
५. सबैलाई आ-आफूले तयार पारेका खाका पालैपालो प्रदर्शन गर्न लगाउनुहोस् ।
६. प्रशिक्षकले तयार पारेका परियोजनाका खाकासँग दाँजेर मूल्याङ्कन गर्न लगाउनुहोस् ।
७. सबभन्दा उत्कृष्ट चार परियोजना छान्न र उत्कृष्ट कुनै कारण भन्न लगाउनुहोस् ।

**(ग) सामाजिक समस्याका समाधान**

१. सहभागीहरूलाई समुदायमा विद्यमान समस्या र तिनका समाधान बुँदागत रूपमा लेख्न लगाउनुहोस् ।
२. सबभन्दा चाडै सबभन्दा बढी समस्या र सामाधान लेखेर कार्डबोर्डमा टाँस्नेलाई धन्यवाद दिनुहोस् ।
३. लेखिएका सम्पूर्ण समस्या र समाधान वास्तविक हुन् वा होइनन् परीक्षण गर्न लगाउनुहोस् ।
४. उपयुक्त समस्या र समाधानलाई रातो र अनुपयुक्तलाई हरियोले कोष्ठभित्र राख्न लगाउनुहोस् ।
५. सबैलाई वास्तविक समस्या र समाधान फेरि लेखेर टाँस्न लगाउनुहोस् ।
६. तलको जस्तै तालिका बनाई पहिलो खण्डमा समस्याको समाधान र त्यसको अगाडिका तीन खण्डमा परिणाम लेख्न लगाउनुहोस् । उदाहरणको निम्ति नेपालमा खडेरीबाट बच्न नहर निर्माण गरियो । यहाँ समाधान नहर भयो भने तीन परिणाममध्ये पहिलो खडेरीबाट सुरक्षा, दोस्रो उत्पादनमा वृद्धि र तेस्रो आयआर्जन वा स्वास्थ्य लाभ ।




४. **मूल्याङ्कन**

सामुदायिक स्रोतको उपयोग गर्न तपाईं के गर्नुहुन्छ ?

**केही उपयोगी विषयवस्तु**

हाम्रा वरिपरि ज्ञान र सीपका असङ्ख्य स्रोतहरू छरिएर रहेका छन् । तिनलाई चिनेर तिनबाट आफ्ना ज्ञान र सीपमा वृद्धि गर्दै जानु प्रत्येक बुद्धिमान मानिसको कर्तव्य हो । सामाजिक अध्ययनमा ज्ञानलाई ज्ञानको निम्ति मात्र सीमित नगरेर त्यसको प्रयोग गर्ने सीप प्रति बढी जोड दिइन्छ । ज्ञानको महत्व त्यस बेला बढ्न जान्छ जब त्यसको प्रयोग गरिन्छ । शिक्षक, अभिभावक तथा विद्यार्थीले प्रत्येक दिन आफूले प्राप्त गरेका ज्ञानलाई सीपमा कसरी परिवर्तन गरियो भन्ने कुरा राम्ररी विचार गर्नुपर्ने हुन्छ ।

सामाजिक अध्ययनका शिक्षक तथा विद्यार्थीले आफ्ना ज्ञान तथा सीपलाई आफ्ना व्यक्तित्व विकासमा संलग्न गराउनुपर्दछ । तलका उत्पादन चित्रले देखाएका प्रगति सूचाङ्कले सामाजिक धारणामा सहयोग पुग्दछ ।

| | | |
|---|---|---|
| पुतलीले बनाएको डालोको माग बढ्दै गयो ।<br>समुदायका मानिसले दुवै किसिमका डालो पाउन थाले ।<br>समुदायका मानिससँग प्रशस्त डालो हुन थाल्यो । |  | पुतलीले नयाँनयाँ किसिमका छिटछिटो डालो बनाउन थालिन् ।<br>पुतलीले डालो बनाउन विशिष्टता हासिल गरिन् र बेग्लै किसिमको डालो बनाइन् ।<br>पुतलीले प्रत्येकको निम्ति डालो बनाइन् ।<br>पुतलीले आफ्नो निम्ति डालो बनाइन् । |

सत्र : पाँचौं
समय : १:३० घण्टा

# समस्या प्रस्तुति सीप

१. **उद्देश्य**

यस सत्रको अन्तमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

क) समस्या प्रस्तुतिको परिचय दिन,
ख) समस्या प्रस्तुति सम्वाद सञ्चालनमा ध्यान दिनुपर्ने कुराहरू पहिचान गर्न,
ग) समस्या प्रस्तुतिका चरणहरू व्याख्या गर्न,
घ) समस्या प्रस्तुतिको प्रयोग गर्न ।

२. **शैक्षिक सामग्री**

मेटाकार्ड, न्युजप्रिन्ट, साइनपेन, मार्कर आदि ।

३. **विषयवस्तु**

क) समस्या प्रस्तुति सीपको परिचय
ख) समस्या प्रस्तुति संम्वाद सञ्चालनमा ध्यान दिनुपर्ने कुराहरू
ग) समस्या प्रस्तुतिका चरणहरू
घ) समस्या प्रस्तुतिको प्रयोग

४. **क्रियाकलाप :**

क) **समस्या प्रस्तुति सीपको परिचय**

सहभागीहरूलाई एक एक ओटा मेटाकार्ड वितरण गर्नुहोस् ।

- समस्या प्रस्तुति सीप (Problem Posing Skill) आर्टिफ्याक्ट भन्नाले के बुझिन्छ भन्ने प्रश्नको उत्तर एक वाक्यमा लेख्न लगाउनुहोस् ।
- सबैले लेखी सके पछि बोर्डमा प्रस्तुत गर्न लगाउनुहोस् । छलफलपश्चात् प्रशिक्षकले निष्कर्ष दिनुहोस् ।

| |
|---|
| समस्या प्रस्तुति भन्नाले आगमनात्मक तरिकाबाट प्रश्न गरी विद्यार्थीहरूमा समालोचनात्मक सोचाइको विकास गराउने सीपलाई बुझिन्छ । यो सहभागितामूलक विधिबाट शिक्षण गर्ने सीप पनि हो । |

ख) **समस्या प्रस्तुति सम्वाद सञ्चालन**

- समस्या प्रस्तुति सम्वाद कसरी सञ्चालन गरिन्छ भन्ने प्रश्न बोर्डमा लेखी प्रस्तुत गर्नुहोस् ।
- सभागीहरूलाई चारसमूहमा विभाजन गरी समूहगत रूपमा छलफल गराउनुहोस् ।
- छलफलको निष्कर्ष समूहगत रूपमा प्रस्तुत गर्न लगाउनुहोस् ।
- प्रशिक्षकले आवश्यकताअनुसार छलफललाई सहजीकरण गर्नुहोस् र निष्कर्ष दिनुहोस् ।

ग)    **समस्या प्रस्तुतिका चरणहरू**

- समस्या प्रस्तुतिका चरणहरू लेखिएको सामग्री सहभागीहरूलाई समूहगत रूपमा अध्ययन गर्न दिनुहोस् ।
- अध्ययनपश्चात् निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

घ)    **समूह कार्य**

- सहभागीहरूलाई चारसमूहमा विभाजन गरी हरेक समूहलाई समस्या प्रस्तुतिको प्रयोगका लागि पाँचमिनेट तयारी गर्न लगाउनुहोस् ।
- तयारीपश्चात् हरेक समूहलाई पाँचपाँचमिनेट समय उपलब्ध गराई समस्या प्रस्तुतिको प्रयोगको अभिनय गर्न लगाउनुहोस् ।
- हरेक अभिनयका बारेमा अन्य समूहलाई पृष्ठपोषण प्रदान गर्न लगाउने र प्रशिक्षकले पनि पृष्ठपोषण प्रदान गर्नुहोस् ।
- सामाजिक अध्ययन शिक्षणसिकाइमा समस्या प्रस्तुति सीपको उपयोगिताबारेमा छलफल गराउनुहोस् ।

५.    **मूल्याङ्कन**

क)    सामाजिक अध्ययन विषयको कक्षाशिक्षणमा समस्या प्रस्तुति सीपको उपयोगिताबारेमा प्रकाश पार्दै एउटा लेख तयार पार्नुहोस् ।

सत्र : छैटौं र सातौं
समय : ३ घण्टा

# वातावरणगत, स्थानीय, राष्ट्रिय र विश्वव्यापी ज्ञान र सीपहरूलाई कक्षाकोठामा प्रयोग गर्ने तरिकाहरू

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कुराहरूमा सक्षम हुनेछन् :

(क) विभिन्न स्रोतहरूबाट ज्ञान र सीपहरू प्राप्त गर्ने तरिकाहरू उल्लेख गर्न,
(ख) सन्दर्भगत सीपहरू, स्थानीयकरणका सीपहरू र विश्वव्यापीकरणका सीपहरूसँग परिचित हुन,
(ङ) स्थानीय र विश्वव्यापीकरणका सीपहरूको सिर्जनात्मक प्रयोग गर्न,
(च) राष्ट्रिय र अन्तर्राष्ट्रिय समस्याहरूको स्थानीयस्तरमा समाधान गर्ने सीपहरू प्राप्त गर्न,
(छ) शिक्षणको विषयगत पद्धतिको व्याख्या गर्न ।

२. **सामग्री**

पाठपत्रहरू, न्युजप्रिन्ट, मार्कर, साइनपेन, कार्डबोर्ड आदि ।

३. **विषयवस्तु**

(क) विभिन्न स्रोतहरूबाट ज्ञान र सीपहरू प्राप्त गर्ने तरिकाहरूबारेमा छलफल
(ख) सन्दर्भगत सीपहरूबारेमा छलफल
(ग) स्थानीयकरणका सीपहरू
(घ) विश्वव्यापीकरणका सीपहरू
(ङ) स्थानीय र विश्वव्यापीकरणका सीपहरूको सिर्जनात्मक प्रयोग
(च) राष्ट्रिय र अन्तर्राष्ट्रिय समस्याहरूको स्थानीयस्तरमा समाधान गर्ने सीपहरू
(छ) शिक्षणको विषयगत पद्धति

४. **क्रियाकलाप**

**क) ज्ञानका स्रोतहरू**

➢ कार्डबोर्डमा निम्नलिखित प्रश्नहरू तयार पारी सहभागीहरूसमक्ष प्रस्तुत गर्नुहोस् र समूहगत रुपमा छलफल गर्न लगाई उत्तर प्रस्तुत गर्न लगाउनुहोस् ।

- ज्ञान प्राप्त गर्न सकिने स्रोतहरू केके हुन् ?
- ज्ञान र सीप प्राप्त गर्न सकिने तरिकाहरू केके हुन् ?

➢ निम्नलिखित बुँदाहरूका आधारमा आफ्नो निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

**ज्ञान र सीप प्राप्त गर्न सकिने स्रोतहरू**

संस्कृति : विभिन्न जातजाति, भाषाभाषीका स्थानीय संस्कृति र मूल्यमान्यता आदि ।

पौराणिक : विभिन्न धार्मिक समुदाय (जस्तै : हिन्दू- विभिन्न पुराण, वेद, उपनिषद् आदि, किराँत, मुन्धुम आदि, क्रिश्चियन - बाइबल, मुस्लिम - कुरान आदि) मा प्रचलित ज्ञान ।

विश्वव्यापी : विभिन्न पुस्तक, इमेल, इन्टरनेट आदिबाट प्राप्त हुने विश्वव्यापी ज्ञान ।

ख) **सन्दर्भगत, स्थानीयकरण, र विश्वव्यापीकरण सीपहरू**

- सन्दर्भगत सीपहरू भनेको के हो ? भन्ने प्रश्न कार्डबोर्डमा लेखी प्रस्तुत गर्नुहोस् ।
- सहभागीहरूलाई उत्तर मेटाकार्डमा लेखी प्रस्तुत गर्न लगाउनुहोस् ।
- प्रशिक्षकले आफ्नो तर्फबाट आवश्यक टिप्पणीसमेत गर्नुहोस् ।

**सन्दर्भगत सीप :** विशिष्ट सन्दर्भअनुसार आवश्यक पर्ने ज्ञानको प्रयोग गर्ने तरिका नै सन्दर्भगत सीप हो । सन्दर्भगत सीपहरू भन्नाले सन्दर्भअनुसार सीपहरूलाई कक्षाकोठामा लागू गर्ने सीप बुझिन्छ, जस्तो- पाठ्यक्रम, पाठ्यपुस्तकलगायतका पक्षलाई कक्षाकोठा र कक्षाको परिस्थितिअनुसार लागू गर्ने तरिका सन्दर्भगत सीप हो ।

- स्थानीयकरणको सीप भनेको के हो कार्डबोर्डमा परिभाषा लेखी प्रस्तुत गर्न लगाउनुहोस् ।
- स्थानीयकरणका लागि शिक्षकमा चाहिने सीपहरू केके हुन् र ती सीप कसरी प्राप्त र प्रयोग गर्न सकिन्छ समूहमा छलफल गर्न लगाई प्रस्तुत गराउनुहोस् र पाठपत्रका माध्यमबाट आवश्यक स्पष्टीकरण प्रदान गर्नुहोस् ।
- विश्वव्यापीकरण भनेको के हो ? विश्वव्यापीकरणलाई कक्षाकोठामा प्रयोग गर्न केकस्ता सीपहरू चाहिन्छन् ? विश्वव्यापीकरणका सीपहरू प्राप्त गर्ने तरिकाहरू केके हुन सक्छन् र त्यसबाट शिक्षक कसरी लाभान्वित हुन सक्छन् भन्ने प्रश्नहरूमा सहभागीहरूका बीचमा छलफल गराई निष्कर्षमा पुग्न लगाउनुहोस् । स्पष्ट हुन नसकेका बुँदाहरूमा सहजीकरण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।
- स्थानीय सीपहरूको कक्षाकोठा तथा अन्य स्थानमा कसरी प्रयोग गर्न सकिन्छ छलफल गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

स्थानीयकरण भन्नाले स्थानीय समुदाय, समूह आदिमा प्रचलित ज्ञान, सीप आदिलाई कक्षाकोठामा सिर्जनात्मक रूपमा प्रयोग गर्ने सीप भन्ने बुझिन्छ । उदाहरणका लागि धामी र झारफुकसम्बन्धी मान्यता अन्धमान्यता भएपनि तिनबाट प्राप्त हुने मनोवैज्ञानिक आत्मशान्ति तिनले प्रयोग गर्ने जडिबुटीको प्रभावका विषयमा बताउनाले तिनका सकारात्मक पक्षहरू पनि छन् भन्ने कुरामा सहजीकरण गर्न सकिन्छ ।

- सहभागीहरूसँग आफ्नो समुदायमा प्रचलित ज्ञान र सीप पहिचान गर्न लगाउने र त्यस्ता सीपहरूलाई कक्षाकोठामा सिर्जनात्मक रूपमा कसरी प्रयोग गर्न सकिन्छ भन्ने विषयमा छलफल गराउनुहोस् ।
- सहभागीहरूलाई विश्वव्यापीकरणका सीपहरूलाई सामाजिक अध्ययन शिक्षणको कक्षाकोठामा कसरी सिर्जनात्मक रूपमा लागू गर्न सकिन्छ भन्ने विषयमा छलफल गराउनुहोस् ।
- विश्वव्यापीकरणका सीपहरूमध्ये कुनै एउटा सीपको कक्षाकोठागत सिर्जनात्मक प्रयोगको उदाहरण दिई त्यस्ता अन्य उदाहरणहरूको खोजी गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

**ग)** **राष्ट्रिय र अन्तर्राष्ट्रिय समस्याहरू**

- देशमा विद्यमान राष्ट्रिय समस्याले सहभागीहरूको कक्षामा पनि प्रभाव पारेको हुन सक्दछ । यस्ता समस्याहरूको सूची तयार पार्न लगाउने । त्यस्ता समस्याहरूको स्थानीय समाधान कसरी गर्न सकिन्छ भनी समस्या समाधानका उपायहरूको खोजी गर्न लगाउनुहोस् ।
- अन्तर्राष्ट्रिय समस्या भन्नाले के बुझिन्छ र त्यस्तो समस्याको पहिचान कसरी गर्न सकिन्छ भन्ने विषयमा छलफल गराई समस्या समाधानका बारेमा स्पष्ट धारणा तयार पार्न लगाउनुहोस् ।

| |
|---|
| विश्वव्यापीकरणले नेपाली समाजमा पारेको नकारात्मक प्रभाव यसको अन्तर्राष्ट्रिय समस्याको एउटा उदाहरण हो । विश्वव्यापीकरणले मौलिक संस्कृति लोप हुने अवस्थामा छ । नेपालमा आफ्ना परम्परागत सीप र कौशल हराएका छन् भने आफ्ना खानपान, रहनसहन, भाषा तथा पहिचान हराउने क्रममा छ । यस्तो अवस्थामा मौलिक संस्कृतिको रक्षा गर्न चालिने कदम अन्तर्राष्ट्रिय समस्या समाधानको एउटा महत्वपूर्ण पाइलो हुन सक्छ । |

**घ)** **शिक्षणको विषयगत पद्धति**

- शिक्षणको विषयगत पद्धति भन्नाले के बुझिन्छ भन्ने विषयमा सहभागीहरूलाई छलफल गर्न लगाई त्यस विषयमा निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् । सामाजिक शिक्षणको विषयगत पद्धतिमा के कस्ता कुराहरू पर्दछन् र त्यसलाई कक्षाकोठामा कसरी प्रयोग गरिन्छ भन्ने बारेमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।

## ५. मूल्याङ्कन

(क) ज्ञान प्राप्त गर्नका लागि तपाईंमा हुनुपर्ने गुणहरू केके हुन् ?

(ख) सन्दर्भगत सीपअन्तर्गत केके कुरा पर्दछन् ?

(ग) स्थानीयकरण र विश्वव्यापीकरणबीचका भिन्नता केके हुन् ?

(घ) विश्वव्यापीकरण तपाईंका लागि फाइदाजनक वा हानिकारक के छ ? तपाईंका तर्क प्रस्तुत गर्दै गृहकार्यका रूपमा एउटा निबन्ध लेख्नुहोस् ।

(ङ) विषयगत पद्धतिको उपयोगिता उल्लेख गर्नुहोस् ।

# शैक्षणिक क्रियाकलापको योजना र रूपरेखा

**सक्षमता :** शिक्षकले शैक्षणिक तथा शैक्षिक योजना र शिक्षण सामग्रीका विषयमा आफ्नो क्षमताको विकास र सुदृढीकरण गरी सामाजिक अध्ययन शिक्षणमा त्यसको प्रयोग गर्नेछन् ।

**जम्मा घण्टा :** १५ सत्र : १०

**सत्र : पहिलो, दोस्रो र तेस्रो**
**समय : ४:३० घण्टा**

## शिक्षा नीति र योजनाहरूको मूल्याङ्कन तथा समीक्षा

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

(क) विषयवस्तुमुखी, सामाजिक, राजनीतिक, आर्थिक तथा समुदायको मागमा आधारित पद्धतिको अवधारणा उल्लेख गर्न,

(ख) विद्यमान शिक्षा नीति र योजनाहरूको मूल्याङ्कन र समीक्षा गर्न,

(ग) शिक्षासँग सम्वन्धित नीति र योजना विकासमा विभिन्न पद्धतिको उपयोगिता पहिचान गर्न ।

२. **तालिम सामग्री**

स्रोतसामग्री, दसौं योजना, जिल्ला शिक्षा योजना, गाउँ शिक्षा योजना, विद्यालय सुधार योजना, स्थानीय स्वायत्त शासन ऐन २०५५, विभिन्न शैक्षिक कार्यक्रमहरूका दस्तावेज, न्युजप्रिन्ट, साइनपेन आदि ।

३. **विषयवस्तु**

(क) शिक्षा नीति र योजनाहरूको विकासमा विभिन्न पद्धतिहरूको अवधारणा

(ख) शिक्षा नीति र योजनाहरू दस्तावेज अध्ययन, खोज, समूहकार्य तथा प्रस्तुतीकरण

(ग) विभिन्न पद्धतिहरूको उपयोगितासम्बन्धी अन्तर्क्रिया

४. **विस्तृत क्रियाकलाप**

(क) मौजुदा शिक्षा नीति र योजनाहरूको मूल्याङ्कन तथा समीक्षा गर्दा विभिन्न पद्धतिबाट गर्नु उपयुक्त हुन्छ । ती पद्धतिहरू केके हुन सक्छन् र तिनका विशेषता केके हुन सक्छन् भन्नेबारेमा अन्तर्क्रिया गरी सूचीकृत गर्न लगाउने ।

**पद्धतिहरू**

- विषयवस्तुमुखी पद्धति
- सामाजिक पद्धति
- राजनीतिक पद्धति
- आर्थिक पद्धति
- समुदायको मागमा आधारित पद्धति
- अन्तर्मिश्रित पद्धति

(ख) सहभागीहरूको सङ्ख्यालाई विचार गरी एउटा समूहमा ३ देखि ६ जनासम्म रहेको निम्न चारसमूह गठन गर्ने प्रत्येक समूहलाई अलगअलग योजना तथा नीतिहरूको दस्तावेज दिई गहन अध्ययन गरी पुनरावलोकन तथा समीक्षा गर्न लगाउने ।

| समूह | शीर्षक |
|---|---|
| क | राष्ट्रिय स्तरको योजना (दसौं योजना २०५९-२०६०) |
| ख | जिल्ला शिक्षा योजना |
| ग | गाउँ शिक्षा योजना |
| घ | विद्यालय सुधार योजना |

विद्यमान योजना तथा नीतिहरूको मूल्याङ्कन तथा समीक्षा विभिन्न पद्धतिहरूको आधारमा गरी कुन कुन पद्धतिलाई ध्यान दिएको पाइयो ? कुन कुनलाई ध्यान दिन सकिएको रहेनछ ? योजना तथा नीतिका प्रमुख विशेषताहरू, ढाँचा समस्याहरू सुधार गर्नुपर्ने पक्षका बारेमा विस्तृत रुपमा अध्ययन गरी सामूहिक छलफलको निष्कर्ष सबै समूहलाई प्रस्तुतीकरण गर्न लगाउने ।

(ग) उपरोक्त पद्धतिको सम्बन्धमा छलफल गरिसकेपछि जुनसुकै पद्धति अवलम्बन गरे पनि कुनै पनि नीति तथा योजनाहरू निम्न आधारमा तर्जुमा गरेमा प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिने कुरा प्रष्ट पार्ने ।

शैक्षिक योजना तथा नीतिहरू तर्जुमा गर्दा प्रभाव पार्ने तत्वहरू

- संविधानले शिक्षासम्बन्धी गरेको मार्गदर्शन
- ऐन कानुन
- राजनीतिक व्याख्या
- जनमत
- आर्थिक, सामाजिक र भौगोलिक परिवेश
- दातृराष्ट्र / समुदाय
- पेसागत समूह
- नागरिक समाज
- विद्यार्थी सङ्गठनहरूको दबाब
- राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू

(घ) शैक्षिक योजना तर्जुमा गर्दा अपनाउनुपर्ने चरणहरू

(१) कुनै पनि योजना तर्जुमा गर्न सम्बन्धित पक्षले निम्न चरण अवलम्बन गर्नुपर्दछ :

- विद्यमान अवस्थाको विश्लेषण
- समस्या पहिचान
- लक्ष्य निर्धारण गर्ने ।
- प्राथमिकता निर्धारण गर्ने ।
- कार्यक्रम तथा वजेट तर्जुमा गर्ने ।
- कार्यान्वयन तथा अनुगमन गर्ने ।

(२) शैक्षिक नीति तर्जुमाका चरणहरू

- शैक्षिक समस्याको पहिचान
- शैक्षिक नीति विकल्प विश्लेषण र छनौट
- शैक्षिक नीति स्वीकृति
- शैक्षिक नीति कार्यान्वयन
- शैक्षिक नीतिको मूल्याङ्कन

(ङ) उपरोक्त छलफलपछि प्रशिक्षकले शिक्षाको नीति तथा योजना विकासमा विभिन्न पद्धतिहरूको

उपयोगिताका बारेमा सामूहिक रुपमा छलफल गर्दै निम्नअनुसार प्रस्तुत गर्ने ।

- कुनै पनि विषयवस्तुको अवधारणात्मक स्पष्टता हुन्छ ।
- सरोकारवालाको सहभागिता तर्जुमा कार्यान्वयन अनुगमन तथा प्रतिफल उपभोगमा रहन्छ ।
- योजना तथा नीतिहरूको दिगो तथा प्रभावकारी रुपमा कार्यान्वयन गर्न सहयोग पुग्दछ ।
- अवधारणा र व्यवहारका बीचमा सामञ्जस्यता ल्याउन उपयोगी रहन्छ ।
- विकासमा विभिन्न वर्ग, क्षेत्र समुदायको सहभागिताको सुनिश्चितता हुन्छ ।
- योजना प्रक्रियाले वातावरणीय पक्षमा जनसङ्ख्या वृद्धिले ल्याएको समस्यामा समाधान र उपलब्धिको प्रयोगमा समानुपातिक पहुँचको अभाव वा साधनको वितरणमा असमानता, लैङ्गिक असमानता व्यापक गरिबी र देशको सामाजिक, सांस्कृतिक बनौटबाट परेको प्रभावलाई सम्बोधन गर्न सहयोग पुग्दछ ।
- गर्नुपर्ने कार्यको प्राथमिकता निर्धारण गरी सीमित साधनको उच्चतम् उपयोग गर्न सहयोग पुग्दछ ।
- वैदेशिक सहयोग आकर्षित गर्नका साथै प्रभावकारी उपयोगको लागि सहयोग पुग्दछ ।
- राष्ट्रिय आवश्यकता र प्राथमिकता निश्चित गर्ने विषयमा सहयोग पुग्दछ ।
- समुदायको जनसहभागितामा उनीहरूको मागबमोजिम हुने भएकोले समुदायमा चेतना जागृत हुने ।
- जिम्मेवारीपन र जवाफदेहीपनको विकास हुने ।
- समाजका सबै जातजाति, आर्थिक तथा सांस्कृतिक समूहहरूको विकास हुने अवस्था प्रस्तुत हुने ।

### ५. मूल्याङ्कन

नेपालको शिक्षा नीति र योजना तर्जुमा गर्न कुन पद्धति बढी उपयोगी ठान्नुहुन्छ ? तार्किक कारणहरू टिपोट गर्नुहोस् ।

सत्र : चौथो
समय : १:३० घण्टा

# पाठ्यवस्तुको विश्लेषण र सिकाइ विकास तालिकाको निर्माण

## १. उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) पाठ्यवस्तु विश्लेषणका आधारहरूको सूची तयार पार्न,

(ख) सिकाइ विकास तालिकाको निर्माण गर्न ।

## २. सामग्री

(क) पाठ्यवस्तु विश्लेषणका आधारहरूको सूची, सिकाइ विकास तालिकाको नमुना ।

## ३. विषयवस्तु

(क) पाठ्यवस्तु विश्लेषणका आधारहरू

(ख) सिकाइ विकास तालिकाको निर्माण

## ४. क्रियाकलाप

(क) पाठ्यवस्तु विश्लेषणका आधारहरू

(१) 'पाठ्यवस्तु विश्लेषण' भनेको के हो भनी सहभागीहरूलाई प्रश्न सोधी समूहगत रूपमा त्यसको उत्तर खोज्न लगाउने । त्यसपछि हरेक समूहबाट एकएकओटा प्रतिवेदन तयार पारी प्रस्तुत गर्न लगाउने । प्रतिवेदनमाथि छलफल गराई निष्कर्ष निकाल्न सहजीकरण गर्ने ।

**पाठ्यवस्तु विश्लेषणका आधारहरू :**

| |
|---|
| **आन्तरिक** |
| **भाषा** : सरकारी कामकाज,पत्रपत्रिका, साहित्य भएको भाषा हुनुपर्ने<br>**प्रयोजनपरक भेद** : पाठ्यवस्तुको उद्देश्यअनुरूप हुनुपर्ने<br>**शैली** : औपचारिक र अनौपचारिक दुवै स्वाभाविक किसिमको हुनुपर्ने<br>**माध्यम** : कथ्य र लेख्य दुवै स्वाभाविक किसिमको हुनुपर्ने |
| **बाह्य** |
| **प्रयोजन** : कुन उद्देश्य राखेर तयार गरिएको हो त्यही अनुरूप हुनुपर्ने<br>**विद्यार्थीको तह** : विद्यार्थीको क्षमता, रूचि, स्वभावअनुकूल हुनुपर्ने<br>**समय अवधि** : पाठ्यवस्तु र समयबीच सन्तुलन हुनुपर्ने<br>**मनोविज्ञान** : विद्यार्थीको मनोविज्ञान अनुकूल हुनुपर्ने<br>**अन्य** : पाठ्यांशको प्रकृति अनुकूलको भाषा हुनुपर्ने<br>विद्यार्थीको भाषिक पृष्ठभूमि अनुकूलको विषयवस्तु तथा भाषा हुनुपर्ने |

२. सिकाइ विकास तालिकाको नमुना देखाई आवश्यक छलफल गराउने :

तालिकाको नमुना

कक्षा शै. स.

| क्र.सं. | विद्यार्थीको नाम | एकाइ/पाठ | सामाजिक विकास | संवेगात्मक विकास | सहयोगात्मक विकास | सहकार्यको भावनाको विकास |
|---|---|---|---|---|---|---|
| १. | सीता भुजेल | एक | ख | ख | क | ख |
| २. | रमेश दाहाल | एक | क | क | ख | ग |
| ३. | नेहा मल्लिक | एक | ग | घ | ख | ग |
| ४. | | | | | | |
| ५. | | | | | | |

## ५. मूल्याङ्कन

(क) पाठ्यवस्तु विश्लेषणका आधारहरू केके हुन् ?

(ख) सिकाइ विकास तालिकाको एउटा नमुना बनाएर देखाउनुहोस् ?

सत्र : पाँचौं र छैटौं
समय : ३ घण्टा

## शिक्षण सामग्रीको सङ्कलन र निर्माण

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) शिक्षण सामग्रीको परिचय दिन,

(ख) शिक्षण सामग्रीको सङ्कलन गर्न,

(ग) शिक्षण सामग्रीको निर्माण गर्न ।

२. **सामग्री**

(क) शिक्षण सामग्रीको परिभाषा भएका चार्टहरू, मूलभूत शिक्षण सामग्रीहरूको सूची ।

३. **विषयवस्तु**

(क) शिक्षण सामग्रीको परिचय

(ख) शिक्षण सामग्रीको सङ्कलन

(ग) शिक्षण सामग्रीको निर्माण

४. **क्रियाकलाप**

(क) सहभागीहरूलाई उनीहरूको पूर्वज्ञानका आधारमा शिक्षण सामग्रीको एकएकओटा परिभाषा तयार पार्न लगाउने ।

(ख) आ-आफ्ना परिभाषाको प्रस्तुति र छलफलका लागि सहभागीहरूलाई मद्दत गर्ने । छलफलपश्चात् सहभागीहरूमा शिक्षण सामग्रीबारे स्पष्ट धारणा तयार हुनेछ ।

**शिक्षण सामग्रीसम्बन्धी केही धारणाहरू**

- यो शिक्षण सहायक सामग्री हो ।
- यसले शिक्षण कार्यलाई सुरूचिपूर्ण वनाउँछ ।
- यसको मदतले सिकाइलाई स्थायीत्व प्रदान गर्दछ ।
- यसले विद्यार्थीहरूको ध्यानाकर्षण गर्छ ।
- यसले सिकाइलाई मूर्त वनाउन मद्दत गर्छ ।
- यसले पाठलाई सजीव र व्यावहारिक बनाउँछ ।
- सिकारूलाई उत्सुक र जिज्ञासु वनाउँछ ।
- यसले शिक्षण क्रियाकलापलाई व्यवस्थित र उपलब्धिमूलक वनाउँछ ।
- यसले सृजनशीलतालाई वढाउने कार्य गर्छ ।
- शिक्षक विद्यार्थी दुवैको सक्रियतालाई वढाउँछ ।
- यसले सिकाइलाई अर्थपूर्ण वनाउँछ ।
- यसले सिकाइलाई सहज र सरल वनाउँछ ।
- शिक्षणका उद्देश्य पूरा गर्न सहयोग गर्ने सवै सामग्री शिक्षण सामग्री हुन् ।

(ग) सामाजिक अध्ययन शिक्षणमा आवश्यक पर्ने शिक्षण सामग्रीको सङ्कलन कसरी गर्ने भन्ने प्रश्न सोधी सहभागीहरूलाई आ-आफ्ना समूहबाट प्रतिवेदन पेस गर्न लगाउने । यसो गर्नुभन्दा पहिले सामग्रीहरूको सूची तयार पार्नु श्रेयष्कर हुन्छ ।

**केही शिक्षण सामग्रीहरूको सूची**

- **आधारभूत सामग्रीहरू** : यसअन्तर्गत छापाका सामग्रीहरू पर्दछन्, जस्तै- पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भसामग्रीहरू, शिक्षक निर्देशिका, शब्दकोश ।
- **कक्षाकोठा सामग्री** : यसअन्तर्गत नियमित प्रयोगका कक्षाकोठाभित्रका सामग्रीहरू पर्दछन्, जस्तै- चक, पाटी, तस्बिर, पोस्टर आदि ।
- **पूरक सामग्री** : यसअन्तर्गत शिक्षक र विद्यार्थीनिर्मित सामग्रीहरू पर्दछन्, जस्तै- वाक्यपत्ती, शब्दपत्ती, गोजी तालिका, फ्लाटिन बोर्ड आदि ।
- **स्थानीय स्रोतमा पाइने सामग्री** : यसअन्तर्गत ऐतिहासिक स्मारकहरू, कलकारखाना, मन्दिर, सरकारी कार्यालय, घटना, प्रकृतिजस्ता कुराहरू पर्दछन् ।
- **निर्माण सामग्री तथा साधन** : यसअन्तर्गत रङ, कागज, रेडियो, टेपरिकर्डर, वृत्तचित्र आदि पर्दछन् ।

(घ) माथि उल्लेख गरिएका शिक्षण सामग्रीको सामाजिक अध्ययन शिक्षणमा के उपयोगिता छ भन्ने विषयमा सहभागीहरूबीच छलफल गराउने । सहभागी समूहले तयार पारेको प्रतिवेदनमाथि छलफल गराई निष्कर्षमा पुग्न सहभागीहरूलाई सहयोग गर्ने ।

**सामग्री सङ्कलन गर्दा ध्यान दिनुपर्ने कुराहरू प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

(ङ) यसअघि तपाईहरूले शिक्षण सामग्रीको निर्माण कसरी गर्नुभएको थियो भनी सहभागीलाई सोधी उनीहरूले बताएका तरिकाहरूलाई बुँदागत रूपमा टिपोट गर्ने । निर्माण गर्दै आइएको भन्दा सहज र प्रभावकारी उपाय केही हुन सक्छ ? भनी छलफल गर्न र अनुभव साटासाट गर्न प्रेरित गर्ने ।

## ५. मूल्याङ्कन

(क) शिक्षण सामग्री भनेको के हो ?

(ख) शिक्षण सामग्रीको सङ्कलन कसरी गर्न सकिन्छ ?

(ग) शिक्षण सामग्रीको निर्माणमा ध्यान दिनुपर्ने कुराहरू केके हुन् ?

सत्र : सातौं
समय : ३ घण्टा

## शिक्षण सामग्रीको व्यवस्थापन र प्रदर्शन

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) शिक्षण सामग्रीको व्यवस्थापनमा ध्यान दिनुपर्ने कुराहरू बताउन,
(ख) शिक्षण सामग्रीको प्रदर्शनका तरिकाहरू बताउन ।

२. **सामग्री**

(क) सामग्री व्यवस्थापनमा ध्यान दिनुपर्ने कुराहरूको सूची, सामग्री प्रदर्शनका क्रममा विचार पुऱ्याउनुपर्ने कुराहरू उल्लेख भएको सूची ।

३. **विषयवस्तु**

(क) शिक्षण सामग्रीको व्यवस्थापनमा ध्यान दिनुपर्ने कुराहरू
(ख) शिक्षण सामग्रीको प्रदर्शनमा विचार पुऱ्याउनुपर्ने कुराहरू

४. **क्रियाकलाप**

(क) शिक्षण सामग्रीको व्यवस्थापन वा भण्डारण कसरी गर्ने गर्नुभएको छ भनी सहभागीहरूलाई सोध्ने । उनीहरूका जवाफलाई सङ्कलन गरी बुँदाहरूको सूची तयार पार्ने र सहभागीहरूलाई समूहमा विभाजन गरी शिक्षण सामग्रीको व्यवस्था कसरी गर्नु राम्रो होला भन्ने विषयमा प्रतिवेदन तयार पार्न लगाउने ।

**सामग्री व्यवस्थापन गर्दा ध्यानदिनुपर्ने कुराहरू**

- विद्यालयमा भएका र शिक्षकले सङ्कलन तथा निर्माण गरेका सामग्रीहरूको सूची तयार पार्ने,
- शिक्षण सामग्रीको किसिम वा स्वरूपअनुसार सम्भव भएसम्म समूहसमूहमा विभाजन गर्ने,
- सामग्री भण्डारणका लागि विद्यालयमा भण्डार कोठाको व्यवस्था गरी विषयअनुसार छुट्टाछुट्टै राख्ने व्यवस्था मिलाउने । यदि भण्डारकोठा नभएमा दराज वा ऱ्याकमा मिलाएर अथवा भित्तामा झुन्ड्याएर राख्ने,
- जथाभावी रखाइबाट सामग्री राखेको ठाउँ बिर्सने वा सामग्री च्यातिने, फाट्ने खतरा हुन्छ तसर्थ सामग्रीको प्रयोगपश्चात् जतनसँग मिलाएर सुरक्षित ठाउँमा राख्ने,
- सामग्री हराएमा वा नोक्सान भएमा सोको जानकारी हुने बित्तिकै अर्को सामग्री तयार गरी यथास्थानमा राख्ने ।

(ख) सामाजिक अध्ययन शिक्षण गर्दा शिक्षकले शिक्षण सामग्रीहरू प्रदर्शन गर्ने समयमा केकस्ता कुरामा विचार पुऱ्याउनुपर्छ भनी सहभागीहरूबीच छलफल गराउने । आवश्यकता परे तलका बुँदाहरूको पनि सहयोग लिने ।

**सामग्री प्रदर्शनमा ध्यान दिनुपर्ने पक्षहरू**

- विद्यार्थीहरूको बौद्धिक क्षमता,

- विद्यार्थी सङ्ख्या,
- स्थानीय वातावरण
- विद्यार्थीहरूको भाषिक, सांस्कृतिक पृष्ठभूमि,
- विषयवस्तु तथा त्यसको प्रकृति
- कक्षाको स्तर,
- विद्यार्थीको अनुभवको सेरोफेरो
- पाठगत सान्दर्भिकता
- प्रयोगको प्रासङ्गिकता

## ५. मूल्याङ्कन

(क) शिक्षण सामग्रीको व्यवस्थापन गर्दा ध्यान दिनुपर्ने कुराहरू केके हुन् ?

(ख) सामग्रीको प्रदर्शन गर्दा केकस्ता कुरामा विचार पुऱ्याउनुपर्छ ?

सत्र : आठौं
समय : ३ घण्टा

# पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य सन्दर्भसामग्रीको प्रयोग तथा दुरूपयोग

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

क) पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रयोग तथा दुरूपयोगको सूची तयार पार्न,

ख) शिक्षण सिकाइमा सन्दर्भसामग्री प्रयोगको महत्व बताउन ।

२. **सामग्री**

कक्षा ९ र १० को सामाजिक शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षकनिर्देशिका, न्युजप्रिन्ट पेपर, ।

३. **विषयवस्तु**

क) पाठ्यक्रमको प्रयोग

ख) पाठ्यपुस्तकको प्रयोग

ग) सन्दर्भ सामग्रीको प्रयोग

४. **क्रियाकलाप**

**क) मस्तिस्क मन्थन**

➢ सबै सहभागीलाई माध्यमिकतहको सामाजिक शिक्षा शिक्षणमा केके पाठ्यसामग्रीहरू प्रयोग गर्दै आएका छौं ? भनी प्रश्न सोध्नुहोस् ।

➢ व्यक्तिगत उत्तरलाई कालोपाटी वा White board मा टिप्दै जानुहोस् र छलफल गराउनुहोस् ।

**ख) पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भसामग्रीको प्रयोग**

➢ सहभागीहरूलाई ४/५ समूहमा विभाजन गरी कक्षा ९ र १० को पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिकालगायतका सामग्री वितरण गर्नुहोस् ।

➢ यी सामग्रीको एकआपसमा कस्तो सम्बन्ध छ ? बुँदागत रूपमा लेख्न लगाई पालैपालो प्रस्तुतीकरण गर्न लगाई छलफल गराउनुहोस् ।

➢ पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिकालगायत सन्दर्भसामग्रीको उचित प्रयोग तथा दुरूपयोगको सूची तयार गर्न लगाई प्रस्तुतीकरण तथा छलफल गराउनुहोस् । (समूहगत रूपमा)

➢ स्वाध्ययन सामग्रीको "पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य सन्दर्भसामग्रीको प्रयोग" भन्ने पाठ अध्ययन गर्न लगाई यस सम्बन्धमा बुँदाटिपोट गर्न लगाउनुहोस् र निष्कर्ष तुलना गराउनुहोस् ।

५. **मूल्याङ्कनः**

क) हाल विद्यालयमा प्रयोग हुँदै आएका पाठ्यसामग्री तथा सन्दर्भ सामग्री केके छन् ? सूची बनाउनुहोस् ।

ख) पाठ्यक्रम र पाठ्यपुस्तकमा के भिन्नता छ ?

ग) पाठ्यसामग्रीको प्रयोग तथा दुरूपयोगसम्बन्धी सूची तयार पार्नुहोस् ।

सत्र : नवौं
समय : १:३० घण्टा

## अनियमित विद्यार्थीका लागि शैक्षणिक योजना

### १. उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) अनियमित विद्यार्थीको परिचय दिन;

(ख) अनियमित विद्यार्थीका लागि शैक्षणिक योजना तयार पार्न ।

### २. सामग्री

अनियमित विद्यार्थीलाई शिक्षण गर्दा ध्यान दिनुपर्ने कुराहरूको सूची ।

### ३. विषयवस्तु

(क) अनियमित विद्यार्थीको परिचय

(ख) अनियमित विद्यार्थीहरूका लागि शैक्षणिक योजना

### ४. क्रियाकलाप

(क) अनियमित विद्यार्थी भनेका कस्ता विद्यार्थी हुन् ? र यस्ता विद्यार्थीलाई शिक्षण गर्दा केकस्ता समस्याहरू आउँछन् भन्ने विषयमा सहभागीहरूबीच छलफल गराउने ।

(ख) छलफलबाट प्राप्त भएका समस्याहरूको सूचीलाई पाटीमा टिपोट गर्ने ।

(ग) पाटीमा टिपिएका समस्याहरूको समाधानका लागि सामाजिक शिक्षकले कस्ता खालका योजनाहरू बनाउनुपर्ला र त्यस्ता योजना बनाउँदा कुनकुन पक्षमा विचार पुऱ्याउनुपर्ला भन्ने विषयमाछलफल गराई समूहलाई निष्कर्ष प्रस्तुत गर्न लगाउने ।

(घ) समूहले आ-आफ्नो प्रतिवेदन पेस गरिसकेपछि आफूले तयार पारेको सूची प्रदर्शन गरी निष्कर्षमा पुग्न सहयोग गर्ने ।

**अनियमित विद्यार्थीलाई शिक्षण गर्दा ध्यान दिनुपर्ने कुराहरू :**

- शिक्षकले सामूहिक र वैयक्तिकमध्ये दोस्रो शिक्षण-प्रक्रियालाई अपनाउने,
- विद्यार्थी अनियमित भएको कारण पत्ता लगाउने,
- अनियमित हुनुको कारण पहिचान भएपछि विद्यार्थीसँग सोहीअनुसारको परामर्श, सहयोग वा अन्य कुनै उपचारात्मक विधि अपनाई विषयवस्तुतिर केन्द्रित गर्ने,
- कुनकुन विषयवस्तुमा अध्यापनको आवश्यकता छ निर्क्योल गरी कम समयमा विषयवस्तुलाई कसरी समेट्न सकिएला ? एउटा योजना तयार पार्ने, यसो गर्दा मिल्दाजुल्दा विषयलाई एकैचोटी सिकाउने प्रयास गर्ने,
- सिकाइनुपर्ने विषयवस्तु धेरै रहेको तर समय कम भएको अवस्थामा तहगत वा कक्षागत उद्देश्यलाई विचार गरी महत्वक्रम निर्धारण गर्ने
- कम महत्वपूर्ण पाठलाई कम समयमा परिचयात्मक शिक्षण गर्ने,

- शिक्षकसित वारम्वार भेटी प्रगतिविवरण वुझाउन र परामर्श लिन विद्यार्थीलाई प्रेरित गर्ने,
- विद्यार्थीलाई नियमित गर्न सकिने उपाय केही छ भने त्यसको खोजी गर्ने । यसका लागि अभिभावक, विद्यार्थी स्वयम् तथा विद्यालयका अन्य शिक्षक तथा प्रधानाध्यापकसँग परामर्श लिने ।
- पाठयोजना लगायतका योजनाहरू भने नियमितकै झैं वनाउनुपर्ने तर एकाइ योजना, वार्षिक योजना, आदिको खास महत्व नरहने ।

**५. मूल्याङ्कन**

(क) अनियमित विद्यार्थी भनेका कस्ता विद्यार्थी हुन् ?

(ख) अनियमित विद्यार्थीका लागि शैक्षणिक योजना वनाउँदा ध्यानदिनुपर्ने कुराहरू केके हुन् ?

सत्र : दसौँ
समय : १:३० घण्टा

## विभिन्न रुचि र क्षमता भएका विद्यार्थीहरूका लागि शैक्षणिक योजना

### १. उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) कक्षामा भिन्नभिन्न रुचि र क्षमता भएका विद्यार्थीहरू छुट्याउन,

(ख) त्यस्ता विद्यार्थीहरूका लागि शैक्षणिक योजना तयार पार्दा ध्यान दिनुपर्ने कुराहरू भन्न ।

### २. सामग्री

मेटाकार्ड, टेप, कैंची, मार्कर आदि ।

### ३. विषयवस्तु

(क) विभिन्न रुचि र क्षमता भएका विद्यार्थीहरू

(ख) त्यस विद्यार्थीहरूका लागि शैक्षणिक योजना ।

### ४. क्रियाकलाप

(क) विभिन्न रुचि र क्षमता भएका विद्यार्थीहरू कक्षामा कसरी चिन्न सकिन्छ ? भन्ने प्रश्न सोधी सहभागीहरूलाई छलफलमा संलग्न गराउने । आवश्यक परे निष्कर्षसहित त्यस्ता विद्यार्थीहरूलाई पहिचान गर्ने केही तरिका बताइदिने ।

(ख) शिक्षकले विद्यार्थीहरूको एउटा अभिलेख तयार पार्नुपर्दछ । यसमा निम्न पक्षहरू हेरिनु आवश्यक हुन्छ :

- कुन विद्यार्थीलाई कुन काम दिँदा ऊ खुसी हुन्छ ?
- ऊ कुन काम सफलतापूर्वक पूरा गर्छ ?
- कुन विषयमा बोल्न पाउँदा उ धेरै कुराहरू बोल्न सक्छ ?
- उसका सङ्गतका साथीहरू के मन पराउँछन् ?
- उसका साथीभाइबीच कुन कुराको बढी चर्चा हुन्छ ?
- ऊ फुर्सदको समय कसरी बिताउँछ ?

(ग) विद्यार्थी स्वयम्सित छलफल, कुराकानी गरेर पनि उसको रुचि क्षेत्र पत्ता लगाउन सकिन्छ ।

(घ) अभिभावक सितको भेटघाट र कुराकानीबाट विद्यार्थीको रुचिका विषयमा थाहा पाउन सकिन्छ ।

(ङ) विभिन्न रुचि र क्षमता भएका विद्यार्थीहरूका लागि शैक्षणिक योजना तयार पार्दा ध्यान दिनुपर्ने कुराहरूको सूची समूहगत रूपमा बनाउन लगाउने । प्रस्तुतीकरण र छलफल गराई निष्कर्ष दिने ।

### ५. मूल्याङ्कन

(क) विभिन्न रुचि र क्षमता भएका विद्यार्थीहरूको पहिचान कसरी गर्ने ?

(ख) त्यस्ता विद्यार्थीहरूका लागि शैक्षणिक योजना कसरी तयार पार्ने ?

# सञ्चार र सङ्गठन

सक्षमता : शिक्षकले सामाजिक अध्ययन शिक्षणका लागि आवश्यक सञ्चार र सङ्गठन सीपहरूको विकास र सुदृढीकरण गर्नेछन् ।

जम्मा घण्टा : १० जम्मा सत्र : ७

सत्र : पहिलो
समय : १:३० घण्टा

## स्वनिर्देशित विद्यार्थीका लागि सक्रिय सिकाइ

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) सक्रिय सिकाइको परिभाषा दिन र सक्रिय सिकारुका विशेषताहरू बताउन,

(ख) सक्रिय र निष्क्रिय सिकारुमा पाइने भिन्नता छुट्याउन,

(ग) स्वनिर्देशित सिकाइलाई सहयोग पुऱ्याउने स्रोतहरू पहिचान गरी शिक्षणसिकाइमा लागू गर्ने प्रतिबद्धता जनाउन ।

२. **तालिम सामग्री**

मेटाकार्ड, कार्डवोर्ड पेपर, न्युजप्रिन्ट पेपर, कैँची, रुलर, साइनपेन, मार्कर पेन, ब्लू ट्याग, OHP, ट्रान्सपरेन्सी ।

३. **क्रियाकलाप**

**(क) सक्रिय सिकाइको परिभाषा र सक्रिय सिकारुका विशेषताहरू**

१. विद्यार्थीहरू पुस्तकालयमा पढिरहेका, पुस्तक खोजिरहेका र आपसमा छलफल गरिरहेका चित्र प्रस्तुत गरी सहभागीहरूलाई अध्ययन गर्न लगाउने । निम्नानुसारको प्रश्न सोध्ने :

- चित्रमा केके देख्नुहुन्छ ?
- पुस्तकालयमा पुस्तकहरूको अध्ययन गरी सिकेजस्तै विद्यार्थीहरूले अरू कुनकुन तरिकावाट सिकाइ गर्छन् ?
- के आपसमा छलफल गरेर सिकाइ गरेमा तपाईं यसलाई सक्रिय सिकाइ मान्नुहुन्छ ?

२. सहभागीहरूलाई तपाईं कस्तो विद्यार्थीलाई सक्रिय सिकारु ठान्नु हुन्छ ? भनी प्रश्न सोध्ने । प्रत्येक सहभागीहरूलाई एकएकओटा मेटाकार्ड र साइन पेन वितरण गर्ने । एउटा मेटाकार्डमा तीनओटासम्म बुँदा लेखी प्रस्तुत गर्न लगाउने ।

३. सहभागीहरूमध्ये एकजनालाई Volunteer हुन लगाई कार्डहरूलाई पिनवोर्डमा टाँस्न लगाउने । टाँसिसकेपछि एकएक गर्दै पढ्दै वर्गीकरण गर्न लगाउने । वर्गीकरण गर्दा सहभागीहरूको सहमतिमा

गर्न लगाउने । प्रशिक्षकले सो कार्यमा, सहजीकरण मात्र गर्ने । अन्त्यमा सहभागीहरूबाट नसमेटिएका बुँदाहरूलाई समेट्दै प्रशिक्षकले निष्कर्ष दिने :

**(यसका लागि सहयोगीले दिने निष्कर्ष प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

**(ख) सक्रिय र निष्क्रिय सिकारुका भिन्नता**

१. न्युजप्रिन्ट पेपरमा निम्नानुसार तालिका लेखी सहभागीहरूलाई दिने र हरेक सहभागीलाई सक्रिय र निष्क्रिय सिकारुका बीचमा पाइने एकएकओटा भिन्नता लेख्न लगाउने ।

| सक्रिय सिकारु | निष्क्रिय सिकारु |
|---|---|
| | |

२. प्रत्येक सहभागीहरूबाट एकएकओटा भिन्नता लेखिएको चार्टलाई बोर्डमा प्रदर्शन गरी एकजना सहभागीलाई पढ्न लगाउने । अस्पष्ट बुँदाहरूलाई प्रष्ट पार्न लगाउने । अन्त्यमा सहभागीहरूका बुँदाहरूलाई समेटी प्रशिक्षकले OHP बाट सक्रिय सिकारु र निष्क्रिय सिकारुका बीचको भिन्नता प्रस्ट पार्ने । अस्पष्ट बुँदाहरूमा आपसी छलफल तथा अन्तर्क्रिया गरी प्रस्ट पार्ने ।

| सक्रिय सिकारु | निस्क्रिय सिकारु |
|---|---|
| १. सिकाइलाई सोचाइ (Thinking) का रूपमा लिन्छन् । अर्थात् सोचाइको तहमा पुगेर सिकाइ गर्छन् । | १. सिकाइलाई सम्झाइ (Remembering) को रूपमा लिन्छन् । |
| २. पाठ्यपुस्तक पढ्छन्, अवधारणा प्रष्ट हुनेगरी Note तयार पार्छन् र उक्त नोट पुनरावलोकन गर्छन् । | २. पाठ्यपुस्तक पढ्छन्, केही नोट तयार गर्छन् र उक्त नोट सम्झनाका लागि थुप्रै समय खर्च गर्छन् । |
| ३. अध्ययन समयलाई दक्षतापूर्वक सदुपयोग गर्छन् । मुख्य अवधारणा र विवरणलाई सम्झन केन्द्रित हुन्छन् । | ३. अध्ययनको प्रशस्त समय खेर फाल्ने वा दुरुपयोग गर्ने गर्छन् । |
| ४. सूचनाहरू सम्झन सक्छन् र ती सूचना/जानकारीहरूलाई अरू धेरै विभिन्न सन्दर्भहरूमा स्थानान्तरण वा प्रयोग गर्न सक्छन् । | ४. सूचनाहरू सम्झन सक्षम हुनसक्छन् तर ती सूचनाहरूको प्रयोग पाठ्यपुस्तकका सन्दर्भको अतिरिक्त अरू सन्दर्भमा गर्न सक्दैनन् । |
| ५. सूचनाहरूलाई परीक्षामा सोधिने विभिन्न प्रकारका प्रश्नहरूको जवाफ दिनमा प्रयोग गर्न सक्छन् । | ५ परीक्षामा आफूले सम्झेको विषयवस्तुसँग मिल्दोजुल्दो प्रश्न सोधिएन भने दोधार वा अल्मलिने हुन्छन् । |

| | |
|---|---|
| ६. आधारभूत अवधारणाहरूको खोजी गर्छन् र ती अवधारणाहरूलाई संरचनाको रूपमा प्रयोग गर्छन् । जसमा द्वितीयक (Secondary) अवधारणा र विवरणहरू बन्न सकून् । सूचनाहरूलाई विभिन्न अवस्थाहरूमा प्रयोग गर्न सक्छन् । | ६. पाठ्यपुस्तकमा उक्त शब्द वा वाक्य कहाँ छ त्यो हेर्नमा मात्र प्रवृत्त हुन्छन् न कि विचार र अवधारणालाई विभिन्न अवस्थामा प्रयोग योग्य बनाउन । |

**(ग) स्वनिर्देशित सिकाइका निम्ति सामाजिक शिक्षकको भूमिका**

१. "सक्रिय सिकारुहरू स्वनिर्देशित हुन्छन् । त्यसैले कक्षाकोठामा सक्रिय रूपमा सिकाइमा भाग लिन्छन् । समस्याको समाधान गर्छन्, प्रश्नको उत्तर दिन्छन्, आफैँ प्रश्न निर्माण गर्छन्, व्याख्या वादविवाद तथा मस्तिष्क मन्थनजस्ता कार्य गरी सिकाइमा उच्च र सक्रिय सहभागिता देखाउँछन् भन्दै सहभागीहरूलाई निम्नलिखित प्रश्न सोध्ने :

"विद्यार्थीहरूलाई स्वनिर्देशित सिकाइका निम्ति सामाजिक शिक्षकले कसरी सहयोग पुऱ्याउन सक्छन् ?" दुईदुईजनाको जोडी बनाई छलफल गर्न लगाउने । छलफलपश्चात् प्रस्तुति गर्न लगाउने । हरेक जोडीबाट प्रस्तुति भइसकेपश्चात् प्रशिक्षकले निष्कर्ष प्रस्तुत गर्ने :

**(यसका लागि प्रशिक्षकले निष्कर्ष दिने विषयवस्तु प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

२. सहभागीहरूलाई निम्नलिखित प्रश्न सोधी छलफल गराउने ।

- तपाईंले पढाउने कक्षामा निष्क्रिय र सक्रिय सिकारुमध्ये कुनचाहिँ विद्यार्थी बढी छन् ?
- सक्रिय सिकाइ गर्ने विद्यार्थीलाई अझ बढी सक्रिय बनाउने प्रयास गर्नुभएको छ ? कसरी ?
- निष्क्रिय विद्यार्थीलाई सक्रिय बनाउने प्रयास गर्नु भएको छ ? कसरी ? माथि छलफल गरिएअनुसारका उपायहरू कहिल्यै अपनाउनुभएको छ ?
- विद्यार्थीहरूलाई स्वनिर्देशित सिकाइप्रति जागरुक गराउन तपाईंको विद्यालयको वातावरण सकारात्मक र उपयुक्त छ ? भए केके छ ?
- विद्यार्थीलाई किन सक्रिय पार्नुपर्छ ?
- सिक्ने तपाईंले कि विद्यार्थीले ?

**४. मूल्याङ्कन**

(क) सक्रिय सिकाइको परिभाषा र सक्रिय सिकारुका विशेषताहरू बताउनुहोस् ।

(ख) सक्रिय र निष्क्रिय सिकारुमा पाइने भिन्नता छुट्याउनुहोस् ।

सत्र : दोस्रो
समय : १:३० घण्टा

# सक्रिय सिकाइका लागि उत्प्रेरणाका तरिकाहरू

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) उत्प्रेरणाको आधारभूत सिद्धान्त बताउन,

(ख) कक्षाकोठामा विद्यार्थीहरूलाई सिकाइप्रति अभिप्रेरित गर्ने तरिकाहरू पहिचान गर्न,

(ग) विद्यार्थीहरूलाई स्वअभिप्रेरित बनाउने सन्दर्भमा शिक्षकको भूमिका पहिल्याउन ।


२. **सामग्री**

कार्डबोर्ड पेपर, न्युजप्रिन्ट पेपर, मेटाकार्ड, रुलर, कैंची, गम

३. **क्रियाकलाप**

**(क) उत्प्रेरणाका आधारभूत सिद्धान्त**

(अ) सहभागीहरूलाई तलको चित्र देखाई छलफल गराउने ।




निम्नलिखित प्रश्न सोध्ने :

– चित्रमा के देख्नुहुन्छ ?

– के यस्तो चित्र तपाईंहरू पनि बनाउन सक्नुहुन्छ ?... ... ... ...

(आ) सहभागीहरूलाई पुनः निम्नलिखित प्रश्न सोध्ने :




सहभागीहरूलाई तीनतीनजाको समूहमा विभाजित हुन लगाई छलफल गर्न लगाउने । छलफलबाट प्राप्त बुँदाहरूलाई कार्डबोर्ड पेपरमा लेखी प्रस्तुत गर्न लगाउने । हरेक समूहबाट प्रस्तुत भइसकेपछि छलफल गराउने । अन्त्यमा प्रशिक्षकले अभिप्रेरणाका सिद्धान्तहरू OHP बाट देखाई छलफल गर्दै निचोड दिने ।

**उत्प्रेरणाका सिद्धान्तहरू**

१. उपयुक्त सिकाइ वातावरणले विद्यार्थीहरूको सिकाइप्रति ध्यानकेन्द्रित गराउन सक्छ । जुन शिक्षकले उपयुक्त सिकाइ वातावरण सिर्जना गरेर पढाउँछन्, विद्यार्थीहरूमा उक्त कक्षाप्रति र शिक्षकप्रति पनि सकारात्मक अभिवृत्तिको विकास हुन्छ । खासगरी रोचक श्रव्य सामग्रीहरू, जस्तै- बुकलेट्स, पोष्टर, उपकरणहरू आदिको प्रयोगले विद्यार्थीहरूको ध्यानाकर्षण गर्नुको साथै उत्सुकता उत्पन्न गराई उनीहरूलाई अभिप्रेरित गर्छ ।

२. प्रोत्साहनले विद्यार्थीहरूलाई सिकाइप्रति अभिप्रेरित गराउँछ । प्रोत्साहन भन्नाले शिक्षकले विद्यार्थीलाई उपलब्ध गराउने सुविधा वा पुरस्कार वा हौसला हो । हौसला वा पुरस्कारविना विद्यार्थीहरू स्वअभिप्रेरित हुन सक्तैनन् ।

३. आन्तरिक अभिप्रेरणा वाह्य अभिप्रेरणाभन्दा बढी दिगो र स्वनिर्देशित हुन्छ । यसका लागि शिक्षकले विद्यार्थीहरूलाई उपयुक्त तरिकाले सम्बलन र सहयोग प्रदान गर्नुपर्छ ।

४. जब सिकारु सिक्नका लागि तयार हुन्छ त्यसवेला सिकाइ बढी प्रभावकारी हुन्छ । जब विद्यार्थीहरू सिक्नका लागि तत्पर हुन्छन् तब शिक्षकले उनीहरूलाई अझ प्रोत्साहित गर्दै त्यसको विकासमा जोड दिनुपर्छ ।

५. सङ्गति शैक्षिक सामग्रीहरूको प्रयोगले अभिप्रेरणालाई बढावा दिन्छ ।

(इ) तपाईंको कक्षा शिक्षणमा अभिप्रेरणाका उपर्युक्त सिद्धान्तहरूको प्रयोग कतिहदसम्म लागू हुन सकेको छ ? प्रश्न सोध्दै उदाहरणसहित आ-आफ्ना अनुभवको आदानप्रदान गर्न लगाउने ।

**(ख) अभिप्रेरणाका तरिकाहरू**

१. शिक्षणका क्रममा विद्यार्थीहरूलाई सिकाइप्रति अभिप्रेरणा जगाउने कार्य कक्षाको सुरुमा, वीचमा र अन्त्यमा कसरी गर्न सकिन्छ भनी प्रश्न सोध्दै सहभागिहरूलाई तीन समूहमा विभाजन गर्ने । हरेक समूहलाई निम्नलिखित कार्य गर्न लगाउने ।

समूह 'क' कक्षाको सुरुमा विद्यार्थीलाई कसरी अभिप्रेरित गर्ने ?

समूह 'ख' कक्षाको बीचमा विद्यार्थीलाई कसरी अभिप्रेरित गर्ने ?

समूह 'ग' कक्षाको अन्त्यमा विद्यार्थीलाई कसरी अभिप्रेरित गर्ने ?

२. एक समूहले तयार गरेको चार्टलाई अर्को समूहले अध्ययन गरी थप गर्ने अवसर प्रदान गर्ने । अन्त्यमा सबै समूहबाट प्रस्तुत बुँदाहरूमा छलफल गराउँदै तिनलाई समेटेर प्रशिक्षकले निम्नानुसारको निष्कर्ष दिने ।
विद्यार्थीहरूलाई कक्षाशिक्षणमा अभिप्रेरित गर्ने तरिकाहरू
**(यसका लागि प्रशिक्षकले दिने निष्कर्ष प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

३. सहभागीहरूलाई निम्नानुसारको चार्ट प्रदर्शन गर्दै अध्ययन गर्न लगाउने ।

अभिप्रेरणाका तरिकाहरू

- सकारात्मक सिकाइ वातावरणको सिर्जना गर्ने ।
  - विद्यार्थीहरूको अत्मविश्वास र आत्मसम्मानको लागि वारम्वार सकारात्मक पृष्ठपोषण दिने ।
  - विद्यार्थीहरूको सिकाइप्रतिको प्रयासलाई सहयोग गर्ने ।
  - कक्षाकोठाको वातावरण सकारात्मक बनाउने जसले प्रभावकारी सञ्चार र छलफललाई बढावा देओस् ।
  - विद्यार्थीलाई न त बढी सजिलो न त बढी अप्ठ्यारो तर ठीकको कार्य दिने वा अभ्यास गर्न लगाउने ।
  - विद्यार्थीले गर्नुपर्ने कार्य वा अभ्यासका बारेमा स्पष्ट व्याख्या गरिदिने ।
- विद्यार्थीहरूलाई कक्षाकार्य वा परियोजना कार्य किन गर्न दिइएको भन्ने बारेमा उद्देश्य स्पष्ट पार्ने ।
- विद्यार्थीहरूलाई कक्षा कार्य पूरा गरेपश्चात् पुरस्कार पाइन्छ भन्ने निश्चित भएपश्चात उनीहरू अभिप्रेरित हुन्छन् ।
- विद्यार्थीहरूलाई सिकाइमा सक्रिय सहभागी हुने अवसर भएमा उनीहरू सिकाइप्रति अभिप्रेरित हुन्छन् ।
- समूहकार्य विद्यार्थीहरूलाई अभिप्रेरित गर्ने अर्को उपाय हो । समूहकार्यबाट विद्यार्थीहरू एकापसमा अनुभव आदानप्रदानबाट सिकाइ गर्छन् ।

**(ग) विद्यार्थीहरूलाई स्वअभिप्रेरित बनाउन शिक्षकको भूमिका**

१. विद्यार्थीहरू कसरी स्वअभिप्रेरित (Self-motivated) हुन्छन् भनी सहभागीहरूलाई प्रश्न गर्ने । सहभागीहरूलाई एकएकओटा मेटाकार्ड उपलब्ध गराई आ-आफ्नो विचार लेख्न लगाउने । सहभागीहरूबाट प्राप्त विचारहरूलाई समेट्दै प्रशिक्षकले निम्नानुसारको निष्कर्ष दिने ।

- विद्यार्थीहरूलाई बारम्वार सकारात्मक पृष्ठपोषण प्रदान गर्ने जसले विद्यार्थीहरूलाई राम्रो सिकाइ गर्न सकिन्छ भन्ने विश्वास जगाउँछ ।
- न त धेरै सजिलो न त धेरै अप्ठ्यारो तर ठीकको कक्षा कार्य दिएर विद्यार्थीहरूको सफलताको अवसर सुनिश्चित गर्ने ।
- खुला र सकारात्मक वातावरण सिर्जना गर्ने ।
- विद्यार्थीहरूलाई आफूहरू सिकाइ समुदाय (Learning community) को मान्यताप्राप्त सदस्य हुँ भन्ने अनुभव गर्नका लागि सहयोग गर्ने ।

२. सहभागीहरूलाई निम्नलिखित प्रश्न सोधी आ-आफ्ना अनुभवको आदानप्रदान गर्न लगाउने ।

- कक्षाकोठामा विद्यार्थीहरूलाई सिकाइप्रति अभिप्रेरित गर्न माथि उल्लेख गरिएका तरिकाहरू अपनाउने गर्नुहुन्छ ? अरू फरक वा भिन्न केके तरिकाहरू अपनाउँदै आउनुभएको छ ?

- विद्यार्थीलाई Self motivated बनाउन उपर्युक्त तरिकाहरू तपाईंको विद्यालयको परिवेशमा कत्तिको सान्दर्भिक ठान्नुहुन्छ ?

३. सहभागीहरूबाट प्रस्तुत हुने अनुभवहरूलाई समेट्दै प्रशिक्षकले विद्यार्थीहरूलाई सिकाइप्रति अभिप्रेरित गराउन योगदान पुऱ्याउने तत्वहरूका बारेमा निष्कर्ष दिई सेसन अन्त्य गर्ने ।

**विद्यार्थीहरूलाई सिकाइप्रति अभिप्रेरित गराउन योगदान पुऱ्याउने तत्वहरू :**

- शिक्षकको उत्साह
- अध्ययन गर्ने विषयवस्तुको सान्दर्भिकता
- अध्ययन गरिने कोर्सको (Course) सङ्गठन
- सामग्रीको उपयुक्त कठिनाइ स्तर
- विविधता
- शिक्षक र विद्यार्थीबीचको घनिष्ट सम्बन्ध
- उपयुक्त, ठोस र बुझ्न सकिने उदाहरणहरूको प्रयोग
- पुरस्कार
- Inductive विधिको प्रयोगबाट शिक्षण
- विद्यार्थीहरूका आधारभूत आवश्यकताहरू जस्तै बाँच्ने स्वतन्त्रता, माया, रमाइलोपन आदिलाई महत्व दिने
- चित्र, डायग्राम, हस्तनिर्मित चित्र चार्ट, ग्राफ, सूची, त्रिआयामिक वस्तु आदिको प्रयोग ।

४. **मूल्याङ्कन**

(क) उत्प्रेरणाको आधारभूत सिद्धान्त केके हुन् ?

(ख) कक्षाकोठामा विद्यार्थीहरूलाई सिकाइप्रति अभिप्रेरित गर्ने तरिकाहरू बताउनुहोस् ।

(ग) विद्यार्थीहरूलाई स्वअभिप्रेरित बनाउने सन्दर्भमा शिक्षकको भूमिका केके हुन सक्छन् ?

| सत्र : तेस्रो र चौथो<br>समय : ३ घण्टा | सामाजिक परिचालन |
|---|---|

१. **उद्देश्यहरू**

यो सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

(क) सञ्चारका विधिहरू उल्लेख गर्न,

(ख) सामाजिक लेखाजोखाको अर्थ बताउन,

(ग) सामाजिक परिचालनका तरिकाहरू पहिल्याउन,

(घ) विद्यालय र सरोकारवालाहरूबीचको सम्बन्ध सुनिश्चित गर्ने उपायहरू पहिल्याउन ।

२. **विषयवस्तु**

(क) सञ्चारका विधिहरू

(ख) सामाजिक लेखाजोखा

(ग) सामाजिक परिचालनका तरिकाहरू

(घ) विद्यालय र सरोकारवालाहरूबीचको सम्बन्ध सुदृढ गर्ने उपायहरू

३ **क्रियाकलाप**

(क) • **सञ्चारका विधिहरू** (Approaches to Communication)

१. सहभागीहरूलाई निम्नलिखित क्रियाकलाप गराउने :

तपाईंहरू एकछिन आँखा चिम्लनुहोस् । कल्पना गर्नुहोस् कि यतिखेर तपाईं आफ्नो समुदायमा हुनुहुन्छ । तपाईंको समुदायमा विभिन्न जातजाति, धर्म, परम्परा, रीतिरिवाज, भेषभुषा भएका मानिसहरू बसोबास गर्छन् । त्यहाँ निरक्षर, साक्षर, तथा शिक्षित मानिसहरू बस्छन् । उनीहरू एकआपसमा विचारको आदानप्रदान गर्दा कस्तो सञ्चार प्रक्रिया अपनाउँछन् ? अर्थात् उनीहरू एकले अर्कालाई कसरी सचेत गराउँछन् ? कसरी जानकारी दिन्छन् ? कसरी मनोरञ्जन दिन्छन् ? यी पक्षहरूमा विचार गर्नुहोस् । अब बिस्तारै आँखा खोल्नुहोस् । प्रश्नको जवाफ आआफ्नो कापीमा टिप्नुहोस् ।

२. अब सहभागीहरूलाई तीनतीनजनाको समूहमा कुराकानी गर्न लगाउने र समूहगत प्रस्तुति गर्न लगाउने । सहभागीहरूका विचार यस्ता हुनसक्छन् :

- गीत गाएर वा नाचगान गरेर
- कराएर वा चिच्याएर
- रोएर
- पुकार गरेर
- उद्घोषण गरेर
- लोककथा भनेर
- उखानटुक्काहरू प्रयोग गरेर
- एकआपसमा कुराकानी गरेर
- अल्मल्याउने प्रश्न गरेर
- पात बजाएर
- धर्मानुष्ठान (जस्तै -विवाह, किरिया आदिमा गरिने )
- चाडपर्व, जात्रा आदि मनाएर
- सिठी बजाएर
- बाजा बजाएर
- मुरली बजाएर

३. सहभागीहरूबाट प्रस्तुत बुँदाहरूलाई समेटेर प्रशिक्षकले सामाजिक विकास तथा परिचालनका लागि सञ्चारका विधिहरू केके हुन सक्छन् भन्नेबारे निचोड दिने ।
**(यसका लागि प्रशिक्षकले दिने निष्कर्ष प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

४. सामाजिक विकास तथा परिचालनका लागि सञ्चारका उपर्युक्त विधिहरूका साथै प्रभावकारी सञ्चारका तरिकाका बारेमा प्रशिक्षकले सहभागीहरूबीच समूहगतरूपमा व्यापक छलफल र प्रस्तुतीकरणसमेत गर्न लगाई निचोड दिने ।

**(ख) सामाजिक लेखाजोखा** (Social Auditing)

१. सहभागीहरूलाई निम्नलिखित प्रश्न सोध्ने :
सामाजिक लेखाजोखा भनेको के हो ?

२. हरेक सहभागीलाई १/१ ओटा मेटाकार्ड उपलब्ध गराई सोधिएको प्रश्नको उत्तर लेख्न लगाउने ।

३ सहभागीहरूलाई ४/४ जनाको समूहमा विभाजित हुन लगाउने, आपसमा छलफल गराई समूहगत प्रस्तुतीकरण गर्न लगाउने ।

४. सहभागीहरूबाट प्रस्तुत बुँदाहरूलाई समेत समेट्दै प्रशिक्षकले निष्कर्ष दिने ।
(यसका लागि सहयोगीले दिने निष्कर्ष विषयवस्तु प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)

**केही परिभाषाहरू**

- Social andit is a method for organization to plan activities and to monitor both the internal and external consequencies of the organizations social and commercial operation.
- Social andit is a process, which enables organization and agencies to assess and demostrate their social community and environmental benefits and limitations.
- It is way to measure the extent to which an organization lives upto the shared values and objectives it has commited itself to promote.
  Source: M social andit tool kid (1997) Freer Spreckley. social enterprise partnership

**(ग) सामाजिक परिचालनका तरिकाहरू** (Social Mobilization Techniques)

१. सहभागीहरूलाई विस्तारै आँखा चिम्लन लगाउने, विस्तारै विस्तारै आ-आ-आफ्नो विद्यालय र यसको सम्पूर्ण अवस्थालाई सम्झन लगाउने । विद्यार्थीको आर्थिक, भौतिक, शैक्षिक आदि पक्षमा समाज / समुदायको के-कस्तो सहयोग प्राप्त भएको छ ? ती सहयोगका क्षेत्रहरू सम्झन लगाउने । शिक्षकका तर्फबाट पनि समाज वा समुदायको विकासमा केकस्ता रचनात्मक सहयोगहरू भएका छन् । सो समेत सम्झन लगाउने । त्यसपछि सहभागीहरूलाई विस्तारै आ-आफ्नो आँखा खोल्न लगाउने । सम्झेका कुराहरू निम्नानुसारको खाकामा लेख्न लगाउने ।

| समुदायले विद्यालयलाई पुऱ्याएको सहयोग | शिक्षकले समुदायको विकासमा पुऱ्याएको सहयोग |
|---|---|
| | |

२. चारजनाको समूह निर्माण गरी आआफूले लेखेका कुराहरू आपसमा आदानप्रदान गर्न लगाउने । समुदायले विद्यालयलाई र विद्यालयले पनि समुदायलाई पुऱ्याउन सक्ने सहयोगका बारेमा समेत सामूहगत छलफल गराउने । समूहगत प्रस्तुतीकरण गर्न लगाउने ।

३. माथिकै प्रसङ्गलाई जोडदै समुदाय परिचालन भनेको के हो भनी प्रश्न सोधी भन्न लगाउने ।

४. सहभागीइहरूबाट प्रस्तुत भएका बुँदाहरूमा आपसी छलफल गराउँदै प्रशिक्षकले समुदाय परिचालनको अवधारणा उद्देश्य र कार्यक्रमका बारेमा छोटो व्याख्या गरिदिने ।
**(यसका लागि सहयोगी विषयवस्तु प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

५. तपाईंको विद्यालय र समुदायको सन्दर्भमा केकस्ता समुदाय/सामाजिक परिचालन कार्यक्रमहरू सञ्चालित छन् भन्ने प्रश्न सोध्ने । हरेक सहभागीलाई व्यक्तिगत रूपमा लेख्न लगाई दुईदुईजनाको जोडीमा छलफल गर्न लगाउने । प्रत्येक जोडी समूहबाट प्रस्तुतीकरण गर्न लगाई सामूहिक छलफल गर्न लगाउने ।

६. समुदाय /सामाजिक परिचालन कार्यक्रमहरूको सूची प्रदर्शन गरी प्रशिक्षकले छोटो व्याख्यासहित स्पष्ट पार्ने । समुदाय /सामाजिक परिचालन कार्यक्रमहरू :

- सचेतना गोष्ठी
- सडक र स्टेज नाटक सञ्चालन
- आमभेला
- घरदैलो भेटघाट
- वाल पेन्टिङ
- वक्तृत्वकला सञ्चालन
- बालऱ्याली
- लोकगीत प्रतियोगिता
- भिडियो प्रदर्शन

**(ङ) विद्यालय र सरोकारवालाहरूबीचको सम्बन्ध सुनिश्चित गर्ने उपायहरू**

१. विद्यालय र सरोकारवालाहरूबीचको सम्बन्ध सुदृढ गर्नका लागि सामाजिक शिक्षकको हैसियतले तपाईंले केकस्ता कार्यहरू गर्दै आउनुभएको छ ?

२. हरेक सहभागीलाई मेटाकार्ड उपलब्ध गराई २/३ ओटा बुँदाहरू लेख्न लगाई प्रस्तुत गर्न लगाउने । सहभागीहरूबाट प्रस्तुत भएका बुंदाहरू टिप्दै जाने । बुँदाहरूलाई वर्गीकरण गर्न लगाउने । सामूहिक रूपमा छलफल गराउने ।

३. विद्यालय र सरोकारवालाहरूबीचको सम्बन्ध सुनिश्चित गर्ने उपायहरूका सन्दर्भमा प्रशिक्षकले सहभागीहरूबीच प्रश्नोत्तर तथा छलफल गराई निष्कर्ष दिने ।
**(यसका लागि सहयोगी विषयवस्तु प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

४. विद्यालय र सरोकारवालाहरूबीचको सम्वन्ध सुनिश्चित गर्ने उपर्युक्त उपायहरू सहभागी शिक्षकहरूले अपनाए नअपनाएको बारेमा रुजु गर्न लगाई आ-आफ्नो अनुभवहरू प्रस्तुत गर्न लगाउने ।

४. **मूल्याङ्कन**

(ख) सामाजिक लेखाजोखाको अर्थ बताउनुहोस् ।

(ग) सामाजिक परिचालनका तरिकाहरू केके हुन् ?

(घ) विद्यालय र सरोकारवालाहरूबीचको सम्बन्ध सुनिश्चित गर्ने उपायहरू केके हुन सक्छन् ?

सत्र : पाँचौं र छैटौं
समय : ३ घण्टा

# शैक्षिक नेतृत्वको ग्रहण र स्थानान्तरण

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) नेतृत्व विकासका विधिहरू बताउन,
(ख) नेतृत्व ग्रहण गर्ने तरिका पहिल्याउन,
(ग) नेतृत्व हस्तान्तरण गर्ने तरिकाहरू बताउन,
(घ) निर्णय क्षमताको निर्माण गर्ने उपायहरू पहिल्याउन ।

२. **विषयवस्तु**

(क) नेतृत्व विकासका विधिहरू
(ख) नेतृत्व ग्रहण गर्ने तरिका
(ग) नेतृत्व हस्तान्तरण गर्ने तरिका
(घ) निर्णय क्षमताको निर्माण गर्ने उपायहरू


३. **तालिम सामग्री**

मार्कर, मेटाकार्ड, स्केल, साइनपेन, टेप, कैंची, काडबोर्ड पेपर, न्युजप्रिन्ट पेपर ।

४. **क्रियाकलाप**

(क) **नेतृत्व विकासका विधिहरू**

१. सहभागीहरूलाई तलको चार्ट अवलोकन गर्न लगाई आफ्ना विचारहरू पालैपालो प्रस्तुत गर्न लगाउने ।




२. सहभागीहरूलाई प्रश्न सोध्ने

- नेतृत्वकर्ताहरू अरूभन्दा केके कुरामा भिन्न हुन्छन् ?
- नेतृत्वकर्ताहरूले अरूले भन्दा केकस्ता फरक व्यवहार गर्छन् ?

३. सहभागीहरूका उत्तरहरूलाई समेटेर प्रशिक्षकले नेतृत्वकर्तामा हुनुपर्ने विशेषता/गुण उल्लेख भएको चार्ट देखाउँदै छोटो व्याख्यासहित निष्कर्ष दिने ।

**(यसका लागि सहयोगी विषयवस्तु प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

प्रभावकारी नेतृत्व निम्नलिखित गुणहरूमा भर पर्छ :

- सुपरिवेक्षण गर्ने खुवी
- सफलताको निम्ति उत्तरदायित्व खोज्ने
- सिर्जनात्मक र शाब्दिक खुवी
- कारण खोज्ने र सोच्ने क्षमता
- निर्णय र समस्या समाधान गर्ने क्षमता
- आत्मविश्वास
- नयाँ कुरा सुरु गर्ने व्यापक पहलशक्ति

नेतृत्व व्यवहार गुण/विशेषता

- प्रभावकारी सञ्चार सीप
- सहयोगी भावना
- परामर्श लिने सीप
- अरूको रुचि, इच्छाको आदर
- अन्य सहकर्मी शिक्षकको इच्छाको प्रतिनिधित्व
- समन्वय गर्ने
- जिम्मेवारी लिने एवम् बाँड्ने क्षमता

नेतृत्वकर्ताका व्यवहार

- निर्देशनात्मक नेतृत्व (Directive leadership)
- सहयोगी नेतृत्व (Supportive leadership)
- सहभागितात्मक नेतृत्व (Participative leadership)
- उपलब्धिमुखी नेतृत्व (Achievement oriented leadership)

४. सहभागीहरूलाई निम्नलिखित प्रश्न सोध्ने -
नेतृत्वसीपको विकास गर्न के गर्नुपर्ला ?
हरेक सहभागीहरूलाई उत्तर लेख्नका लागि मेटाकार्ड र मार्कर उपलब्ध गराउने । पालैपालो पिनबोर्डमा मेटाकार्ड टाँस्न लगाउने । वर्गीकरण गर्ने । आपसी छलफल गराउने ।

५. प्रशिक्षकले निम्नलिखित निष्कर्ष दिने :
नेतृत्व सीपको विकास गर्न गर्नुपर्ने कार्यहरू
**(निष्कर्षको विषयवस्तु प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

**(ख) नेतृत्व ग्रहण गर्ने तरिका**

१. प्रशिक्षकले सहभागीहरूलाई नेतृत्वकर्ता हुनका लागि तीनओटा शब्दहरू BE, KNOW and DO का बारेमा थाहा पाउनुपर्ने कुरा बताउने । अर्थात् नेतृत्वकर्ता हुनका लागि आफू कस्तो हुनुपर्छ ? केके कुरा जान्नु अर्थात् थाहा पाउनु आवश्यक छ ? र के गर्नुपर्छ ? बारेमा स्पष्ट हुनुपर्छ भन्दै यी तीन शब्दहरूका बारेमा स्पष्ट पार्ने ।

**नेतृत्वकर्ता हुन वा नेतृत्व ग्रहण गर्न**

- व्यावसायिक बन्नुहोस् । संस्था/विद्यालयप्रति जिम्मेवार बन्नुहोस् । जिम्मेवारी ग्रहण गर्नुहोस् ।
- राम्रा गुणहरू भएको व्यावसायिक बन्नुहोस् । जस्तै : इमान्दार, सक्षम, प्रतिवद्ध, सार्हसिलो, सीधा साधापन, सहनशील हुने
- नेतृत्वका चारतत्वहरूको बारेमा थाहा पाउनुहोस् । अनुशरणकर्ता, नेतृत्वकर्ता, सञ्चार र परिस्थिति
- आफैंले आफैंलाई चिन्नुहोस् । सवल र कमजोर पक्षहरू, (ज्ञान र सीप)
- माननीय स्वभावलाई बुझ्नुहोस् । मानवीय आवश्यकता, (संवेग, तनाव)

- आफ्नो कार्यका बारेमा थाहा पाउनुहोस् । प्रवीण हुनुहोस् र अरूलाई तालिम दिन सक्ने हुनुहोस् ।
- आफ्नो संस्थालाई चिन्नुहोस् । संस्थाको संस्कृति तथा वातावरण बुझ्नुहोस् ।
- मार्गदर्शन, उद्देश्य निर्माण, समस्या समाधानमा निर्णय प्रक्रियामा, योजना निर्माणमा प्रदान गर्नुहोस् ।
- प्रभावकारी सञ्चार गर्नुहोस् । समन्वय गर्नुहोस् । विद्यार्थीका कार्यको सुपरिवेक्षण तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाउनुहोस् ।
- अभिप्रेरित गर्नुहोस् ।

२. उपर्युक्त कुराहरूमा कायम अन्तर्क्रिया तथा छलफल गराएपश्चात् प्रशिक्षकले निम्नलिखित प्रश्न सोधी समूहकार्य गर्न लगाउने ।
शैक्षिक नेतृत्वकर्ताका रूपमा शिक्षकले विद्यालय/कक्षाकोठामा केकस्तो भूमिका निर्वाह गर्छन् ? केके कार्यहरू गर्छन् ?

३. सहभागीहरूबाट समूहगत रूपमा निष्कर्ष प्रस्तुत भएपछि पृष्ठपोषण आदानप्रदान गर्न लगाउने । अन्त्यमा प्रशिक्षकले शैक्षिक नेतृत्वकर्ताको रूपमा शिक्षकको भूमिका र कार्यहरूका बारेमा निष्कर्ष दिई छोटकरीमा व्याख्यासमेत गर्ने ।
**(निष्कर्षको विषयवस्तु प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

**(ग) नेतृत्व हस्तान्तान्तरण गर्ने तरिकाहरू**

- सहभागीहरूलाई नेतृत्व हस्तान्तरण गर्ने तरिकाहरूका बारेमा एकापसमा छलफल तथा अन्तर्क्रिया गराई प्रष्ट पार्ने ।
- उपर्युक्त अवस्थाहरू सहभागीहरूको आ-आफ्ना विद्यालयहरूमा भए नभएको बारेमा अनुभवको आदानप्रदान गर्न लगाउने ।

**(घ) निर्णय क्षमताको निर्माण गर्ने उपायहरू**

१. व्यावसायिक शिक्षकका हैसियतले सहभागीहरूले आफ्नो शिक्षण जीवनकालमा गरेका निर्णयहरूमध्ये महत्वपूर्ण दुईओटा निर्णयहरू लेख्न लगाउने । लेख्नका लागि निम्नलिखित ढाँचा उपलब्ध गराउने ।

| मैले आफ्नो जीवनमा गरेका महत्वपूर्ण दुई निर्णयहरू : |
|---|
| ■ ... ... ... ... ... ... ... ... ... ... ... |
| ■ ... ... ... ... ... ... ... ... ... ... ... |


२. सहभागीहरूलाई एकछिन आँखा चिम्लन लगाई जीवनकालमा आफूले गरेका विभिन्न निर्णयहरू सम्झन लगाउने । ती निर्णयहरूमध्ये कुनै एउटा निर्णय सम्झन लगाउने जुन निर्णयले नकारात्मक परिणति ल्याएको होस् । विस्तारै आँखा खोल्न लगाई सम्झेको निर्णय मेटाकार्डमा लेख्न लगाउने । निम्नलिखित प्रश्न सोधी उत्तर भन्न लगाउने :

- निर्णय गर्दा कुन प्रक्रिया अनुशरण गर्नुभयो ?
- यस्तो स्थिति फेरि आइपरे तपाईं कसरी निर्णय गर्नुहुन्छ ?
- यो निर्णयबाट तपाईंले के सिक्नुभयो ?

३. उपर्युक्त अभ्याससँग सम्बन्धित गराउँदै प्रशिक्षकले निर्णय प्रक्रियाका चरणहरू र शिक्षकले निर्णय गर्दा ध्यान पुर्‍याउनुपर्ने कुराहरूका बारेमा निम्नलिखित चार्ट प्रदर्शन गरी छोटो व्याख्यासहित निष्कर्षमा पुग्न मदत गर्ने ।

४. निर्णय प्रक्रियाका चरणहरू लेखिएको चार्ट प्रस्तुत गरी अध्ययन गर्न लगाउने ।

निर्णयनिर्माण प्रक्रियाका चरणहरू




उपर्युक्त चार्टमा उल्लेख भएबमोजिमको चरणअनुसार गरी कहिल्यै निर्णय गरेको भए सहभागीलाई आ-आफ्ना अनुभवहरू सुनाउन लगाउने ।

५ निर्णय निर्माण प्रक्रिया

विभिन्न विकल्पहरूमध्ये एउटाको छनोट गर्ने प्रक्रियालाई नै निर्णय प्रक्रिया भनिन्छ । त्यसैले निर्णय प्रक्रिया भनेको छनोट प्रक्रिया हो । त्यसैले कुनै काम गर्नुभन्दा अगाडि त्यो काम गर्ने छनोट प्रक्रिया नै निर्णय प्रक्रिया हो । कुनै व्यक्तिको अगाडि कामका एकभन्दा बढी दिशा वा ढाँचाहरू रहेका छन् भने मात्र उसले तीमध्ये एउटाको छनोट गर्नसक्छ । त्यसैले छनोट क्रिया सम्पन्न हुनका लागि विकल्पहरूको आवश्यकता पर्दछ ।

विद्यालयमा शिक्षकले थुप्रै निर्णयहरू गर्नुपर्ने हुन्छ । शिक्षणसिकाइ प्रक्रियालाई प्रभावकारी बनाउनका लागि धेरै विकल्पहरूमध्ये उपयुक्त विकल्पको छनोट कार्य गर्नुपर्ने हुन्छ । एउटा निर्णयकर्ताका रूपमा शिक्षकले निर्णय गर्दा निम्नलिखित कुराहरूमा ध्यान पुर्‍याउनु आवश्यक छ :

- तपाईं आफैँले आफूलाई सोध्नुपर्छ किन बालबालिकाहरूको हितका लागि कुनचाहिँ कुरा सबैभन्दा राम्रो हो । तपाईंले आफ्ना विचारहरू अरूसमक्ष पुर्‍याउने र अरूका विचारहरू लिने गर्नुपर्दछ ।
- जहाँ उपयुक्त हुन्छ त्यहाँ निर्णय प्रक्रियामा विद्यार्थीहरूलाई पनि सहभागी गराउनुहोस् ।
- गम्भीर प्रकृतिको निर्णयका लागि नहतारिनुहोस् ।
- निर्णयका लागि विचार गर्नुहोस् । निर्णयका लागि तपाईंसँग सही सूचनाहरू हुनुपर्छ ।

- सल्लाहका लागि तपाईंले विद्यालय प्रशासकसँग सम्पर्क गर्नुहोस् । खास परिस्थितिमा के गर्ने भन्ने सम्बन्धमा उनीहरूसँग थुप्रै अनुभवहरू हुन सक्छन् ।
- निर्णयमा प्रतिविम्बन गर्नुहोस् । आफूलाई विश्वास गर्नुहोस् । तपाईं एउटा पेसेवार शिक्षक हो ।

## ५. मूल्याङ्कन

(क) नेतृत्व ग्रहण गर्ने तरिकाहरू केके हुन् ?

(ख) नेतृत्व हस्तान्तरण गर्ने तरिकाहरू बताउनुहोस् ?

(ग) निर्णय क्षमताको निर्माण गर्ने उपायहरू पहिल्याउनुहोस् ।

**सत्र : सातौं**
**समय :१ घण्टा**

## पुस्तकालय/स्रोतकेन्द्र/प्रलेखन केन्द्र/सूचना केन्द्र व्यवस्थापन

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

क) पुस्तकालय/स्रोतकेन्द्र/प्रलेखन केन्द्र/सूचना केन्द्रका किसिमहरू बताउन,

ख) पुस्तकालय/स्रोतकेन्द्र/प्रलेखन केन्द्र/सूचना केन्द्र व्यवस्थापनका आधारभूत पक्षहरूबारे भन्न,

ग) शिक्षणसिकाइ क्रियाकलापमा पुस्तकालय/स्रोतकेन्द्र/प्रलेखन केन्द्र/सूचना केन्द्रको प्रयोग गर्न ।

२. **सामग्री**

दर्ता रजिष्टर, बुक लेबल, ड्यु डेट स्लिप, बुक पकेट, बुक कार्ड, डिवी डेसिमल क्लासिफकेशन, मल्टिमिडिया प्रोजेक्टर, मेटाकार्ड आदि ।

३. **विषयवस्तु:**

क) पुस्तकातय/स्रोतकेन्द्र/प्रलेखन केन्द्र/सूचना केन्द्रका किसिम र कार्यहरू,

ख) पुस्तकालय /स्रोतकेन्द्र/प्रलेखन केन्द्र/सूचना केन्द्र व्यवस्थापनका आधारभूत पक्षहरू,

ग) शिक्षणसिकाइ क्रियाकलपमा पुस्तकालय/स्रोतकेन्द्र/प्रलेखन केन्द्र/सूचना केन्द्रको प्रयोग

४. **क्रियाकताप**

क) **पुस्तकालय/स्रोतकेन्द्र/प्रलेखन केन्द्र/सूचना केन्द्रका किसिम र कार्यहरू**

१. सहभागीहरूको सङ्ख्याका आधारमा उनीहरूलाई विभिन्न समूहमा विभाजन गरी तल दिइएका प्रश्नहरूको उत्तर तयार पार्न लगाउने । प्रस्तुतीकरण गरिएका विषयवस्तुहरूमा छलफल एवम् पृष्ठपोषण आदान प्रदान गरी निष्कर्षमा पुग्न सहयोग गर्ने ।

- पुस्तकालय/स्रोतकेन्द्र/प्रलेखन केन्द्र/सूचना केन्द्र कति प्रकारका हुन्छन् ?
- पुस्तकालय/स्रोतकेन्द्र/प्रलेखन केन्द्र/सूचना केन्द्रका प्रमुख कार्यहरू केके हुन् ?
- पुस्तकालय वर्गीकरण भनेको के हो ?

२. सहभागीहरूका उत्तरलाई समेटेर प्रशिक्षकले पुस्तकालय/स्रोतकेन्द्र/प्रलेखन केन्द्र/सूचना केन्द्रका किसिम र कार्यहरूको चिनारी गराउने ।

पुस्तकातयको प्रकृतिअनुसार पुस्तकालयलाई पुस्तकालय, प्रलेखन केन्द्र सूचना केन्द्र वा स्रोतकेन्द्र विभिन्न नाम दिइएको पाइन्छ । विज्ञान र प्रविधिको विकासले गर्दा आजका पुस्तकालयहरूको अवधारणामा समेत परिवर्तन आएकोछ । अर्को शब्दमा भन्दा आजका पुस्तकालयमा पुस्तक तथा पत्रपत्रिकाका अतिरिक्त सूचना प्रविधिका अत्याधुनिक साधन तथा सुविधाको समेत व्यवस्था गरिएको हुन्छ । आजभोलि कागजविहीन पुस्तकालय (Paperless Library, Virtual Library) का अवधारणाहरू समेत आइसकेका छन् । पुस्तकहरूको मात्र सङ्कलन भएको पुस्तकालय अब पुरानो भइसक्यो । अब पुस्तक शब्दको सट्टा पठनसामग्री शब्दको प्रयोग गर्न थालिएको पाइन्छ । त्यसकारण पुस्तकालय वा स्रोतकेन्द्र वा सूचना केन्द्र नाम जे भएपनि तिनीहरूले प्रदान गर्ने सेवा र कार्यप्रकृति एकैखालको हुन्छ । नाम जे भएपनि पुस्ताकालयका किसिमहरूलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

(यसका लागि सहयोगी विषयवस्तु प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)

**ख) पुस्तकालय /स्रोतकेन्द्र /प्रलेखन केन्द्र /सूचना केन्द्र व्यवस्थापनका आधारभूत पक्षहरू**

१. पुस्तकालय /स्रोतकेन्द्र /प्रलेखन केन्द्र /सूचना केन्द्र व्यवस्थापनका आधारभूत पक्षहरू केके हुन् ? सहभागीहरूलाई उक्त प्रश्नको उत्तर आ-आफ्नो अनुभवका आधारमा दिन भन्नुहोस् र छलफल र पृष्ठपोषणपश्चात् अन्तिम निष्कर्ष दिनुहोस् ।

**(यसका लागि सहयोगी विषयवस्तु प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

२. सहभागीहरूबाट तल दिइएका प्रश्नहरूको बारेमा मौखिक जानकारी लिई प्रशिक्षकले थप जानकारी गराउनुहोस् ।

- पुस्तकालय वर्गीकरण भनेको के हो ?
- ज्ञानको क्षेत्रलाई डिवी डेसिमल वर्गीकरणमा कसरी विभाजन गरिएको छ ?

**(यसका लागि सहयोगी विषयवस्तु प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

३. सहभागीहरूलाई तल दिइएअनुसारका प्रश्नहरूका बारेमा छलफल र उत्तर तयार गरी प्रस्तुत गर्न भन्नुहोस् ।

- सूचीकरणले पुस्तकालयमा रहेका पठन सामग्री खोज्न कसरी सहयोग गर्छ ?
- कस्तो सेवालाई सन्दर्भ सेवा भनिन्छ ?
- प्रबोधीकरण भन्नाले के कुरा बुझाउँछ ?

छलफलपश्चात् निचोड दिने ।

प्रबोधीकरणअन्तर्गत निम्नलिखित कार्य गरिन्छ :

- वितरण सेवा (Lending service) पाठक (पुस्तकालयको सदस्य) लान चाहेको पठनसामग्री पुस्तकालयको नियमानुसार पाठकलाई जानकारी (Issue) गर्ने ।
- सन्दर्भ तथा सूचना सेवा (Reference and Information Service) नयाँ पाठक तथा विषय विशेषज्ञहरूलाई उनीहरूले चाहेको सामग्रीबारे जानकारी दिने । अन्य सेवा: पुस्तकालयप्रति पाठकको रुचि जगाउन समयसमयमा पुस्तक प्रदर्शनी, अन्तर्क्रिया आदि सञ्चालन गर्ने ।

**(यसका लागि थप सहयोगी विषयवस्तु प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

४. शिक्षणसिकाइ क्रियाकलापमा पुस्तकातय, स्रोतकेन्द्र /प्रलेखन केन्द्र /सूचना केन्दको प्रयोगको महत्वका बारेमा सहभागीहरूका तर्फबाट समूहगत धारणा पेस गर्न लगाई पृष्ठपोषणसहित निचोड दिनुहोस् ।

**शिक्षण सिकाइ क्रियाकलापमा पुस्तकालय /स्रोतकेन्द्र /प्रलेखन केन्द्र /सूचना केन्द्रको प्रयोग**

- पुस्तकालय त्यस्तो ठाँउ हो जहाँ जुनसुकै उमेर समूह, पेसा, धर्म, वर्ण आदिका आधारमा विनाभेदभाव अध्ययन गर्ने अवसर प्रदान गरिन्छ ।
- पुस्तकालयले मानिसहरूलाई निरन्तर अध्ययन गरी अद्यावधिक वनाउने अवसर प्रदान गर्दछ ।
- विद्यार्थीहरूलाई पुस्तकालय, सूचना केन्द्र तथा स्रोतकेन्द्रहरूको अध्ययनभ्रमण गराएर उनीहरूमा पुस्तकालयको महत्व एवम् भूमिकाको बारेमा जानकारी गराउन सकिन्छ ।

- पुस्तकालयमा रहेका विभिन्न सन्दर्भसामग्रीहरू (जस्तै: शब्दकोश, विश्वकोश, तथा एटलसहरू) को प्रयोग गर्न तथा यसका साथै सूचना तथा सञ्चार प्रविधिका साधनहरू (जस्तै: कम्प्युटर, इमेल, इन्टरनेट) को जानकारी गराउन सकिन्छ ।
- पुस्तकालयको प्रयोगले कुनै पनि विषयमा विगत केकस्ता अध्ययन भएका रहेछन् भनेर सम्बन्धित साहित्यको समीक्षा (Literature review) गर्न सहयोग गर्छ ।
- विषयवस्तुसम्बन्धी थप जानकारी हासिल गर्न पुस्तकालयले सहयोग गर्छ ।
- अध्ययनको सिलसिलामा गर्नुपर्ने गृहकार्य, समूहकार्यदेखि लिएर स-साना परियोजना कार्य (Project work) तथा थेसिस लेख्ने कार्यमा समेत पुस्तकालयबाट ठूलो सहयोग पुग्छ । पुस्तकालयमा कुन सामग्री कहाँ खोज्ने (Where to look upon) भन्ने सीपको विकास गराउँछ । दैनिक व्यवहारमा आइपरेका विभिन्न अप्ठेराहरूको निराकरण गर्न सहयोग पुग्छ ।
- जीवनपर्यन्त सिकाइका लागि, दीगो विकास तथा जनचेतना अभिवृद्धिमा समेत सहयोग पुऱ्याउँछ ।

## ५. मूल्याङ्कन

१. पुस्तकालय/सूचना केन्द्र/स्रोतकेन्द्रमा सम्पन्न गर्नुपर्ने प्रमुख प्राविधिक कार्यहरू केके हुन ?

२. पुस्तकालय वर्गीकरण भनेको के हो ?

३. कार्यगत अनुसन्धानमा पुस्तकालयले कसरी सहयोग गर्न सक्छ ? विवेचना गर्नुहोस् ।

# सिकाइ सहजीकरणका सीपहरू

**सक्षमता :** शिक्षकले सिकाइ सहजीकरणका सीपहरूको विकास र सुदृढीकरण गरी सामाजिक अध्ययन शिक्षणमा त्यसको प्रयोग गर्नेछन् ।

**जम्मा घण्टा :** १० **सत्र : ७**

**सत्र :पहिलो र दोस्रो**
**समय : ३ घण्टा**

## अन्तरविषयक र विषय विशेषका बीचका सम्बन्धगत सीपहरु

१. **उद्देश्यहरू**

यो सेसनको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) सामाजिक अध्ययन शिक्षणमा अन्तरविषयक (Inter subjects) र विषय विशेष (Intra subjects) सम्बन्धको सीपको परिचय दिन,

(ख) सामान्यीकरण र विभिन्नीकरण सीपको परिचय दिन,

(ग) अन्तरविषयक र विषय विशेषगत सम्वन्धको सामाजिक अध्ययन शिक्षणसिकाइमा उपयोग गर्न ।

२. **विषयवस्तु**

(क) सामाजिक अध्ययन शिक्षणमा अन्तरविषयक र विषयविशेष सम्बन्ध सीप

(ख) सामान्यीकरण र विभिन्नीकरण सीप

(ग) अन्तरविषयक र विषय विशेषगत सम्वन्धको सामाजिक अध्ययन शिक्षणसिकाइमा उपयोग

३. **तालिम सामग्री**

मेटाकोर्ड, मार्कर, न्युजप्रिन्ट पेपर, रुलर, कार्डवोर्ड पेपर, चार्ट आदि ।

४. **क्रियाकलाप**


(क) **सामाजिक अध्ययन शिक्षणमा अन्तरविषयक र विषय विशेष सम्बन्ध सीप**

१. सहभागीहरूलाई निम्नलिखित क्रियाकलाप गराउने ।


तपाईं एकछिन आफ्नो गाउँ वा नगरलाई सम्झनुहोस् । त्यस ठाउँको प्राकृतिक अवस्थालाई सम्झनुहोस् । त्यहाँका मानिसहरूका क्रियाकलापलाई सम्झनुहोस् । सम्झेका एकएक बुँदाहरू मेटाकार्डमा लेख्नुहोस् भन्ने ।

२. कार्डहरू बोर्डमा टाँस्न लगाई वर्गीकरण गर्न लगाउने ।

३. हाम्रो गाउँ वा नगरका बारेमा निम्नलिखित पक्षहरूको अध्ययन गर्न सकिने निष्कर्ष दिने ।



४. निम्नलिखत चार्ट देखाई माथिको चार्टमा उल्लेख भएका पक्षहरूको अध्ययन विषयसँग सम्बन्धित छन् अध्ययन गर्न लगाउने ।




५. सहभागीहरूलाई सामाजिक अध्ययनको अरू विषयसँगको सम्बन्धका बारेमा दुईदुईजनाको जोडी वनाई छलफल गर्न लगाउने । हरेक जोडी समूहलाई एकएकओटा उदाहरण प्रस्तुत गर्न लगाउने ।

६. प्रशिक्षकले सामाजिक अध्ययनको विज्ञान, गणित, भाषा, काल, स्वास्थ्य आदि विषयसँगको सम्बन्धका बारेमा उदाहरणसहित प्रस्ट पार्ने ।

७. उपयुक्त क्रियाकलापका आधारमा प्रशिक्षकले सामाजिक अध्ययन शिक्षकले पाठ शिक्षण गर्दा अन्तरविषयक र विषय विशेष सम्बन्धका बारेमा निम्निलिखित पक्षहरूमा ध्यान पुऱ्याउनुपर्दछ भनी निष्कर्ष दिने ।

- सामाजिक अध्ययन स्वरूप समन्वयात्मक छ ।
- सामाजिक अध्ययन विभिन्न सामाजिक शास्त्रहरूको योग मात्र नभई एक समन्वयात्मक र एकीकृत अध्ययन हो । यसमा सामाजिक विज्ञानको अस्तित्व रहन्छ तर स्वतन्त्र रूपमा रहँदैन । यी तत्वहरू समन्वित रूपमा अवस्थित हुन्छन् । सामाजिक अध्ययनमा इतिहास, भूगोल, अर्थशास्त्र, संस्कृति, राजनीतिशास्त्र आदि विभिन्न विषयहरू यहाँ छुट्याएर शिक्षण गरिँदैन ।
- सामाजिक अध्ययन शिक्षणको एउटा पाठ शिक्षण गर्दा त्यसमा भौगोलिक ऐतिहासिक, राजनीतिक, आर्थिक, अध्यात्मिक, सामाजिक आदि पक्षहरूको सँगसँगै वा एकीकृत वा समन्वयात्मक रूपमा प्रस्तुत गर्ने र यसलाई विद्यार्थीहरूलाई समन्वयात्मक रूपमा बुझ्ने क्षमताको विकास विद्यार्थीहरूमा गराउनुपर्दछ ।
- बालबालिकाको पूर्ण र सन्तुलित सामाजिक विकासका लागि सामाजिक अध्ययन क्षेत्रभित्र सामाजिक विज्ञानका विषयवस्तुहरू समन्वयात्मक रूपमा शिक्षणका लागि सङ्गठित गरिएका हुन्छन् । तसर्थ शिक्षकले समन्वयात्मक शिक्षण कार्यक्रममा जोड दिनुपर्दछ ।

**(ख) सामान्यीकरण र विभिन्नीकरण सीप**

१. सहभागीहरूलाई चार समूहमा विभाजित हुन लगाउने । तलका प्रश्नहरूको उत्तर पहिल्याउन समूह कार्य गर्न लगाउने ।

- सामाजिक अध्ययन शिक्षणमा सामान्यीकरण सीप भनेको के हो ?
- सामाजिक अध्ययन शिक्षणमा विभिन्नीकरण सीप भनेको के हो ?

२. सहभागीहरूबाट समूहगत प्रस्तुतीकरणपश्चात् निम्नलिखित बुँदाहरूलाई समेत आधार मानी निष्कर्ष दिने ।

**निष्कर्ष**

- आफुले पढाउने विषयमा प्रयोग भएका वा प्रयोगयोग्य सीप सामान्यीकरण सीप हुन् ।
- यसले सिकाइलाई सघाउँछ ।
- यो बुझाउने सीप हो ।
- यो शिक्षक र विद्यार्थीको सिकाइ वातावरण र सिकाइ प्रक्रियामा साम्यता हो ।
- यो ज्ञानलाई व्यवहार र प्रयोगमा ढाल्ने सीप हो ।
- यो विषयगत रूपमा बुझ्न र सीप विकास गर्न सहयोगी हुन्छ ।
- भिन्न धारणा छुट्याउने सीप विभिन्नीकरण सीप हो ।
- यो विषयगत विभेदीकरणबाट प्राप्त हुन्छ ।
- विभिन्नीकरण सीप एउटै विषयबद्ध वा अन्तरविषयक हुन्छन् ।
- सामान्यीकरण संश्लेषणात्मक र विभिन्नीकरण विश्लेषणात्मक सीप हो ।

३. सहभागीहरूलाई तल उल्लेख गरिएका सामाजिक अध्ययनमा प्रयोग धारणा समूहहरू अध्ययन गर्न लगाई त्यसलाई सामान्यीकरण गर्न अभ्यास गर्न लगाउने ।

**धारणा समूह :**

भू-पटलको स्वरूप, जलमण्डल, स्थलमण्डल, पहाड, कठार, मैदान, नदी, ताल

**हावापानीका तत्व :**

तापमान, वर्षा, आर्द्रता, हावा, उचाई, अक्षांश , जलराशी, सामुद्रिक धार, वायु दिशा ।

**प्राकृतिक स्रोत :**

माटो, खनिज, पानी जीवजन्तु, वनस्पति, हावापानी,

**नक्सा :**

मापक तथ्याङ्क, प्रक्षेप, चिन्ह, सङ्केत क्षेत्रदिशा

**जनसङ्ख्या :**

आकार, वितरण, घनत्व, केन्द्र, बनौट, वृद्धिदर

**स्थिति :**

अक्षाङ्श, देशान्तर, महाद्विपसम्बन्धी तटवर्ती क्षेत्र, प्राकृतिक पर्यावरण आदि ।

४. सहभागीहरूबाट प्रस्तुतीकरण गर्न लगाई पृष्ठपोषण आदानप्रदान गर्न लगाउने ।

**(ग) अन्तरविषयक वा विषय विषयगत सम्बन्धको सामाजिक अध्ययन शिक्षण सिकाइ उपयोग**

१. सहभागीहरूलाई अन्तरविषयक र विषय विषयगत सम्बन्धको सामाजिक अध्ययन शिक्षणमा के उपयोग छ भनी प्रश्न सोध्ने, छलफल गराउने । अन्त्यमा प्रशिक्षकले निष्कर्ष दिने ।

- विद्यार्थीहरूले स्तरीकृत विषयवस्तुलाई ग्रहण गर्न सक्छन् ।

- सामाजिक अध्ययन र सामाजिक विज्ञान एकै होइनन् भन्ने स्पष्ट धारणा विकास गर्छन ।
- आफ्नो वरिपरिका परिवेशलाई विश्लेषण गर्ने विभिन्न तरिकाहरू अपनाउँछन् ।
- सामाजिक अध्ययनका विभिन्न धारणाहरूलाई सामान्यीकरण गरी स्पष्ट बुझ्ने सहयोग पुग्दछ ।
- एउटा विषयको सिकाइमा अर्को विषयको सिकाइले मद्दत पुऱ्याउन सक्ने सोचाइको विकास गरी कार्यान्वयन गर्छन, गर्न सक्छन् आदि ।

## ५. मूल्याङ्कन

(क) सामाजिक अध्ययन शिक्षणमा अन्तरविषयक धारणा भनेको के हो ?

(ख) सामान्यीकरण र विभिन्नीकरण गराउने सीपको विकासबाट शिक्षकहरूलाई के फाइदा पुग्छ होला ?

**सत्र :तेस्रो र चौथो**
**समय : ३ घण्टा**

# विभिन्न किसिमका कक्षाहरूको व्यवस्थापन

## १. उद्देश्यहरू

यो सेसनको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) कक्षा व्यवस्थापनको परिचय दिन,
(ख) ठूलो कक्षाकोठाको व्यवस्थापन गर्न,
(ग) सानो कक्षाकोठाको व्यवस्थापन गर्न,
(घ) विभिन्न उमेर समूह र क्षमता भएका विद्यार्थीको व्यवस्थापन गर्न ।

## २. विषयवस्तु

(क) कक्षा व्यवस्थापन
(ख) ठूलो कक्षाकोठा व्यवस्थापन
(ग) सानो कक्षाकोठा व्यवस्थापन
(घ) विभिन्न उमेर समूह र क्षमताका विद्यार्थीको व्यवस्थापन ।

## ३. तालिम सामग्री

(क) कक्षा व्यवस्थापन र यसका विविध पक्ष देखाइएको सूची, ठूलो व्यवस्थापन र सानो कक्षा व्यवस्थापन गरिएका चित्र वा अन्य सामग्री ।

## ४. क्रियाकलाप

**कक्षा व्यवस्थापन**

१. सहभागीलाई समूहमा विभाजन गर्नुहोस् र तलका प्रश्नको उत्तर तयार पारी प्रस्तुत गर्न लगाउनुहोस् :

- कक्षा व्यवस्थापन भनेको के हो ?
- कक्षा व्यवस्थापनमा हुनुपर्ने आवश्यक पक्षहरू केके हुन् ?

२. सहभागीको प्रस्तुतिपछि तलका बुँदालाई समेत समेटी छलफललाई निष्कर्षमा पुऱ्याउनुहोस् ।

**कक्षा व्यवस्थापन**

- कक्षालाई रमाइलो, आकर्षक र सिकाइअनुकूल बनाउनु,
- कक्षाको भौतिक अवस्थालाई अधिकतम् रूपमा शिक्षणसिकाइमा प्रयोग गर्नु,
- विद्यार्थीको व्यक्तिगत र सामूहिक सहभागितालाई सुनिश्चित गर्नु,
- कक्षालाई अनुशासित, मर्यादित र व्यवस्थित बनाउनु,
- शिक्षणसिकाइ प्रक्रियालाई सहज बनाउनु,
- कक्षामा जातीय, लैङ्गिक र भाषिक विभेदकारी तत्वको अन्त्य गरी समावेशी रूपमा शिक्षण गर्ने वातावरण सिर्जना गर्नु ।

**कक्षा व्यवस्थापनका आवश्यक पक्षहरू**

- वार्षिक तथा दैनिक पाठ योजना कार्यान्वयन गर्न सोहीअनुकूल कक्षा व्यवस्थापनका गर्नुपर्छ,
- कक्षा व्यवस्थापन गर्दा कक्षानेता, सरसफाइ समूह, कक्षा सजावट समूह आदिको व्यवस्था र शैक्षिक सामग्रीको व्यवस्थापनसमेतमा ध्यान दिनुपर्छ,
- कक्षाभित्र डेस्क, वेन्च, कालोपाटी आदिको उचित व्यवस्था गर्नुपर्छ ,
- कक्षामा कुनै डर, त्रासविना बस्न सक्ने, सहयोग र आदर गर्ने, विशेष आवश्यकताका विद्यार्थीलाई सहयोग गर्ने र मायालु तथा सुखद् वातावरण सिर्जना गर्नुपर्छ,
- कक्षामा हरेक क्षण नयाँ र ताजा सूचनाको सामूहिक जानकारी हुनुपर्छ,
- कक्षामा हरसमय तीव्र विद्यार्थीलाई प्रशंसा र मन्द बुद्धिका विद्यार्थीलाई सहयोगसहितको प्रशंसा हुनुपर्छ,
- कक्षाका हरेक विद्यार्थीको शैक्षणिक तथा व्यक्तिगत अभिलेख नियमित रूपमा राख्नुपर्छ ।

(ख) **ठूलो कक्षा व्यवस्थापन र सानो कक्षा व्यवस्थापन**

१. सहभागीलाई समूहमा विभाजन गर्नुहोस् र तलका प्रश्नको उत्तर तयार पार्न लगाउनुहोस् ।

- ठूलो कक्षाकोठा व्यवस्थापन भनेको के हो र यो कसरी गर्न सकिन्छ ?
- सानो कक्षाकोठाको व्यवस्थापन भनेको के हो र यो कसरी गर्न सकिन्छ ?

२. सहभागीको प्रस्तुतिपछि निम्नलिखित सामग्रीलाई समेत आधार बनाउँदै छलफललाई निष्कर्षमा पुऱ्याउनुहोस् ।

- सामान्यतया १० जनाभन्दा बढीका तीन समूहभन्दा बढी बन्ने विद्यार्थी सङ्ख्या रहेको कक्षा ठूलो कक्षा र सामान्यतया ३० विद्यार्थीभन्दा कम रहेको कक्षा सानो कक्षा मान्ने,
- ठूलो कक्षाको व्यवस्थापनमा पर्ने समस्या,
- ठूलो कक्षा व्यवस्थापनमा ध्यान दिनुपर्ने कुरा,
- सानो कक्षा व्यवस्थापनबाट हुने फाइदा,
- सानोकक्षाकोठा व्यवस्थापनका विशेष पक्ष आदि ।

(ग) **विभिन्न उमेर समूह र क्षमता विद्यार्थीहरूको व्यवस्थापन**

१. सहभागीलाई समूहमा छलफल गरी निम्नलिखित प्रश्नको उत्तर तयार पार्न लगाउनुहोस् ।

- उमेर समूहअनुसारको कक्षा व्यवस्थापन भनेको के हो र यो कसरी गर्न सकिन्छ ?
- विद्यार्थी क्षमताअनुसारको कक्षा व्यवस्थापन भनेको के हो र यो कसरी गर्न सकिन्छ ?

२. समूहगत प्रस्तुतीकरणपश्चात् निम्नलिखित चार्ट प्रस्तुत गरी निष्कर्ष दिने

**उमेर समूह निर्माणका तरिकाहरू :**

- विभिन्न उमेरका विद्यार्थीहरू सबैलाई एकै ठाउँमा राख्दा सबैलाई मिल्ने गरेर शिक्षण गर्न गाह्रो हुन्छ । तसर्थ विद्यार्थीहरूलाई उमेर मिल्दो समूहमा राखेर पठनपाठन सञ्चालन गर्न सकेको खण्डमा बढी प्रभावकारी हुन्छ ।

- सामान्यत: समान उमेरका विद्यार्थीहरूको शारीरिक, संवेगात्मक, मानसिक तथा सामाजिक विकास उस्तैउस्तै प्रकारको हुन्छ । त्यसैले समान विकासात्मक विशेषताहरू भएका बालबालिकाहरूलाई उमेरअनुसार मिल्दो समूहमा राखी शिक्षण गर्न सके राम्रो हुन्छ ।
- समान उमेरका विद्यार्थीहरूले अक्सर मिल्दोजुल्दो वा एकैप्रकारको क्रियाकलाप गर्नमा समान प्रकारको रुचि राख्ने हुनाले शिक्षकलाई विभिन्न क्रियाकलापहरू अर्थात् विभिन्न शैक्षिक क्रियाकलापहरू तर्जुमा र कार्यान्वयन गर्न टेवा पुग्दछ ।
- समान उमेरका विद्यार्थीहरू एकै समूहमा रहँदा सबै विद्यार्थीले क्रियाकलापमा सहयोग पाउँछन् आदि ।

३. प्रशिक्षकले उमेर समूह व्यवस्थापनका समस्याहरूका बारेमा सहभागीहरूलाई आ-आफ्नो अनुभवहरू आदानप्रदान गर्न लगाउने ।

४. प्रशिक्षकले निम्नलिखित चार्ट प्रस्तुत गरी शिक्षकले कक्षाकोठामा क्षमता समूह निर्माणका आधारहरूका बारेमा छोटो व्याख्या गर्ने ।

**क्षमता समूह निर्माण**

- बालबालिकाहरूको अन्तर्निहित क्षमता, संवेगात्मक स्थिति, प्रोत्साहन, बौद्धिक जिज्ञासा, अनुभव र सिकाइका अवसरहरूले बालबालिकाहरूको सिक्ने क्षमता र बौद्धिक क्षमताका दृष्टिकोणले एकआपसमा फरक हुन्छ । यसका लागि समूह निर्माण गर्नुपर्दछ ।
- विद्यार्थीहरूको क्षमता समूह निर्माण गर्दा उच्च, मध्यम वा निम्न क्षमता भएका समूहमा शिक्षण गर्दा सिकाइने विषयवस्तुको छनोटमा ध्यान दिनुपर्छ ।
- विषयवस्तु शिक्षणको क्रियाकलाप पनि क्षमता सुहाउँदो प्रकारले चयन गरी शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।
- कम क्षमता भएका विद्यार्थीहरूलाई एउटै समूहमा राखी रहँदा उनीहरूको उपलब्धि सधैं नै कम हुने आशंका पनि हुने हुनाले यस किसिमको समूह निर्माण गर्दा शिक्षकले बढी सर्तकता अपनाउनुपर्दछ । अत: उनीहरूलाई क्रमश: उपलब्धिको आधारमा राम्रो समूहमा प्रवेश गर्ने मौका दिनुपर्छ ।

५. प्रशिक्षकले क्षमता समूहको व्यवस्थापनका समस्याहरू बारेमा सहभागीहरूलाई आआफ्ना अनुभवहरू आदानप्रदान गर्न लगाउने ।

४. **मूल्याङ्कन**

(क) कक्षा व्यवस्थापन भनेको के हो ?

(ख) ठूलो कक्षाको व्यवस्थापन कसरी गर्न सकिन्छ ?

(ग) सानो कक्षा व्यवस्थापनका केके फाइदा हुन्छन् ?

(घ) उमेर समूह र क्षमताका आधारमा कक्षाकोठा व्यवस्थापन कसरी गर्न सकिन्छ ?

सत्र : पाँचौं र छैटौं
समय : ३ घण्टा

## विभिन्न किसिमका कक्षाहरूको व्यवस्थापन

१. **उद्देश्यहरू**

यो सेसनको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् ।

(क) विभिन्न भाषा एवम् भाषिका समूहका विद्यार्थीको व्यवस्थापन गर्न,

(ख) विभिन्न जातजातिका विद्यार्थीको व्यवस्थापन गरी गर्न,

(ग) बालश्रमिक र घरेलु कामदार विद्यार्थीको व्यवस्थापन गर्ने तरिकाहरू पहिल्याउन,

(घ) विभिन्न सिकाइ संस्कृति र शैलीका विद्यार्थीहरूलाई समेटी शिक्षणसिकाइ गर्न ।

२. **विषयवस्तु**

(क) विभिन्न भाषा एवम् भाषिका समूहका विद्यार्थीहरूको व्यवस्थापन

(ख) विभिन्न जातजातिका विद्याथीको व्यवस्थापन

(ग) बालश्रमिक र घरेलु कामदार विद्यार्थीको व्यवस्थापन गर्ने तरिकाहरू

(घ) विभिन्न सिकाइ संस्कृति र शैली भएका विद्यार्थीहरूलाई समेटी शिक्षण ।

३. **तालिम सामग्री**

मार्कर, न्युजप्रिन्ट पेपर, कार्डबोर्ड पेपर, कैंची, गम, टेप आदि ।

४. **क्रियाकलाप**

**(क) विभिन्न भाषा एवम् भाषिका समूहका विद्यार्थीहरूको व्यवस्थापन**

१. सहभागीहरूलाई तलको घटना (Case) अध्ययन गर्न लगाउनुहोस् ।

**घटना**

शिक्षक विनय भैरव मा.वि. लमजुङमा सामाजिक पढाउने शिक्षक हुन् । कक्षा ६ मा ३० जना विद्यार्थीहरू छन् । उक्त विद्यालको सेवाक्षेत्रमा विभिन्न जातजातिका मानिसहरू बस्ने भएकाले विद्यार्थीहरूले बोल्ने भाषा एवम् भाषिकामा पनि विविधता पाइन्छ । उक्त कक्षामा एकथरी विद्यार्थी मातृभाषा नेपाली भएका र अर्कांथरी विद्यार्थी मातृभाषा नेपाली नभएका छन् । सबै भाषाभाषिकाका विद्यार्थीहरूका लागि समान सिकाइ वातावरण सिर्जना गरी शिक्षण गर्नुपर्ने शिक्षक विनयको लागि चुनौतीको विषय हो ।

**प्रश्न :**

उक्त चुनौतीको प्रभावकारी तरिकाले सामना र व्यवस्थापन गर्न शिक्षक विनयले तपाईंसँग सल्लाह माग्न आएमा तपाईं के सल्लाह दिनुहुन्छ ?

२. सहभागीहरूका विचारहरूलाई समेट्नै प्रशिक्षकले छलफल, प्रश्नोत्तर गराई निम्नलिखित निष्कर्ष दिने ।

**कक्षाकोठामा भाषिक व्यवस्थापनमा ध्यान पुऱ्याउनुपर्ने पक्षहरू**

- श्रव्य, श्रव्यदृश्य तथा दृश्य सामग्रीहरूको प्रशस्त प्रयोग गरी शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

- द्विभाषिक पाठ्यसामग्रीको प्रयोग गर्नुपर्दछ,
- माध्यम भाषाको प्रयोगको साथै विद्यार्थीहरूको आफ्नो भाषाको पनि प्रयोग गर्नुपर्दछ,
- शिक्षणसिकाइका क्रममा आवश्यक परे विद्यार्थीहरूलाई आफ्नै मातृभाषा वा भाषिकामा लेख्न लगाउने, अनुवाद गर्न लगाउनुपर्दछ ।
- विद्यार्थीहरूको विभिन्न समूह बनाई समूह कार्य गराउने, समूहगत निचोड प्रस्तुत गर्न लगाउने गर्नुपर्दछ ।
- शिक्षकले हरेक भाषा तथा भाषिकाको उत्तिकै कदर गर्नुपर्दछ वा समान व्यवहार गर्नुपर्दछ ।
- कक्षामा भाषिक समान व्यवहार स्थापित गराउन शिक्षकले कक्षाकोठामा विद्यार्थीहरूबाटै कक्षाकोठा नियम बनाई सो नियमको पालना गराउनुपर्दछ । कक्षाकोठामा समुदाय निर्माण गराउनुपर्दछ ।
- स्थानीयस्तरमा प्रयोग हुने भाषा तथा भाषिकालाई पनि शिक्षणको क्रममा प्रयोगमा ल्याउने ।
- कक्षाकोठामा सकारात्मक अनुशासन विधिको प्रयोग गरी समान सिकाइ वातावरण सिर्जना गर्ने ।

(ख) **विभिन्न जातजातिका विद्यार्थीको व्यवस्थापन**

१. सहभागीहरूलाई तलको अवस्थामा तपाईं के गर्नुहुन्छ भनी प्रश्न सोध्ने ।

तपाईं कक्षा ९ र १० मा सामाजिक अध्ययन शिक्षण गर्नुहुन्छ । यी कक्षाहरूमा कुनै एक जात वा जातिका विद्यार्थी मात्र छैनन् । विभिन्न जातजातिका विद्यार्थीहरू अध्ययनरत छन् । विद्यार्थीहरूका बीचमा जातिहरूका कारणले हीनता र उच्चताको भावना पनि पैदा हुने गरेको अवस्था पाइन्छ । सबै जातजातिका विद्यार्थीहरूलाई समेटेर शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गरी सबै विद्यार्थीमा उच्च सिकाइउपलब्धि हासिल गराउन आइपरेको यस चुनौतीको कसरी व्यवस्थापन गर्नुहुन्छ ?

२. सहभागीहरूलाई दुईदुईजनाको जोडीमा छलफल गर्न लगाई प्रस्तुतिसमेत गर्न लगाउने । अन्त्यमा प्रशिक्षकले निम्नलिखित निष्कर्ष दिने

**कक्षा शिक्षणमा जातजाति व्यवस्थापनमा ध्यान दिनुपर्ने कुराहरू :**

- कक्षाका सबै विद्यार्थीहरूले समान सिकाइ अवसर पाउने गरी कक्षा व्यवस्थापनमा ध्यान पुऱ्याउने,
- विद्यार्थीहरूलाई विभिन्न जातजातिका परम्परा, चाडवाड, खाना, पहिरन आदिका बारेमा कक्षामा प्रवचन दिन लगाउने, लेखेर प्रस्तुतीकरण गर्न लगाउने,
- सबै जातजातिका विद्यार्थीहरूलाई सधैं समान व्यवहार गर्ने,
- कक्षामा खासगरी पिछडिएका वर्गका विद्यार्थीहरूलाई अरू विद्यार्थीसरह सिकाइमा सक्रिय गराई सिकाइ उपलब्धि हासिल गराउन उनीहरूलाई सिक्ने अवसर प्रदान गर्नुका साथै विद्यार्थीको सिकाइ कौशल र सक्षमतालाई सशक्तिकरण गर्ने, सकारात्मक सम्वलनको उपयुक्त प्रयोग गर्ने ।
- पिछडिएका जातजातिका विद्यार्थीको सामाजिक प्रतिष्ठालाई अभिवृद्धि गर्ने र उनीहरूले गरिआएका परम्परागत कार्यलाई प्रोत्साहन गर्ने ।

- आदिवासी, जनजाति र समाजमा पछि परेका र दलित वर्गको पहुँचहरू अधिकार, कानुनी संरक्षण, भाषा, संस्कृति र धार्मिक आस्थलाई टेवा पुग्ने खालका सामग्रीको उपयोग गर्ने ।
- विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजित गरी समूह कार्य, परियोजना कार्य आदिमा संलग्न गराउने । यसो गर्दा सबै जातजातिका विद्यार्थीहरू समान, सक्रिय र उच्च सहभागिताको सुनिश्चित गर्ने ।

सहभागीहरूका अनुभवहरू आदानप्रदान गर्न लगाई निष्कर्षसँग जोड्ने ।

३. कक्षामा अपाङ्ग विद्यार्थीहरूको व्यवस्थापन कसरी गर्ने ? प्रश्न सोधी छलफल तथा प्रश्नोत्तर गराउने । आ-आफ्नो अनुभवहरू आदानप्रदान गर्न लगाउने ।

४. कक्षामा अपाङ्ग विद्यार्थीहरूको व्यवस्थापन सम्बन्धमा निम्नलिखित बुँदाहरू प्रस्तुत गरी छोटो व्याख्या समेत गर्ने ।

**कक्षा अपाङ्ग विद्यार्थीको व्यवस्थापन** :

- कुन प्रकारको अपाङ्ग हो सो बुझी यसका लागि शिक्षणको विशिष्ट तरिका अपनाउने,
- अपाङ्ग विद्यार्थीलाई अरू विद्यार्थीसरह क्रियाकलाप गराउँदा उनीहरूले खास उपलब्धि हासिल हुन नसक्ने हुँदा उनीहरूलाई विशेष क्रियाकलापमा सहभागी गराउने ।
- आँखा नदेख्ने विद्यार्थीका लागि श्रव्य र स्पर्श सामग्रीको व्यवस्था गर्ने,
- कान नसुन्ने र बोल्न नसक्ने विद्यार्थीका लागि साङ्केतिक भाषाको प्रयोग गर्ने, निर्देशन लिखित रूपमा दिने ।
- सुस्त मनस्थिति भएका विद्यार्थीको सीप पक्षको मूल्याङ्कनमा जोड दिने ।

(ग) **बालश्रमिक, घरेलु कमदार तथा विभिन्न सिकाइ संस्कृति र शैली भएका विद्यार्थीहरूलाई समेटी शिक्षण** :

१. सहभागीहरूलाई निम्नलिखित प्रश्न सोध्ने, आपसी छलफल गर्न लगाई समूहगत प्रस्तुतीकरण गर्न लगाउने ।

- कक्षाशिक्षणमा बालश्रमिक र घरेलु कामदार विद्यार्थीको सिकाइ व्यवस्थापन कसरी गर्न सकिन्छ ?
- विभिन्न सिकाइ र संस्कृति र शैलीका विद्यार्थीहरूको व्यवस्थापन कसरी गर्न सकिन्छ ?

२. समूहगत प्रस्तुतीकरणपश्चात् प्रशिक्षकले तलको निष्कर्ष दिने ।

**बालश्रमिक तथा घरेलु कामदार विद्यार्थीको कक्षाशिक्षणमा व्यवस्थापन** :

- कक्षाकोठा र विद्यालयमा सबै विद्यार्थी समान हुन् भन्ने धारणाको विकास गराउने,
- सबै विद्यार्थीउपर समान व्यवहार गर्ने,
- बालश्रमिक तथा घरेलु कामदार विद्यार्थीलाई गृहकार्यभन्दा कक्षाकार्यमा र अतिरिक्त क्रियाकलापमा बढी सम्मिलित गराउने,
- उनीहरूलाई सम्मान गर्ने, माया गर्ने, समस्यामा सहानुभूति देखाउने,
- बालश्रमिक तथा घरेलु कामदारहरूको सम्मान, समस्याहरू, समस्या समाधानहरू देखाएका लिखित तथा श्रव्यदृश्य सामग्रीको कक्षा शिक्षणमा प्रयोग गर्ने,

- विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजित गरी समूहकार्य, परियोजना कार्य आदिमा संलग्न गराउने,
- प्रस्तुतीकरण कार्यमा अरूसरह उनीहरूलाई पनि अग्रसर हुन लगाउने ।
- वालश्रमको विरुद्धमा वादविवाद, प्रवचन, गोष्ठी आदिको आयोजना गराई विद्यार्थीहरूलाई सहभागी गराउने, प्रवचन दिन लगाउने, वालश्रम विरुद्धमा भएका दण्डसजाय तथा कानुन आदिको प्रवोधीकरण गराउने आदि ।

सहभागीहरूलाई अनुभव आदानप्रदान गर्न लगाई निष्कर्षमा सहमत भएनभएको मूल्याङ्कन गर्ने ।

**कक्षामा विभिन्न सिकाइ संस्कृति र शैलीको व्यवस्थापन**

- कक्षाका तीव्र र मन्द बुद्धिका विद्यार्थीहरूको सिकाइ स्वभाव पत्ता लगाउने र वैयक्तिक अभिलेख राख्ने ।
- कक्षाका प्रत्येक विद्यार्थीको सिकाइ संस्कृति र शैलीका विशेषता पहिचान गरी वैयक्तिक अभिलेख तयार पार्ने ।
- विद्यार्थीहरूलाई विभिन्न समूहहरू जस्तै रुचि समूह, क्षमता समूह, उमेर समूह आदिमा समूह विभाजन गरी समूह कार्य, परियोजना कार्य, समस्या समाधान कार्यमा संलग्न गराउने ।
- प्रत्येक समूहलाई रुचिपूर्ण क्रियाकलापमा सहभागी गराउने, प्रस्तुतीकरण गर्न लगाउने,
- शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीहरूको रुचिअनुसारका क्रियाकलापहरूमा सहभागी गराउने ।
- प्रत्येक विद्यार्थीको सिक्ने क्षमता, शैली र तरिकाहरूको कदर गर्ने, प्रोत्साहित गर्ने,
- सिकाइमा सहयोग गर्ने, पृष्ठपोषण प्रदान गर्ने ।

**५. मूल्याङ्कन**

विभिन्न सिकाइ संस्कृति र शैलीका विद्यार्थीहरूलाई समेटी शिक्षणसिकाइ गर्न तपाईं केकस्ता तरिका अपनाउनुहुन्छ ?

सत्र :सातौं
समय : १ घण्टा

# कक्षाकोठामा सञ्चार र प्रविधिको प्रयोग

१. **उद्देश्यहरू**

यो सेसनको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) विभिन्न किसिमका कक्षा व्यवस्थापनमा विद्युतीय सञ्चार प्रविधिको प्रयोग गर्न,

(ख) सामाजिक अध्ययन शिक्षणसिकाइमा विद्युतीय सञ्चार प्रविधिको उपयोग गर्न ।

२. **विषयवस्तु**

(क) विभिन्न किसिमका व्यवस्थापनमा विद्युतीय सञ्चार प्रविधिको प्रयोग

(ख) समाजिक अध्ययन शिक्षणसिकाइमा विद्युतीय सञ्चार प्रविधिको उपयोग

३. **तालिम सामग्री**

मार्कर, न्युजप्रिन्ट पेपर, कार्डबोर्ड पेपर, कैंची, गम, टेप आदि ।

४. **क्रियाकलाप**

(क) **विभिन्न किसिमका कक्षा व्यवस्थापनमा विद्युतीय सञ्चार प्रविधिको प्रयोग**

१. सहभागीहरूलाई तल दिइएका वस्तुका नाम सुनाउने । सुनेको आधारमा सम्झेर लेखन लगाउने र भन्न लगाउने । कुनकुन सहभागीले कतिकतिओटा वस्तुका नाम सम्झेर भन्न सके सोको रेकर्ड राख्ने ।

| |
|---|
| कापी, कलम, चक, सिन्का, मुला, घडी, मार्कर , ढुङ्गा, स्टापलर पिन, स्टिचिङ मेशिन, मसी, धागो, विरुवाको पात, साँचो, मोवाइल, सेट चना, मकै बोतलको बिर्को, कागजको टुक्रा, पैसा |

२. सहभागीहरूलाई ती वस्तुहरू एकछिन देखाउने । त्यसपछि छोपिदिने । छोपेको आधारमा सम्झेर वस्तुहरूको नाम आफ्नो कापीमा लेखी सङ्ख्या बताउन लगाउने । सोको रेकर्ड गर्न राख्ने ।

३. सुनेको आधारमा र देखेको आधारमा वस्तुहरूको नाम सम्झदाको रेकर्ड तुलना गराउने ।

४. प्रशिक्षकले निम्नलिखित बुँदाहरू प्रस्तुत गर्दै निष्कर्ष दिने ।

- म सुन्छु, म बिर्सन्छु,
- म देख्छु, म सम्झन्छु,
- म गर्छु, म बुझ्छु ।

| |
|---|
| ▪ हामी सुनेको कुरा २०% सम्झन सक्छौं |
| ▪ देखेकोकुरा ३०% सम्झन सक्छौं । |
| ▪ देखेको र सुनेको कु ५०% सम्झन सक्छौं । |
| ▪ हामी आफैले भनेको कुरा ८०% सम्झन सक्छौं । |
| ▪ हामी आफैंले भनेको र गरेको कुरा ९०% सम्झन सक्छौं । |

५. विद्यालयको कक्षाकोठामा प्रयोग हुन सक्ने उच्च प्रविधियुक्त विद्युतीय सञ्चारका प्रविधि केके हुन सक्छन् भनी प्रश्न सोध्ने । प्रत्येक सहभागीलाई तीनतीनओटा प्रविधिका नाम लेखी भन्न लगाउने ।

६. विद्यालयको कक्षा व्यवस्थापनमा विद्युतीय सञ्चार प्रविधि (Media technologies) को प्रयोग अति नै उपयोगी हुन सक्ने बताउँदै त्यस्ता प्रविधिहरू वा केही उदाहरणहरू दिने । सहभागीहरूले ती प्रविधिको प्रयोग हुने हदसम्म गर्ने गरेका छन् आ-आफ्ना अनुभवहरू बताउन लगाउने ।

विद्युतीय सञ्चार प्रविधि (Media and Technologies)

- रेडियो
- टेपरिकर्डर
- टेलिभिजन
- टेलिफोन
- कम्प्युटर
- ओभरहेड प्रोजेक्टर
- फिल्मस्ट्रिप आदि ।

७. उपयुक्त विद्युतीय सञ्चारका प्रविधिहरूले कक्षा व्यवस्थापनमा कसरी सहयोग पुऱ्याउन सक्लान् ? प्रश्न सोध्ने । तीनतीनजनाको समूहमा छलफल गर्न लगाई निचोड प्रस्तुत गर्न लगाउने ।

८. सहभागीहरूबाट प्रस्तुत हुने बुँदाहरूलाई समेटेर प्रशिक्षकले निम्नलिखित निष्कर्ष दिने :

विद्युतीय सञ्चारका प्रविधिहरूको प्रयोगबाट हुने फाइदाहरू

- विद्यार्थी सङ्ख्या धेरै भएको खण्डमा टेलिभिजन, रेडियो आदिको प्रयोग उपयोगी हुन सक्छ ।
- मानवीय अनुभवहरूलाई विस्तार (Extend) गर्दछ ।
- प्राप्त ज्ञान र सीपको लामो समयसम्म स्मरणका लागि सहयोगी हुन्छ ।
- प्राय: सबैखाले विद्यार्थी (विभिन्न उमेर, रुचि, क्षमता आदि भएका) हरूका लागि सिकाइ वातावरण तयार पार्नमा सहयोगी हुन्छ ।
- सबैखाले विद्यार्थीहरूको सिकाइमा उच्च, सम्मान र सक्रिय सहभागिता सुनिश्चित गर्दछ ।
- विद्यार्थीहरूलाई अनुभवको अर्थपूर्ण स्रोत उपलब्ध गराउँछ ।
- विद्यार्थीहरूको रुचिलाई जगाउँछ ।
- विद्यार्थीहरूको अभिवृत्ति र व्यवहारमा परिवर्तन ल्याउन सहयोग पुऱ्याउँछ ।
- कक्षाकोठामा हुने सञ्चारलाई प्रभावकारी बनाई विषयवस्तुलाई बोधगम्य बनाउँछ ।
- विभिन्न रुचि, क्षमता र स्तर भएका विद्यार्थीहरूलाई सिकाइप्रति अभिप्रेरित गराउन उपयोगी हुन्छ ।
- विद्यार्थीहरूले यी विद्युतीय सञ्चारका प्रविधिको प्रयोग गरी आफ्नै गतिमा सिकाइ गर्न सक्छन् ।
- कम्प्युटरको प्रयोगले तीव्र विद्यार्थीलाई छिटो सिकेर निर्णयमा पुग्न सहयोग पुऱ्याउँछ ।
- सूचनाको सङ्कलन, सङ्गठन र भण्डारण गर्न कम्प्युटरले सहयोग पुऱ्याउँछ ।
- सूचनाको स्थानान्तरण र प्रस्तुतिमा कम्प्युटरको विशेष भूमिका हुन्छ ।
- कम्प्युटर तथा टेलिफोनको प्रयोगबाट् विभिन्न संस्कृति, समाज, विद्यार्थीका विभिन्न अवस्था र भाषाका विभिन्न परिवेशलाई कक्षामा जीवन्त तुल्याउन सकिन्छ ।
- कम्प्युटरबाट विद्यार्थीले तार्किक तरिकाले समस्या समाधान गर्ने, तत्काल सिक्ने र आफैं सिक्ने अवसर पाउँछन् ।
- अपाङ्ग विद्यार्थीका लागि विभिन्न विषयवस्तुको सिकाइमा कम्प्युटर उपयोगी हुन्छ ।

- इन्टरनेट अर्को उच्च प्रविधि हो जसको प्रयोगले कक्षामा इन्टरनेट कार्यशाला, इन्टरनेट परियोजना कार्य र इन्टरनेट अनुसन्धानका क्रियाकलाप सञ्चालन गर्न सकिन्छ ।
- ओभरहेड प्रोजेक्टरको प्रयोगबाट शिक्षक विद्यार्थीले आफ्नो प्रस्तुतिलाई सरल तरिकाले अरूसमक्ष पुऱ्याउन सक्छन् ।

**(ख) सामाजिक अध्ययन शिक्षणसिकाइमा विद्युतीय सञ्चार प्रविधिको उपयोग**

१. सहभागीहरूलाई मा.वि. तहको सामाजिक विषयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण निर्देशिका उपलब्ध गराउने, सहभागीहरूलाई पाँच समूहमा विभाजित हुन भन्ने । पाठ्यक्रम, पठ्यपुस्तक तथा शिक्षण निर्देशिका अध्ययन गरी कुन पाठको शिक्षणमा विद्युतीय सञ्चारका प्रविधिहरूमध्ये कुन वढी उपयोगी हुन्छ ? सो प्रविधि आफ्नै विद्यालयमा उपलब्ध छ छैन ? यदि छैन भने त्यसको विकल्प के हुन सक्ला ? जवाफ तयार पार्न लगाउने ।

| पाठ | विद्युतीय सञ्चार प्रविधि | आफ्नो विद्यालयमा भए नभएको | वैकल्पिक उपाय |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

२. सहभागीहरूबाट समूहगत प्रस्तुतीकरणपश्चात् छलफल गराई कक्षाकोठामा उच्च प्रविधियुक्त सञ्चारका साधनहरूको प्रयोग गर्दा शिक्षकले केके कुरामा विचार पुऱ्याउनु आवश्यक पर्ला भनी छलफल गराउने । निष्कर्षमा पुग्न सहजीकरण गर्ने ।

## ५. मूल्याङ्कन

सामाजिक अध्ययन शिक्षणसिकाइमा विद्युतीय सञ्चार प्रविधिको उपयोग वताउनुहोस् ।

# अन्तर व्यक्तिगत र व्यक्तिगत व्यवहार

**सक्षमता :** शिक्षकले विद्यार्थीहरूलाई मनोवैज्ञानिक रूपमा सम्बोधन गर्ने क्षमताको विकास र सुदृढीकरण गरी त्यसलाई सामाजिक अध्ययन शिक्षणमा प्रयोग गर्नेछन् ।

**जम्मा घण्टा :** १३ **सत्र :** ९

**सत्र : पहिलो र दोस्रो**
**समय : ३ घण्टा**

## व्यवहार अवलोकन र विश्लेषण सीपहरू

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) विद्यार्थीको व्यवहार अवलोकन फाराम निर्माण तथा प्रयोग गर्न,
(ख) कक्षाअवलोकन फाराम निर्माण तथा प्रयोग गर्न,
(ग) कक्षा क्रियाकलापको विश्लेषण गर्न,
(घ) विद्यार्थीका व्यवहारहरूको विश्लेषण,
(ङ) शिक्षणसिकाइमा व्यवहार अवलोकनको प्रयोग बताउन ।

२. **विषयवस्तु**

(क) विद्यार्थीको व्यवहार अवलोकन फाराम निर्माण र प्रयोग,
(ख) कक्षाअवलोकन फाराम निर्माण तथा प्रयोग,
(ग) कक्षा क्रियाकलापको विश्लेषण,
(घ) विद्यार्थीका व्यवहारको विश्लेषण,
(ङ) शिक्षणसिकाइमा व्यवहार अवलोकनको प्रयोग

३. **तालिम सामग्री**

मार्कर, मेटाकार्ड, कैँची, टेप, कार्डबोर्ड पेपर, न्युजप्रिन्ट पेपर, गम आदि ।

४. **क्रियाकलाप**

**(क) विद्यार्थीको व्यवहार अवलोकन फाराम निर्माण र प्रयोग**

१. आफ्नो विद्यार्थी जीवनलाई ध्यानमा राखी सहभागीहरूलाई निम्नलिखित प्रश्नहरूमा केन्द्रित भई सोच्न लगाउने ।

- तपाईंको सामाजिक शिक्षकले तपाईंको व्यवहारको मूल्याङ्कन कसरी गर्नुहुन्थ्यो ? लिखित परीक्षाबाहेक अरू केही प्रयोग गर्नुहुन्थ्यो ?
- परीक्षाको परिणामले के अर्थ लाग्थ्यो ? तपाईं त्यसलाई कसरी लिनुहुन्थ्यो ?

२. आ-आफ्नो विचार प्रस्तुत गर्न लगाई छलफल गराउने । सहभागीहरूलाई निम्नलिखित प्रश्न सोध्ने :

– विद्यार्थीहरूको व्यवहारको लेखाजोखा गर्न केकस्ता तरिकाहरू अपनाउन सकिन्छ ?

सहभागीहरूलाई निम्नलिखित Worksheet उपलब्ध गराई चारसमूहमा विभाजित भई समूहकार्य गर्न लगाउने ।

| विधि | आवश्यक साधनहरू | विधिको प्रयोग गर्ने तरिकाहरू |
|---|---|---|
| | | |

३. समूहकार्यको समूहगत रूपमा पालैपालो प्रस्तुतीकरण गर्न लगाउने । अन्त्यमा प्रशिक्षकले व्यवहारको लेखाजोखा गर्न निम्नलिखित तरिकाहरू भएको उल्लेख गर्दै ती विधिहरूको प्रयोगका तरिकाहरूसमेत छोटकरीमा व्याख्या गरिदिने ।

**लेखाजोखाका विधिहरू**

- अवलोकन
- विशेष घटनाको टिपोट
- कक्षाकार्य र गृहकार्य
- परीक्षा
- अन्तर्वार्ता
- विद्यार्थीको प्रस्तुतीकरण
- विद्यार्थीका खोजकार्यहरू आदि ।

४. सामाजिक शिक्षाको शिक्षणसिकाइपश्चात् विद्यार्थीहरूमा आएको व्यावहारिक परिवर्तनहरूको लेखाजोखा गर्न अवलोकनबाट कसरी थाहा पाउनुहुन्छ ? प्रश्न सोध्दै विद्यार्थीहरूको व्यवहार अवलोकन गर्नका लागि फाराम तयार पार्न लगाउने । सहभागीहरूलाई चारसमूहमा विभाजित हुन लगाई एकएकओटा नमुना फारामहरू तयार पार्न लगाउने ।

५. आफ्ना साथीहरूसँग कार्ययोजना तयार पार्दा, समस्या माथि छलफल गर्दा, निर्माणात्मक कार्य गर्दा, विचारहरूको आदानप्रदान गर्दा तथा सामग्रीहरूको प्रयोग गर्दा एउटा विद्यार्थीले अरू साथीहरूसँग कसरी मिलेर काम गर्छन् भनी विद्यार्थीको पारस्परिक सम्बन्धको व्यवहार थाहा पाउन प्रयोग गर्न सकिने एउटा सङ्केतसूचीको नमुना अध्ययन गर्न लगाई छलफल गराउने ।

**(उक्त सङ्केतसूचीको नमुना प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

६. यसैगरी विद्यार्थीहरूको सामाजिक व्यवहार, व्यक्तिगत व्यवहार, नेतृत्व व्यवहार, संवेगात्मक व्यवहार आदिको अवलोकन गर्न व्यवहारहरू अङ्कित रूजुसूचीको प्रयोग गर्न सकिन्छ भने विद्यार्थीहरूलाई आत्ममूल्याङ्कन गर्न लगाउनका लागि समेत उनीहरूको व्यवहारका सूची तयार पारी दिन सकिन्छ भनी निष्कर्ष दिने ।

७. विद्यार्थीहरूको व्यवहारको अवलोकन फारामको प्रयोग सम्बन्धमा निम्नानुसारको निष्कर्षसहित छोटो व्याख्या गर्ने ।

- विद्यार्थी व्यवहारको अवलोकन फारामको प्रयोग शिक्षकले गर्ने ।

- विद्यार्थीद्वारा नै आत्ममूल्याङ्कन गराउन सकिने ।
- हरेक साता व्यवहारको अवलोकन गर्न सकिने ।
- आवश्यकतानुसार व्यवहारको अवलोकन गर्न सकिने ।

(ख) **कक्षाअवलोकन**

१. तपाईंले आफ्नो शिक्षणमा सुधार ल्याउने ध्येयले सहकर्मी शिक्षकको कहिल्यै कक्षाअवलोकन गर्नुभएको छ ? आफ्नो आत्ममूल्याङ्कन पनि कहिल्यै गर्नुभएको छ ? कक्षाअवलोकन कसरी गर्नुभयो ? आदि प्रश्न सोधी आ-आफ्ना अनुभवहरू आदानप्रदान गर्न लगाउने ।

२. निम्नलिखित सूचकहरू तथा अन्य सूचकहरूलाई आधार मानी शिक्षकको कक्षाअवलोकन गर्नका लागि कक्षाअवलोकन फाराम बनाउन लगाउने । यसका लागि सहभागीहरूलाई तीनतीनजनाको समूहमा विभाजित हुन लगाउने । समूहकार्यपश्चात् प्रस्तुतीकरण गर्न लगाउने ।
कक्षाअवलोकन फारामको निर्माण गर्ने आधार सूचकहरू :

- सामान्य विवरण
- शिक्षकको व्यक्तित्व
- शिक्षकको योजना तथा तयारी
- कक्षाको प्रारम्भ
- पाठको प्रस्तुतीकरण
- कक्षा क्रियाकलाप
- शैक्षिक सामग्रीको प्रयोग
- शिक्षणविधिको प्रयोग
- मूल्याङ्कन
- गृहकार्य तथा अन्य

३. समूहगत प्रस्तुतीकरणपश्चात् पालैपालो पृष्ठपोषण प्रदान गर्न र पृष्ठपोषण लिन लगाउने । अन्त्यमा प्रशिक्षकले कक्षाअवलोकन फारामको एउटा नमुना प्रस्तुत गरी यसको प्रयोग गर्ने तरिकाका बारेमा छोटो व्याख्या गर्ने ।

**(कक्षाअवलोकन फारामको नमुना प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

(ग) **कक्षा क्रियाकलापको विश्लेषण**

१. सहभागीहरूलाई दसमिनेटमा शिक्षण कार्य पूरा गर्न सक्ने गरी सामाजिक शिक्षा (कक्षा १०) को कुनै एउटा पाठ छनोट गर्न लगाउने । सहभागीहरूलाई तीनसमूहमा विभाजित हुन लगाई प्रत्येक समूहलाई आवश्यक सामग्री उपलब्ध गराउने र समूहगत कार्य गर्न लगाउने । समूहकार्यपश्चात् प्रत्येक समूहलाई प्रत्येक समूहका तर्फबाट एकएकजनालाई शिक्षण गर्न लगाउने । यसरी शिक्षण गर्दा एकसमूहलाई अवलोकनकर्ताको र बाँकी दुईसमूहलाई विद्यार्थीहरूको भूमिका निर्वाह गर्न लगाउने । अवलोकनकर्ताको भूमिका निर्वाह गर्ने समूहलाई तलको क्रियाकलाप चार्ट दिने र अवलोकन गरी सोही चार्टमा चिन्ह लगाउन लगाउने ।

## कक्षा क्रियाकलापको क्रमबद्ध अवलोकन चार्ट

विद्यालय :      कक्षा :

शिक्षक :      पाठ :

अवलोकनकर्ता :      समय :

| मिनेट | शिक्षक विद्यार्थीसँग कुराकानी गर्छन् । | शिक्षक विद्यार्थीलाई प्रश्न सोध्छन् । | विद्यार्थीलाई प्रोत्साहित गर्छन् । | शिक्षक आलोचना गर्छन् । | अनुशासन कायम राख्छन् । | शिक्षक विद्यार्थी अन्तर्क्रिया | विद्यार्थीको वैयक्तिक कार्य | विद्यार्थी विद्यार्थी अन्तर्क्रिया | समूह कार्य वा जोडा कार्य | विद्यार्थी कार्य सम्पन्न |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | |
| २. | | | | | | | | | | |
| ३. | | | | | | | | | | |
| ४. | | | | | | | | | | |
| ५. | | | | | | | | | | |
| ६. | | | | | | | | | | |
| ७. | | | | | | | | | | |
| ८. | | | | | | | | | | |
| ९. | | | | | | | | | | |
| १०. | | | | | | | | | | |

२. अवलोकनकर्ताहरूलाई पालैपालो पृष्ठपोषण प्रदान गर्ने मौका दिने ।

३. निम्नलिखित प्रश्न सोध्ने ।

- तपाईंले आफ्नो विद्यालयमा सहकर्मी शिक्षक तथा विद्यार्थीहरूको कक्षाकोठाको क्रियाकलापको कहिल्यै अध्ययन विश्लेषण गर्नुभएको छ ?
- उपर्युक्त चार्टमा उल्लेख भएका क्रियाकलापका अतिरिक्त अरू केकस्ता क्रियाकलापहरू कक्षाकोठामा हुने गर्छन् ? कक्षाकोठा क्रियाकलापको सूची बनाउन सक्नुहुन्छ ? निम्नलिखित खाका उपलब्ध गराई अभ्यास गराउने ।

**कक्षाको सुरुमा**

### कक्षा क्रियाकलापको खाका

कक्षा :      पाठ :

समय :      अवलोकनकर्ता :

| मिनेट/समय | शिक्षक क्रियाकलाप | विद्यार्थी क्रियाकलाप |
|---|---|---|
| | | |

**कक्षाको बीचमा**

कक्षा : पाठ :

समय : अवलोकनकर्ता :

| मिनेट / समय | शिक्षक क्रियाकलाप | विद्यार्थी क्रियाकलाप |
|---|---|---|
| | | |

**कक्षाको अन्त्यमा**

कक्षा : पाठ :

समय : अवलोकनकर्ता :

| मिनेट / समय | शिक्षक क्रियाकलाप | विद्यार्थी क्रियाकलाप |
|---|---|---|
| | | |

४. विद्यालयमा कक्षा क्रियाकलापहरूको विश्लेषण गर्दा शिक्षकले शिक्षणसिकाइ क्रियाकलापमा प्रभावकारिता बढाउन सहयोग मिल्ने कुरामा छलफलसहित निष्कर्ष दिने ।

**(घ) विद्यार्थीहरूको व्यवहारको विश्लेषण**

१. सहभागीहरूलाई विद्यार्थीहरूले देखाउने व्यवहारको आधारमा उनीहरूको भावना र मनस्थितिलाई कसरी बुझ्न सकिन्छ भनी प्रश्न सोध्दै छलफल गराउने ।

२. छलफलका आधारमा प्रशिक्षकले निम्नानुसारको निष्कर्ष दिने ।

**विद्यार्थीको व्यवहारको विश्लेषण**

| व्यवहार | सम्भावित अर्थ |
|---|---|
| – प्रसन्न मुखाकृति<br>– सहमतिसूचक टाउको हल्लाइ<br>– अलिकति अगाडितर्फ झुकी हेरिरहनु | उत्साही तथा बुझिरहेको |
| – हाइहाइ गरिरहनु<br>– टोलाइरहनु<br>– खुट्टा चलाइरहनु<br>– अडिएर वारम्वार हेर्नु<br>– कुर्सीमा पछाडिपट्टि अडेस लगाउनु | दिक्क मानेको |
| – टाउको कन्याउनु | |

| | |
|---|---|
| – ओठ टोक्नु<br>– शिक्षकसँग आँखा नमिलाउनु<br>– आँखा चिम्लिनु | अल्मलिएको |

३. विद्यार्थीहरूका उपर्युक्त व्यवहारहरूमा शिक्षकले कस्तो प्रतिक्रिया गर्न सकिन्छ भनी Brainstorming गराउने ।

४. सहभागीहरूका विचारहरूलाई समेटेर प्रतिक्रियाका तरिकाहरू वताउने ।
**(प्रतिक्रियाका तरिकाहरू प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

५. शिक्षणसिकाइमा विद्यार्थीहरूको व्यवहार अवलोकनको प्रयोग कसरी गर्न सकिन्छ ?

६. सहभागीका उत्तरलाई समेटेर प्रशिक्षकले निम्नानुसारको निष्कर्ष दिने ।

- विद्यार्थीहरूका मनपर्ने र मन नपर्ने व्यवहारहरू पहिचान गर्न ।
- असल व्यवहारहरूलाई प्रोत्साहित गर्न ।
- विद्यार्थीहरूको क्षमता वुझेर सोअनुसार कार्यक्षमताको आशा राख्न ।
- विद्यार्थीहरूले के गर्न सक्तैनन् भन्ने कुरामा जोड नदिई के गर्न सक्छन्मा जोड दिन ।
- बालबालिकाहरूको भावनाको कदर गर्न ।
- आफ्नो शिक्षणबाट विद्यार्थीहरू उत्तेजित अभिप्रेरित भए नभएको पहिचान गर्न ।
- विद्यार्थीहरूको सामाजिक, मनोवैज्ञानिक, संवेगात्मक आदि विकास प्रक्रियाहरूको पहिचान गरी सोबमोजिम शिक्षणसिकाइ योजना तर्जुमा र कार्यान्वयन गर्न ।

**विद्यार्थी व्यवहार परिवर्तन प्रक्रिया**

- परिवर्तन गर्नुपर्ने व्यवहारहरूमा केन्द्रित हुनु ।
- विकास गर्न चाहेको नयाँ व्यवहारहरू पत्तालगाउनु ।
- नयाँ व्यवहारमा अभ्यास गर्ने अवसर प्रदान गर्नु ।
- आफ्नो सिकाइका लागि उनीहरू आफैंलाई उत्तरदायी बनाउन शिक्षण गर्नु ।
- धेरै पक्षमा उपयोगी कार्यमूलक सीपहरूमा ध्यान दिनु ।

५. **मूल्याङ्कन**

शिक्षणसिकाइमा व्यवहार अवलोकनको प्रयोग बताउनुहोस् ।

सत्र : तेस्रो र चौथो
समय : ३ घण्टा

# शिक्षक र विद्यार्थीको सामर्थ्य र कमजोरी

## १. उद्देश्यहरू

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) शिक्षक, विद्यार्थी र अभिभावकको सामर्थ्य पत्ता लगाउने तरिकाहरू पहिचान गर्न,

(ख) उच्चता र हीनतासम्बन्धी जटिलताहरूको पहिचान गर्न,

(ग) सामाजिक अध्ययन शिक्षणसिकाइमा विद्यार्थी र शिक्षकका सामर्थ्य र कमजोरीको पहिचान र प्रयोग गर्न ।

## २. विषयवस्तु

(क) शिक्षक, विद्यार्थी र अभिभावकको सामर्थ्य पत्ता लगाउने तरिकाहरू पहिचान

(ख) उच्चता र हीनतासम्बन्धी जटिलताहरूको पहिचान

(ग) सामाजिक अध्ययन शिक्षणसिकाइमा विद्यार्थी र शिक्षकका सामर्थ्य र कमजोरीको पहिचान र प्रयोग

## ३. सामग्री

टेप, कैंची स्केल, मार्कर, मेटाकार्ड, न्युजप्रिन्ट पेपर, कार्डबोर्ड आदि ।

## ४. क्रियाकलाप

**(क) शिक्षक, विद्यार्थी र अभिभावकको सामर्थ्य पत्ता लगाउने तरिकाहरू**

१. सहभागीहरूलाई निम्नलिखित ३ ओटा प्रश्नहरू सोध्ने :

- शिक्षकको सामर्थ्यहरू केके हुन् ?
- विद्यार्थीका सामर्थ्यहरू केके हुन् ?
- अभिभावकका सामर्थ्यहरू केके हुन् ?

सहभागीहरूलाई तीनसमूहमा विभाजन गर्ने । पहिलो समूहलाई शिक्षक, दोस्रो समूहलाई विद्यार्थी र तेस्रो समूहलाई अभिभावक भएको अनुभूति गर्न लगाउने । समूहगत छलफल गराई ५।५ ओटा आफ्ना सामर्थ्यहरू निचोडस्वरूप प्रस्तुत गर्न लगाउने ।

शिक्षकका रूपमा मेरा सामर्थ्यहरू :
१.
२.
३.
४

विद्यार्थीका रूपमा मेरा सामर्थ्यहरू :
१.
२.
३.
४.

अभिभावकका रूपमा मेरा सामर्थ्यहरू :
१.
२.
३.
४.

२ हरेक समूहबाट पालैपालो प्रस्तुतीकरणपश्चात् शिक्षक, विद्यार्थी र अभिभावकको सामर्थ्यहरू पत्तालगाउने आधारहरू केके हुन सक्छन् भनी प्रश्न गर्दै छलफल गराउने । प्रस्तुत हुने बुँदाहरूलाई समेटेर प्रशिक्षकले निचोड दिने ।
**(यससम्बन्धी सामग्री प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

**(ख) उच्चता र हीनतासम्बन्धी जटिलताहरूको पहिचान**

(१) सहभागीहरूलाई एंउटा फोटो अथवा चित्र देखाउने र त्यो चित्र जस्तै अर्को चित्र आ-आफ्ना कापीमा कोर्न लगाउने । ती चित्रहरूको स्तरलाई आत्ममूल्याङ्कन गर्न लगाउने । आआफ्ना अनुभवहरू बताउन लगाउने ।

(२) सहभागीहरूलाई विद्यार्थीमा उच्चता वा हीनतासम्बन्धी जटिलता सक्रिय छ छैन भनेर कसरी पत्ता लगाउन सकिन्छ भनी Brainstorming गराउने ।

(३) सहभागीको प्रस्तुतिलाई एकीकृत गर्दै छलफललाई निम्नानुसार निष्कर्षमा पुऱ्याउने :

**उच्चतासम्बन्धी जटिलताहरूको पहिचान**

- विद्यार्थीलाई वास्तवमा थाहा छैन तर जान्दछु भन्ने गर्व गर्छ,
- आफ्ना सहपाठीहरूका विचार स्वीकार्दैन र साथीहरूलाई सहयोग पनि गर्दैन,
- ठीक वेठीक ठाउँमा उपयुक्त अनुपयुक्त कुरा बोलिरहन्छ,
- अरू जान्दैनन् तर म जानिहाल्छु, गरिहाल्छु भन्ने भावना गर्छ,
- शिक्षकका असल पक्षको समेत विरोध गर्छ,
- कसैको अनुपस्थितिमा कुरा काटिरहन्छ,
- इर्ष्यालु र रिसाहा प्रवृत्तिको छ ।

**हीनतासम्बन्धी जटिलताहरूको पहिचान**

- म जान्दिनँ वा जान्दछु भन्ने जान्दैन,
- क्रियाकलापहरूमा सहभागी हुन चाहँदैन,
- नबोली वा दबिएरै बस्न चाहन्छ,
- शिक्षक/साथीहरूसँग अन्तर्क्रिया कम गर्छ,
- कक्षामा आफ्नो उपस्थिति बोझ ठान्छ ।

**(ग) सामाजिक अध्ययन शिक्षणसिकाइमा विद्यार्थी र शिक्षकका सामर्थ्य र कमजोरीको पहिचान र प्रयोग**

(१) सहभागीहरूलाई उनीहरूको व्यक्तिगत अनुभवका आधारमा सामाजिक अध्ययन गर्ने अर्को शिक्षक र उक्त शिक्षकले पढाउने कक्षाका विद्यार्थीको ३/३ ओटा सामर्थ्य र कमजोरी लेख्न लगाउने ।

तपाईँको विद्यालयको सामाजिक शिक्षकको

| सामर्थ्य | कमजोरी |
|---|---|
| १. | |
| २. | |
| ३. | |

उक्त शिक्षकले पढाउने कक्षाका विद्यार्थीको

| सामर्थ्य | कमजोरी |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |
| ५. | |

(२) सहभागीहरूलाई दुईदुईजनाको जोडी बनाउने । उक्त शिक्षकलाई तपाईं कुनकुन पक्षमा कसरी सुझाव दिन सक्नुहुन्छ ? छलफल गर्न लगाउने । प्रत्येक जोडीबाट प्रस्तुत गर्न लगाउने ।

| सामर्थ्य र कमजोरी | सुझाव |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |
| ५. | |

(३) सहभागीको प्रस्तुतिपछि सोही प्रस्तुतिलाई आधार बनाई सामाजिक अध्ययन शिक्षणसिकाइमा शिक्षक विद्यार्थीको सामर्थ्यको प्रयोग र कमजोरी निराकरणका विषयमा छलफल केन्द्रीत गरी निचोड प्रस्तुत गर्ने ।

## ५. मूल्याङ्कन

सहभागीलाई उच्चता तथा हीनतासम्बन्धी जटिलता पहिचानका तरिका र शिक्षक तथा विद्यार्थीका सामर्थ्यको कक्षा प्रयोग सन्दर्भमा प्रश्न गरी मूल्याङ्कन गर्ने ।

सत्र : पाँचौं
समय : १ घण्टा

# मध्यस्थता र सहजीकरणका सीपहरू

१. **उद्देश्यहरू**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) बहुविविधताका प्रदर्शनका तरिकाहरू पहिचान गर्न,

(ख) विद्यार्थीका सामर्थ्य र कमजोरीलाई सम्बोधन गर्ने तरिकाहरू पहिल्याउन,

(ग) उच्चता र हीनतासम्बन्धी जटिलताको व्यवस्थापनका तरिकाहरू बताउन ।

२. **विषयवस्तु**

(क) बहुविविधताका प्रदर्शनका तरिकाहरू

(ख) विद्यार्थीका सामर्थ्य र कमजोरीलाई सम्बोधन गर्ने तरिकाहरू

(ग) उच्चता र हीनतासम्बन्धी जटिलताको व्यवस्थापन तरिकाहरू

३. **सामग्री**

टेप, कैंची, स्केल, मार्कर, मैटाकार्ड, न्युजप्रिन्ट पेपर, कार्डबोर्ड आदि ।

४. **क्रियाकलाप**

(क) **बहुविविधताका प्रदर्शनका तरिकाहरू**

१. सहभागीहरूलाई निम्नलिखित प्रश्न सोध्ने :

बालबालिकाहरूले विद्यालयमा देखाउने विविधतायुक्त व्यवहारहरू केके हुन् ?

सहभागीहरूलाई लेख्नका लागि मेटाकार्ड र मार्कर दिने । एउटा मेटाकार्डमा ३ ओटा बुँदाहरू लेख्न लगाउने । पालैपालो पिनबोर्डमा टाँस्न लगाउने । कार्डहरूलाई वर्गीकरण गर्न सहजीकरण गर्ने । छलफल गराउने र निष्कर्ष दिने ।

> विद्यालयमा बहुविविधताको स्थिति हुन्छ । कक्षा बहुविविधतायुक्त हुन्छ । एउटै कक्षामा एकभन्दा बढी भाषा, धर्म, जातजाति, लिङ्ग, शारीरिक, मानसिक अवस्था, संस्कृति आदिका बालबालिका रहनुलाई बहुविविधता भनिन्छ । विद्यार्थीको सामाजिक, पारिवारिक, धार्मिक, सांस्कृतिक, आर्थिक पृष्ठभूमि पत्तालगाउन, संस्वेगात्मक अवस्था पहिचान गर्न तथा सिकाइको गति र त्रुटिक्षेत्र पहिल्याई शिक्षण गर्न बहुविविधताको अवस्थाको जानकारी आवश्यक छ । बालमानसिकतामा पर्ने नकारात्मक असर घटाउन, सिकाइमा प्रोत्साहन र उत्प्रेरणा वढाउन, धार्मिक र सांस्कृतिक सम्मानको भावना विकास गराउन, कक्षा छाड्ने दर घटाउन र समावेशी संस्कृतिको विकास गर्न बहुविविधताको प्रदर्शन आवश्यक छ । त्यसैले शिक्षकले हरेक विद्यार्थीले विद्यालयमा प्रदर्शन गर्ने कार्यकलाप तथा व्यवहारमा पाइने विविधताहरूको पहिचान गर्नु आवश्यक हुन्छ ।

२. बहुविविधता प्रदर्शनका विधिहरू केके हुन् ? प्रश्न सोध्ने । एकएकओटा बुँदाहरू भन्न लगाई बोर्डमा टिपोट गर्दै जाने ।

३. सहभागीको प्रस्तुतिपछि छलफललाई निष्कर्षमा पुऱ्याउने ।

**(यससम्बन्धी सामग्री प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

**(ख) विद्यार्थीका सामर्थ्य र कमजोरीलाई सम्बोधन गर्ने तरिकाहरू**

१. सहभागीहरूलाई निम्नलिखित प्रश्न सोध्ने ।

– विद्यार्थीका सामर्थ्यलाई कसरी सम्बोधन गर्न सकिन्छ ?

– विद्यार्थीका कमजोरी कसरी हटाउन सकिन्छ ?

समूहमा विभाजित हुन लगाई समूहकार्यपश्चात् प्रस्तुतीकरण गर्न लगाउने ।

**विद्यार्थीका सामर्थ्यलाइ सम्बोधन गर्ने तरिका**

१.
२.
३.
४.

**विद्यार्थीका कमजोरीलाई हटाउने तरिकाहरू**

१.
२.
३.
४.

२. सहभागीहरूको प्रस्तुतिमा छलफल गराउँदै प्रशिक्षकले निचोड दिने ।
**(यससम्बन्धी सामग्री प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

**(ग) विद्यार्थीहरूको उच्चता र हीनतासम्बन्धी जटिलताको व्यवस्थापनका तरिकाहरू**

१. सहभागीहरूलाई मेटाकार्ड दिनुहोस् र एकएक बुँदामा तलका प्रश्नको उत्तर लेखी प्रदर्शन गर्न लगाउनुहोस् :

– विद्यार्थीहरूका उच्चतासम्बन्धी जटिलताको व्यवस्थापन कसरी गर्न सकिन्छ ?

– विद्यार्थीहरूका हीनतासम्बन्धी जटिलताको व्यवस्थापन कसरी गर्न सकिन्छ ?

२. सहभागीको प्रस्तुतिपछि तलका बुँदाहरू समेतको आधार लिई छलफललाई निष्कर्षमा पुऱ्याउने :

**उच्चतासम्बन्धी जटिलताको व्यवस्थापन**

- कक्षामा उच्चता ग्रन्थि भएका विद्यार्थीको पहिचान गरी अभिलेख गर्ने,
- उनीहरूले आफ्ना विचार, तर्क, अरूका भन्दा विशेष ठान्ने र ती गलत पनि हुने सन्दर्भमा उनीहरूका जस्तै तर्क गलत र अनुचित भएका उदाहरणलाई अप्रत्यक्ष रूपमा प्रस्तुत गर्ने,
- कक्षाकोठाको नियमनिर्माण विद्यार्थीहरूको सहभागितामा निर्माण र कार्यान्वयन गराउने,
- कक्षाकोठामा समुदाय निर्माण गर्ने,
- अरू विद्यार्थीसँग मिलेर मात्र समाधान गर्न सक्ने क्रियाकलापमा सहभागी गराउने,

- तत्काल रिसाउने खालका गतिविधि गर्नमा नियन्त्रण गर्ने,
- व्यवहार निर्माणमा सकारात्मक अनुशासन पद्धतिको प्रयोग गर्ने
- शिक्षकले नियमित रूपमा सहयोग गरी उच्चता ग्रन्थिको नियन्त्रणमा सहयोग गर्ने ।

**हीनतासम्बन्धी जटिलताको व्यवस्थापन**

- हीनता ग्रन्थि भएका विद्यार्थीको सूची तयार गर्ने,
- यस्ता विद्यार्थीलाई आफ्ना विचार भन्ने र क्रियाकलाप गर्ने पर्याप्त अवसर दिने,
- यस्ता विद्यार्थीलाई बढीभन्दा बढी क्रियाकलापमा सहभागी गराउने,
- समूहगत कार्यहरूमा विद्यार्थीहरूलाई सक्रिय सहभागी गराउने,
- विद्यार्थीको भावनाको कदर गर्ने,
- अपेक्षित व्यवहार देखाएमा सकारात्मक पुनर्बल प्रदान गर्ने,
- उनीहरूले गरेका राम्रा कार्यलाई प्रशंसा गर्दै आवश्यक सहयोग गर्ने,
- यस्ता विद्यार्थीलाई निरन्तर प्रोत्साहन गरी कक्षाभित्र र बाहिर शिक्षकले निरन्तर अन्तर्क्रियामा सहजीकरण गर्ने ।

**५. मूल्याङ्कन**

(क) बहुविविधताको प्रदर्शन कसरी गर्न सकिन्छ ?

(ख) सामर्थ्य र कमजोरीलाई कसरी सम्बोधन गर्न सकिन्छ ?

(ग) विद्यार्थीका उच्चता र हीनता ग्रन्थिको व्यवस्थापन कसरी गर्नुहुन्छ ?

सत्र : छैटौं र सातौं
समय : ३ घण्टा

## मध्यस्थता र सहजीकरणका सीपहरू

१. **उद्देश्यहरू**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) अग्र सिकाइ र गराइका लागि विद्यार्थीहरूलाई सहभागी गराउने सीपहरू पहिल्याउन,

(ख) बालबालिकाहरूको सिकाइ र विकासमा पुरस्कार र दण्डको असर बताउन,

(ग) निर्देशनको प्रत्यक्ष र अप्रत्यक्ष पद्धतिको अवधारणा बताउन ,

(घ) पथप्रदर्शन र परामर्श गर्ने तरिकाहरूमा परिचित हुन र कार्यान्वयन गर्न,

(ङ) मध्यस्थता, सहजीकरण, पथप्रदर्शन र परामर्श सेवाका निम्ति नीतिशास्त्रीय आधार पहिल्याउन ।

२. **विषयवस्तु**

(क) अग्रसिकाइ र गराइका लागि विद्यार्थीहरूलाई सहभागी गराउने सीपहरू

(ख) पुरस्कार र दण्ड

(ग) निर्देशनको प्रत्यक्ष र अप्रत्यक्ष पद्धति

(ग) पथप्रदर्शन र परामर्श सेवा

(घ) मध्यस्थता, सहजीकरण, पथप्रदर्शन र परामर्शका लागि नीतिशास्त्रीय आधार

३. **सामग्री**

टेप, कैंची, स्केल, मार्कर, मेटाकार्ड, न्युजप्रिन्ट पेपर, कार्डबोर्ड पेपर आदि ।

४. **क्रियाकलाप**

(क) **अग्रसिकाइ र गराइका लागि विद्यार्थीहरूलाई सहभागी गराउने सीपहरू**

१. सहभागीलाई अग्रसिकाइ र गराइ भनेको के हो भनी प्रश्न सोध्ने । आपसमा छलफल गरी सामूहिक रूपमा उत्तर तयार पार्न लगाउने ।

२. सहभागीहरूको प्रस्तुतिपछि तलका बुँदालाई समेत आधार बनाउँदै छलफललाई निष्कर्षमा पुऱ्याउने :

**अग्रसिकाइ र गराइमा विद्यार्थी सहभागी गराउने तरिका**

- सिक्न चाहने विद्यार्थीहरूलाई उनीहरूको रूचिअनुसारको सिकाइमा सहभागी गराउने र आवश्यक निर्देशन पनि दिने,
- थप पाठ्य/श्रव्यदृश्य सामग्रीको उपयोग गर्ने वातावरण मिलाइदिने,
- माथिल्लो कक्षाका विद्यार्थी र स्रोतव्यक्तिहरूसँग अन्तर्क्रिया गराउने,
- पुस्तकालय/वाचनालयमा अध्ययन गरी आफूले सिकेका कुरा प्रस्तुत गर्न लगाउने,
- सह/अतिरिक्त क्रियाकलापमा सहभागी गराउने,
- उनीहरूले विकास गरेका (उक्त कक्षाभन्दा माथिल्लो कक्षामा अपेक्षित) स्वीकार्य व्यवहारको सामूहिक प्रशंसा गर्ने ।

३. सहभागीहरूलाई उपर्युक्तअनुसारको कार्य आफूले गराउने गरे नगरेको आत्ममूल्याङ्कन गर्न लगाउने ।

(ख) **पुरस्कार र दण्ड**

१. प्रशिक्षकले सहभागीहरूलाई तलको चित्र (शिक्षकले विद्यार्थीहरूलाई सजाय दिइरहेको) प्रदर्शन गरी अवलोकन गर्न लगाउने ।



प्रश्न :

- चित्रमा के देख्नुहुन्छ ?
- चित्रमा देखाइएजस्तै क्रियाकलाप तपाईंको विद्यालयमा पनि हुने गरेको छ कि ?

२. सहभागीहरूलाई शिक्षक वा अभिभावकले विद्यार्थी वा आफ्नो छोराछोरीलाई दिने गरेका सजाय कस्ताकस्ता छन् भनी प्रश्न सोध्ने । सहभागीहरूलाई तीन तीनजनाको समूहमा छलफल गर्न लगाई समूहगत रूपमा निचोड प्रस्तुत गर्न लगाउने र वर्गीकरण गर्न लगाउने ।

३. सहभागीहरूका विचारलाई समेट्दै प्रशिक्षकले निम्नानुसारको निष्कर्ष दिने ।

**निष्कर्ष :**

**(क) शारीरिक सजाय**

- पिट्ने, लठ्ठी, हात, डस्टर, स्केल, सिस्नु आदिले शरीरको विभिन्न भागमा पिट्ने
- कुनै पोल्ने वस्तुले पिट्ने,
- बेञ्चमाथि उभ्याउने,
- कान समातेर घोप्टिन लगाउने,

**(ख) मनोवैज्ञानिक सजाय**

- विद्यार्थीहरूलाई होच्याएर, निरुत्साहित हुने गरेर, बेइज्जती हुने गरेर अपमान हुने गरी, मूर्ख, बदमास, बेइमानजस्ता शब्दले गाली गर्ने,
- विभिन्न जनावरको नाम दिएर गाली गर्ने, जस्तै- बाँदर, गोरु, कुकुर आदि,
- विद्यालयबाट निकाल्ने, पिट्नेजस्ता धम्की दिने,

- विद्यालयबाट निकालेर,
- साना नानीहरूलाई कपडा खोल्न लगाएर, नाङ्गै उभ्याएर
- दिनभरि घाममा उभ्याइदिने वा कक्षाकोठाबाहिर उभ्याइदिने,
- विद्यालयबाट निकाल्ने, पिट्नेजस्ता धम्की दिएर,

४. सहभागीहरूलाई निम्नलिखित प्रश्न सोधी Brain Storming गराउने । दण्ड सजायबाट विद्यार्थीहरूमा केकस्तो परिणाम देखापर्छ ?

५. हरेक सहभागीलाई आ-आफ्नो कापीमा उत्तर लेख्न लगाई दुईदुईजनाको जोडीमा छलफल गर्न लगाउने । प्रत्येक जोडीबाट पालैपालो प्रस्तुत गर्न लगाउने । बुँदाहरू नदोहोरिने गरी बोर्डमा टिप्दै जाने । अन्त्यमा प्रशिक्षकले निम्नलिखित निष्कर्षसहित छोटो व्याख्या गर्ने ।

**दण्ड सजायबाट विद्यार्थीहरूमा पर्ने असरहरू**

(क) शारीरिक परिणाम

- घाउचोट लाग्न सक्छ,
- नीलडाम हुनसक्छ,
- शारीरिक रूपमा अपाङ्ग हुनसक्छ,
- बिरामी हुन सक्छ ।

(ख) मनोवैज्ञानिक परिणाम

- पढाइप्रति एकाग्रतामा कमी,
- सिर्जनशीलतामा कमी,
- सङ्कोचको विकास,
- आत्मबल र आत्मविश्वासको कमी,
- ठूलोठूलो स्वरमा कराउने र झगडा गर्ने ।

(ग) सामाजिक परिणाम

- समाज विरोधी समूहको निर्माण हुन सक्ने ।
- असामाजिक क्रियाकलापमा संलग्न हुने ।
- विध्वंसात्मक क्रियाकलापमा संलग्न हुने,

६. बालबालिकाहरूले कक्षाकोठामा प्रस्तुत गर्ने राम्रा व्यवहारहरूको सूची समूहगत रूपमा निर्माण गर्न लगाउने । समूहगत रूपमा प्रस्तुत गर्न लगाउने । छलफल गराउने ।

७. प्रशिक्षकले बालबालिकाले कक्षाकोठामा प्रस्तुत गर्ने राम्रा व्यवहारहरूको केही उदाहरणको सूची प्रदर्शन गरी निष्कर्ष दिने ।

**राम्रा व्यवहारहरू**

- सिक्नका लागि उत्सुक हुने
- राम्रा साथीको व्यवहार देखाउने
- अरूलाई सहयोग गर्ने
- समयमा उपस्थित हुने
- राम्रो श्रोता हुने ।

८. विद्यार्थीले देखाउने असल व्यवहारहरूलाई सुदृढ गर्न के गर्नुपर्ला ? भनी प्रश्न सोध्ने । हरेक सहभागीलाई मेटाकार्डमा उत्तर लेख्न लगाउने । सबै कार्ड पिनबोर्डमा टाँस्न लगाई वर्गीकरण गर्न लगाउने । छलफल गराउने । अन्त्यमा प्रशिक्षकले कक्षाकोठामा विद्यार्थीले देखाउने असल व्यवहारका

लागि दिन सकिने पुरस्कार वा सकारात्मक पुनर्बलहरूको प्रयोगका बारेमा चार्ट प्रस्तुत गरी छलफल गराउने ।

**(यससम्बन्धी सामग्री प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

९. बालबालिकाहरूले देखाउने व्यवहारमा सकारात्मक वा दण्डरहित प्रतिक्रिया गर्ने तरिकाहरूका बारेमा ३/३ जना सहभागीहरूका बीचमा छलफल गराई निष्कर्ष प्रस्तुत गर्न लगाउने ।

**सकारात्मक प्रतिक्रियासम्बन्धी केही बुँदाहरू**

- बालबालिकाहरूको क्षमता बुझेर सोअनुसारको कार्य दक्षताको आशा राख्नुहोस् ।
- असल व्यवहारलाई तुरुन्तै प्रोत्साहित गर्नुहोस् ।
- राम्रो नराम्रो बालबालिका होइन, व्यवहार हो । तसर्थ व्यवहारमा केन्द्रित हुनुहोस् ।
- बालबालिकाले के गर्न सक्दैनन्मा केन्द्रित नहुनुहोस्, सधैँ के गर्न सक्दछन्मा जोड दिनुहोस् ।

**(ग) निर्देशनको प्रत्यक्ष र अप्रत्यक्ष पद्धति**

१. सहभागीहरूलाई आपसमा छलफल गरी सामाजिक अध्ययन शिक्षणसिकाइमा निर्देशनको आवश्यकता र निर्देशनका तरिकाहरूबारे टिपोट गरी प्रस्तुत गर्न लगाउने ।

२. सहभागीहरूका प्रस्तुतिलाई समेटेर शिक्षकले विद्यार्थीको सिकाइमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा निर्देशन दिइरहनुपर्छ । निर्देशनले विद्यार्थीलाई भावी सिकाइमा सहयोग गर्छ भन्ने कुरा बताउदै निर्देशनको आवश्यकता र निर्देशनका तरिकाहरूबारे छोटो व्याख्यासहित निचोड प्रस्तुत गर्ने ।

**(घ) पथप्रदर्शन र परामर्श सेवा (Guidence and counselling)**

१. सहभागीहरूलाई निम्नलिखित क्रियाकलाप गराउने :
तपाईंले आफ्नो शिक्षण पेशामा रहँदा विद्यार्थीलाई पथप्रदर्शन गर्नु भएको होला । तपाईंले गर्नुभएका पथप्रदर्शनमध्ये कुनै एउटा सम्झनुहोस् । उक्त पथप्रदर्शन किन गर्नुपरेको थियो ? सो समझनुहोस् । आ-आफ्ना कापीमा सम्झेका कुरा लेखी पालैपालो भन्नुहोस् ।

२. निम्निलिखित बुँदाहरू लेखिएको चार्ट प्रस्तुत गरी छलफलसहित स्पष्ट पार्ने ।
विद्यार्थीहरूलाई पथप्रदर्शनको आवश्यकता :

- विद्यालयमा सही विषयको छनोटमा सहयोग पुऱ्याउनु ।
- भावी शिक्षाका लागि विद्यार्थीलाई सजगता प्रदान गर्नु ।
- विद्यार्थीलाई विद्यालयको नयाँ वातावरण, नयाँ पाठ्यक्रम र नयाँ शिक्षण विधिसँगै विद्यालय जीवनमा समायोजित हुन सहयोग गर्नु ।
- अनावश्यक र नचाहिँदा समस्याहरूबाट टाढा राख्न सहयोग गर्नु ।

३. बालबालिकाहरूलाई व्यक्तिगत रूपमा पथप्रदर्शन कसरी गर्ने ? प्रश्न सोधी सहभागीहरूलाई आ-आफ्ना विचार प्रस्तुत गर्न लगाउने । अन्त्यमा प्रशिक्षकले निम्न निष्कर्ष दिने ।

**वैयक्तिक पथप्रदर्शनका चरणहरू**

- सर्वप्रथम विद्यार्थीसँग सौहार्दपूर्ण सम्बन्ध स्थापना गर्ने जसले गर्दा उसले विना हिचकिचावट आफ्ना समस्याहरू व्यक्त गर्दछ ।

- विश्वसनीय एवम् वैध उपकरणको प्रयोग गरेर विद्यार्थीका असमायोजित क्षेत्र, असामान्य व्यक्तित्व विशेषताहरू र रुचिहरूसँग सम्बन्धित सूचनाहरू सङ्कलन गरिन्छ ।
- आवश्यकता र समस्याहरूलाई विश्लेषण गरिन्छ ।
- पथप्रदर्शन एवम् परामर्श गरेर व्यक्तिलाई समस्या समाधानमा सहयोग गर्न आधारभूत व्याख्या एवम् विश्लेषण उपलब्ध गराइन्छ ।
- विभिन्न परामर्श खोजेर आफ्ना लागि उपयुक्त निर्णय लिन सहयोग गरिन्छ ।

४. निम्नलिखित भूमिका अभिनय गर्न दुईजना सहभागीहरूलाई एकान्तमा लगेर निम्नलिखित कुराको जानकारी गराउने

**सहभागी १ :** समस्या ग्रस्त विद्यार्थी (जस्तै :गृहकार्य नगर्ने, ढिलो आउने, भाग्ने, झगडा गर्ने वा घरमा पढ्न पाउने वातावरण नभएको इत्यादि कुनै पनि हुन सक्छ) को भूमिका अभिनय गर्ने ।

**सहभागी २ :** परामर्शकर्ता शिक्षकको भूमिका अभिनय गर्ने ।

५. भूमिका अभिनयको आधारमा परामर्श के हो र के होइन भन्ने सम्बन्धमा सहभागीहरूसँग छलफल गर्ने । छलफलको तरिका निम्नलिखित मध्ये कुनै हुनसक्छ अथवा यीमध्ये भिन्नै कुनै पनि हुनसक्छ ।

- प्रत्येक सहभागीलाई मेटाकार्डमा लेखेर भन्न लगाउने,
- समूहमा छलफल गराई प्रत्येक समूहको निष्कर्ष भन्न लगाउने,
- प्रशिक्षक र सहभागीहरूबीच प्रश्नोत्तर र प्रत्यक्ष छलफल गराउने ।

६. प्रशिक्षकले परामर्शको अवधारणा र आवश्यकताका बारेमा छोटो व्याख्यासहित छलफल गराउने ।

**परामर्श**

- तालिम प्राप्त व्यक्ति (परामर्शदाता) र अर्को केही समस्या भएको व्यक्ति परामर्शीको बीचको योजनाबद्ध अन्तर्क्रिया हो ।
- एउटा विशेष सञ्चार सीप हो जसले गर्दा परामर्शदाताले परामर्शीका विचार, भावना, व्यवहार परिवर्तन गर्न, उनीहरूका समस्या समाधान गर्न र उनीहरूको निर्दिष्ट लक्ष्य प्राप्त गर्न सहयोग पुऱ्याउँछ ।

**परामर्शको आवश्यकता**

- बालबालिकाको मनोवैज्ञानिक समस्याको समाधान गर्न
- सही समय र अवस्थामा बालबालिकाहरूमा उत्पन्न मनोसामाजिक गडबडी पत्ता लगाई त्यसको निराकरण गर्न
- समस्या समाधानमा बालबालिकाहरू स्वयम्लाई सहभागी गराउन
- अनुशासन उलङ्घन गर्ने व्यवहार परिवर्तन गर्न

७. विद्यार्थीहरूलाई परामर्श सेवा उपलब्ध गराउँदाका चरणहरू केके हुन् ?

समूहगत रूपमा छलफल गरी लेख्न लगाउने, प्रस्तुत गर्न लगाउने । प्रशिक्षकले आवश्यकतानुसार थप गरी निष्कर्ष दिने ।

**(यससम्बन्धी सामग्री प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

८. परामर्शका आधारभूत सीपहरू केके हुन सक्छन् भनी Brainstorming गराउने । सहभागीहरूबाट प्रस्तुत बुँदाहरूलाई समेटेर प्रशिक्षकले निम्नलिखित चार्ट प्रस्तुत गरी निष्कर्ष दिने ।

**परामर्शका आधारभूत सीपहरू**

- परामर्शीले (विद्यार्थी) व्यक्त गरेका विचारहरूलाई ध्यान दिएर सुन्ने
- परामर्शी जस्तो छ त्यही रूपमा स्वीकार गर्ने
- परामर्शीलाई आदर गर्ने
- उसका विचार भावनाहरूलाई खोतल्न प्रयास गर्ने
- परामर्शीले व्यक्त गरेका सबल पक्षहरूलाई पटकपटक दोहोऱ्याइदिने ।
- सरल र स्वाभाविक रूपमा कुरा गर्ने ।
- परामर्शीलाई आफ्नो कुरा भन्ने अवसर दिने ।

(ङ) **मध्यस्थता, सहजीकरण, पथप्रदर्शन र परामर्शका लागि नीतिशास्त्रीय आधार**

१. मध्यस्थता, सहजीकरण, पथप्रदर्शन र परामर्श गर्दा शिक्षकले केकस्ता कुराहरूमा विचार पुऱ्याउनुपर्छ ? प्रश्न सोधी चारसमूहमा विचार आदानप्रदान गर्न लगाउने । पहिलो, दोस्रो, तेस्रो र चौथो समूहलाई क्रमशः मध्यस्थता, सहजीकरण, पथप्रदर्शन र परामर्श गर्दा शिक्षकले केकस्ता कुराहरूमा विचार पुऱ्याउनुपर्छ भन्ने विषयमा समूहकार्य गर्न लगाउने ।

२. समूहकार्यको प्रस्तुतिपश्चात् प्रशिक्षकले निम्नलिखित निष्कर्षसहित छोटो व्याख्या गर्ने ।
**(यससम्बन्धी सामग्री प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

(च) **सामाजिक अध्ययन शिक्षणमा मध्यस्थता र सहजीकरण सीपको प्रयोग**

१. सामाजिक अध्ययन शिक्षणसिकाइको क्रममा मध्यस्थता र सहजीकरण सीपको उपयोग कसरी र कुनकुन ठाउँमा गर्न सकिन्छ भन्ने प्रश्न दिई सहभागीलाई समूह/युगल रूपमा छलफल गराउने । समूहगत निष्कर्ष प्रस्तुत गर्न लगाउने ।

२. सहभागीको प्रस्तुतिलाई समेट्दै प्रशिक्षकले निचोड दिने :
सामाजिक अध्ययन शिक्षणसिकाइमा मध्यस्थता र सहजीकरण सीपको उपयोग

- सिकाइमा समान, सक्रिय र उच्च सहभागिताका लागि प्रोत्साहित गर्न,
- सहभागितात्मक प्रक्रिया अपनाई सिक्ने व्यक्तिको जिम्मेवारी र प्रयास सुनिश्चित गर्न,
- विद्यार्थीहरूको सिक्ने क्षमता वृद्धिमा जोड दिन,
- सिक्ने अवसर, स्रोत र प्रक्रिया, सकारात्मक वातावरण तथा टेवा उपलब्ध गराई सक्रिय रूपमा सक्षम बनाउन,
- विद्यार्थीहरूमा अन्तर्निहित अनुभव, प्रतिभा, क्षमता र जानकारीलाई उपयोग गर्ने उपयुक्त वातावरण तथा अवसर प्रदान गरी क्षमता अभिवृद्धि गर्न,
- विद्यार्थीले समाधान गर्न नसकेको समस्या, अभ्यास वा उत्पादनलाई दिशानिर्देश गर्न,
- विद्यार्थीको कमजोरीको जानकारी दिई समस्या समाधानका लागि उनीहरूलाई नै सहभागी र उत्प्रेरित गर्न,

- विद्यार्थीसँग छलफल, प्रश्नोत्तर र अन्तर्क्रिया गरी उद्देश्य प्राप्तिमा समक्ष बनाउन,
- अभ्यास र पुनरावृत्तिलाई सरलीकरण गर्न,
- विद्यार्थीका सामाजिक, संवेगात्मक तथा मनोवैज्ञानिक व्यवहारमा सुधार गर्न ।

## ५. मूल्याङ्कन

(क) अग्र सिकाइ र गराइका लागि विद्यार्थीहरूलाई सहभागी गराउने सीपहरू केके हुन सक्छन् ?

(ख) बालबालिकाहरूको सिकाइ र विकासमा पुरस्कार र दण्डको असर बताउनुहोस् ।

(ग) पथप्रदर्शन र परामर्श गर्ने तरिकाहरू केके हुन् ?

**सत्र : आठौं र नवौं**
**समय : ३ घण्टा**

# अन्तर वैयक्तिक व्यवहार

## १. उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) सहनशीलता/सहिष्णुताको प्रदर्शन गर्ने तरिकाहरू बताउन,
(ख) प्रस्तुतीकरणमा सरलता र नम्रता ल्याउन,
(ग) शिक्षक, विद्यार्थी र अभिभावकसँगको व्यवहारका विभिन्न तरिकाहरू पहिल्याउन,
(घ) कक्षाकोठामा अनुशासन कायम राख्ने तरिकाहरू पहिचान गर्न,
(ङ) शिक्षणसिकाइमा अन्तर वैयक्तिक व्यवहारको प्रयोगका तरिकाहरू बताउन ।

## २. विषयवस्तु

(क) सहनशीलता/सहिष्णुताको प्रदर्शन गर्ने तरिकाहरू
(ख) प्रस्तुतीकरणमा सरलता र नम्रता
(ग) शिक्षक, विद्यार्थी र अभिभावकसँगको व्यवहारका विभिन्न तरिकाहरू
(घ) कक्षाकोठामा अनुशासन कायम गर्ने तरिकाहरू
(ङ) शिक्षणसिकाइमा अन्तर वैयक्तिक व्यवहारको प्रयोग

## ३. तालिम सामग्री

मार्कर, मेटाकार्ड, कैँची, टेप, कार्डबोर्ड पेपर, न्युजप्रिन्ट पेपर, गम आदि ।

## ४. क्रियाकलाप

### (क) सहनशीलता/सहिष्णुताको प्रदर्शन गर्ने तरिकाहरू

१. सहभागीहरूलाई हामी कसरी सहनशील बन्न सक्छौं भनी प्रश्न सोध्ने । हरेक सहभागीलाई एक एकओटा मेटाकार्ड वितरण गरी उक्त कार्डमा उत्तर लेख्न लगाउने । कार्डहरूलाई बोर्डमा टाँस्न लगाउने, दोहोरिएका कार्ड हटाउने, कार्डहरू वर्गीकरण गर्न लगाउने ।

२. सहभागीहरूबाट प्राप्त हुने विचारहरूलाई समेटेर प्रशिक्षकले निम्नलिखित निष्कर्षसहित छोटो व्याख्यासमेत गरिदिने ।

**सामाजिक शिक्षकले सहनशीलता/सहिष्णुता प्रदर्शन गर्ने तरिकाहरू**

- विद्यार्थीका विचारको सम्मान गर्ने, भावनाको कदर गर्ने,
- आफ्ना विचारहरू मात्र थोपरेर वा लादेर सो मान्न बाध्य तुल्याउने कार्य नगर्ने,
- विद्यार्थीप्रति आदर र विश्वासको भावना देखाउने,
- इमान्दारिता र सहनशीलता सहिष्णुता मानवजीवनको सच्चा आदर्श हो भन्ने कुराको प्रशस्त उदाहरणहरू प्रस्तुत गर्ने,
- विद्यार्थीहरूलाई विभिन्न सिर्जनात्मक कार्यहरू गर्न लगाई एकआपसमा सिर्जनात्मकताको कदर र प्रशंसा गर्न लगाउने,
- समानुभूतिपूर्ण व्यवहार गर्ने,
- शिक्षकले विद्यार्थीका प्रत्येक जिज्ञासा सुनिदिने,

- सबै विद्यार्थीलाई समान व्यवहार गर्ने,
- सबै विद्यार्थीलाई क्रियाकलापमा सहभागी गराउने,
- आवश्यकताअनुसार विद्यार्थीलाई परामर्श सेवा उपलब्ध गराउने,
- विद्यार्थीलाई सिकाइमा सहजीकरण गर्ने,
- विद्यार्थीका जानकारी तथा अनुभव ग्रहण गर्ने,
- विद्यार्थीले शिक्षकका निर्देशन, सल्लाह र परामर्श मान्ने
- कक्षामा नियमित उपस्थित हुने र सहपाठीसँग मित्रवत् व्यवहार गर्ने,
- एकअर्काका पीरमर्का र दुःखकष्ट बुझ्ने तथा सहयोग गर्ने ।
- अस्पष्ट पक्षमा प्रश्नोत्तर गर्ने ।

(ख) **प्रस्तुतीकरण सीप**

१. सहभागीहरूलाई कक्षा १० को विद्यार्थीको भूमिका निर्वाह गर्न लगाउने । प्रशिक्षकले सामाजिक अध्ययन शिक्षक भई १० मिनेटको एउटा छोटो पाठ प्रस्तुत गर्ने ।

**सहभागीहरूलाई प्रश्न सोध्ने :**

- प्रस्तुतीकरण कस्तो थियो ?
- प्रस्तुतीकरणमा केके गरियो ?
- यसलाई बढी आकर्षक र प्रभावकारी बनाउन के गर्नुपर्थ्यो ?

२. सहभागीहरूका उत्तरलाई समेटेर छलफल तथा अन्तर्क्रिया गराउने । अन्त्यमा प्रशिक्षकले निष्कर्ष दिने ।

**(यससम्बन्धी सामग्री प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

(ग) **शिक्षक, विद्यार्थी र अभिभावकसँगको व्यवहारका विभिन्न तरिकाहरू**

१. सहभागीहरूलाई निम्नलिखित क्रियाकलाप गराउने :
"तपाईं शिक्षण पेशामा प्रवेश गरेको समयलाई सम्झनुहोस् । शिक्षण पेशामा तपाईंले थुप्रै सहकर्मी शिक्षकहरूसँगसँगै काम गर्नुभयो होला, त्यसलाई सम्झनुहोस् । त्यसरी सहभागीहरूसँग मिलेर काम गर्दा तपाईंले पाउनुभएको र दिनुभएको महत्वपूर्ण सहयोगहरू आ-आफ्नो कापीमा टिप्नुहोस् ।"

२. सहभागीहरूका विचारहरूलाई समेट्दै सहकर्मी शिक्षकको सहयोगबाट शिक्षकको पेशागत विकासका कुनकुन कुरामा मद्दत पुग्छ भन्ने बारे प्रश्नोत्तर गराउँदै निष्कर्ष दिने, जस्तै :

- आत्मबल बढ्छ ।
- साझा अवधारणा बढ्छ ।
- समस्या समाधानमा सहयोग पुग्छ ।
- निरन्तर सिकाइमा मद्दत पुग्छ ।
- नयाँ विचार तथा ज्ञानको निर्माण हुन्छ ।
- क्रियाकलापहरूको समन्वयनमा सहयोग पुग्छ ।
- कार्यमा सुधार आउँछ ।
- सहयोगी भावनाको विकास हुन्छ ।
- जिम्मेवारी लिने प्रवृत्तिको विकास हुन्छ आदि ।

३. सहकर्मी शिक्षकको सहयोगलाई बढाउने उपायहरू केके हुन सक्लान् भनी प्रश्न सोध्दै तीनतीनजनाको समूहमा छलफल गराउने । समूहगत निचोड प्रस्तुत गर्न लगाउने ।


४. समूहगत प्रस्तुतीकरणपश्चात् सहकर्मी शिक्षकको सहयोगलाई बढाउने उपायहरूका बारेमा चार्ट प्रस्तुत गरी निष्कर्ष दिने ।

**(यससम्बन्धी सामग्री प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

५. सहभागीहरूलाई प्रश्न सोध्ने

तपाईं आफूले पढाउने कक्षामा कस्ता प्रकारका विद्यार्थीहरू भइदिएहुन्थ्यो भन्ने ठान्नुहुन्छ ?

दुईदुईजनाको जोडी बनाई छलफल गर्न लगाउने र छलफलको निचोड चार्टमा लेख्न लगाउने ।




६. शिक्षकले विद्यार्थीहरूसँगको सम्बन्धलाई मजबुद बनाउन के गर्नुपर्ला ? प्रश्न सोध्दै सहभागीहरूलाई एकएकओटा बुँदा भन्न लगाउने । बोर्डमा बुँदाहरू टिप्दै जाने ।

७. प्रशिक्षकले निम्नलिखित निष्कर्ष दिने ।

**शिक्षकले विद्यार्थीहरूसँगको सम्बन्ध मजबुद बनाउने उपायहरू**

- विद्यार्थीहरूको अनुभूतिलाई सहज तरिकाले स्वीकार्नु ।
- विद्यार्थीको वर्तमान एकारात्मक गतिविधि र व्यवहारलाई हौसला दिने ।
- विद्यार्थीको सिकाइमा सहयोगी बन्ने ।
- विद्यार्थीहरूको विचारलाई स्वीकार गर्ने ।
- विद्यार्थीलाई सल्लाह र परामर्श सेवा उपलब्ध गराउने ।
- कारणसहित आलोचना वा स्वीकृति प्रदान गर्ने ।
- प्रभावकारी सञ्चार गर्ने ।
- शिक्षणसिकाइप्रति उत्प्रेरणा जगाउने ।
- सहभागितात्मक शिक्षण विधिको प्रयोग गर्ने ।
- सिकाइमा समान, उच्च र सक्रिय सहभागिता वृद्धि गर्ने ।
- सही तरिकाले विद्यार्थीको प्रतिक्रियालाई सम्मान गर्ने ।
- असल व्यवहारमा तुरुन्त सम्बलन प्रदान गर्ने ।
- विद्यार्थीहरूलाई आफ्ना अनुभव, प्रतिक्रिया वा विचार व्यक्त गर्न दिने ।
- अवलोकन गरी भावना र मनस्थितिको निचोड दिने ।
- व्यक्तिगत तथा समूह कार्यमा जोड दिने ।
- उनीहरूलाई व्यक्तिगत रूपमा चिन्ने, नजिक हुने ।
- मित्रतापूर्वक बोली व्यवहार गर्ने ।
- सम्बन्धमा आफ्नो तर्फबाट अग्रसरता लिने ।
- विद्यार्थीहरूलाई माया र आदर दुवै गर्ने ।
- कक्षाबाहिर भेटघाट कुराकानी गर्ने ।
- विद्यार्थीका व्यक्तिगत आवश्यकता र समस्यामा ध्यान दिने ।

८. सहभागीहरूलाई आ-आफूले अभिभावक र अभिभावकले आफूलाई सहयोग गरेका एकएकओटा उदाहरणहरू सम्झन लगाउने । पालैपालो भन्न लगाउने ।

९. सहभागीहरूका विचारहरूलाई समेटेर प्रशिक्षकले निम्नलिखित निष्कर्ष दिने ।

**(शिक्षक र अभिभावकबीच सम्बन्ध मजबुद बनाउने उपायहरू प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

१०. शिक्षक अभिभावकबीचको सम्बन्धमा सकारात्मक प्रभाव पार्न शिक्षकको व्यवहार कस्तो हुनुपर्छ भनी प्रश्न सोध्ने । पालैपालो एउटाएउटा बुँदा भन्न लगाउने ।

११. प्रशिक्षकले निम्नलिखित निष्कर्ष दिने ।

**शिक्षक अभिभावकबीचको सम्बन्धमा सकारात्मक प्रभाव पार्न शिक्षकको व्यवहार**

- निकटता (Closeness)
- हार्दिकता (Warmth)
- खुलापन (Openness)
- संवेदनशीलता (Sensitivity)
- लचकता (Flexibility)
- सकारात्मक अनुशासन (Positive discipline)
- विश्वसनीयता (Reliability)
- विश्वास (Trust)
- गम्यता (Accessibility)

**(घ) कक्षाकोठामा सकारात्मक अनुशासन**

१. तलको घटना अध्ययन गर्न लगाउने ।

तपाईं कक्षा १० मा सामाजिक अध्ययन शिक्षा पढाउँदै हुनुहुन्छ । उक्त कक्षामा ४० जना विद्यार्थीहरू छन् । कक्षाकोठाको भौतिक अवस्थालाई दृष्टिगत गर्दा विद्यार्थीहरूको सिकाइलाई सहयोग पुऱ्याउने खालको वातावरण देखिन्छ । विद्यार्थीहरू सिक्नलाई उत्सुक नै देखिन्छन् । तर केही विद्यार्थीहरू यस्ता हुन् जो सधैँ कक्षाकोठाको पछाडिपट्टिको बेन्चमा बस्न रुचाउँछन् । छात्र र छात्राहरू छ्यासमिसे गरी बस्ने हुँदा ती पछाडि बस्ने छात्रहरूले प्रायजसो छात्राहरूलाई पछाडिबाट जिस्क्याउने, कागजको टुक्रा बनाई हान्ने, कपाल तानिदिने, शिक्षकले नसुन्ने तर छात्राहरूले सुन्ने गरी गिज्याउने, हल्ला गर्नेजस्ता काम गर्दछन् जुन तपाईंको शिक्षणका लागि उपयुक्त छैन र यसलाई तपाईंले पनि विद्यार्थीहरूको अस्वस्थ व्यवहारका रूपमा लिने गर्नुभएको छ । कक्षाकोठामा अनुशासन कायम गर्न विद्यार्थीका ती व्यवहारहरू बाधक बनिरहेका छन् ।

प्रश्नहरू :

यस्तो परिस्थितिमा तपाईं विद्यार्थीहरूसँग कस्तो प्रतिक्रिया/व्यवहार गर्नुहुन्छ ?

२. सहभागीहरूको विचारहरूलाई समेटेर प्रशिक्षकले निम्नानुसारको निष्कर्ष दिने ।

**कक्षाकोठामा सकारात्मक अनुशासन कायम गर्न विद्यार्थीहरूको व्यवहारमा सकारात्मक प्रतिक्रिया गर्ने तरिकाहरू :**

- बालबालिकाहरूको क्षमता बुझेर सोअनुसार कार्यदक्षताको आशा राख्नुहोस् ।
- असल व्यवहारलाई तुरुन्तै प्रोत्साहित गर्नुहोस् ।
- राम्रो नराम्रो बालबालिका होइन व्यवहार हो तसर्थ व्यवहारमा केन्द्रित हुनुहोस् ।
- बालबालिकाले के गर्न सक्दैनन् मा केन्द्रित नहुनुहोस् सधैँ के गर्न सक्छन्मा जोड दिनुहोस् ।

- बालबालिकाको व्यवहारलाई यसो नगर भनी सिधै नरोक्नुहोस् बरु सट्टा वा विकल्प दिनुहोस् अर्कोतर्फ ध्यान मोड्न पनि सकिन्छ ।
- विद्यार्थीहरूको सक्रिय, समान र उच्च सहभागितामा कक्षाकोठा नियम बनाउन र लागू गर्न सहजीकरण गर्नुहोस् ।
- कक्षाकोठामा समुदाय निर्माण गर्नुहोस् ।
- नियमहरू स्पष्ट र द्विविधायमुक्त बनाउनुहोस, नियम सम्झाइराख्नुहोस् ।
- बालबालिकाको भावनाको कदर गर्नुहोस् भावनालाई सम्बोधन गर्नुहोस् ।
- बालबालिकाको व्यवहारले तपाईँलाई कस्तो असर परेको छ भन्ने बारेमा कुराकानी गर्नुहोस् । बालबालिकालाई दोष नदिनुहोस् ।
- कतिपय शारीरिक आवश्यकतासँग सम्बन्धित व्यवहारहरू समयसँगै आफैँ परिवर्तन हुने भएकाले परिवर्तनका लागि तुरुन्त नहतारिनुहोस् ।
- त्यति समस्यापूर्ण व्यवहार छैन र बालबालिका अड्डी लिन्छन् भने कहिलेकाहीं सफल भएको महशुस गर्न पनि दिनुपर्दछ, यसले आत्मबल बढाउँछ ।

३. कक्षाकोठामा अनुशासन कायम राख्ने महत्वपूर्ण उपाय विद्यार्थीहरूको समान, सक्रिय र उच्च सहभागितामा कक्षाकोठाभित्रको नियम निर्माण गर्न लगाई सोको अनुशरण गर्न लगाउनु हो । तसर्थ नियम निर्माणका सन्दर्भमा आवश्यक छलफल गरी निष्कर्षमा पुग्ने ।

**(ङ) शिक्षणसिकाइमा अन्तरवैयक्तिक व्यवहारको प्रयोग**

१. शिक्षणसिकाइमा अन्तरवैयक्तिक व्यवहारको प्रयोग कसरी गर्न सकिन्छ भनी प्रश्न सोध्ने र सहभागीहरूलाई आ-आफ्ना विचारहरू भन्न लगाउने ।

२. सहभागीका विचारमा प्रशिक्षकले थप गर्दै निम्न निष्कर्ष दिने :

- विद्यार्थीहरूमा सहिष्णुताको भावना विकास गर्न ।
- कक्षाकोठाको क्रियाकलाप सोचाइ र निर्णय लिने प्रक्रियामा विद्यार्थीहरूलाई सहभागी हुन र भाग लिन सक्रिय बनाउन ।
- कक्षाकोठाको नियम निर्माण कार्य विद्यार्थीहरूको समान र सक्रिय सहभागितामा गराई कार्यान्वयन गर्न ।
- सहकर्मी शिक्षक र अभिभावकसँग सुमधुर सम्बन्ध कायम गरी शिक्षणसिकाइ प्रक्रियालाई सहज र प्रभावकारी बनाउन ।
- विद्यार्थीहरूका असल व्यवहारलाई प्रोत्साहित गर्न र अनपेक्षित व्यवहारहरूमा सही तरिकाले प्रतिक्रिया जनाई व्यवहारमा सुधार ल्याउन ।
- कक्षा शिक्षणसिकाइका सन्दर्भमा प्रस्तुतीकरणलाई प्रभावकारी तुल्याउन आदि ।

**५. मूल्याङ्कन**

(क) सहनशीलता र सहिष्णुता कसरी प्रदर्शन गर्न सकिन्छ ?

(ख) तपाईं आफ्नो कक्षालाई कसरी अनुशासित बनाउन सक्नुहुन्छ ?

# मानव अधिकारको रक्षाका लागि शैक्षिक प्रक्रिया

**सक्षमता :** शिक्षकले मानव अधिकारका रक्षाका लागि शिक्षण प्रक्रियामा यसलाई लागू गर्ने क्षमताको विकास गर्नेछन् ।

**जम्मा घण्टा :** १०

जम्मा सत्र : ७

**सत्र : पहिलो**
**समय : १:३० घण्टा**

## विविध सामाजिक समूहका अधिकार र कानुनी प्रावधानहरू

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) मानव अधिकारको अवधारणा बताउन,

(ख) बालिका र महिला शिक्षासम्वन्धी अधिकार र कानुनी व्यवस्थाको अवस्था पहिचान गर्न ।

२. **तालिम सामग्री**

प्रशिक्षक निर्देशिका, बोर्डमार्कर, साइनपेन, नेपाल अधिराज्यको संविधान, विभिन्न ऐन नियमावली ।

३. **विषयवस्तु**

(क) मानव अधिकारको अवधारणा

(ख) बालिका र महिला शिक्षासम्वन्धी अधिकार र कानुनी व्यवस्था

४. **क्रियाकलाप**

(क) प्रत्येक सहभागीलाई मानवअधिकारका सम्बन्धमा आफूले बुझेका कुरा एक वाक्यमा लेख्न लगाउने ।

(ख) सहभागीबाट आएको विषयवस्तुलाई बुँदागत रूपमा सूचीकृत गरी छलफल गराउने र मानव अधिकारको अवधारणा स्पष्ट पार्ने ।

(ग) सहभागीहरूलाई तीनसमूहमा विभाजन गरी समूहमा छलफल गरी टिपोट गर्न लगाउने ।

| समूह | शीर्षक |
|---|---|
| क | बालिका र महिलाको अधिकार |
| ख | बालिका र महिलाको शिक्षासम्वन्धी अधिकार |
| ग | बालबालिका तथा महिला अधिकारसम्वन्धी कानुनी प्रावधान |

उपर्युक्त विषयमा समूहगत रूपमा छलफल गराउँदा मौजुदा नियम, कानुन, दस्तावेजमा कस्तो व्यवस्था छ, व्यवहारमा कस्तो प्रयोग भइराखेका छन्, उक्त क्षेत्रमा कार्यरत समूह तथा सङ्घ सङ्गठनको आवाज तथा माग केके छन् र समस्तमा समूहको प्रतिकिया कस्तो छ, बुँदागत रूपमा प्रस्तुत गर्न लगाउने । (**आवश्यक बुँदाहरू प्रशिक्षार्थी स्रोतसामग्रीमा हेर्न सकिनेछ ।**)

५. **मूल्याङ्कन**

तपाईंको विचारमा बालिका तथा महिलाको अधिकारलाई सुनिश्चित गर्न केके गर्नुपर्ला ?

सत्र : दोस्रो
समय : १:३० घण्टा

# दलित तथा आदिवासी जनजातिको शिक्षासम्बन्धी अधिकार र कानुनी प्रावधान

## १. उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) दलित तथा आदिवासी जनजातिको परिचय दिन,
(ख) दलित तथा आदिवासी जनजातिको शिक्षासम्बन्धी अधिकार पहिचान गर्न,
(ग) दलित तथा आदिवासी जनजातिको शिक्षासम्बन्धी कानुनी प्रावधान उल्लेख गर्न ।

## २. तालिम सामग्री

पाठ्यक्रम, प्रशिक्षक निर्देशिका, कार्डबोर्ड, साइनपेन, दलित तथा आदिवासी जनजातिसँग सम्बन्धित दस्तावेजहरू, चार्ट ।

## ३. विषयवस्तु

(क) दलित तथा आदिवासी जनजाति
(ख) दलित तथा आदिवासी जनजातिको शिक्षासम्बन्धी अधिकार
(ग) दलित तथा आदिबासी जनजातिको शिक्षासम्बन्धी कानुनी प्रावधान

## ४. विस्तृत क्रियाकलाप

(क) प्रत्येक सहभागीलाई आ-आफ्नो गाउँ समुदायमा रहेका दलित तथा आदिवासी जनजातिमध्ये ५/५ ओटा जातिको नाम टिपोट गर्न लगाउने ।

(ख) सहभागीहरूले टिपोट गरेका जातिमध्ये दलित जातिहरूको सूची बोर्डमा लेखी यी जातिहरूलाई किन दलित भनिएको होला ? भन्ने बारेमा सहभागीहरूसँग छलफल गरी दलित जातिको सम्बन्धमा निष्कर्ष निकाल्न लगाउने ।

> **दलित वर्ग** : "हिन्दु वर्णाश्रम जाति व्यवस्था तथा वि.सं. १९१० को मुलुकी ऐनबाट पानी नचल्ने र छोइछिटो हाल्नुपर्ने जातजाति भनी जातीय भेदभाव एवम् समाजमा अछुत मानिएका र सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक तथा धार्मिक रूपमा राष्ट्रिय मूल प्रवाहबाट पछाडि पारिएका जातजातिका समुदायलाई दलित वर्ग भनिन्छ । राष्ट्रिय दलित आयोगका अनुसार २३ जाति दलित वर्गभित्र परेका छन् ।

(ग) सहभागीहरूले टिपोट गरेका आदिवासी जनजातिहरूको नामावली सूचीवद्ध गरी आदिवासी जनजाति कस्तो जातिलाई भनिन्छ ? त्यस बारेमा सहभागीहरूसँग छलफल गरी आदिवासी जनजातिको परिचय दिने ।

**आदिवासी जनजातिको परिभाषा र पहिचान**

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को परिच्छेद १ धारा २ को (क) अनुसार आदिवासी जनजाति भन्नाले :

- आफ्नो मातृभाषा भएको
- परम्परागत रीतिरिवाज भएको
- छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा

- छुट्टै सांस्कृतिक पहिचान भएको समुदायलाई सम्झनुपर्छ ।

(घ) दलित तथा आदिवासी जनजाति समूहबाट तालिमको सहभागीको रूपमा रहेको भए उहाँहरूबाट नै दलित तथा जनजातिको शिक्षासम्बन्धी अधिकार र प्रावधानका बारेमा दस्तावेजहरूसमेत अध्ययन गर्न लगाई जानकारी प्रस्तुत गर्न र छलफल गर्न लगाउने ।

(ङ) सहभागीहरूमध्येबाट दलित जनजातिहरूको आफ्नो अधिकारको बारेमा जानकारी गराउने कार्यपछि प्रशिक्षकले दलित र आदिवासी जनजातिको अधिकार तथा कानुनी प्रावधान जानकारी गराउने । यसका लागि समूहगत कार्य गर्न दिने । मौजुदा नियम, कानुन, दस्तावेजमा भएका व्यवस्थालाई व्यावहारिक रूपमा लागू गर्न देखापरेका चुनौतीमा छलफल गराउने ।
**(प्रशिक्षार्थी स्रोतसामग्री प्रयोग गर्न सकिनेछ ।)**

## ५. मूल्याङ्कन

(क) तपाईंको विचारमा दलित तथा आदिवासी जनजातिको शैक्षिक विकासका लागि केकस्ता कानुनी व्यवस्था हुनुपर्दछ जस्तो लाग्छ ? तर्कपूर्ण सुझाव उल्लेख गर्नुहोस् ।

(ख) तपाईं दलित हुनुभएको भए यतिखेर कस्तो अनुभव गर्नुहुन्छ होला ?

सत्र : तेस्रो
समय : १:३० घण्टा

# बालमजदुर तथा अपाङ्गको शिक्षासम्बन्धी अधिकार र कानुनी व्यवस्था

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) बालमजदुरको परिचय दिन,
(ख) अपाङ्गताको स्वरूप उल्लेख गर्न,
(ग) बालमजदुरको शिक्षासम्बन्धी अधिकार र कानुनी प्रावधान पहिचान गर्न,
(घ) अपाङ्ग समूहको शिक्षासम्बन्धी अधिकार र कानुनी प्रावधान उल्लेख गर्न ।

२. **तालिम सामग्री**

तालिम पाठ्यक्रम, स्रोतसामग्री, कार्डबोर्ड, साइनपेन, चार्ट ।

३. **विषयवस्तु**

(क) बालमजदुर तथा अपाङ्गता
(ख) बालमजदुरको शैक्षिक अधिकार र कानुनी व्यवस्था
(ग) अपाङ्ग समूहको शैक्षिक अधिकार र कानुनी व्यवस्था

४. **विस्तृत क्रियाकलाप**

(क) सहभागीहरूलाई प्रश्न सोध्ने :
बालमजदुर (बालश्रमिक) भन्नाले के बुझिन्छ ? नेपालमा यसको अवस्था कस्तो छ ?
सामूहिक छलफल गराउने ।

(ख) सहभागीहरूसँगको छलफलपछि बालमजदुर सम्बन्धमा प्रशिक्षकले चार्टमार्फत निम्नअनुसार छलफल गर्दै निष्कर्ष दिने ।

**बालमजदुर (बालबालिका) परिभाषा :**
"जब बालबालिकालाई शिक्षा र विकासमा असर पर्ने गरी काममा लगाउने गरिन्छ त्यसलाई बालश्रम भनिन्छ । बालकार्य खासगरी विकासात्मक प्रकृतिको हुन्छ । यसबाट आर्थिक लाभको अपेक्षा गरिएको हुँदैन । यो सामाजिक कार्यसमेत हो । तर यसको बिपरीत सामाजिक हकको रूपमा गराइने क्रियाकलाप बालश्रमअन्तर्गत पर्दछन् ।" (The Encyclopedia of social science)

- बालबालिकाहरूको वृद्धि र शिक्षामा हानि पुग्ने गरी ज्याला कमाउने, परिवारलाई सघाउने कार्यमा उनीहरूको संलग्नता जनाउने कार्यलाई बालमजदुर मानिन्छ ।
- बालबालिकाले गर्ने त्यस्ता कामलाई बालश्रम भनिने रहेछ जुन १४ वर्षमुनिका बालबालिकालाई सुविधा दिने हिसाबले पूरा समय काममा लगाइन्छ ।
- बालबालिकाले त्यस्ता काम गर्दछन् जुन उनीहरूको सर्वाङ्गीण विकासका लागि हानिकारक र खतरापूर्ण छ ।

(ग) बालमजदुरको परिचयको सम्बन्धमा छलफल सम्पन्न गरिसकेपछि सहभागीहरूसँग अपाङ्गताको बारेमा छलफल गर्ने । यसका लागि सहभागीहरूले आ-आफ्नो गाउँ समुदायमा देखेका र अनुभव

गरेका आधारमा अपाङ्गताको बारेमा भन्न लगाई छलफल गराउने र निम्नअनुसार निष्कर्ष बताउने ।

> अपाङ्ग त्यस्तो व्यक्तिलाई भन्ने गरिन्छ जुन जन्मदै वा जन्मिसकेपछि कुनै रोगको कारणले, कुनै चोटपटकका कारणले स्वतन्त्र रूपमा बाँच्न, सामाजिक जीवन निर्वाह गर्न, लाभदायक किसिमबाट रोजगारी गर्न र स्वतन्त्र हिसाबले शिक्षा प्राप्त गर्न असमर्थ वा थप सहयोगको आवश्यक पर्ने व्यक्तिलाई जनाउँछ ।
>
> - शारीरिक र मानसिक कारणबाट पूर्ण वा आंशिक रूपमा शरीरका अङ्गहरू प्रयोग गर्न नसक्ने अवस्थालाई अपाङ्गता भनिन्छ ।
> - सामान्यतया अपाङ्गतालाई निम्नअनुसार वर्गीकरण गर्न सकिन्छ ।
>   - ❑ शारीरिक अपाङ्गता
>   - ❑ दृष्टिविहीनता
>   - ❑ सुस्त मनस्थिति
>   - ❑ सुस्तश्रवण

(घ) बालमजदुर तथा अपाङ्गताको अवधारणाको सम्बन्धमा छलफल भइसकेपछि सहभागीहरूलाई उपयुक्त सङ्ख्यामा समूहमा विभाजन गरी निम्न शीर्षकमा सामूहिक छलफल गरी प्रस्तुति गर्न लगाउने ।

| समूह | शीर्षक |
|---|---|
| क | बालमजदुरको शिक्षासम्बन्धी अधिकार |
| ख | बालमजदुरको शिक्षासम्बन्धी कानूनी प्रावधान |
| ग | अपाङ्गताको शिक्षासम्बन्धी अधिकार |
| घ | अपाङ्गताको शिक्षासम्बन्धी कानुनी प्रावधान |

(ङ) सहभागीहरूको समूहगत अध्ययन तथा प्रस्तुतीकरणपछि प्रशिक्षकले आवश्यक पृष्ठपोषणसहित छलफल गर्ने ।

**(यसका लागि आवश्यक बुँदाहरू प्रशिक्षार्थी स्रोतसामग्रीमा हेर्न सकिनेछ ।)**

५. **मुल्याङ्कन**

तपाईंको विचारमा बालमजदुरको शिक्षासम्बन्धी अधिकारलाई सुनिश्चित गर्न केकस्तो कानुनी व्यवस्था हुनुपर्दछ ? टिपोट गर्नुहोस् ।

सत्र : चौथो
समय : १:३० घण्टा

## विविध सामाजिक समूहका शिक्षासम्बन्धी अधिकार र कानुनी व्यवस्थाको शिक्षणसिकाइमा उपयोग

### १. उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) समुदायमा पछाडि परेका विविध सामाजिक समूहको परिचय दिन,

(ख) विविध सामाजिक समूहका शिक्षासम्वन्धी अधिकार र कानुनी व्यवस्थाको शिक्षणसिकाइमा उपयोग गर्न ।

### २. तालिम सामग्री

तालिम स्रोतसामग्री, कार्डबोर्ड, साइनपेन, चार्ट, मार्कर ।

### ३. विषयवस्तु

(क) विविध सामाजिक समूह

(ख) सिकाइ र शिक्षणमा विविध सामाजिक समूहको शिक्षासम्वन्धी अधिकार र कानुनी व्यवस्थाको शिक्षणसिकाइमा उपयोग

### ४. विस्तृत क्रियाकलाप

(क) हाम्रो समुदायमा पछाडि परेका विविध समूह भन्नाले कुनकुन समूह हुनसक्दछन् ? ती समूहहरूको वारेमा विविध छलफल गरी निम्नअनुसार निष्कर्षमा पुग्ने ।

**विविध समूह**

- बालिका तथा महिलाहरूको समूह
- दलित जातिको समूह
- आदिवासी जनजातिको समूह
- अपाङ्गहरूको समूह
- बालश्रम/बालमजदुरको समूह
- अन्य भए......

(ख) उपरोक्त समूहका शैक्षिक अधिकारलाई कसरी सिकाइमा प्रयोग गर्ने त्यस सम्वन्धमा सहभागीहरूलाई पाँचसमूहमा विभाजन गरी अधिकारको उपयोगिताका बारेमा छलफल गर्न लगाउने ।

**(प्रशिक्षार्थी स्रोतसामग्री प्रयोग गर्न सकिनेछ ।)**

(ग) समूहगत छलफलको प्रस्तुतीकरणपछि प्रशिक्षकले निम्नानुसारको निष्कर्ष चार्टमार्फत् प्रदर्शन गरी छलफल गर्दै निष्कर्षमा पुग्ने । विविध समाजिक समूहको शिक्षासम्वन्धी अधिकार र कानुनी व्यवस्थाको सिकाइमा उपयोगका बारेमा सहभागीहरूबीच छलफल गराई निष्कर्ष दिने ।

**(प्रशिक्षार्थी स्रोतसामग्री प्रयोग गर्न सकिनेछ ।)**

### ५. मूल्याङ्कन

तपाईंको कक्षाकोठामा रहेका विविध सामाजिक समूहका विद्यार्थीहरूको अधिकारहरू कसरी व्यवस्थापन गर्नुहुन्छ ? खाका कोर्नुहोस् ।

सत्र : पाँचौं
समय : १:३० घण्टा

# शिक्षाका लागि शान्ति

## १. उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) शिक्षामा सक्रिय र निष्क्रिय शान्तिको अवधारणा उल्लेख गर्न,

(ख) शिक्षाका लागि सामाजिक न्यायको सिद्धान्तको परिचय दिन ।

## २. तालिम सामग्री

तालिम स्रोतसामग्री, कार्डबोर्ड, न्युजप्रिन्ट, साइनपेन, बोर्डमार्कर र चार्ट आदि ।

## ३. विषयवस्तु

(क) शान्ति शिक्षाको अवधारणा


(ख) सक्रिय र निष्क्रिय शान्तिको अवधारणा

(ग) सामाजिक न्यायको सिद्धान्त

## ४. विस्तृत क्रियाकलाप

(क) शिक्षाका लागि शान्ति भन्नाले के बुझिन्छ ? प्रत्येक सहभागीलाई एकएक वाक्यमा लेख्न लगाई प्रत्येक वाक्यको छलफल गरी प्रशिक्षकले चार्टमार्फत निम्न निष्कर्ष दिने ।

- शान्ति मानवको पवित्र चरित्रको प्रतिविम्व हो । यो मानिसको तनावमुक्तको अवस्था तथा आनन्दमय वातावरण हो ।
- जीवनमा नैतिक र आध्यात्मिक दृष्टिकोण राख्नाले शान्ति प्राप्त हुन्छ । मूल्य र मान्यताको शिक्षा नै शान्ति शिक्षा हो ।
- सहज रूपमा बालबालिकाले शिक्षा हासिल गरी आफ्नो व्यक्तित्व विकास गर्ने अवसर प्राप्त गर्नका लागि शान्तिको आवश्यकता पर्दछ ।
- कुनै पनि द्वन्द, विद्रोह तथा हिंसारहित वातावरण सामाजिक न्याय र लैङ्गिक भेदभावरहित शैक्षिक वातावरण नै शान्तिको सङ्केत हो ।
- आत्मसम्मान, अरुको सम्मान, वातावरणीय पक्षप्रतिको सकारात्मक सोच खुलापनको दृष्टिकोण राख्ने, न्यायका लागि प्रतिवद्ध रहने खालको धारणा प्रदान गर्न सकिन्छ ।
- आलोचनात्मक र समालोचनात्मक सोचाइ, सहयोग र सहचार्य आत्मानुभूति, परानुभूति सकारात्मक कार्य, द्वन्द्व व्यवस्थापनजस्ता सीप प्रदान गर्ने कुराहरूमार्फत शान्ति शिक्षा प्रदान गर्न सकिन्छ ।
- शान्तिका लागि अहिंसा, आर्थिक कल्याण, सामाजिक न्याय, वातावरणीय सन्तुलन र सहभागिता अत्यावश्यक हुने भएकाले शिक्षकले यसतर्फ जोड दिनुपर्छ ।




**शान्ति शिक्षा** *स्रोत : सामाजिक न्याय*


(ख) शान्ति शिक्षाको आवश्यकता किन ? प्रश्न सोधी सहभागीहरूसँग छलफल गर्दै निष्कर्षको रूपमा निम्न कुरा प्रस्ट पार्दै जाने । (**प्रशिक्षार्थी स्रोतसामग्री प्रयोग गर्न सकिनेछ ।**)

(ग) सक्रिय र निष्क्रिय शान्ति भनेको कस्तो शान्ति हो ? सहभागीहरूसँग प्रश्नोत्तर गर्ने र सहभागीहरूको प्रतिक्रियालाई समेट्दै अवधारणाका रूपमा प्रस्तुत गर्ने । (**प्रशिक्षार्थी स्रोतसामग्री प्रयोग गर्न सकिनेछ ।**)

(घ) सामाजिक न्याय भन्नाले के बुझ्नुहुन्छ ? प्रश्न सोधी प्रत्येक सहभागीलाई यसको अवधारणासँग सम्बन्धित १/१ वाक्य लेखी Board मा सूचीबद्ध गर्न लगाई पालैपालो छलफल गराउने ।

(ङ) उपरोक्त छलफलपछि प्रशिक्षकले निम्नअनुसार प्रस्तुत गरी छलफल गर्ने ।

- मानिसलाई मानिसकै रूपमा हेर्नु र व्यवहार गर्नु हो ।
- सामाजिक न्यायअन्तर्गत जाति, उच्च, नीच, छालाको रङ्ग, धनी, गरिब, धार्मिक, सांस्कृतिक, आर्थिक स्थितिको पृष्ठभूमि बाधाको रूपमा संलग्न हुँदैनन् ।
- व्यक्तिको सक्षमतालाई विस्तारित गर्न आवश्यक अवसर र सुविधा प्रदान गरिन्छ ।
- शैक्षिक प्रक्रियामा सामाजिक न्यायको धारणा :




- सामाजिक न्याय शिक्षाले कक्षाकोठामा न्याय स्वतन्त्रता, भातृत्व र जीवनको लागि आदरजस्ता मूल्यहरू ल्याउन खोज्दछ ।
- सामाजिक न्याय शिक्षाले पूर्ण मानव, नयाँ मानव सिर्जना गर्न खोज्दछ जो होशियार र साहसी हुन्छ र आफ्नो परिवार र समुदायमा आफ्नो विशेष पहिचान बनाउन सक्दछ ।

५. **मूल्याङ्कन**

सामाजिक न्यायको अवधारणालाई कक्षाकोठाको शिक्षणसिकाइमा कसरी प्रयोग गर्नुहुन्छ ? ३ ओटा बुँदा टिपोट गर्नुहोस् ।

सत्र : छैठौं
समय : १:३० घण्टा

## शिक्षकका लागि शान्ति

### १. उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) आधुनिकवाद र उत्तर आधुनिकवादको अवधारणा पहिचान गर्न,

(ख) शिक्षणका लागि खुला र बन्द पद्धतिको परिचय दिन,

(ग) वृहत् शिक्षा (Mass education) को लागि Duel mode को प्रयोग गर्न ।

### २. तालिम सामग्री

स्रोतसामग्री, न्युजप्रिन्ट, कार्डबोर्ड, साइनपेन, बोर्डमार्कर, चार्ट आदि ।

### ३. विषयवस्तु

(क) शिक्षणको आधुनिकवाद र उत्तर आधुनिकवादको अवधारणा

(ख) खुला र बन्द पद्धतिको अवधारणा

(ग) बृहत् (Mass) शिक्षा

### ४. विस्तृत क्रियाकलाप

(क) शिक्षाको सन्दर्भमा आधुनिकवाद र उत्तर आधुनिकवादका अवधारणाको बारेमा सहभागीहरूसँग सामूहिक रूपमा छलफल गर्दै बुँदाहरू टिपोट गर्ने ।

(ख) सहभागीहरूसँग छलफल गरिसकेपछि प्रशिक्षकले निम्नानुसारको चार्ट प्रस्तुत गरी निष्कर्षमा पुग्ने ।

| आधुनिकवाद | उत्तर आधुनिकवाद |
|---|---|
| • प्रथम विश्वयुद्धपछि सन् १९७० सम्मको आदि | • आशावादी सोच सन् १९९० पछिको अवधारणा |
| • परम्परागत शिक्षण विधि | • लैङ्गिक रूपमा सचेत |
| • निराशावादी सोच | • शिक्षक केवल सहजकर्ताको रूपमा |
| • पितृसत्तात्मक सोच | • मानवअधिकार बालबालिकाको अधिकार |
| • भौतिक वस्तुमा जोड | • समाहित शिक्षा पक्षको प्रभाव |
| • शिक्षक नै सर्वेसर्वा | • विद्यार्थीको सहभागिता |
| • शिक्षक नै ज्ञानको भण्डार हो उसले मात्र ज्ञान दिन सक्दछ । विद्यार्थीसँग केही हुँदैन भन्ने अवधारणा । | • वातावरणीय सचेतनामा जोड<br>• प्रजातान्त्रिक पद्धति । |

(ग) वृहत् (Mass) शिक्षाका लागि के कस्तो माध्यम अपनाउन सकिन्छ ? छलफल गर्दै निम्न अवसर प्रस्तुत गरी बुँदागत रूपमा छलफल गर्ने ।

- Mass Education का लागि Dual mode

- एकैपटकमा Mass को लागि शिक्षा हासिल गर्ने अवसर प्रदान गर्न । (एकभन्दा बढी माध्यमहरू अपनाइन्छ भने त्यसलाई Dual mode भनिन्छ ।)

(घ) शिक्षणमा खुला र बन्द पद्धति भन्नाले

| खुला पद्धतिको अवधारणा | बन्द पद्धतिको अवधारणा |
|---|---|
| • शिक्षणसिकाइमा शिक्षक र विद्यार्थीबीच हुने अन्तर्क्रिया<br>• समस्याहरूको समाधान सहभागिता<br>• प्रजातान्त्रिक संस्कार<br>• शिक्षक सहजकर्ताको रूपमा लैङ्गिक सचेतनाको विकास<br>• अपाङ्गहरूको लागि विशेष ध्यान<br>• सामाजिक न्यायको अवधारणा<br>• मानव अधिकारको रक्षा । | • शिक्षक सर्वेसर्वा<br>• प्रजातान्त्रिक परिपाटीको अभाव<br>• निराशावादी सोच<br>• शिक्षक ज्ञानको दाताको रूपमा<br>• विद्यार्थीको दिमाग खाली भाँडोको रूपमा लिने दृष्टिकोण । |

५. **मूल्याङ्कन**

तपाईंले गर्दै आउनुभएको शिक्षणसिकाइ खुला र बन्द पद्धतिमध्ये कुनअन्तर्गत पर्दछ ? किन ? बुँदागत टिपोट गर्नुहोस् ।

सत्र : सातौं
समय : १:०० घण्टा

# शिक्षाका लागि शान्ति

## १. उद्देश्य

यस सत्रको अन्त्यमा शिक्षकहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) मनोरञ्जनात्मक सिकाइका लागि उपयुक्त पद्धतिको सुनिश्चित गर्न,

(ख) शिक्षणसिकाइमा शान्ति शिक्षाको उपयोग गर्न ।

## २. तालिम सामग्री

स्रोतसामग्री, न्युजप्रिन्ट, कार्डबोर्ड, मार्कर, साइनपेन, चार्ट ।

## ३. विषयवस्तु

(क) मनोरञ्जनात्मक सिकाइको वातावरण सुनिश्चित

(ख) शिक्षण सिकाइमा शान्ति शिक्षाको उपयोग

(ग) शिक्षण र सिकाइमा शान्ति शिक्षाको लागि शिक्षकको भूमिका

## ४. विस्तृत क्रियाकलाप

(क) प्रत्येक सहभागीलाई कक्षाकोठामा शिक्षणसिकाइलाई सहयोग पुऱ्याउन विद्यार्थीका लागि आनन्दमय वातावरण कसरी बनाउँदै आउनुभएको छ ? छलफल गरी बुँदाहरू सूचीबद्ध गर्ने ।

(ख) छलफलपछि प्रशिक्षकले मनोरञ्जनात्मक सिकाइको सम्बन्धमा निम्नअनुसार चार्ट प्रस्तुत गर्ने ।

मनोरञ्जनात्मक सिकाइ

- विद्यालय तथा कक्षाकोठाको वातावरण सिकाइ अनुकूल हुनुपर्ने ।
- शिक्षकको व्यवहार सहजकर्ताको रूपमा हुनुपर्ने ।
- सबै विद्यार्थीलाई समान व्यवहार गरी कसैलाई पनि अवहेलना भएको महसुस हुन नदिने ।
- उनीहरूको इच्छा र आवश्यकतालाई समेटी शिक्षणसिकाइ गर्ने ।
- लैङ्गिक सचेतना कायम गर्ने ।
- विद्यालयमा भौतिक सुविधा लगायत अन्य सुविधा, चउर, बगैंचाको व्यवस्था गरी Joyful learning लाई सुनिश्चित गर्ने ।
- विद्यार्थीहरूको भावना बुझ्ने प्रयास गरी उनीहरूको समस्या समाधान गर्ने ।

(ग) शिक्षण तथा सिकाइमा शान्तिको प्रयोग र शिक्षकको भूमिका सम्बन्धमा सहभागीहरूलाई २ देखि ३ जनासम्मको समूहमा कार्य गर्न लगाई प्रस्तुत गर्न लगाउने ।

(घ) सहभागीहरूको समूह प्रस्तुतिपछि प्रशिक्षकले चार्टमार्फत निम्नअनुसारको प्रस्तुतीकरण गरी छलफल गर्ने र निष्कर्षमा पुग्ने ।

### शिक्षकको भूमिका

- कक्षाकोठामा सामाजिक न्यायको अवधारणाअनुसार शिक्षण गर्ने ।
- विद्यार्थीहरूमा एकआपसमा सहयोगीको भावना विकास गर्न उपयुक्त शिक्षण विधि चयन गर्ने ।
- पाठ्यक्रम तथा पाठ्पुस्तकमा शान्ति शिक्षा समावेश गर्न सुझाव दिने । शिक्षणसिकाइमा Cooperative, Collaborative learning inquiry methodology को प्रयोग गर्ने ।
- समुदायमा चेतना जागृत गर्ने कार्य गर्ने ।
- अभिभावकलाई सचेत गराउने ।
- Role model को भूमिका निर्वाह गर्ने ।
- सकारात्मक सोचाइको विकास गर्ने क्रियाकलापमा जोड दिने ।
- मानवअधिकारको रक्षा गर्ने ।

### ५. मूल्याङ्कन

तपाईंको विद्यालयको वातावरणलाई कसरी शान्तिमय बनाउन सक्नुहुन्छ ? बुँदागत रूपमा टिपोट गर्नुहोस् ।

# आ-आफ्नो कार्यक्षमताको प्रतिविम्बन

**सक्षमता :** शिक्षकले प्रतिविम्बन शिक्षण अभ्यासको विकास र सुदृढीकरण गरी सामाजिक अध्ययन शिक्षणमा त्यसको प्रयोग गर्नेछन् ।

**जम्मा घण्टा :** १३ सत्र : ९

## सत्र : पहिलो र दोस्रो समय : ३ घण्टा आत्मप्रतिविम्बन (Self -reflection)

### १. उद्देश्य

यो सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) आत्मप्रशंसाको अवधारणा र यसको आवश्यकता बताउन,
(ख) आत्ममूल्याङ्कन सम्बन्धमा अभ्यास गर्न,
(ग) आत्मआलोचनाको अवधारणा र तरिकाहरू उल्लेख गर्न,
(घ) आत्मनिरीक्षणको अभ्यास गर्न,
(ङ) आत्मअनुगमनको अर्थ र तरिकाहरू पहिल्याउन,
(च) शिक्षणसिकाइमा आत्मप्रतिविम्बनको प्रयोग गर्न ।

### २. विषयवस्तु

(क) आत्मप्रशंसा (Self appreciation) को अवधारणा र आवश्यकता
(ख) आत्ममूल्याङ्कनको अभ्यास
(ग) आत्मआलोचना (Self criticism) को अवधारणा र तरिकाहरू
(घ) आत्मनिरीक्षण (Self supervision)
(ङ) आत्मअनुगमन (Self monitoring) को अर्थ र तरिका
(च) शिक्षण सिकाइमा आत्म प्रतिविम्बनको प्रयोग

### ३. तालिम सामग्री

मेटाकार्ड, मार्कर, न्युजप्रिन्ट, कार्डबोर्डपेपर, साइनपेन, गम, टेप आदि ।

### ४. क्रियाकलाप

**(क) आत्ममूल्याङ्कन /आत्मप्रतिविम्बन र अभ्यास**

१. प्रशिक्षकले तलको घटना अध्ययन गर्न लगाउने ।

**घटना**

शिक्षक दिनेश कक्षा ९ र १० मा सामाजिक अध्ययन शिक्षण गर्नुहुन्छ । उहाँ प्रत्येक पाठशिक्षण गरेपश्चात् आफैँले आफैँलाई निम्न प्रश्न सोध्ने र उत्तर पहिल्याउने कोसिस गर्नुहुन्छ ।

- यो पाठ शिक्षण गर्नुका उद्देश्यहरू केके थिए ?

- यी उद्देश्य पूरा गर्न मैले कसरी प्रयास गरिरहको थिएँ ?
- मैले कस्ता शैक्षणिक रणनीतिहरू प्रयोग गरेँ ?
- विद्यार्थीहरूले विषयवस्तु बुझे नबुझेको लेखाजोखा गर्न मैले कसरी प्रयास गरेँ ? विद्यार्थीहरूको प्रगतिप्रति म कति सन्तुष्ट रहेँ ?
- मैले मेरा विद्यार्थीहरू कक्षाकोठामा के गरिरहेको पाएँ ? के तिनीहरूले ध्यान दिएका थिए ? अन्तर्क्रियामा समान सहभागिता देखाएका थिए ? महत्वपूर्ण बुँदाहरू टिपोट गरेका थिए ?
- सुधारका लागि विषयवस्तुको कुनै क्षेत्रलाई मैले लक्ष्य बनाउनुपर्छ ?
- कक्षाशिक्षणमा सुधार ल्याउन मैले के गर्न सक्छु ?

**प्रश्न :**

- किन दिनेशले आफैँलाई प्रश्न सोध्ने र सोको उत्तर पहिल्याउने कोसिस गर्छन् ?
- दिनेशले जस्तै तपाईँ पनि कक्षाशिक्षणपश्चात् यस्तै प्रश्न सोधी उत्तर पहिल्याउन प्रयास गर्नुहुन्छ ? कति हदसम्म ?

२. प्रशिक्षकले उपयुक्त घटनालाई आधार बनाएर आत्मप्रतिविम्बन शिक्षणको अवधारणा र यसको महत्व बारेमा चर्चा गर्ने । आपसमा छलफल र अन्तर्क्रियासमेत गराउने

**आत्मप्रतिविम्बित शिक्षणको महत्व**

- विद्यार्थीको विकास
- विद्यार्थीहरूको व्यस्तता
- शिक्षण रणनीतिको प्रयोगमा विविधता
- स्पष्ट अपेक्षा
- विषयवस्तुमा महत्व
- प्रतिविम्बनले सिकाइलाई सहजीकृत बनाउँछ ।
- असल नागरिक बताउन मद्दत गर्छ ।
- आ-आफ्नो विश्वासमा सम्बलन प्रदान गर्छ ।

३. सहभागीहरूलाई समाजिक अध्ययन शिक्षणको आत्मप्रतिविम्बनको रुजुसूची तयार पार्न लगाउने । यसका लागि सहभागीहरूलाई चारसमूहमा विभाजित हुन लगाउने ।। उक्त कार्यमा सहयोग पुऱ्याउनका लागि शिक्षकको आत्मप्रतिविम्बनको एक नमूनासमेत उपलब्ध गराउने ।

**शिक्षकको आत्मप्रतिविम्बनको रुजुसूचीको नमूना**

१. विद्यार्थीहरूको ज्ञान, क्षमता र प्रक्रियाको प्रशस्त लेखाजोखा भएको थियो ?
२. मेरो प्रश्न सोधाइले विद्यार्थीहरूमा विश्लेषणात्मक र सृजनात्मक सोचाइको विकासमा कति हदसम्म सहयोग गऱ्यो ?
३. के मैले विद्यार्थीहरूको प्रश्न र उत्सुकतालाई प्रोत्साहित गरेँ ?
४. के मैले विद्यार्थीहरूको मौखिक र लिखित विचारहरूलाई पुन : सोच्न, पुनर्संगठन र परिमार्जित गर्न प्रोत्साहित गरेँ ?
५. के मैले विद्यार्थीहरूलाई साना तथा ठूला समूह एवम् जोडी बनाई छलफल गराउँदा एकअर्काका कुरा सुन्न र प्रतिक्रिया गर्न प्रोत्साहित गरेँ : अर्थात् के मैले समूहमा सबै समान र सक्रिय सहभागिता सुनिश्चित गरेँ ?
६. के मैले विद्यार्थीहरूलाई व्यक्तिगत रूपमा जोडीमा, सानो तथा ठूला समूहमा काम गर्नका लागि प्रशस्त अवसर र समय प्रदान गरेँ ?

७. के कक्षाकोठाको वातावरणले विद्यार्थीहरूलाई बोल्न तथा लेख्नमा सहयोग पुऱ्यायो ?
८. के मूल्याङ्कन तरिकाहरू उपयुक्त थिए ?
९. तोकिएको समयमा विद्यार्थीहरूले जाँच पूरा गरे ?
१०. विद्यार्थीहरूका बारेमा सङ्कलन गरिएका सूचनाहरू उनीहरूको प्रगतिको व्याख्या गर्न पर्याप्त थिए ।
११. के मैले विद्यार्थीहरूलाई स्रोतहरूको प्रशस्त प्रयोग गर्ने मौका प्रदान गरेँ ?
१२. के कक्षाकोठामा उपलब्ध स्रोतहरू विभिन्न संस्कृति, उमेर, लिङ्ग आदिका सन्दर्भमा स्वच्छ, समान र पहुँचयोग्य थिएँ ?
१३. विद्यार्थीहरूको आवश्यकता पूरा गर्नका लागि विभिन्न स्रोत र अनुभवहरू प्रदान गरेँ ?
१४. मैले प्रयोग गरेका विद्यार्थी मूल्याङ्कनका साधन तथा तरिकाहरू विद्यार्थीहरूको प्रगतिको मूल्याङ्कन शैक्षणिक निर्णय निर्माणका लागि कति हदसम्म उपयुक्त थिए ?

४. समूहगत प्रस्तुतीकरणपश्चात् पृष्ठपोषण आदानप्रदान गर्न लगाउने ।

५. सहभागीहरूलाई तल दिइएको शिक्षकको आत्ममूल्याङ्कन रुजुसूची उपलब्ध गराई अध्ययन गर्न लगाउने । शिक्षकले आ-आफ्नो शैक्षणिक कार्यक्रम सञ्चालनका सम्बन्धमा आत्ममूल्याङ्कन गर्न उक्त रुजुसूची उपयोगी हुन सक्ने बताउँदै व्यक्तिगत रूपमा सो रुजुसूची भरी आ-आफ्नो आत्ममूल्याङ्कन गर्न लगाउने ।

**शिक्षकको आत्ममूल्याङ्कन रुजुसूची**

| क्र. सं. | क्रियाकलाप | पूर्ण सहमत | सहमत | असहमत |
|---|---|---|---|---|
| १ | म विभिन्न शैक्षणिक तरिकाहरूको प्रयोगमा इच्छुक छु । | | | |
| २ | म कक्षाकोठामा प्रशस्त प्रश्नहरू सोध्छु । | | | |
| ३ | मलाई विषयवस्तुको प्रशस्त ज्ञान छ । | | | |
| ४ | शिक्षण पेसाप्रति मेरो सकारात्मक धारणा छ । | | | |
| ५ | विद्यार्थीप्रति मेरा सकारात्मक अभिवृत्ति छ । | | | |
| ६ | कक्षाकोठामा मेरो प्रभावकारी अनुशासन योजना छ । | | | |
| ७ | म विद्यार्थीहरूको अनपेक्षित व्यवहारलाई उपयुक्त तरिकाले व्यवस्थापन गर्न सक्षम छु । | | | |
| ८ | म अर्थपूर्ण र वैयक्तिक रूपमा विद्यार्थीहरूलाई पृष्ठपोषण प्रदान गर्छु । | | | |
| ९ | मेरो कक्षाकोठामा आनन्दको वातावरण छ जसले सिकाइलाई सहज बनाउँछ । | | | |
| १० | म बुद्धिमतापूर्ण तरिकाले कक्षा समयको सदुपयोग गर्छु । | | | |
| ११ | म कक्षाकोठामा बाह्य स्रोतहरूको उपयोग गर्छु । | | | |
| १२ | म विद्यार्थीहरूलाई सूचनाको प्रयोग गर्न अवसर प्रदान गर्दछु । | | | |
| १३ | म बालविकासलाई बुझी सोहीबमोजिमको व्यवहार गर्दछु । | | | |
| १४ | म विद्यार्थीहरूको साहस र कल्पनालाई उत्तेजित बनाउन कक्षा | | | |

| | | | | |
|---|---|---|---|---|
| | कोठामा शिक्षणका नयाँ तरिकाहरूको प्रयोग गर्न इच्छुक छु । | | | |
| १५ | म दैनिक शिक्षण सिकाइयोजना बनाउँछु । | | | |
| १६ | म विद्यार्थीहरूको व्यक्तिगत सिकाइ आवश्यकतालाई पूरा गर्न प्रयास गर्छु । | | | |
| १७ | म सँधै व्यावसायिक शिक्षकका रूमपा स्थापित हुन खोज्छु । | | | |
| १८ | मेरो कक्षामा विद्यार्थीहरू सुरक्षित अनुभव गर्छन् । | | | |
| १९ | विद्यार्थीहरूका विश्लेषणात्मक सोचाइहरूलाई प्रोत्साहित गर्ने खालका क्रियाकलापहरूको योजना गर्छ । | | | |
| २० | म विद्यार्थीहरूको सफलताको निम्ति वातावरण सृजना गर्छु । | | | |
| २१ | म सधैं विद्यार्थीहरूको उपलब्धिको मूल्याङ्कन गर्छु । | | | |
| २२ | म नियमित रूपमा विद्यार्थीहरूको प्रगतिका बारेमा उनीहरूको अभिभावकसँग कुराकानी गर्छ । | | | |
| २३ | अभिभावकले चाहेको बेलामा म सजिलै उपलब्ध हुन सक्छु । | | | |
| २४ | म. विद्यार्थीहरूसँग उनीहरूका प्रगति बारेमा कुराकानी गर्छु । | | | |
| २५ | म अभिभावकसँग सकारात्मक र साथीत्वका हिसाबले कुराकानी गर्छु । | | | |
| २६ | म विद्यार्थीहरूको मूल्याङ्कन गर्न मूल्याङ्कन प्रशस्त तरिकाहरू प्रयोग गर्छु । | | | |
| २७ | म शैक्षिक प्रक्रियामा अभिभावकको सहभागितालाई प्रोत्साहित गर्छु । | | | |
| २८ | म समुदायमा शिक्षाको सकारात्मक छवि प्रस्तुत गर्छु । | | | |
| २९ | म सधै मेरो शिक्षण तरिकाहरूको प्रभावकारिताको लेखाजोखा गर्छु । | | | |

सहभागीहरूलाई तल दिइएको आत्मप्रशंसासम्बन्धी निष्कर्ष अध्ययन गर्न लगाई आपसमा छलफल गराउने ।

आफैँले आ-आफ्नो कार्यप्रति सकारात्मक भावना राख्न सक्नाले शिक्षकमा आत्मसम्मान, परसम्मान, आत्मसन्तुष्टि प्राप्त हुन सक्छ र शिक्षण कार्यमा थप योगदान पुग्दछ । त्यसैले आ-आफ्नो कार्यप्रति शिक्षकले आफूलाई सधैं सन्तुष्टिको अवस्थामा राख्न सक्नुपर्छ । यसरी आ-आफ्नो कार्यप्रति आफैंले स्वीकृत जनाई आत्मसममान गर्ने कार्य आत्मप्रशंसा (Self-appreciation) हो ।

आत्मप्रशंसा गर्दा निम्नलिखित कार्यहरू गर्नु सान्दर्भिक हुन्छ ।

- आफूले सम्पादित गरेको शिक्षणसिकाइ क्रियाकलापबाट विद्यार्थी, अभिभावकको सन्तुष्टिको अवस्था कस्तो छ केलाउने,
- आफूबाट सम्पन्न कामबाट स्वयम् आफूमा सन्तुष्टि छ छैन यकिन गर्ने,
- सकारात्मक कार्य, सन्तुष्टि प्रदान गरिएका कार्यको प्रचारप्रसार गर्न व नमुनाको रूपमा उदाहरणहरू प्रस्तुत गर्ने ।

(ख) **आत्मआलोचना (Self-criticism)**

१. सहभागीहरूलाई आत्मआलोचना भनेको के हो भनी प्रश्न सोध्ने । सहभागीवाट प्राप्त उत्तरहरूलाई कालोपाटीमा टिप्दै जाने । अन्त्यमा प्रशिक्षकले निम्न निष्कर्ष दिने ।

> आत्मआलोचनाले व्यक्ति आफैँले आ-आफ्नो विश्वास, विचार, कार्य व्यवहार वा परिणामहरूको आलोचना गर्नु भन्ने सङ्केत गर्छ । आत्मआलोचना त्यो बेला महत्वपूर्ण हुन्छ जुनवेला व्यक्तिले स्वतन्त्रतापूर्वक कसैको दवावमा नपरी आ-आफ्नो कार्य र व्यवहारहरूको आफैँले आत्मआलोचना गर्दछ । सिकाइका लागि आत्मआलोचना स्वस्थकर र आवश्यक मानिन्छ तर बढी आत्मआलोचना अस्वस्थकर हुन सक्छ । आत्मआलोचनाले व्यक्ति आफैलाई उसका कार्यहरू र सम्वन्धलाई सुधार गर्न पृष्ठपोषणको काम गर्दछ । आफूले गरेका कार्यहरूमा सुधार ल्याउनका लागि ठीक्क मात्राको आत्मआलोचनाले सुधारका निम्ति सही पृष्ठपोषण गर्दछ ।

२. सामाजिक शिक्षकले आफूमा आत्मआलोचना गर्ने बानीको विकास कसरी गर्न सक्छन् ? प्रश्न सोध्दै मस्तिष्कमन्थन गराउने ।

ग) **आत्मनिरीक्षण (Self supervision) र आत्मअनुगमन (Self-monitoring)**

१. प्रशिक्षकले सहसभागीहरूलाई आत्मनिरीक्षण र आत्मअनुगमनको आवश्यकता किन पर्छ, यसले शिक्षकको व्यवहारमा तथा कार्यमा कसरी सुधार ल्याउँछ ? भन्ने प्रश्न सोधी सहभागीहरूमा आ-आफ्नो अनुभवहरू समेत बताउन लगाउने ।

२. आत्मनिरीक्षण र आत्मअनुगमनका तरिकाहरूबारे प्रशिक्षकले छोटो व्याख्या गर्न लगाउने ।

(घ) **आत्मप्रतिविम्बनको शिक्षण सिकाइमा प्रयोग (Self reflection)**

१. प्रशिक्षकले सहभागीहरूलाई आत्मप्रतिविम्बन (Self reflection) को शिक्षणसिकाइमा प्रयोग के छ ? भन्ने सन्दर्भमा मस्तिष्कमन्थन गराउने ।

२. सहभागीहरूका विचारहरूलाई समेटेर निम्नलिखित निष्कर्ष दिने ।

**आत्मप्रतिविम्बनको कक्षाशिक्षणमा प्रयोग**

- शिक्षण विधिहरूको प्रयोगमा विविधता ल्याउन ।
- शिक्षणसिकाइ क्रियाकलापहरूमा सुधार ल्याई प्रगतितर्फ उन्मुख गराउन ।
- शैक्षिक सामग्रीहरूको प्रयोगमा सुधार ल्याउन ।
- विद्यार्थीहरूको प्रयोगमा सुधार ल्याउन । विद्यार्थीहरूको सिकाइ अवसरमा वृद्धि ल्याउन ।
- कक्षाकोठा व्यवस्थापन र विद्यार्थीहरूको सिकाइमा सहभागिता र सक्रियता बढाउन ।
- अर्थपूर्ण क्रियाकलापहरूमा संलग्न गराउन, विकासात्मक स्तरअनुसारको कार्य दिन ।
- विद्यार्थीहरूको सफलताको सुनिश्चित गर्न, स्तरअनुसारको शिक्षणको गति समायोजन गर्न ।
- सक्रिय सुपरिवेक्षणको व्यवस्था गर्न, निर्देशित र अनिर्देशित अभ्यासहरूमा संलग्न गराउन ।
- अनुभववाट सिकाइ गर्न, कक्षाकोठाको वातावरणलाई सिक्नका लागि उपयुक्त वनाउन ।

५. **मूल्याङ्कन**

(क) आत्मप्रशंसाको अवधारणा र यसको आवश्यकता बताउनुहोस् ।

(ख) आत्मआलोचनाको अवधारणा र तरिकाहरू उल्लेख गर्नुहोस् ।

सत्र : तेस्रो र चौथो
समय: ३ घण्टा

# दोस्रो पक्षद्वारा प्रभाव/प्रतिविम्बन (Reflection by others)

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) समूह मूल्याङ्कन (Group Appreciation) को अवधारणा र तरिकाहरू बताउन,

(ख) समूह आलोचना (Group criticism) गर्ने तरिका बताउन,

(ग) समूह निरीक्षण Group supervision) र समूह अनुगमन (Group monitoring) को अर्थ र तरिकाहरू उल्लेख गर्न,

(घ) दोस्रो पक्षद्वारा हुने प्रभावको शिक्षणसिकाइमा प्रयोग बताउन ।

२. **विषयवस्तु**

(क) समूह मूल्याङ्कन

(ख) समूह आलोचना

(ग) समूह निरीक्षण र समूह अनुगमन

(घ) शिक्षण सिकाइमा दोस्रो पक्षद्वारा हुने प्रभावको प्रयोग

३. **तालिम सामग्रीहरू**

मेटाकार्ड, मार्कर, न्युजप्रिन्ट, कार्डबोर्ड पेपर, साइनपेन, गम, टेप आदि ।

४. **क्रियाकलाप**

(क) **समूह मूल्याङ्कन** (Group appreciation)

१. सहभागीहरूलाई समूह मूल्याङ्कनको अवधारणाबारे प्रश्नोत्तर गराई स्पष्ट पार्ने ।

२. समूह मूल्याङ्कनका लागि प्रयोग गरिने साधन निर्माण गर्न सहभागीहरूलाई समूहगत रूपमा कार्य गर्न लगाउने ।

३. समूहगत प्रस्तुतीकरणपश्चात् आपसी पृष्ठपोषण आदनप्रदान र छलफल तथा अन्तर्क्रिया गराई निष्कर्षमा पुग्न सहजीकरण गर्ने ।

(ख) **समूह आलोचना** (Group criticism)

१. सहभागीहरूलाई कसको कार्य वा व्यवहारप्रति आलोचना गर्दा आलोचक र आलोचित हुने व्यक्तिले केके कुरा ध्यान पुऱ्याउनुपर्छ ? प्रश्न सोधी निम्नुसारको Work sheet उपलब्ध गराई दुई /दुईजनाको समूहमा समूहकार्य गर्न लगाउने ।

| आलोचकको ध्यान दिनुपर्ने कुराहरू | आलोचितले ध्यान दिनुपर्ने कुराहरू |
|---|---|
| | |

२. समूहगत प्रस्तुतीकरणपश्चात् पृष्ठपोषण प्रदान गरी निष्कर्ष दिने ।

**रचनात्मक आलोचना – आलोचकका निम्ति मार्गदर्शन**

- तपाईं किन आलोचना गर्दै हुनुहुन्छ, बुझ्नुहोस् ।

- आलोचित हुने व्यक्तिका ठाउँमा आफूलाई उभ्याएर हेर्नुहोस् ।
- आलोचना व्यक्तिलाई होइन व्यक्तिको व्यवहार केन्द्रित गर्नुहोस् ।
- वर्णनात्मक आलोचना गर्नुहोस् न कि निर्णयात्मक ।
- सामान्य अथवा भावात्मक व्यवहारभन्दा निश्चित परिस्थितिउपर आलोचनालाई केन्द्रित गर्नुहोस् ।
- भूतभन्दा वर्तमान कालको व्यवहारलाई निर्देशित गरी आलोचना गर्नुहोस् ।
- अरूको व्यवहारको बारेमा तपाईं कस्ता महसुस गर्नुहुन्छ र सोच्नुहुन्छ ? त्यसलाई जोड दिनुहोस् । म भाषाको प्रयोग गर्नुहोस् ।
- पारस्परिक छलफलको लागि आमन्त्रण गर्नुहोस् न कि सल्लाह ।
- आलोचना गरी लाद्ने काम नगर्नुहोस् ।
- तपाईंको रचनात्मक आलोचनालाई ग्रहण गर्न प्रोत्साहित गर्नुहोस् । अत्यधिक बढी आलोचना नगर्नुहोस् ।
- व्यक्तिले परिवर्तन गर्न सक्ने व्यवहारमा मात्र आलोचनालाई केन्द्रित गर्नुहोस् ।
- राम्रा कामलाई सबलीकरण गर्नुहोस् र परिवर्तनको सम्भाव्यतालाई आमन्त्रण गर्नुहोस् ।
- तपाईंको व्यवहारको आलोचनाका निम्ति अरूलाई आमन्त्रण गर्नुहोस् ।

**रचनात्मक आलोचना -आलोचित हुने व्यक्तिका निम्ति मार्गनिर्देशन**

- रचनात्मक आलोचनाको मूल्यलाई कदर गर्नुहोस् यस्तो आलोचनाले सम्बन्ध र उत्पादकत्वमा सुधार ल्याउन सक्छ ।
- आलोचना गर्ने व्यक्तिको दृष्टिकोणलाई बुझ्ने प्रयास गर्नुहोस् ।
- तपाईंको व्यवहारमा केन्द्रित आलोचनाको कदर गर्नुहोस् ।
- सक्रिय सुनाइ गर्नुहोस् ।
- ठीक तरिकाले बुझ्न खोज्नुहोस् ।
- आलोचकले के भनिरहेको छ त्यसलाई दोहोऱ्याइदिनुहोस् ।
- शब्दविहीन सञ्चारको अवलोकन गर्नुहोस् ।
- प्रतिरक्षात्मक हुनबाट आफूलाई बचाउनुहोस् । आलोचनाको स्वागत गर्नुहोस् ।
- सुधारका लागि उपयुक्त आलोचनालाई प्रयोगमा ल्याउनुहोस् ।
- व्यवहारमा रचनात्मक परिवर्तनहरू खोज्नुहोस् ।
- तर्कपूर्ण आलोचनाहरू जस्तै व्यवहारलाई सम्बोधन गर्ने, समयमै दिइएको र विशिष्ट व्यवहारमा भएको आलोचनालाई जोड दिनुहोस् ।
- तपाईंले प्राप्त गर्नुभएको आलोचनाको बारेमा तपाईंले कस्तो अनुभव र सोचाइ राख्नुहुन्छ, स्पष्ट कुराकानी गर्नुहोस् ।

३. आलोचना गर्ने र आलोचना स्वीकार गर्ने तरिकाहरूका सम्बन्धमा माथि उल्लेख गरिएअनुसार समूह आलोचनाको बारेमा आ-आफ्नो विचारहरू प्रस्तुत गर्न लगाई प्रशिक्षकले अन्त्यमा निष्कर्ष दिने ।

(ग) **समूह निरीक्षण र समूह अनुगमन** (Group supervision and group monitoring)

१. सहभागीहरूलाई निम्नलिखित क्रियाकलापमा सहभागी हुन भन्नुहोस् ।

विस्तारै आँखा चिम्नुहोस्, तपाईँको शिक्षणकाललाई सम्भनुहोस्, तपाईँको शिक्षण कार्यको वा विद्यालयीय क्रियाकलापको सुपरिवेक्षण तथा अनुगमन भएको कुनै एक घटनालाई सम्भनुहोस् । तपाईँको विचारमा उक्त सुपरिवेक्षण वा अनुगमन कार्य किन भएको थियो ? कसरी भएको थियो ? तपाईँको व्यवहारमा वा काम गराइको तौरतरिकामा केकस्ता सकारात्मक परिवर्तन आएको महसुस गर्नुभयो ? विस्तारै सम्भनुहोस् । अब विस्तारै आखा खोल्नुहोस् । सम्भेका कुराहरूलाई निम्नलिखित वर्कसिटमा लेख्नुहोस् ।

**सुपरिवेक्षण तथा अनुगमन**

| किन ? | कसरी ? | के -परिवर्तन ? |
|---|---|---|
| | | |

२. अब सहभागीहरूलाई तीनतीनजनाको समूहमा विभाजित हुन लगाउने । प्रत्येकले वर्कसिटमा तयार पारेको कुराहरूलाई आपसी छलफल गर्न लगाउने । निचोड समूहगत रूपमा प्रस्तुत गर्न लगाउने ।

३. सहभागीहरूका विचारलाई समेटेर प्रशिक्षकले शिक्षणसिकाइको सुपरिवेक्षण तथा अनुगमन कार्यको उद्देश्य वा कारणका बारेमा निम्नलिखित निष्कर्ष दिने ।

**सुपरिवेक्षण तथा अनुगमन कार्यको उद्देश्य**

- विद्यार्थीहरूको सिकाइलाई बढावा दिनमा शैक्षणिक प्रभावकारिताको सुधार र अभिवृद्धि गर्नु ।
- शिक्षकको पेसागत वृद्धि र विकासका निम्ति सकारात्मक वातावरण प्रदान गर्नु ।
- शिक्षकको कार्य र दक्षताको वस्तुगत लेखाजोखा प्रदान गर्नु ।
- सहयोग, मार्गदर्शन र विकासका अवसरहरू प्रदान गर्नु ।
- व्यावसायिक अभ्यासहरूको गुणस्तरका बारेमा भरपर्दो सूचनाको अवलोकन ग्रहण गर्नु ।
- व्यावसायिक अभ्यासका बारेमा मार्गदर्शन गर्न र रचनात्मक पृष्ठपोषण प्रदान गर्न ।
- व्यावसायिक व्यवहार र अभ्यासहरू पत्ता लगाउनु ।
- विद्यालय सुधार र स्टाफको विकासमा सहयोग पुऱ्याउनु ।

४. हाम्रा विद्यालयहरूमा समूह निरीक्षण र अनुगमन कार्यको कोबाट, कहिले र कसरी सम्भव हुनसक्छ ? यसका फाइदहरू केके हुन सक्छन् ? यसलाई प्रभावकारी बनाउने उपायहरू केके हुन सक्छन् भन्ने बारेमा छलफल र प्रश्नोत्तर गराई सहभागीहरूका आ-आफ्नो अनुभवहरू व्यक्त गर्न प्रशिक्षकले सहजीकरण गर्ने ।

५. अन्त्यमा प्रशिक्षकले निष्कर्षसहित विद्यालयमा सुपरिवेक्षण र अनुगमन कार्यलाई निम्नानुसार लिइनुपर्ने निष्कर्ष दिने :

- विश्वास र सहयोगको वातावरणसाथ समूह निरीक्षक तथा अनुगमन कार्य गर्ने ।
- विद्यालयमा समूह सुपरिवेक्षण र अनुगमनलाई भइरहने तथा निरन्तर प्रक्रियाको रूपमा लिइनुपर्ने ।
- यसका लागि विद्यालय परिवारका सबै शिक्षक प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिले साझेदारी उत्तरदायित्वका रूपमा लिइनुपर्ने ।
- समूह सुपरिवेक्षण तथा अनुगमन सहकर्मी शिक्षकहरूबीच सँगै हुनसक्छ ।
- अवलोकनबाट प्राप्त सूचनाहरूको आदानप्रदान गर्ने ।
- समूह सुपरिवेक्षण गर्दा सूचनाहरूको डकुमेन्टेसन हुनुपर्ने ।

**(घ) दोस्रो पक्षद्वारा हुने प्रभावको शिक्षणसिकाइमा प्रयोग**

१. सहभागीहरूलाई समूह मूल्याङ्कन, समूह आलोचना, समूह निरीक्षण तथा अनुगमनको कक्षाशिक्षणमा उपादेयता तथा प्रयोग के छ भनी प्रश्न सोध्दै छलफल गराउने ।

२. छलफलपश्चात् उदाहरणसहित प्रशिक्षकले निष्कर्ष दिने, जस्तै :

- शिक्षणसिकाइ क्रियाकलापमा सुधार ल्याउन
- शैक्षणिक सामग्रीहरूको प्रयोगमा सुधार ल्याउन
- आत्मविश्वास बढाउन
- सकारात्मक पृष्ठपोषणबाट व्यवहारमा परिवर्तन गर्न
- समूहमा काम गर्ने प्रवृत्तिको विकास गर्न
- उत्तरदायित्व वहन गर्ने भावना विकास गर्न आदि ।

## ५. मूल्याङ्कन

(क) समूह मूल्याङ्कन (Group Appreciation) को अवधारणा र तरिकाहरू बताउनुहोस् ।

(ख) समूह आलोचना (Group criticism) गर्ने तरिका बताउनुहोस् ।

(ग) समूह निरीक्षण Group supervision) र समूह अनुगमन (Group monitoring) को अर्थ र तरिकाहरू भन्नुहोस् ।

सत्र : पाँचौ र छैठौं
समय: ३ घण्टा

## समालोचनात्मक सुझबुझ (Critical Understanding)

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) समालोचनात्मक सुझबुझको अवधारणा बताउन,
(ख) शिक्षाको बैङ्किङ अवधारणामा परिचित हुन,
(ग) समालोचनात्मक सुझबुझका तरिकाहरू पहिल्याउन,
(घ) स्वयम् अद्यावधिक हुने विधिहरू खोजी गर्न ।

२. **विषयवस्तु**

(क) समालोचनात्मक सुझबुझको अवधारणा
(ख) शिक्षाको बैङ्किङ अवधारणा
(ग) समालोचनात्मक सुझबुझका तरिकाहरू
(घ) स्वयम् अद्यावधिक हुने तरिकाहरू


३. **तालिम सामग्री**

मेटाकोर्ड, मार्कर, न्युजप्रिन्ट पेपर, कार्डबोर्ड पेपर, साइनपेन, गम, टेप आदि ।

४. **क्रियाकलाप**

(क) **समालोचनात्मक सुझबुझको अवधारणा**

१. प्रशिक्षकले तल दिएको चित्र प्रस्तुत गरी अवलोकन अध्ययन गर्न लगाउने ।



**प्रश्न**

- चित्रमा के देख्नुहुन्छ ?
- चित्रले देखाउन खोजेको आशय वा मूल मर्म के हो ?

२. सहभागीहरूलाई प्रश्न सोध्ने :

- समालोचनात्मक सुझबुझ भनेको के हो ?

सहभागीहरूलाई उत्तर लेख्नका लागि आवश्यक सामग्री उपलब्ध गराउने, पालैपालो प्रस्तुत गर्न लगाउने ।

३. सहभागीहरूबाट प्रस्तुत हुने बुँदाहरूलाई समेटेर प्रशिक्षकले समालोचनात्माक सुझबुझका सम्बन्धमा निम्नलिखित निष्कर्ष प्रस्तुत गर्ने ।

> समालोचनात्मक सुझबुझले शिक्षकमा गुणस्तरीय एवम् सान्दर्भिक शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्ने सक्षमताको विकास गराउँछ । शिक्षक विद्यार्थीका शिक्षणसिकाइ क्रियाकलापसम्बन्धी समस्या र तिनको प्रभावका बारेमा समेत समालोचनात्मक बुझाइ प्रभावी हुने भएकाले यसलाई व्यवहारमा उतार्नेतर्फ शिक्षकले ध्यान पुऱ्याउनुपर्छ । समालोचनात्मक सुझबुझले उपयुक्त प्रश्नहरू गर्ने, सान्दर्भिक सूचना सङ्कलन गर्ने, उपयुक्त एवम् आवश्यक सूचना छनौट गर्ने, सूचनालाई तर्कपूर्ण ढङ्गबाट विश्लेषण गर्ने र निष्कर्षमा पुग्ने कार्यलाई समेटेको हुन्छ ।

४. समालोचनात्मक बुझाइका लागि आवश्यक तत्वहरू लेखिएको निम्नलिखित चार्ट प्रस्तुत गरी छोटो व्याख्यासहित सहभागीका अनुभवहरू खोतल्न प्रयास गर्ने ।

| | |
|---|---|
| १. ज्ञान (Knowledge) | नैतिक आवश्यकता, भावना, अपेक्षा, स्वयमप्रतिको ज्ञान, अनुशासन, विषयवस्तु, प्रक्रियासम्बन्धी ज्ञान आदिको आवश्यकता पर्दछ । |
| २. सीप (Skills) | समस्या बुझ्ने, सूचना सङ्कलन र व्यवस्थापन गर्ने, पूर्वानुमान गर्ने, विस्तृतीकरण गर्ने, अन्तर्क्रिया गरेर सहसम्बन्ध स्थापित गर्ने, तर्क गर्ने, आधारहरू तय गर्ने, मान्यता स्थापित गर्ने, व्यवस्थापन गर्ने, प्रभाव विश्लेषण गर्ने, प्रस्तुत गर्ने आदि सीपहरूको जरुरत पर्दछ । |
| ३. मूल्य (Values) | न्याय, समानता, निष्पक्षता, स्वतन्त्रता, प्रामाणिकता, औचित्यता, आत्मआलोचना, सहानुभूति, सत्यता, विश्वसनीयताजस्ता मूल्यहरू पर्दछन् । |
| ४. अभिवृत्ति (Attitude) | प्रतिबद्ध हुने, जागरुक रहने, संवेदनशील बन्ने, वस्तुनिष्ठ हुने, खुल्लापनलाई आत्मसात गर्ने, बौद्धिक रूपमा इमान्दार रहने । |

५. माथि प्रस्तुत गरिएका ज्ञान, सीप मूल्य र अभिवृत्तिको विकास भएको अवस्थाले व्यक्तिको समालोचनात्मक सुझबुझको अवस्था सुनिश्चितता प्रदान गर्दछ भनी निष्कर्ष दिने ।

६. सामाजिक अध्ययन शिक्षणमा समालोचनात्मक सोचाइ तथा बुझाइको महत्वबारे छलफल गराउने ।

(ख) **शिक्षाको बैङ्किङ अवधारणा** (Banking concept of education)

१. सहभागीहरूलाई निम्नलिखित घटना अध्ययन गर्न लगाउने :

**घटना**

शिक्षक दिनेश मा.वि. तहमा सामाजिक अध्ययन विषय पढाउँछन् । विद्यार्थीलाई प्रशस्त विषयवस्तु दिनुपर्छ भन्ने उनको मानसिकता भएकै कारणले उनले शिक्षण गर्दा व्याख्यान विधिको प्रयोग अत्यधिक गर्दछन् । उनको कक्षामा विद्यार्थी चुपचाप बस्छन् भने शिक्षकले एकोहोरो व्याख्यान मात्र गर्ने कार्य गर्दछन् । आफूले प्रशस्त जानेको छु र विद्यार्थीलाई प्रशस्त कुरा भनिदिएको खण्डमा उनीहरूले धेरै सिक्छन् भन्ने उनको सोचाइ छ । त्यसैले आफू क्रियाशील बनी विद्यार्थीलाई निष्क्रिय तुल्याई सुन्न मात्र लगाउने गर्नु उनको नित्य शिक्षण कार्यको एउटा विधि नै बन्न पुगको छ । उनले जति व्याख्यान गरे पनि विद्यार्थीहरूको सिकाइउपलब्धि भने नाजुक नै देखिन्छ ।

प्रश्न :

- शिक्षक दिनेशको शिक्षण कार्य सफल नहुनुको प्रमुख कारण के हो ?
-दिनेशको शिक्षण र तपाईंले गर्ने शिक्षणबीच के-के फरक पाउनुहुन्छ ?

२. माथिको घटनासँग सम्बन्धित गराउँदै सहभागीहरूलाई Banking concept of education को अवधारणाबारे बुँदाहरू प्रस्तुत गर्न लगाउने ।

३. सहभागीहरूबाट प्रस्तुत हुने बुँदाहरूलाई समेटेर प्रशिक्षकले Banking concept of education को अवधारणा प्रष्ट पारिदिने ।

समालोचनात्मक सिकाइको बाधकका रूपमा Banking concept of Education लाई लिने गरिन्छ । Banking concept of education को सिद्धान्त सामान्यतया निरङ्कुश शैलीको हुने र यसबाट विद्यार्थीले रचनात्मक सिकाइ गर्न नसक्ने हुन्छ । Banking concept ले निम्नलिखित कुराहरूमा जोड दिन्छ :

- शिक्षकले पढाउँछ, विद्यार्थीले पढ्छन् ।
- शिक्षकले सबैथोक जानेको हुन्छ, विद्यार्थीले जानेका हुँदैनन् ।
- शिक्षकले कुरा गर्छ, भाषण गर्छ, व्याख्यान गर्छ, विद्यार्थीहरू चुपचाप सुनेर बस्छन् ।
- शिक्षक अनुशासित हुन्छन् र उनले विद्यार्थीलाई अनुशासित बनाउनुपर्छ भन्ने मान्यता राख्छन् ।
- शिक्षक क्रियाशील हुन्छ, विद्यार्थी निष्क्रिय हुन्छन् ।
- शिक्षकले के पढाउने, कसरी पढाउने भन्ने विषयवस्तु छनौट गर्छ र विद्यार्थी शिक्षक निर्देशित भई पढ्नुपर्छ ।
- शिक्षक स्वतन्त्र हुन्छ र विद्यार्थी निर्देशित र नियन्त्रित हुनुपर्छ ।

तसर्थ Banking concept ले रचनात्मक सिकाइ, सामाजिक सिकाइ, सहकार्यात्मक सिकाइ, परियोजनामा आधारित सिकाइ, समस्या समाधान सिकाइलाई इन्कार गर्ने भएकाले यसलाई शिक्षणसिकाइ क्रियाकलापमा अवलम्बन गरिनुभन्दा समालोचनात्मक स्वरूपको सिकाइलाई बढी जोड दिनुपर्दछ ।

४. Banking Concept भन्दा समालोचनात्मक स्वरूपको सिकाइलाई बढी जोड दिई शिक्षण गर्नका लागि एउटा सामाजिक विषय शिक्षण गर्ने शिक्षकले के गर्नुपर्ला ? प्रश्न सोध्ने ।

५. सहभागीहरूबाट प्राप्त बुँदाहरूमा छलफल तथा अन्तर्क्रिया गराउँदै अन्त्यमा निम्नानुसारको निचोड दिने ।

**समालोचनात्मक र सिर्जनात्मक अवधारणा**

- अनुसन्धान र खोजमुखी शिक्षणसिकाइ क्रियाकलाप गर्ने संस्कृतिको विकास गर्ने ।
- समालोचनात्मक सोचलाई बढावा दिने ।
- रचनात्मक सिकाइ, सामाजिक सिकाइ, सहकार्यात्मक सिकाइ, परियोजनामा आधारित सिकाइ आदिमा जोड दिने ।
- प्रबर्द्धनात्मक कार्यबाट शिक्षणसिकाइलाई सहयोग एवम् सुधार गर्ने संस्कारको विकास गर्ने ।
- सिकाइ वातावरणको सिर्जना, कक्षाकोठामा समुदाय निर्माणजस्ता पक्षहरूलाई जोड दिई

कार्यान्वयन गर्ने ।

- विद्यार्थीलाई स्व-सिकाइ र स्वतन्त्र सिकाइ गर्न सहयोग र सरसल्लाह दिने ।
- विद्यार्थी र शिक्षकबीच सुमधुर सम्बन्ध विकास गरी सामूहिक भावनाको विकास गर्ने ।
- विद्यार्थीको सिकाइ प्रगतिको निरन्तर मूल्याङ्कन र पृष्ठपोषण गर्ने ।
- विद्यार्थीहरूलाई सिकाइका लागि समान अवसर प्रदान गर्ने ।
- विद्यार्थीहरूलाई सिकाइमा सक्रिय, समान र उच्च सहभागिता गराउने ।

**(ग) समालोचनात्मक सुझबुझका तरिकाहरू**

१. विद्यार्थीहरूमा समालोचनात्मक सुझबुझको विकास गराउनका लागि शिक्षकले के गर्नुपर्ला ? र विद्यार्थीले के गर्नुपर्ला ? प्रश्न सोध्ने । सहभागीहरूलाई न्युजप्रिन्ट पेपरमा तल लेखिएको चार्ट बमोजिम समूहगत रूपमा कार्य गराई बुँदाहरू प्रस्तुत गर्न लगाउने ।

| शिक्षकले के गर्ने ? | विद्यार्थीले के गर्ने ? |
|---|---|
| | |

२. समूहगत प्रस्तुतीकरणपश्चात् प्रशिक्षकले निम्नलिखित निष्कर्ष दिने ।

समालोचनात्मक सुझबुझको विकासका लागि शिक्षक र विद्यार्थीले ध्यान पुऱ्याउनुपर्ने कुराहरू :

- अनुभवहरू, दक्षताहरूको आदानप्रदान तथा प्रदर्शनका लागि कुनै पनि भेदभाव नगर्ने ।
- विचारहरूलाई व्यवस्थित गर्ने ।
- ठीक बेठीक सूचना, प्रमाण, विचार पहिचान गर्ने ।
- तर्क र कारण के हो र विचार तथा कार्यको औचित्य के हो ? भिन्नता केलाउने ।
- विचार, कार्यका विकल्पहरू के हुन सक्छन् खोज्ने र तिनको फाइदा र बेफाइदा केलाउने ।
- स्वतन्त्र रूपमा सोच्ने, बुझ्ने, समालोचना गर्ने कला तथा सीपको विकासमा जोड दिने ।
- समस्या समाधान सीप विकास गर्ने तरिकाहरू पहिचान गर्ने ।

३. विद्यार्थीहरूमा समालोचनात्मक सुझबुझको विकास गर्ने तरिकाहरू के-के हुन सक्लान् भनी प्रश्न सोध्दै Brain strorming गराउने । प्रत्येक सहभागीलाई भन्न लगाउने ।

४. Brain storming बाट प्राप्त निष्कर्षलाई समेत आधार मानी निम्नलिखित चार्ट प्रदर्शन गर्ने र सो चार्टमा सहभागीका विचार थप गर्न लगाउने ।

समालोचनात्मक सुझबुझलाई बढाउने उपायहरू /तरिकाहरू :

| विधि र शिक्षणसिकाइ | समालोचनात्मक सुझबुझ बढाउने तरिका |
|---|---|
| कक्षाशिक्षण | ▪ व्याख्यानको बीचबीचमा रोक्ने, विद्यार्थीलाई प्रश्न गर्ने ।<br>▪ कक्षामा प्रस्तुत गरिँदै गरेको विषयमा तर्कपूर्ण ढङ्गबाट सोचविचार राख्न, प्रश्न गर्न, चुनौती दिन अनुरोध गर्ने ।<br>▪ विद्यार्थीहरूलाई सोच्न तथा विचार गर्न प्रशस्त समय दिने ।<br>▪ विद्यार्थीले आफूले गरेको कार्य शिक्षकले सोधेको प्रश्नका बारेमा प्रतिक्रिया दिन नसके प्रश्नलाई पुन: सरल बनाई सोध्ने र थप विचार गर्न लगाउने ।<br>▪ प्रतिक्रिया, विचार तथा समाधानका लागि पुष्टि गर्न लगाउने । के कति आधार, कारण, सूचना र तथ्यका आधारमा समाधान निकालिएको हो भनेर थप विचार विमर्श गराउन लगाउने ।<br>▪ मस्तिष्क र लिखित नोट राख्न लगाउने, नोटलाई पुनरावलोकन गर्न लगाउने ।<br>▪ वास्तविक सूचना प्रदान गरी विद्यार्थीको ध्यान आकृष्ट गर्ने र विद्यार्थीहरूलाई सिकाइमा सक्रिय र समान रूपमा सहभागी गराउने<br>▪ तर्क, कारण र प्रभावलाई प्राथमिकता दिने । |
| प्रयोगात्मक कार्य सञ्चालन गर्ने | ▪ प्रयोगात्मक कार्य सञ्चालन गर्ने, तर्क र कारण खोज्न लगाउने । |

५. शिक्षण सिकाइलाई समालोचनात्मक बनाउन के गर्नुपर्ला भनी प्रश्न सोध्ने । आ-आफना विचार लेखी भन्न लगाउने ।

६. सहभागीहरूबाट प्रस्तुत हुने बुँदाहरूमा छलफल गराउँदै निम्नलिखित निष्कर्ष दिने ।

**शिक्षणसिकाइ क्रियाकलापले**

- विद्यार्थीहरूको समान सक्रिय र उच्च सहभागितालाई प्राथमिकता दिनुपर्छ ।
- सूचना सङ्कलन गर्ने, विश्लेषण गर्ने तथा समालोचना गर्ने क्रियाकलापमा जोड दिनुपर्छ ।
- वादविवाद, तर्कवितर्क र छलफललाई उच्च प्राथमिकता दिनुपर्छ ।
- विद्यार्थीहरूलाई आ-आफ्नो विचार राख्ने, मौखिक तथा लिखित जवाफ तयार गर्ने प्रशस्त समय प्रदान गर्नुपर्दछ ।
- प्रश्न सोध्ने ज्ञान र सीपमा जोड दिनुपर्छ ।
- फरक छुट्याउने, समानता खोज्ने, वास्तविकता पत्ता लगाउनेजस्ता क्रियाकलापमा विद्यार्थीलाई संलग्न गराउनुपर्छ ।
- खोजी गर्ने, समस्याको उचित तरिकाले समाधान गर्ने ज्ञान र सीपको विकासमा जोड दिनुपर्छ ।

(ध) **स्वयम् अद्यावधिक हुने विधिहरू**

१. सहभागीहरूलाई आ-आफ्नो विद्यालय सम्झन लगाउने । उनीहरूको पेसागत क्षमता अभिवृद्धिका लागि केकस्ता अवसरहरू उपलब्ध छन्, सोध्न लगाउने । सबै सहभागीहरूलाई बुँदाहरू आ-आफ्नो कापीमा लेख्न लगाउने । पालैपालो प्रस्तुत गर्न लगाउने ।

२. शिक्षकले आफूले अद्यावधिक हुनाका लागि केही तरिकाहरूको अनुशरण गर्नुपर्ने हुन्छ भन्दै स्वयम् अद्यावधिक हुने तरिकाहरूको सूची चार्ट प्रस्तुत गरी अध्ययन गर्न लगाउने । आपसी छलफल गराउने । उक्त सूचीअनुसारको कार्य शिक्षकहरूले गरे नगरेको आत्ममल्याङ्कन गर्न लगाउने ।

**शिक्षक स्वयम् अद्यावधिक हुने तरिकाहरू**

- आफैँले आफैँलाई प्रश्न सोध्ने र उत्तर खोजी गर्ने ।
- पेसागत छलफल आयोजना गर्ने, सहभागी हुने । पुस्तकालयको अधिकतम् उपयोग गर्ने ।
- पत्रपत्रिका, रेडियो, टेलिभिजन आदिको प्रयोगबाट नयाँ ज्ञान, सीप र प्रविधिबारे जानकारी लिने ।
- कम्प्युटरको प्रयोग, इमेल र इन्टरनेटको उपयोग गरी सूचना सङ्कलन गरी अद्यावधिक रहने ।
- स्वनिर्देशित शिक्षणसिकाइलाई बढावा दिन, तालिम, गोष्ठी, सेमिनार आदिमा सहभागी हुने ।
- अन्वेषण र अनुसन्धानात्मक कार्यहरूमा संलग्न हुने ।

३. सहभागीहरूलाई शिक्षक स्वयम् अद्यावधिंक हुनका लागि केके कुरामा ध्यान पुऱ्याउन आवश्यक होला भन्ने प्रश्न सोध्ने । दुईदुईजनाको जोडी बनाई छलफल गर्न लगाउने । छलफलका निष्कर्ष प्रस्तुत गर्न लगाउने ।

४. प्रशिक्षकले छोटो व्याख्यासहित निष्कर्ष दिने ।

**शिक्षक स्वयम् अद्यावधिक हुन ध्यान दिनुपर्ने कुराहरू**

- भाषामा दखलता हासिल गर्ने
- विभिन्न संस्कृतिबारे जानकारी लिने, विद्यालय समुदायबीच सम्बन्ध स्थापना गर्ने
- विभिन्न कार्यक्रमहरूबीचको समन्वय गर्ने
- पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कन पद्धतिका बारेमा अद्यावधिक भइरहने
- अनुसन्धान प्रतिवेदन र प्रतिपादन गरेको ज्ञानमा परिचित हुने
- सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्ने, नविनतम् शैक्षिक प्रविधिमा परिचित हुने
- सक्रिय सिकाइमा जोड दिने, अर्थपूर्ण सिकाइ क्रियाकलापमा जोड दिने
- आ-आफ्नो सिकाइप्रति आफैँ जिम्मेवार हुने, उत्प्रेरणालाई समयमै महत्व दिने
- विभिन्न निकाय, व्यक्ति संस्थाबीच सम्बन्ध स्थापना गर्ने ।

५. **मूल्याङ्कन**

(क) समालोचनात्मक सुझबुझ भनेको के हो ?

(ख) शिक्षाको बैङ्किङ अवधारणा बताउनुहोस् ।

(ग) समालोचनात्मक सुझबुझका तरिकाहरू केके हुन् ?

सत्र : सातौँ, आठौँ र नवौँ
समयः ४ घण्टा

# क्रियात्मक अनुसन्धान (Action Research)

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) क्रियात्मक अनुसन्धानको अवधारणा बताउन,
(ख) कक्षाकोठा अनुसन्धान र क्रियात्मक अनुसन्धानबीचको फरक बताउन,
(ग) क्रियात्मक अनुसन्धानका चरणहरू व्याख्या गर्न,
(घ) क्रियात्मक अनुसन्धानको प्रस्तावना तयार पार्न,
(ङ) कक्षाकोठा र क्रियात्मक अनुसन्धानमा नोट तयार गर्ने सीप विकास गर्न ।

२. **सामग्री**

ट्रान्सपरेन्सी, ओ.एच.पी., मार्कर, कार्डबोर्ड पेपर, मेटाकार्ड, न्युजप्रिन्ट पेपर, ब्लु ट्याग, कैँची आदि ।

३. **विषयवस्तु**

(क) क्रियात्मक अनुसन्धानको अवधारणा
(ख) औपचारिक अनुसन्धान र क्रियात्मक अनुसन्धानबीच फरक
(ग) क्रियात्मक अनुसन्धानका चरणहरू
(घ) क्रियात्मक अनुसन्धानको प्रस्ताव
(ङ) कक्षाकोठा र क्रियात्मक अनुसन्धानमा नोट तयार गर्ने सीप विकास

४. **क्रियाकलाप**

**(क) क्रियात्मक अनुसन्धानको अवधारणा**

१. क्रियात्मक अनुसन्धान के हो ?
२. सहभागीहरूको विचारको कदर गर्दै निम्नलिखित शब्दहरूको प्रयोग गरी क्रियात्मक अनुसन्धानको परिभाषा तयार गर्न लगाउने ।

| | |
|---|---|
| ▪ अनुसन्धान<br>▪ गर्न सकिने कार्य<br>▪ अनुसन्धानबाट प्रमाणित नतिजाबाट सुधार देख्न सकिने<br>▪ प्रयोगकर्ता<br>▪ शिक्षक<br>▪ निरीक्षक<br>▪ व्यवस्थापक | ▪ निरन्तर प्रक्रिया<br>▪ क्षेत्रमा कार्यरत स्वयम् व्यक्तिकै संलग्नता<br>▪ पेशागत प्रयासबाट सुधार<br>▪ गरिने सम्पूर्ण प्रक्रिया<br>▪ नेतृत्वदायी भूमिका<br>▪ पैसा नपर्ने वा ज्यादै कम पर्ने<br>▪ पेशागत नभए सामान्य अनुसन्धानकर्ता |

३. सहभागीहरूबाट प्रस्तुत भएका परिभाषाहरूका बुँदाहरूलाई समेत समेटेर क्रियात्मक अनुसन्धानको अवधारणा बताउने । क्रियात्मक अनुसन्धानका परिभाषासमेत प्रस्तुत गरी छोटो व्याख्या एवम् छलफल गराउने ।

क्रियात्मक अनुसन्धान एकप्रकारको प्रायोगिक एवम् निर्णयकेन्द्रित अनुसन्धान हो जहाँ शैक्षिक कार्यक्रममा कार्यरत व्यक्तिहरूबाटै अनुसन्धान कार्य गरिन्छ । यसरी कार्य र अनुसन्धान एउटै व्यक्तिले गर्ने भएकोले यसलाई क्रियात्मक अनुसन्धान भनिएको हो । शैक्षिक क्रियाकलापमा संलग्न व्यक्तिहरूबाटै आफ्नै कार्यको प्रभावकारिता जाँचका लागि गरिने यसप्रकारको अनुसन्धानले सिद्धान्त र ज्ञानको प्रतिपादनमा भन्दा पनि कार्यक्षेत्रका तत्कालिन समस्या समाधानमा बढ्ता जोड दिएको हुन्छ । क्रियात्मक अनुसन्धान शिक्षाविद्, शिक्षा प्रशासक, योजनाविद् र शिक्षकहरूले गर्न सक्छन् । विद्यालयमा कार्यरत शिक्षकहरूले विद्यालय वा कक्षामा विद्यमान समस्या पहिल्याउनका लागि क्रियात्मक अनुसन्धान गर्न सक्छन् जुन बढी व्यावहारिक र कार्यमूलक हुन्छ । यसमा शिक्षक स्वयम्ले अनुभव गरेका, भोगेका समस्याहरूबारे विचार गरी क्रियात्मक अनुसन्धानका माध्यमबाट शैक्षणिक समस्या समाधान गरी शिक्षणसिकाइ क्रियाकलापमा सुधार ल्याउन र पठनपाठनका लागि उपयुक्त उपाय वा तरिकाहरू पहिल्याउन क्रियात्मक अनुसन्धानले मद्दत पुऱ्याउँछ । तसर्थ विद्यालयका सन्दर्भमा शिक्षक स्वयम्ले आफ्नो अनुसन्धानको निष्कर्ष कार्यान्वयन गर्ने गरी तयार गरिएको अनुसन्धान कार्यमूलक अनुसन्धान हो । तात्कालिक समस्या पहिचान र समाधानमा केन्द्रित हुने हुनाले कक्षाकोठाको वास्तविक समस्या पहिचान गरी समाधानका निम्ति योजना निर्माण र सोको कार्यान्वयन गर्नु क्रियात्मक अनुसन्धान हो ।

४. नमुनामा दिइएजस्तै तलका वाक्यहरूलाई पूर्णता दिनुहोस् ।

- एउटा किसानले नयाँ प्रविधिबाट खेती गरी कसरी बढी उत्पादन गर्ने भन्ने विषयमा क्रियात्मक अनुसन्धान गर्न सक्छ ।
- एउटा व्यापारी ... ... ... ... ... ... ... ... ...
- एउटा डाक्टर ... ... ... ... ... ... ... ... ...
- एउटा शिक्षक ... ... ... ... ... ... ... ... ...
- एउटा प्रधानाध्यापक ... ... ... ... ... ... ... ... ...
- एउटा निरीक्षक ... ... ... ... ... ... ... ... ...
- जुनसुकै व्यक्तिले आ-आफ्नो कार्य क्षेत्रसँग सम्बन्धित विषयहरूमा
- ... ... ... ... ... ... ... ... ...

५. तलका भनाइहरूमा सहमति वा असहमति जनाउनुहोस् ।

| भनाइ | सहमति | असहमति |
|---|---|---|
| ▪ कुनै पनि व्यक्ति आफ्नो पेशागत क्षमतामा सुधार चाहन्छ । | | |
| ▪ विद्वानहरू धेरै टाढा रहेर पनि कार्यक्षेत्रको अवस्था राम्ररी बुझेका हुन्छन् । | | |
| ▪ आफूलाई तोकिएका काम आफैँले गर्नुपर्छ । | | |
| ▪ बाहिरी व्यक्तिहरूबाट सहयोग मात्र लिन सकिन्छ । | | |
| ▪ क्रियात्मक अनुसन्धानमा अनुसन्धान विशेषज्ञको नेतृत्वदायी भूमिका | | |

| | | |
|---|---|---|
| रहेको हुन्छ । | | |
| ▪ महत्वपूर्ण परिणति ल्याउनमा विशेषज्ञको सहयोगात्मक कार्यबाट सम्भव हुन्छ । | | |
| ▪ ज्यादै व्यस्त रहेका शिक्षक वा व्यवस्थापकले पनि क्रियात्मक अनुसन्धानको माध्यमबाट कार्यशैलीमा सुधार ल्याई व्यस्तता कम गर्न सक्छन् । | | |
| ▪ क्रियात्मक अनुसन्धान स्वयम् अभ्यासकर्तालाई पनि उपयोगी हुनसक्छ, अनुसन्धानका सबै चरणमा अनुसन्धानकर्ताको प्रत्यक्ष संलग्नता रहन्छ । | | |


(ख) **औपचारिक अनुसन्धान र क्रियात्मक अनुसन्धान**

१. सहभागीहरूलाई औपचारिक अनुसन्धान र क्रियात्मक अनुसन्धानको फरक छुट्याइएको चार्ट प्रस्तुत गरी अध्ययन गर्न लगाउने । साथै छलफल गराई छोटो व्याख्या गर्ने ।

| विषयवस्तु | औपचारिक अनुसन्धान | क्रियात्मक अनुसन्धान |
|---|---|---|
| अनुसन्धानकर्ताका लागि तालिम | व्यापक | आफैं वा अरूको सहयोगमा |
| अनुसन्धानको लक्ष्य | सामान्यीकरण गर्न योग्य हुन्छ । | ज्ञान जुन स्थानीय परिस्थितिमा लागू गर्न योग्य हुन्छ । |
| अनुसन्धान विधि | पूर्वअनुसन्धानको पुनरावृत्ति | समसामयिक समस्याको पहिचान |
| साहित्यको पुनरावृत्ति गर्ने विधि | व्यापक, प्राथमिक स्रोतहरूको प्रयोग | हतार, सहायक स्रोत (Secondary source) को प्रयोग |
| नमुना छनौट विधि | सम्भावनायुक्त नमुना छनौट | विद्यार्थी |
| अनुसन्धान ढाँचा | लामो समय लाग्ने, कठोर नियन्त्रण | लचिलो विधि, छोटो समय |
| मापन विधि | मूल्याङ्कन र पूर्व जाँच साधन | सुविधायुक्त साधनहरू, स्तरयुक्त परीक्षा |
| तथ्याङ्क विश्लेषण | तथ्याङ्कीय जाँच, गुणात्मक तरिकाहरू | व्यावहारिक, गुणात्मक तथ्याङ्कहरू |
| नतिजाको प्रयोग | सैद्धान्तिक महत्वमा जोड | |

(ग) **क्रियात्मक अनुसन्धानका चरणहरू**

१. सहभागीहरूलाई तलको चित्रात्मक चार्ट देखाई अवलोकन अध्ययन गर्न लगाउने ।



प्रश्न :

- चित्रात्मक चार्टमा के देख्नुहुन्छ ?
- क्रियात्मक अनुसन्धानका चरणहरूमा तपाईँहरू पूर्वपरिचित हुनुहुन्छ कि ?

२. क्रियात्मक अनुसन्धानका चरणहरूको छोटो वर्णन गर्ने ।

**योजना** (Plan)

- कुन क्षेत्रमा परिवर्तन गर्न चाहेको हो सोको पहिचान गर्ने ।
- आफ्नो चाहेको उत्तर आउने गरी प्रश्ननिर्माण गर्ने ।
- योजनाको कार्यान्वयन गर्ने ।

**कार्य** (Act)

- योजनाको कार्यान्वयन गर्ने अफिस, स्कुल, कक्षाकोठा कार्यान्वयन नियन्त्रित वातावरणमा र चाहेको क्षेत्रमा नै केन्द्रित गरी हुनुपर्ने ।
- कार्यान्वयनमा लैजाँदा योजनाको सामान्य परिमार्जन हुनसक्छ । ठूलो परिमार्जन भने गर्नुहुँदैन ।
- यस अवस्थामा केकस्ता परिदृश्यहरू देखिए सोको अवलोकन र प्रतिविम्बित गर्नु आवश्यक हुन्छ ।

**अवलोकन** (Observe)

- कार्यान्वयनका क्रममा तथ्यहरू (Evidences) सङ्कलन गर्ने ।
- कुनै तीन विधिहरू अपनाएर तथ्यहरू सङ्कलन गर्ने ।
- कुनै तीन स्रोत (Source/respondents) बाट तथ्य सङ्कलन गर्ने ।
- कार्य सम्बन्धमा विभिन्न विचारहरू सङ्कलन गर्ने, जस्तै : प्रत्यक्ष लाभान्वित हुने शिक्षक, विद्यार्थी, अभिभावक, कर्मचारी आदिका विचार ।

**प्रतिविम्बन** (Reflection)

- यदि समूहद्वारा क्रियात्मक अनुसन्धान सञ्चालन गरिएको भए समूहमा छलफल गर्ने । यसबाट निष्कर्ष निकाल्न मद्दत मिल्छ, होइन भने अरूसँग Share गर्ने ताकि सही निष्कर्ष निकाल्न सकियोस् ।
- यस अवस्थामा क्रियात्मक अनुसन्धानकर्ताले योजना र कार्यान्वयनलाई पनि अवलोकन गरी अर्को योजनाको सुधारात्मक पक्षहरूको पहिचान गर्न सक्नेछन् ।

**प्रतिविम्बन गर्ने तरिकाहरू**

**आफ्नो Reflective journal को आधारमा :**

Reflective journal मा सबै अवलोकित क्रियाकलापहरू रेकर्ड गरिएका हुन्छन् । यसबाट अवलोकनमा के देखिएको थियो यसले उपलब्धि निकाल्नमा मद्दत पुऱ्याउँछ ।

**अनुसन्धानका क्रममा सङ्कलित तथ्याङ्कका क्रममा :**

कार्यान्वयनबाट प्राप्त तथ्याङ्क स्पष्ट देख्न सकिन्छ । तथ्याङ्क आफैँ पूर्ण हुँदैन । यसलाई अर्थपूर्ण किसिमले र बहुपक्षीय रूपबाट विश्लेषण गर्नुपर्छ ।

३. सहभागीहरूलाई प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको "क्रियात्मक अनुसन्धानको एक नमूना" अध्ययन गर्न लगाउने र प्रश्नहरू सोध्ने :

- तपाईं सामाजिक अध्ययन शिक्षकका नाताले कहिल्यै क्रियात्मक अनुसन्धान गर्नुभएको छ ?
- यदि गर्नुभएको छ भने माथि छलफल गरिएअनुसारको क्रियात्मक अनुसन्धानका चरणहरू अनुशरण गर्नुभएको छ ?

चारसमूहमा विभाजन गरी विभाजित हुन लगाउने । प्रत्येक समूहलाई समूहकार्य गर्न आवश्यक सामग्री उपलब्ध गराउने । प्रत्येक चरणको ख्याल राखी क्रियात्मक अनुसन्धान प्रस्ताव तयार पार्ने क्रममा प्रशिक्षकले सहजीकरण गर्ने । समूहगत प्रस्तावउपर छलफल गराई पृष्ठपोषण लिन दिन लगाउने । प्रशिक्षकले उपयुक्त पृष्ठपोषण दिई सुधार गर्ने ।

**(घ) क्रियात्मक अनुसन्धानको प्रयोग**

१. सहभागीहरूलाई क्रियात्मक अनुसन्धानको कक्षाकोठामा प्रयोग र उपयोगिता के छ भनी प्रश्न सोध्ने । यसका लागि सहभागीहरूलाई तीनतीनजनाको समूहमा छलफल गर्न लगाउने ।

२. सहभागीहरूका विचारलाई समेट्दै प्रशिक्षकले निम्नानुसारको निष्कर्ष दिने ।

**क्रियात्मक अनुसन्धानको प्रयोग र उपयोगिता**

- विद्यालय पाठ्यक्रम कार्यान्वयनको क्षेत्रमा सुधार गर्ने ।
- कक्षाकोठाको शिक्षणसिकाइमा सुधार गर्ने ।
- शिक्षण योजना विधि र सामग्रीको निर्माण, प्रयोग र सुधार कार्यमा उपयोगी हुने ।
- विद्यार्थीका सिकाइ समस्याहरू समाधान गरी सुधार गर्ने कार्यमा सहयोगी हुने ।
- पृष्ठपोषण प्रदान गर्ने प्रक्रियामा सुधार गर्ने ।
- मूल्याङ्कन कार्यमा सुधार गर्ने ।

**(ङ) कक्षाकोठा र क्रियात्मक अनुसन्धानमा नोट तयार गर्ने सीप विकास**

१. सहभागीहरूलाई निम्नलिखित क्रियाकलापमा संलग्न गराउने ।

तपाईंहरू क्रियात्मक अनुसन्धान गर्दै हुनुहुन्छ । अनुसन्धान गर्ने क्रममा विद्यार्थीहरूसँग लक्षित समूह छलफल (Focus group discussion) गराउँदै हुनुहुन्छ ।

- कस्तो शिक्षक असल शिक्षक हो भन्ने ठान्नुहुन्छ ?
- सामाजिक पढाउने शिक्षकका कुनकुन पक्ष राम्रा लाग्छन् ?
- समाजिक पढाउने शिक्षकका शिक्षणका सम्बन्धमा समस्याहरू केके छन् ?

२. सहभागीहरूलाई दुईसमूहमा विभाजित हुन लगाउने । प्रत्येक समूहलाई ५ मिनेटको समय दिई पालैपालो उपयुक्त प्रश्नमा आधारित भई लक्षित समूह छलफल गराउने । लक्षित समूह छलफल चलाउँदा समूहका दुईजनालाई जिम्मेवारी दिन सकिने कुरा बताउने । जुन समूहले छलफल गराउँछ उक्त समूहका सबै सदस्यले नोट तयार गर्नुपर्ने कुरा बताउने ।

३. अन्त्यमा बनाएको नोट प्रस्तुत गर्न लगाउने । नोट तयार गर्दाको अनुभव भन्न लगाउने ।

४. अनुसन्धान कार्यमा नोट तयार गर्दा गर्नुपर्ने कार्यहरूको सूची बनाउन लगाई प्रस्तुत गर्न लगाउने ।

५. अन्त्यमा प्रशिक्षकले निष्कर्ष दिने ।

क्रियात्मक वा कक्षा अनुसन्धानमा नोट तयार पार्दा शिक्षक वा अनुसन्धानकर्ताले ध्यान पुऱ्याउनु कुराहरू :

- ध्यानपूर्वक सुन्ने : छलफल अन्तर्वार्ता आदि कार्य गर्दा अरूको कुरा तथा विचारलाई ध्यानपूर्वक सुन्ने ।
- खुला हुने : खुला रूपमा प्रस्तुत हुनुपर्छ ।
- आवश्यकतानुसार प्रश्न गर्ने : प्रश्न राख्दा उचित अवस्था पहिचान गरी उत्तरदाताको भनाइ वा विचारमा आघात नपर्ने गरी सन्दर्भ मिलाएर गर्नुपर्छ ।
- उपयुक्त तरिकाले नोट तयार गर्ने : निश्चित शब्द, शब्दहरुको समूह, छोटाछोटा बुँदामा सूचना सङ्कलन गर्न पूरा अर्थ दिने शब्द, शब्दावलीलाई प्रयोग गर्नुपर्छ ।
- शीर्षक उपशीर्षक दिँदै टिपोट गर्ने : विषय क्षेत्रसँग सम्बन्धित क्षेत्रका प्रमुख बुँदाहरू पहिचान गर्ने र पहिचान गरिएका क्षेत्रमा प्राप्त हुने सूचनालाई शीर्षक उपशीर्षक दिँदै टिपोट गर्ने ।

५. **मूल्याङ्कन**

(क) क्रियात्मक अनुसन्धानलाई व्यावहारिक स्थितिमा सामाजिक अध्ययन शिक्षकले आ-आफ्नो अवस्थामा कति हदसम्म प्रयोग गर्न सक्छन् ?

(ख) कुनकुन अवस्थामा Action research बढी उपयोगी हुन्छ ?

# विद्यार्थीको क्षमता मूल्याङ्कन

सक्षमता ११ : शिक्षकले निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनमा आफ्नो क्षमताको विकास र अभिवृद्धि गरी विद्यार्थीको क्षमता मूल्याङ्कनमा प्रयोग गर्नेछन् ।

जम्मा घण्टा : १२ सत्र : ८

सत्र : पहिलो
समय : १:३० घण्टा

## सुधारात्मक र निर्णयात्मक मूल्याङ्कन प्रणाली

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) सुधारात्मक मूल्याङ्कनका लागि कार्यसञ्चयिका निर्माण गर्न,
(ख) सहभागीहरूका लागि कार्यसञ्चयिकाको नमुना प्रस्तुत गर्न,
(ग) कार्यसञ्चयिका व्यवस्थापनका आधारमा सुधारात्मक शिक्षणका विभिन्न मोडुलहरू प्रस्तुत गर्न ।

२. **सामग्री**

न्युजप्रिन्ट, कार्यसञ्चयिकाको नमुना, कार्डबोर्ड पेपर, साइनपेन, मास्किङ टेप, स्केल आदि ।

३. **विषयवस्तु**

(क) कार्यसञ्चयिका निर्माण
(ख) कार्यसञ्चयिकाको नमुना
(ग) सुधारात्मक शिक्षणका मोडुलहरू

४. **क्रियाकलाप**

(क) **कार्यसञ्चयिका निर्माण**

१. सर्वप्रथम प्रशिक्षकले विषयसँग सम्बन्धित तल प्रस्तुत गरिएको एउटा उदाहरणमा छलफल गराउने ।

"सरिता माध्यमिक शिक्षिका हुन् । उनी निकै मिहिनेती छिन् । उनी आफूले पढाउने विषय (सामाजिक अध्ययन) मा शैक्षिक सत्रको सुरुमा नै Operational calendar का आधारमा वार्षिक कार्ययोजना बनाउँछिन् । त्यसैका आधारमा स्थानीय र अन्य स्रोतबाट शैक्षिक सामग्रीहरूको सङ्कलन गर्छिन् । तिनै साधन उपयोग गरेर शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्छिन् । कक्षामा पूरा समय Learning by doing को सिद्धान्तअनुरूप पठनपाठन गराउँछिन् । समयसमयमा प्रश्नोत्तर र छलफल अनि योजना कार्य पनि गराउँछिन् । उनले पढाउने कक्षामा विद्यार्थीहरूको स्तर त्यति नराम्रो छैन तापनि परीक्षामा उनीहरूले राम्रो अङ्क ल्याउन सकेका छैनन् ।"

- उनले पढाएका विद्यार्थीहरूले किन राम्रो अङ्क ल्याउन नसकेका होलान्, समूहमा छलफल गरी निचोड प्रस्तुत गर्नुहोस् ।

- सरिता मिसको ठाउँमा यदि तपाईं भएको भए केकस्ता शिक्षण पद्धतिहरू अपनाउनुहुन्थ्यो होला ?
- यो समस्याको निराकरणका लागि केकस्ता मूल्याङ्कनका उपायहरू अवलम्बन गर्नुपर्ला, त्यसका लागि ठोस सुझावहरू प्रस्तुत गर्नुहोस् ।

२. सहभागीहरूका विचारमा छलफल तथा अन्तर्क्रिया गराउँदै कार्यसञ्चयिका निर्माणका लागि निम्नानुसारको क्रियाकलापमा सहभागी गराउने ।

- सहभागीहरूलाई आवश्यकतानुसार समूह विभाजन गर्ने ।
- सबै समूहलाई कार्यसञ्चयिका निर्माण गर्दा समावेश गर्नुपर्ने पक्षहरूको बुँदाहरू दिई छलफल गराउने ।
- कार्यसञ्चयिकामा विद्यार्थीको शैक्षिक प्रगति विवरण, उल्लेखनीय क्रियाकलाप, शिक्षकको टिपोट, सिर्जनशील कार्यहरू, व्यक्तिगत विवरणजस्ता पक्षहरू समावेश गराई टेबुल बनाउन लगाउने ।

**(ख) स्वमूल्याङ्कन गर्नका लागि कार्यसञ्चयिकाको नमुना निर्माण**

- माथिको नमुनाको आधारमा प्रशिक्षार्थीहरूलाई तालिम अवधिभर स्वमूल्याङ्कन गर्नका लागि कार्यसञ्चयिकाको नमुना बनाउन लगाउने ।
- सबैले कार्यसञ्चयिका फाइल बनाइसकेपछि पालैपालो प्रस्तुत गर्न लगाउने ।
- प्रस्तुत कार्यसञ्चयिका फाइलमा समावेश गरिएका बुँदाहरू उपयुक्त भए नभएको टिप्पणी गर्न लगाई सबैभन्दा उत्कृष्ट नमुना छनोट गर्न लगाउने ।

**(ग) सुधारात्मक शिक्षणका विभिन्न नमुनाहरू**

- सहभागीको रुचि, क्षमता र स्तरअनुरूपको समूह विभाजन गर्ने,
- सबै सहभागीले सक्रियतापूर्वक भाग लिए नलिएको अवलोकन गरी सबैलाई आवश्यकतानुसार सहयोग पुऱ्याउने ।
- कमजोर सहभागीलाई मद्दत गर्ने र तेज सहभागीलाई प्रोत्साहन दिने ।
- सबै सहभागीहरूलाई क्रियाकलापमा संलग्न गराउने र आफैं प्रत्यक्ष संलग्न भई, सहभागीलाई थाहै नदिई र कक्षाकोठाबाहिर पनि सहभागीहरूको अवलोकन गरी उनीहरूको रुचि र व्यवहारको अध्ययन गर्ने ।

माथि उल्लिखित क्रियाकलापहरू गराइसकेपछि विद्यार्थीहरूमा कमीकमजोरी पत्ता लगाई सुधारात्मक शिक्षणका अन्य नमुना र उपायहरू अवलम्बन गर्न सहभागीहरूलाई समूह विभाजन गरी प्रस्तुत गर्न लगाउने ।

**५. मूल्याङ्कन**

(क) विद्यार्थी कार्यसञ्चयिकाको नमुना बनाई प्रस्तुत गर्नुहोस् ।

(ख) व्यक्तिगत रूपमा प्रशिक्षार्थीहरूको अभिलेख राख्न कस्तो कार्यसञ्चयिकाको नमुना बनाउनुपर्ला ? त्यसको खाका बनाउनुहोस् ।

सत्र : दोस्रो
समय : १:३० घण्टा

# निर्णयात्मक मूल्याङ्कन प्रणाली र यसको प्रयोग

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) निर्णयात्मक मूल्याङ्कनका लागि विशिष्टीकरण तालिका निर्माण गरी प्रयोग गर्न,

(ख) निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनको भिन्नता छुट्याउन,

(ग) मूल्याङ्कनको प्रयोग गरी शिक्षणसिकाइमा सुधार ल्याउने प्रकिया बताउन ।

२. **सामग्री**

माध्यमिकत्तहको विशिष्टीकरण तालिका २०६१, न्युजप्रिन्ट, कार्डबोर्डपेपर, साइनपेन, स्केल आदि ।

३. **विषयवस्तु**

(क) विशिष्टीकरण तालिका निर्माण र प्रयोग

(ख) निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनमा भिन्नता

(ग) शिक्षणसिकाइमा सुधार

४. **क्रियाकलाप**

(क) **विशिष्टीकरण तालिका निर्माण र प्रयोग**

- सहभागीलाई चारओटा समूहमा विभाजन गर्ने,
- सबै समूहलाई विशिष्टीकरण तालिका बनाउन लगाउने,
- सबै समूहले तालिका बनाइसकेपछि पालैपालो प्रस्तुत गर्न लगाउने र अन्य समूहलाई कमीकमजोरी र सुधार गर्नुपर्ने भए सुधार गर्न लगाई त्यसलाई अन्तिम रूप दिन लगाउने ।

**(यसको नमुना प्रशिक्षार्थी स्रोतसामग्रीबाट लिन सकिन्छ ।)**

- विशिष्टीकरण तालिका बनाउनुको उपयोगिताबारे छलफल गर्न लगाउने ।

(ख) **निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनमा भिन्नता**

- सहभागीहरूलाई दुईसमूहमा विभाजन गर्ने । एउटा समूहलाई निर्माणात्मक र अर्को समूहलाई निर्णयात्मक मूल्याङ्कनका बुँदाहरू लेख्न लगाई प्रस्तुत गर्न लगाउने ।
- दुईसमूहले प्रस्तुत गरिसकेपछि त्यसलाई अन्तिम रूप प्रदान गर्ने ।
- निर्माणात्मक मूल्याङ्कनमा समावेश गर्नुपर्ने बुँदाहरूलाई Tree chart बनाउन लगाई पालैपालो प्रस्तुत गर्न लगाउने र सबैभन्दा उत्कृष्ट छनोट गरी पुरस्कृत गर्ने ।
- निर्णयात्मक मूल्याङ्कनमा समावेश गर्नुपर्ने बुँदाहरूलाई Tree chart मा बनाउन लगाई प्रदर्शन गर्न लगाउने र पालैपालो Comment गर्न लगाउने ।
- निर्माणात्मक मूल्याङ्कनका लागि गर्नुपर्ने क्रियाकलापहरूको विवरण तयार गर्न लगाउने ।
- निर्णयात्मक मूल्याङ्कनका लागि केकस्ता कार्यहरू गर्न सकिन्छ त्यसको सूची बनाउन लगाई प्रस्तुत गर्न लगाउने ।

- अन्त्यमा, प्रशिक्षकले निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनमा भिन्नता प्रस्ट्याइदिने ।
  **(यससम्बन्धी सामग्री प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

(ग) **शिक्षणसिकाइमा सुधार**

- सर्वप्रथम सहभागीहरूलाई निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन नतिजाको विश्लेषण गर्न लगाउने ।
- Paper and pencil test / observation बाट विद्यार्थीहरूको प्राप्त गरेका प्राप्ताङ्क र व्यावहारिक परिवर्तन आदिको अवलोकनबाट शिक्षणसिकाइमा केकस्तो परिवर्तन ल्याउन जरुरी छ त्यस सम्वन्धमा छलफल र अन्तर्क्रिया गराउने ।
- छलफल र अन्तर्क्रियाबाट प्राप्त निष्कर्षलाई पालैपालो प्रस्तुत गर्न लगाउने ।
- अन्त्यमा शिक्षणसिकाइमा सुधार गर्न सकिने अन्य उपायहरू सम्बन्धमा अन्तर्क्रिया गर्न लगाउने र सम्भाव्य तरिकाहरू प्रस्तुत गर्न लगाउने ।

## ५. मूल्याङ्कन

(क) माध्यमिक तहको विशिष्टीकरण तालिका नमुना बनाउनुहोस् ।
(ख) निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका भिन्नताहरू तालिकामा देखाउनुहोस् ।
(ग) शिक्षणसिकाइमा सुधार गर्न सक्ने सम्भाव्य तरिकाहरू प्रस्तुत गर्नुहोस् ।

सत्र : तेस्रो
समय : १:३० घण्टा

# प्राप्त सूचना र तथ्याङ्कका आधारमा परिमाणात्मक र गुणात्मक विश्लेषण

## १. उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) प्राप्त सूचना र तथ्याङ्कका आधारमा परिमाणात्मक र गुणात्मक (Qualitative and quantitative) विश्लेषण गर्न,

(ख) निर्माणात्मक (Formative) र निर्णयात्मक (Summative) मूल्याङ्कनले शिक्षणसिकाइमा पार्ने प्रभाव बताउन ।

## २. सामग्री

न्युजप्रिन्ट, कार्डबोर्डपेपर, साइनपेन, स्केल आदि ।

## ३. विषयवस्तु

(क) प्राप्त सूचना र तथ्याङ्कका आधारमा परिमाणात्मक र गुणात्मक विश्लेषण

(ख) सुधारात्मक र निर्णयात्मक मूल्याङ्कनले शिक्षणसिकाइमा पार्ने प्रभाव

(ग) शिक्षणसिकाइमा सुधार


## ४. क्रियाकलाप

**(क) प्राप्त सूचना र तथ्याङ्कका आधारमा परिमाणात्मक र गुणात्मक विश्लेषण**


- सहभागीहरूलाई आवश्यकतानुसार समूह विभाजन गराउने,
- एउटा समूहलाई प्रश्ननिर्माण गर्न लगाउने,
- त्यो समूहले बनाएको प्रश्नहरू अन्य समूहमा परीक्षण गर्न लगाउने,
- परीक्षणपश्चात् त्यसको आधारमा उत्तीर्ण/अनुत्तीर्ण र श्रेणी छुट्याउन लगाउने,
- अन्य समूहका सहभागीहरूले कति अङ्क प्राप्त गरे त्यसका आधारमा श्रेणी निर्धारण गर्न लगाउने,
- यसबाट परिमाणात्मक र गुणात्मक विश्लेषण गर्न लगाउने,
- एक समूहलाई परिमाणात्मक विश्लेषण र अर्को समूहलाई गुणात्मक विश्लेषणको व्याख्या गर्न लगाई प्रस्तुत गर्न लगाउने ।

**(ख) निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनले शिक्षणसिकाइमा पार्ने प्रभाव**

- सहभागीलाई तलको चार्ट अध्ययन गर्न लगाउने ।




- माथिको चार्टका आधारमा तलका प्रश्नहरूको जवाफ समेट्दै पत्रिकाका लागि सम्पादकीय तयार गर्न लगाउने ।
  - योजनाकार्यले निर्माणात्मक मूल्याङ्कन र शिक्षणसिकाइमा कसरी सहयोग पुऱ्याउँछ ?
  - कक्षाकार्य र गृहकार्यले विद्यार्थीहरूको अध्ययनलाई गहिरो बनाउन कसरी मद्दत गर्दछ ?
  - "विद्यार्थीहरूको व्यावहारिक परिवर्तन भयो भएन परीक्षण गर्न अवलोकन सहायकसिद्ध हुन्छ ।" पुष्टि गर्नुहोस् ।
  - "हाजिरीजवाफले विद्यार्थीहरूमा प्रतिस्पर्धात्मक भावनाको विकास गराउँछ ।" स्पष्ट पार्नुहोस् ।
- तयार पारिएको सम्पादकीय दुईदुई मिनेटको समय दिएर प्रस्तुत गर्न लगाउने ।
- प्रस्तुत भएका सम्पादकीयहरूमध्ये सहभागीलाई सबैभन्दा उत्तम छनोट गर्न लगाई पुरस्कृत गर्ने ।
- सहभागीलाई तलको चार्ट अध्ययन गर्न लगाउने ।



- माथिको चार्टको आधारमा अर्को एउटा वृक्षचार्ट बनाउन लगाउने ।
- सहभागी सबैले बनाइसकेपछि पालैपालो प्रस्तुत गर्न लगाउने ।
- त्यसमध्ये सबैभन्दा उत्तम छनोट गरी पुरस्कृत गर्ने ।
- सहभागीहरूलाई निर्माणात्मक मूल्याङ्कन र निर्णयात्मक मूल्याङ्कनले शिक्षणसिकाइमा पार्ने प्रभावलाई सूचीबद्ध गर्न लगाउने ।
- एउटा समूहलाई निर्माणात्मक मूल्याङ्कनले पार्ने प्रभाव र अर्को समूहलाई निर्णयात्मक मूल्याङ्कनले शिक्षणसिकाइमा पार्ने प्रभाव सूचीबद्ध गर्न लगाई पालैपालो प्रस्तुत गर्न लगाउने ।
- एउटा समूहले प्रस्तुत गरिसकेपछि अर्को समूहलाई टिप्पणी गर्न लगाउने र यसरी आलोपालो टिप्पणी (Comment) गर्न लगाइसकेपछि त्यसलाई अन्तिम रूप प्रदान गर्ने ।

५. **मूल्याङ्कन**

- परिमाणात्मक र गुणात्मक विश्लेषणको सूची बनाउन लगाउनुहोस् ।
- निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनले शिक्षणसिकाइमा पार्ने प्रभाव उल्लेख गर्नुहोस् ।

सत्र : चौँथो
समय : १:३० घण्टा

## सहभागितामूलक मूल्याङ्कन

### १. उद्देश्य

यस सेसनको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

(क) सहभागितामूलक मूल्याङ्कनको अवधारणा र प्रक्रिया स्पष्ट पार्न,

(ख) यस प्रक्रियामा पृष्ठपोषणको महत्व वयान गर्न,

(ग) परियोजना कार्यको अवधारणा र प्रक्रिया बताउन,

(घ) सामाजिक अध्ययन शिक्षण क्रियाकलापमा परियोजना कार्य समावेश गरी सहभागितामूलक मूल्याङ्कनको प्रक्रिया कार्यान्वयन गर्न ।

### २. सामग्री

सामाजिक अध्ययन पाठ्यक्रम र पाठ्यपुस्तक, चार्ट निर्माणसम्बन्धी विभिन्न सामग्रीहरू ।

### ३. विषयवस्तु

(क) सहभागितामूलक मूल्याङ्कनको अवधारणा र प्रक्रिया

(ख) पृष्ठपोषणको महत्व

(ग) परियोजना कार्यको अवधारणा र प्रक्रिया

(घ) सामाजिक अध्ययन शिक्षण क्रियाकलापमा परियोजना कार्य समावेश गरी सहभागितामूलक मूल्याङ्कनको प्रक्रियाको कार्यान्वयन

### ४. क्रियाकलाप

(क) सहभागितामूलक मूल्याङ्कनको अवधारणा

सहभागीहरूलाई सहभागितामूलक मूल्याङ्कनको अवधारणाबारे प्रश्न सोध्ने । उत्तरहरूलाई समेटेर प्रशिक्षकले सहभागितामूलक मूल्याङ्कनको अवधारणा बताइदिने ।

> शिक्षणसिकाइ क्रियाकलापको सन्दर्भमा सिकाइअनुभव प्रदान गर्न सञ्चालित समूहगत कार्यको मूल्याङ्कनमा सबै सहभागीहरूको सक्रिय संलग्नता नै सहभागितामूलक मूल्याङ्कन हो ।

(ख) सहभागीहरूलाई सहभागितामूलक मूल्याङ्कनका प्रक्रियाका चरणहरू उल्लेख भएको चार्ट प्रस्तुत गरी अध्ययन तथा छलफल गर्न लगाउने ।

- सञ्चालनसम्बन्धी निर्णय
- सहभागी हुने व्यक्तिहरूको निधो
- मूल्याङ्कनको क्षेत्र निर्धारण
- योजना निर्माण
- मूल्याङ्कन कार्यान्वयन
- तथ्याङ्क विश्लेषण
- पृष्ठपोषण र कार्ययोजना

(ग) सहभागीहरूलाई सहभागितामूलक मूल्याङ्कनमा पृष्ठपोषण कार्य निरन्तर भइरहने कुरा उदाहरणसहित प्रस्ट पारिदिने ।

(घ) परियोजना कार्य र सहभागितामूलक मूल्याङ्कनको सम्बन्ध

- सहभागीहरूलाई विभिन्न समूहमा विभाजन गरी सामाजिक अध्ययन शिक्षणमा प्रयोग हुनसक्ने २ २ ओटा चार्टहरू प्रत्येक समूहबाट बनाउन लगाउने ।
- सहभागीहरूलाई प्रत्येक चार्टको मूल्याङ्कन गर्न लगाई सहमतिको आधारमा चार्टमा सुधार गर्न पृष्ठपोषण दिन लगाउने ।
- उपरोक्त क्रियाकलापबाट सहभागितामूलक मूल्याङ्कन, पृष्ठपोषण र परियोजना कार्यको अवधारणा स्पष्ट पार्ने ।
- सहभागितामूलक मूल्याङ्कनको प्रक्रिया सञ्चालन गर्न यसका चरणहरूको सूची बनाउन लगाउने ।

## ५. मूल्याङ्कन

परियोजना कार्य, सहभागितामूलक मूल्याङ्कन र पृष्ठपोषणबीच अन्तरसम्बन्ध देखाउनुहोस् ।

सत्र : पाँचौं
समय १·३० घण्टा

# विषयवस्तुनिष्ठ/विषयगत मूल्याङ्कनका लागि प्रश्ननिर्माण

## १. उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) निबन्धात्मक र सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरूको अवधारणा र विशेषताहरू वर्णन गर्न,
(ख) असल प्रश्नका गुणहरू सूचीबद्ध गर्न,
(ग) शैक्षिक उद्देश्यका सबै तहसँग मिल्ने निबन्धात्मक र सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू निर्माण गर्न,
(घ) आलोचनात्मक र सिर्जनात्मक बौद्धिक सीपको विकासमा बल पुऱ्याउने खालका प्रश्नहरू निर्माण गर्न ।

## २. सामग्री

नमुना प्रश्नहरू (त्रुटिपूर्ण र स्तरीय प्रश्नहरूका उदाहरण), सामाजिक अध्ययनको पाठ्यक्रम र पाठ्यपुस्तक ।

## ३. विषयवस्तु

(क) निबन्धात्मक र सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरूको अवधारणा र विशेषताहरू
(ख) असल प्रश्नका गुणहरू
(ग) शैक्षिक उद्देश्यका सबै तहसँग मिल्ने निबन्धात्मक र सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू निर्माण
(घ) आलोचनात्मक र सिर्जनात्मक बौद्धिक सीपको विकासमा बल पुऱ्याउने खालका प्रश्नहरू निर्माण

## ४. क्रियाकलाप

(क) सहभागीहरू समक्ष निबन्धात्मक र सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरूका केही नमुना प्रस्तुत गर्ने ।
(ख) सबै सहभागीहरूलाई पालैपालो उक्त प्रश्नहरूबारे आफ्नो धारणा व्यक्त गर्न लगाउने ।
(ग) सहभागीहरूका विचारलाई समेटेर निम्नलिखित निष्कर्ष दिने :

> निबन्धात्मक अथवा लामो उत्तरात्मक प्रश्नमा अभिव्यक्तिको पूर्ण स्वतन्त्रता हुन्छ । यसबाट विद्यार्थीहरूको मौलिकता, तर्कपूर्ण प्रस्तुतीकरण, आलोचनात्मक शैली, सिर्जनात्मक क्षमता, इत्यादिको राम्रो मूल्याङ्कन गर्न सकिन्छ । तर अङ्कनमा धेरै विविधताको सम्भावना हुन्छ ।
> सङ्क्षिप्त उत्तरात्मक प्रश्नमा आत्मपरकता र वस्तुपरकता दुवै गुण समेटिएका हुन्छन् । यसबाट धेरै विषयवस्तुहरू ढाँक्न सकिन्छ ।
> प्रश्न निर्माण गर्दा ध्यान दिनुपर्ने सूत्रहरू हुन् : व्यापकता, वस्तुपरकता, विश्वसनीयता, वैधता, विभेदकारिता इत्यादि ।

(घ) प्रश्नमा देखिएका त्रुटिहरू सच्याउन के गर्नुपर्छ भन्ने प्रश्न गर्दै राम्रा प्रश्नहरूमा हुनुपर्ने गुणहरूको सूची बनाउन लगाउने ।
(ङ) सो गुणहरूलाई ४ समूहमा विभाजन गरी सबै तहका शैक्षिक उद्देश्यहरूसँग मिल्ने निबन्धात्मक र सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू निर्माण गर्न लगाउने ।

केही नमुना प्रश्नहरू

- मिश्रित अर्थ व्यवस्थाबारे एउटा टिप्पणी लेख्नुहोस् ?
- नेपालको असंलग्न नीतिको परिभाषा दिनुहोस् ।
- नेपालमा धार्मिक सहिष्णुताबारे एउटा टिप्पणी लेख्नुहोस् ?
- नेपाली सामाजमा विद्यमान अनेकताहरूको सूची बनाउनुहोस् ?
- राष्ट्रिय एकता कायम गर्न नेपाली भाषाले कस्तो भूमिका खेलेको छ ? उल्लेख गर्नुहोस् ।

(च) प्रत्येक समूहका प्रश्नहरूमा अन्य समूहहरूबाट टीकाटिप्पणी गर्न लगाई आवश्यक सुधार गर्न लगाउने ।

(छ) आलोचनात्मक सोचाइ र सिर्जनशील क्षमतालाई लक्षित गरी प्रश्न निर्माणमा जोड दिने ।

## ५. मूल्याङ्कन

प्रत्येक सहभागीलाई व्यक्तिगत रूपमा सबै तहका एकएकओटा प्रश्नहरू निर्माण गर्नुहोस् ।

सत्र : छैटौँ
समय : १·३० घण्टा

# वस्तुनिष्ठ मूल्याङ्कनका लागि प्रश्न निर्माण

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) वस्तुगत प्रश्नको अवधारणा, किसिम र विशेषताहरू उल्लेख गर्न,

(ख) वस्तुनिष्ठ मूल्याङ्कनका लागि विभिन्न नमुना प्रश्नहरू निर्माण गर्न,

(ग) सबै सहभागीहरूले एकअर्काको प्रश्नमा टिप्पणी गर्दै सुधारको लागि सुझाव दिन,

(घ) शिक्षणसिकाइ कार्यक्रममा प्रश्न निर्माणको महत्व बताउन ।

२. **सामग्री**

(क) नमुना प्रश्नहरू (राम्रा र नराम्रा प्रश्नहरूको उदाहरण), प्रश्ननिर्माण गर्न पाठ्यक्रम र पाठ्यपुस्तक

३. **विषयवस्तु**

(क) वस्तुगत प्रश्नको अवधारणा, किसिम र विशेषताहरू

(ख) वस्तुनिष्ठ मूल्याङ्कनका लागि विभिन्न नमुना प्रश्नहरू निर्माण

(ग) शिक्षणसिकाइ कार्यक्रममा प्रश्न निर्माण

४. **क्रियाकलाप**

(क) राम्रा एवम् नराम्रा प्रश्नहरू प्रस्तुत गरी सहभागीहरूलाई छलफल गर्न लगाउने र त्यसप्रति आफ्नो आलोचनात्मक दृष्टिकोण व्यक्त गर्न लगाउने ।

(ख) प्रत्येक सहभागीलाई सामाजिक अध्ययन विषयबाट २ ओटा बहुवैकल्पिक प्रश्न, ५ बुँदामा आधारित जोडा मिलाउने, ५ ओटा खाली ठाउँ भर्ने र ५ ओटा ठीक बेठीक प्रश्नहरू बनाउन लगाउने । प्रशिक्षकले केही टिप्सहरूमा छलफल गराउने ।

**बहुवैकल्पिक प्रश्न**

- प्रश्न खण्ड र विकल्पहरू सकेसम्म छोटो र मिल्दोजुल्दो
- सही उत्तर एक मात्र
- सबै विकल्पहरूको आकार लगभग समान
- प्रश्न खण्डबाट सही उत्तरको सुराक नपाउनु

**जोडा मिलाउने प्रश्न**

दुवै स्तम्भका अवधारणा, सामान्यीकरण वा वाक्यखण्डको प्रकृति समान हुनुपर्छ र 'क' स्तम्भको बुँदा सङ्ख्याभन्दा (ख) स्तम्भको बुँदा सङ्ख्या बढी हुनुपर्छ ।

**खाली ठाउा भर्ने प्रश्न**

स्मरणशक्ति जाँचको लागि धेरै उपयुक्त छ । एकदुई शब्द मात्र गर्ने किसिमको प्रश्न हुनुपर्छ । एकभन्दा बढी शब्दहरू मिल्न सक्ने खालको हुनुहुँदैन ।

**ठीक बेठीक प्रश्न**

यसको सम्बन्ध पनि स्मरणशक्तिसँग छ । तर यसमा दुईओटा मात्र विकल्प भएकोले अनुमानको आधारमा उत्तर मिल्ने सम्भावना ५०% हुन्छ ।

**छलफलका लागि केही प्रश्नहरू**

**बहुवैकल्पिक**

१. सर्वोच्च शिखर सगरमाथा नेपालको कुन अञ्चलमा अवस्थित छ ?

(क) कोशी अञ्चल (ख) सगरमाथा अञ्चल

(ग) बागमती अञ्चल (घ) धवलागिरी अञ्चल

२. नेपालमा सामाजिक अध्ययन शिक्षकका शिक्षकहरूले अत्यधिक प्रयोग गर्ने गरेका शिक्षण विधि कुन हो ?

(क) व्याख्यान विधि (ख) छलफल विधि

(ग) आनुभविक विधि (घ) परियोजना विधि

३. प्रजातन्त्र भनेको के हो ?

(क) जनताको, जनताका लागि र जनताद्वारा गठित शासन व्यवस्था हो ।

(ख) आदर्श सिद्धान्त मात्र हो ।

(ग) जनताको शासन हो ।

(घ) आधुनिक युगको देन हो ।

**खाली ठाउँ भर्ने**

५. काठमाडौं नेपालको ... .... ... हो ।

६. नेपालको राजधानीको नाम ... ... ... हो ।

(ग) प्रत्येकको प्रश्नपत्रमा आफ्नो प्रतिक्रिया व्यक्त गर्न एवम् त्रुटिहरू केलाउँदै उपयुक्त सुझाव दिन सहभागीहरूलाई प्रोत्साहित गर्ने ।

(घ) अन्त्यमा शिक्षणसिकाइ कार्यक्रममा प्रश्न निर्माणको महत्वबारे सहभागीहरूलाई आ-आफ्ना विचार व्यक्त गर्न लगाई सबैलाई एउटा सामूहिक निष्कर्ष निकाल्न प्रेरित गर्ने ।

५. **मूल्याङ्कन**

सहभागीहरूलाई चारसमूहमा विभाजन गरी प्रत्येक समूहलाई पुन : सबै किसिमका विषयगत प्रश्नहरू समेटी प्रश्नपत्र निर्माण गर्न लगाई अन्तरसमूह छलफल गर्न लगाउने ।

सत्र : सातौं
समय : १:३० घण्टा

# उत्तरपुस्तिका परीक्षण

## १. उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) उत्तरपुस्तिका परीक्षणमा देखिएका समस्याहरू केलाउन,

(ख) विषयवस्तुनिष्ठ परीक्षणलाई विश्वसनीय र वस्तुपरक बनाउन विभिन्न उपायहरू सुझाउन,

(ग) वस्तुनिष्ठ परीक्षणमा उत्तरकुञ्जिकाको महत्व बताउन र निर्माण गर्न,

(घ) उत्तरपुस्तिका परीक्षणमा सामूहिक पद्धतिको उपयोगिता र प्रक्रिया वर्णन गर्न ।

## २. सामग्री

(क) उत्तरपुस्तिकाको नमुना

(ख) प्रश्न विश्लेषणको नमुना

## ३. विषयवस्तु

(क) उत्तरपुस्तिका परीक्षणमा देखिएका समस्याहरू

(ख) विषयवस्तुनिष्ठ परीक्षणलाई विश्वसनीय र वस्तुपरक बनाउने विभिन्न उपायहरू

(ग) वस्तुनिष्ठ परीक्षणमा उत्तरकुञ्जिकाको महत्व

(घ) उत्तरपुस्तिका परीक्षणमा सामूहिक पद्धतिको उपयोगिता र प्रक्रिया

## ४. क्रियाकलाप

(क) प्रत्येक सहभागीलाई एउटा उत्तरपुस्तिका दिई अङ्कनमा देखिएको भिन्नताका कारण भन्न लगाउने ।

(ख) उत्तरपुस्तिका परीक्षणमा सामान्यतया देखिएका समस्याहरूको सूची बनाउन लगाउने ।

(ग) उक्त समस्याहरू समाधान गर्ने उपायहरू पत्ता लगाउन सहभागीहरूलाई ४-५ समूहमा विभाजन गरी Buzz group छलफलको प्रक्रिया सञ्चालन गर्ने ।

(घ) सहभागीहरूले निर्माण गरेका विषयगत प्रश्नहरूमध्ये केहीको उत्तरपुस्तिका परीक्षणको दृष्टिकोणले विश्लेषण गर्न लगाउने ।

(ङ) वस्तुनिष्ठ उत्तरपुस्तिका परीक्षणको लागि उत्तरकुञ्जिकाको महत्वबारे छलफल गराई उत्तरकुञ्जिका निर्माण गर्न लगाउने ।

(च) उत्तरपुस्तिका परीक्षणको सामूहिक पद्धतिको अवधारणाबारे सहभागीहरूलाई आ-आफ्नो विचार व्यक्त गर्न लगाई अन्तिम निष्कर्षमा पुग्न प्रेरित गर्ने ।

## ५. मूल्याङ्कन

(क) विषयवस्तुनिष्ठ उत्तर परीक्षणमा देखिएका समस्याहरू केके हुन् ?

(ख) उक्त समस्याहरूलाई कसरी समाधान गर्न सकिन्छ ?

सत्र : आठौँ
समय : १:३० घण्टा

## अङ्कन अभिलेखन (Score Recording)

१. **उद्देश्य**

यो पाठ अध्ययनपछि शिक्षकहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

(क) कार्यसञ्चयिका अभिलेखन गर्न,

(ख) मानक अभिलेख (Normative recording) निर्धारण गर्न,

(ग) शिक्षणसिकाइमा अङ्कन अभिलेखनले पार्ने प्रभाव उल्लेख गर्न ।

२. **सामग्री**

कार्डबोर्ड पेपर, कैंची, साइनपेन, स्केल आदि ।

३. **विषयवस्तु**

(क) कार्यसञ्चयिका अभिलेखन (Portfolio recording)

(ख) मानक अभिलेखन (Normative recording)

(ग) शिक्षणसिकाइमा अङ्कन अभिलेखनले पार्ने प्रभाव

४. **क्रियाकलाप**

(क) कार्यसञ्चयिका अभिलेखन (Portfolio recording)

१. सहभागीलाई आवश्यकतानुसार समूह विभाजन गर्ने ।

- प्रत्येक समूहलाई कार्यसञ्चयिका अभिलेखन सम्बन्धमा छलफल गराउने ।
- छलफलका क्रममा सहभागीले गरेका राम्रा कार्यहरू छनोट गरी Portfolio मा अभिलेख तयार गर्न लगाउने । यसका लागि आफ्नै वा कुनै एक विद्यार्थी वा व्यक्तिको कार्यसञ्चयिका अभिलेखन तयार गराउन सकिन्छ ।
- सहभागीहरूको पनि अभिलेख राख्न लगाई समूह निर्माण गर्ने र एउटा समूहलाई अर्को समूहको मूल्याङ्कन गर्न लगाउने ।

  **(कार्यसञ्चयिकाबारे जानकारी आवश्यक भएमा प्रशिक्षार्थी स्रोतसामग्रीको अध्ययन गर्न सकिनेछ ।)**
- मूल्याङ्कन गरेपछि त्यसका आधारहरूसहित पालैपालो प्रस्तुत गर्न लगाउने र जुन समूहले तर्कपूर्ण आधारहरू प्रस्तुत गर्दछ त्यस्तो समूहलाई विजयी घोषित गरी पुरस्कृत गर्ने ।

(ख) मानक अभिलेखन

१. सहभागीलाई निम्नानुसार चारसमूहमा बाँड्नुहोस् र प्रत्येक समूहका सहभागीको सामाजिक अध्ययन विषयको परीक्षामा प्राप्त गरेको अङ्कनको तालिका बनाउन लगाउने ।

| समूह (क) | प्राप्ताङ्क | समूह (ख) | प्राप्ताङ्क |
|---|---|---|---|
| हरि | ६० | विनोद | ६० |
| श्याम | ५० | गोपाल | ६५ |

| | | | |
|---|---|---|---|
| भूषण | ५५ | सुरेश | ७० |
| कुशल | ७५ | मञ्जु | ६५ |
| गीता | ३५ | सलिना | ७० |
| रुना | ४५ | रूपेस | ७५ |
| चुना | ६५ | जनक | ६० |
| **समूह (ग)** | **प्राप्ताङ्क** | **समूह (घ)** | **प्राप्ताङ्क** |
| कमला | ३५ | दीपक | ४० |
| नारायण | ४० | पवित्रा | ३२ |
| शरद | ४५ | विजय | ३६ |
| राजन | ५० | लोकेन्द्र | ३८ |
| सरिता | ४५ | सुमन | ५० |
| सुमित्रा | ४० | सीता | ४८ |
| शशी | ५० | मैयाँ | ४२ |

- सामाजिक अध्ययन विषयमा समूह (ख) ले किन राम्रो अङ्क प्राप्त गरेको होला, समूहमा छलफल गर्न लगाई प्रस्तुत गर्न लगाउने ।
- समूह (घ) का सहभागीले प्राप्त गरेको अङ्क कम छ, अब त्यो समूहका सहभागीलाई सामाजिक अध्ययन विषयमा के-कस्तो सुधार गर्नुपर्ला, त्यससम्बन्धी एउटा टिपोट तयार गर्न लगाउने ।
- सबै समूहले तयार गरेपछि पालैपालो प्रस्तुत गर्न लगाउने र मानक अभिलेखनबाट शिक्षणसिकाइमा कसरी सुधार गर्न सकिन्छ भन्ने सम्बन्धमा आ-आफ्नो निचोड प्रस्तुत गर्ने ।

(ग) शिक्षणसिकाइमा अङ्कन अभिलेखनले पार्ने प्रभाव

- सहभागीलाई दुईसमूहमा बाँड्ने । एउटा समूहलाई शिक्षणसिकाइमा अङ्कन अभिलेखनको महत्व र अर्को समूहलाई अङ्कन अभिलेखनले शिक्षणसिकाइमा पार्ने प्रभावबारे छलफल गराउने ।
- दुवै समूहले तयारी सकेपछि पालैपालो प्रस्तुत गर्न लगाई एक अर्को समूहलाई टिप्पणी गर्न लगाउने र निचोड बताइदिने ।

## ५. मूल्याङ्कन

क) कार्यसञ्चयिका अभिलेखन किन आवश्यक छ ?

ख) मानक अभिलेखन शिक्षणसिकाइ सुधारको सूचक हो, पुष्टि गर्नुहोस् ।

# शिक्षामा जीवनोपयोगी सीपहरू

सक्षमता : शिक्षकले जीवनोपयोगी सीपका विभिन्न स्वरूपहरूका बारेमा बोध गरी सामाजिक अध्ययन शिक्षणमा त्यसको प्रयोग गर्नेछन् ।

जम्मा घण्टा : ६

सत्र : ४

सत्र : पहिलो
समय : १:३० घण्टा

## जीवनोपयोगी सीप तथा जीविकोपार्जन सीपको परिचय

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

(क) जीवनोपयोगी सीपहरूको परिचय दिन,
(ख) जीवनोपयोगी सीपको प्रकार बताउन,
(ग) जीविकोपार्जन सीपको परिचय दिन ।

२. **सामग्री**

मार्कर, कार्डबोर्ड, साइनपेन, न्युजप्रिन्ट, जीवनोपयोगी सीपसम्बन्धी परिचय सामग्री, मेटाकार्ड ।

३. **विषयवस्तु**

(क) जीवनोपयोगी सीपको परिचय
(ख) जीवनोपयोगी सीपका प्रकार
(ग) जीविकोपार्जन सीपको परिचय

४. **क्रियाकलाप**

(क) **मस्तिष्कमन्थन**

मेटाकार्डमा निम्न कुराहरू लेख्नुहोस् र दुईटुक्रा पारेर काट्नुहोस् ।

- जीवनोपयोगी सीपहरू
- निर्णय गर्ने क्षमता
- आत्मव्यवस्थापन
- प्रभावकारी सञ्चार
- आत्मसम्मान
- तनाव व्यवस्थापन
- सकारात्मक सोचाइ
- अन्तर्वैयक्तिक सम्वन्ध
- परानुभूति/समानुभूति
- स्वचेतना
- तार्किक क्षमता
- दृढ भएर आफ्नो विचार राख्ने
- जीविकोपार्जनको सीपहरू

- टुक्राहरूलाई छ्यासमिस हुने गरी एउटा चकको बट्टामा राख्नुहोस् ।
- हरेक सहभागीलाई एउटाएउटा टुक्रा टिप्न लगाउनुहोस् ।

- सबैले टुक्रा लिइसकेपछि अर्थपूर्ण शब्द बनाउनका लागि दुईटुक्रा मिलाउन लगाउनुहोस् । यसो गर्दा टुक्राटुक्रा मिली सिङ्गो मेटाकार्ड बन्छ र दुईजनाको जोडी पनि बन्छ ।
- अब जोडीमा मेटाकार्डमा लेखिएको शब्दको अर्थको बारेमा छलफल गर्न लगाउनुहोस् ।
- पालैसँग हरेक जोडीलाई आफ्नो जोडी बनाउने मेटाकार्डमा उल्लेखित शब्दको बारेमा भन्न लगाउनुहोस् ।
- प्रस्तुतिपछि ती शब्दहरू व्यक्तिको जीवनयापनलाई उद्देश्यमूलक बनाउन सहयोग गर्ने खालका छन् कि छैनन् ? छलफल गराउनुहोस् ।
- आजको सत्र जीवनोपयोगी सीपको परिचय र प्रकारसँग सम्बन्धित भएको कुरा बताइदिनुहोस् ।

(ख) **जीवनोपयोगी सीपको परिचय**

जीवनोपयोगी सीपलाई विश्व स्वास्थ्य सङ्गठनले गरेको परिभाषा बताइदिनुहोस् ।

**(जीवनोपयोगी सीपको परिचयसम्बन्धी सामग्री प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

(ग) **जीवनोपयोगी सीपको प्रकारहरू**

सहभागीहरूलाई तीनसमूहमा बाँड्नुहोस् र हरेक समूहलाई पाठपत्र वितरण गरी अध्ययन गर्न लगाउनुहोस् ।

**(पाठपत्र प्रशिक्षार्थी स्रोतसामग्रीमा दिइएको छ ।)**

समूहमा छलफल गरिसकेपछि समूहले अध्ययन गरेको सीपको जानकारी अरू समूहलाई गराउन लगाउनुहोस् । हरेक सीपमा स्पष्ट नभएका विषयवस्तुहरूको बारेमा सोधी स्पष्ट हुने अवसर सबैलाई दिनुहोस् । जीवनोपयोगी सीप र यसका प्रकारको बारेमा छोटो प्रस्तुतीकरण गर्नुहोस् ।

## ५. मूल्याङ्कन

(क) जीवनोपयोगी सीपको प्रकार बताउनुहोस् ।

(ख) परानुभूति भन्नाले कस्तो सीपलाई जनाउँछ ?

(ग) निर्णय गर्ने सीप व्यक्तिलाई किन आवश्यक पर्छ ?

सत्र : दोस्रो
समय: १:३० घण्टा

# प्रभावकारी सञ्चार एवम् अन्तर्वैयक्तिक सम्बन्धसम्बन्धी सीप

## १. उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्य गर्न सक्षम हुनेछन् :

(क) प्रभावकारी सञ्चार सीप एवम् अन्तर्वैयक्तिक सम्बन्ध सीपको परिचय दिन,

(ख) प्रभावकारी सञ्चार सीप एवम् अन्तर्वैयक्तिक सम्बन्ध सीपको परिचय दिन,

(ग) सामाजिक अध्ययन शिक्षणमा प्रभावकारी सञ्चार सीप एवम् अन्तर्वैयक्तिक सम्वन्ध सीपको क्षेत्र पहिचान गरी अभ्यास गर्न ।

## २. सामग्री

मेटाकार्ड, साइनपेन, न्युजप्रिन्ट, कार्डबोर्ड पेपर आदि ।

## ३. विषयवस्तु

(क) प्रभावकारी सञ्चार एवम् अन्तर्वैयक्तिक सम्बन्ध सीपको परिचय

(ख) प्रभावकारी सञ्चार एवम् अन्तर्वैयक्तिक सम्बन्ध सीपका प्रकार

(ग) सामाजिक अध्ययन शिक्षणमा प्रभावकारी सञ्चार एवम् अन्तर्वैयक्तिक सम्वन्ध सीप विकासका क्षेत्रहरू

## ४. क्रियाकलाप

**मस्तिष्क मन्थन**

- चित्र बनाउन जान्ने दुईजना सहभागीलाई अगाडि डाक्नुहोस् । दुईजनामध्ये एकजनालाई कुनै मानिसको कम्मरमाथिको चित्र बनाउनुपर्ने र अर्को जनाले कम्मरमुनिबाट सुरु गरी चित्र पूरा गर्नुपर्ने कुरा बताउनुहोस् ।
- तालिम कक्षाको अगाडि दुईओटा न्युजप्रिन्ट एकमाथि अर्को खप्टाएर टाँस्नुहोस् ।
- खप्टाएर टाँसिएका न्युजप्रिन्टलाई चौडाइतर्फबाट आधा हुने गरी पट्याउनुहोस् ।
- कम्मरभन्दा माथिको भागको चित्र बनाउने सहभागीलाई पहिलो न्युजप्रिन्टको माथिल्लो आधा भागमा चित्र बनाउन लगाउनुहोस् । साइनपेनले चित्र बनाउँदा सबैले देख्ने हुँदा साइनपेन दिनुहोस् ।
- कम्मरभन्दा माथिल्लो भागको चित्र बनाउदै गर्दा अर्को सहभागीलाई हेर्न नदिनुहोस् । अन्यत्र फर्किएर बस्न लगाउनुहोस् ।
- चित्र बनाइसकेपछि पहिलो न्युजप्रिन्टलाई माथितिर फर्काएर मास्किङ टेपले टाँस्नुहोस् ।
- दोस्रो न्युजप्रिन्टको तलतिरको आधा भागमा कम्मरभन्दा मुनिको भागको चित्र बनाउन अर्को सहभागीलाई लगाउनुहोस् ।
- चित्र बनाइसकेपछि पहिलो न्युजप्रिन्टको तलतिरको आधा भाँग च्यातिदिनुहोस् ।
- अब पहिलो न्युजप्रिन्टको माथिल्लो आधा भाग र दोस्रो न्युजप्रिन्टको तल्लो आधा भाग मिल्ने गरी मास्किङ टेपले टाँसिदिनुहोस् ।

- दुवै सहभागीलाई आआफ्नो स्थानमा बस्न लगाउनुहोस् ।
- सहभागीहरू सबैलाई निम्न प्रश्न सोध्नुहोस् ।
  - ○ किन कम्मरभन्दा माथि र मुनि फरकफरक हुन गई चित्र अर्थपूर्ण हुन सकेन ?
  - ○ चित्रमा तालमेल नमिल्नुका कारणहरू केके हुन् ?
  - ○ केके भइदिएको भए चित्र दुवै चित्र निर्माताले सोचेजस्तो हुने थियो ?
- सहभागीको विचार सङ्कलन गर्दै एक अर्काबीचको विचार आदानप्रदान हुन नपाएकोले चित्र फरक पर्न गएको निष्कर्ष दिनुहोस् ।

(क) **प्रभावकारी सञ्चार सीप तथा अन्तर्वैयक्तिक सम्बन्ध सीपको परिचय र प्रकार**

प्रभावकारी सञ्चारबाट नै व्यक्तिबीचको सम्बन्ध अर्थपूर्ण हुन जान्छ । जीवनोपयोगी सीपअन्तर्गत सञ्चारले प्रत्यक्ष दुई व्यक्तिबीच वा समूह र व्यक्तिबीचको बोलेर तथा इशाराबाट हुने खबरको आदानप्रदानलाई जोड दिन्छ । प्रभावकारी सञ्चारको कारणले नै अर्को व्यक्तिलाई बुझ्ने र आफ्ना भनाइ राख्न मद्दत पुऱ्याउँछ । यस सीपअन्तर्गत निम्न कुराहरू पर्दछन् :

- बोलेर र इशाराबाट गरिने सञ्चार
- परानुभूति र सक्रिय सुनाइ
- सम्झौता र द्वन्द्व व्यवस्थापन
- सहकारिता र समूहकार्य
- पृष्ठपोषण लिने र दिने
- विश्वस्त भएर निर्धक्कसँग आफ्ना भनाइ राख्ने सीप

प्रशिक्षार्थी स्रोतसामग्रीमा उल्लेखित प्रभावकारी सञ्चार सीप र अन्तरव्यक्ति सम्बन्धसम्बन्धी सीप अध्ययन गर्न लगाई छलफल गराउनुहोस् ।

(ख) **सामाजिक अध्ययन शिक्षणमा जीवनोपयोगी सीप विकासका क्षेत्र पहिचान**

सहभागीलाई चारसमूहमा बाँड्नुहोस् र सामाजिक अध्ययनका चारओटा क्षेत्रमा निम्नानुसार अध्ययन गर्न लगाई तालिकामा भर्न लगाउनुहोस् ।

| क्र.सं. | पाठ | विकास हुने जीवनोपयोगी सीपहरू | शिक्षण तरिका |
|---|---|---|---|
| | | | |

प्रत्येक समूहको प्रस्तुतिपछि बुँदागत रूपमा निम्न कुराहरू बताइदिनुहोस् ।

- जीवनोपयोगी सीपहरू सामाजिक अध्ययनका विषयवस्तुहरू शिक्षण गर्दा विकास हुँदै जाने सीपहरू हुन् ।
- जीवनोपयोगी सीप विकासका लागि शिक्षकले प्रशस्त क्रियाकलापहरू तथा विद्यार्थी आफैँलाई स्वअध्ययन गरी खोजीनीति गर्ने अवसर दिनुपर्छ ।
- खासगरी पारस्परिक सहयोग, सद्भाव, सहानुभूति, परानुभूति आदिजस्ता सीपहरू सामाजिक अध्ययन शिक्षणका क्रममा विद्यार्थीहरूले सिक्दै जान्छन् ।
- समुदाय तथा विद्यालयमा वातावरणीय सन्तुलन राख्न आफ्नो र अरुको दायित्व बोध गर्छन् ।
- वरपरका माटो लगायत प्राकृतिक स्रोतको दुरुपयोग रोक्न र भावी सन्ततिलाई हस्तान्तरण गर्नका लागि दत्तचित्त रहन्छन् ।

- शिक्षकले विषयवस्तुसँग सम्वन्धित विविध शिक्षणसिकाइ क्रियाकलाप सदैव अपनाउनुपर्छ, जस्तै : मामला अध्ययन, छलफल, मस्तिष्क मन्थन, क्षेत्रभ्रमण, परियोजना कार्य, वादविवाद, प्रश्नोत्तर, भूमिकानिर्वाह आदि ।

## ५. मूल्याङ्कन

(क) प्रभावकारी सञ्चार र अन्तर्वैयक्तिक सम्बन्धसम्बन्धी सीपका प्रकार बताउनुहोस् ।

(ख) प्रभावकारी सञ्चार र अन्तर्वैयक्तिक सम्बन्ध सीप विकासका लागि उपयुक्त पाठहरूमध्ये चारओटाको नाम भन्नुहोस् ।

(ग) कस्ताकस्ता शिक्षण विधि प्रयोग गर्दा जीवनोपयोगी सीप विकास गर्न सकिन्छ ?

सत्र : तेस्रो
समय: १:३० घण्टा

# निर्णय गर्ने सीप र समालोचनात्मक सीप

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

(क) निर्णय गर्ने सीप र समालोचनात्मक सीपको परिचय दिन,

(ख) निर्णय गर्ने सीपका चरणहरू बताउन,

(ग) निर्णय गर्ने सीपको अभ्यास गर्न ।

२. **सामग्री**

मार्कर, कार्डसिट, ग्लुस्टिक, निर्णय गर्ने ढाँचा (Decision making frame), केही घटनाहरू ।

३. **विषयवस्तु**

(क) निर्णय गर्ने सीप र समालोचनात्मक सोचाइको परिचय


(ख) निर्णय गर्ने सीपका चरणहरू

(ग) निर्णय गर्ने सीपको अभ्यास

४. **क्रियाकलाप**

**मस्तिष्क मन्थन**

(क) नौओटा मेचलाई चित्रमा देखाएजस्तै गरी राख्नुहोस् ।



(ख) सहभागीहरूलाई १०/१० जनाको दुईसमूहमा विभाजित हुन लगाउनुहोस् ।

(ग) हरेक समूहलाई नाम दिनुहोस् वा दुई समूहका व्यक्तिहरूलाई चिन्नका लागि सङ्केत दिनुहोस् । (जस्तै : कलम भएको समूह र नभएको समूह आदि)

(घ) दुईसमूहका व्यक्तिहरूलाई चित्रमा जस्तै गरी मेचहरूको अगाडि उभिन लगाउनुहोस् ।

(ङ) समूहको अगाडि चिन्ह राख्नुहोस् ।

(च) खेलको नियम बताइदिनुहोस् ।

- यो समूहगत प्रतिस्पर्धात्मक खेल भए तापनि एकअर्कामा सल्लाह गर्न र निर्देशन दिन पाइने छैन ।
- व्यक्तिले आफ्नो इच्छाअनुसार मेच रोजेर बस्न पाउँछ तर समूहलाई जिताउन प्रयासरत रहनुपर्छ ।
- प्रशिक्षकको सङ्केत (ताली, सिट्ठी) अनुसार हरेक पटक दुईजना (समूहको १ १ जना गरी) अगाडि गएर मेचमा बस्नुपर्नेछ ।

- मेचमा बस्दा एकसमूहका व्यक्तिहरू लहरै भएर (ठाडो, तेस्रो, Diagonal) बस्नुपर्नेछ, जुन समूहले लहरै भएर मेचमा बस्न सक्छ त्यो समूहले १ अङ्क पाउनेछ ।
- प्रशिक्षकको सङ्केतपछि मेचमा बस्दा सकेसम्म आफ्नो समूहले अङ्क प्राप्त गर्ने गरी बस्नुपर्नेछ, तर अर्को समूहको लहर बिग्रने गरी बसे पनि हुन्छ ।
- मेचमा बस्दा विस्तारै बस्ने, अर्को व्यक्तिलाई धक्का नदिई दौड्ने गर्नुपर्छ ।
- नौओटा मेच दुवै समूहका सदस्यले ओगटिसकेपछि कति लहर एकसमूहले ओगट्यो सोही आधारमा हरेक लहरको १ अङ्कका दरले अङ्क प्रदान गर्ने ।
- पहिले मेचमा बस्ने व्यक्तिहरू आफ्नो समूहको पछाडि गएर बस्ने ।
- यसरी निश्चित समयसम्म खेल खेलाउने ।

(छ) खेल समाप्तिपछि समूहलाई निम्न प्रश्न सोधी छलफल गर्नुहोस् ।

- विजय हुने समूहका सदस्यहरूले कस्तो रणनीतिका आधारमा खेल जितियो ? कुनै खास रणनीति थियो वा मौका पाएर मात्र जितियो ?
- समूहले जित्न व्यक्तिको भूमिका थियो कि थिएन ?
- खेल हार्ने समूहका साथीहरूलाई हारको कारण के थियो जस्तो लाग्छ ?
- के गरेको भए वा के भएको भए खेल जितिन्थ्यो होला ?
- हरेक व्यक्तिले खेल जित्न केके कुरा विचार गर्नुभयो र मेचमा गएर बस्नुभयो ?

माथिका प्रश्नहरूको उत्तर भन्न लगाउँदै कुनै चुनौती वा समस्याको समाधानका लागि पर्याप्त चिन्तन र विचार गर्नु आवश्यक छ । पर्याप्त चिन्तन समालोचनात्मक हुनुपर्दछ । त्यस चुनौतीसँग सम्बन्धित सकेसम्म सबै सूचना लिने, विश्लेषण गर्ने, प्रशस्त विकल्पहरू खोज्ने र उपयुक्त विकल्पलाई पहिचान गर्ने गर्नुपर्छ भन्ने कुरा बताइदिनुहोस् ।

**निर्णय गर्ने सीप र समालोचनात्मक सोचाइको परिचय**

निर्णय गर्ने सीप र समालोचनात्मक सीपको परिचयका बारेमा निम्नानुसारको प्रस्तुतीकरण गर्नुहोस् । (ओएचपि, कार्डसिट, एलसिडि आदि बनाएर प्रस्तुत गर्न सकिन्छ)

*मानिसका लागि निर्णय गर्ने सीप सिक्न र अभ्यास गर्न अनिवार्य हुन्छ । यस सीपले व्यक्तिलाई आफू र आफ्ना समुदायमा बस्ने सबैलाई उचित तरिकाले समस्यासमाधान गर्न सहयोग गर्छ । यस सीपले व्यक्तिलाई स्वस्थ एवम् सकारात्मक व्यवहार गर्न प्रेरित गर्दछ । समाजमा सबैलाई स्वीकार्य हुने काम गर्ने क्षमता प्रदान गर्छ ।*

*निर्णय गर्ने र समालोचनात्मक सीपले व्यक्तिको जीवनलाई सार्थक, उत्पादनमूलक एवम् कुशल बनाउन सहयोग गर्छ । समस्याबाट उम्कन हचुवाको भरमा आफ्नो प्रतिक्रिया दिने कार्यलाई निरुत्साहित गर्दै स्वस्थरूपले आफू र अरूलाई हानी नपुग्ने कार्यमा सदैव लाग्न यस सीपले व्यक्तिलाई सदा सहयोग गर्छ ।*

**निर्णय गर्ने सीपका चरणहरू**

निर्णयमा पुग्नुभन्दा पहिला निम्नानुसारको चरण अपनाउनुपर्ने कुराको प्रस्तुतीकरण गर्नुहोस् :

- सूचनाहरूको सङ्कलन
- वर्तमान र भविष्यमा पर्न सक्ने परिणामहरूको आधारमा विकल्पहरूको छनोट
- हरेक विकल्पको सकारात्मक र नकारात्मक परिणामहरूको लेखाजोखा
- सामाजिक एवम् सांस्कृतिक मूल्य मान्यताहरूको विश्लेषण (समालोचना)
- विश्वस्त सूचनाहरूको स्रोतको ठम्याइ
- उपयुक्त विकल्पको छनोट र परिणामहरूको आँकलन

**निर्णय गर्ने सीपको अभ्यास**

सहभागीहरूलाई पाँचसमूहमा बाँड्नुहोस् । हरेक समूहमा बराबरको सङ्ख्यामा सहभागी राख्नुहोस् । प्रत्येक समूहमा निम्नानुसारको घटना दिनुहोस् ।

**समूह क** : राधा रत्नपार्कबाट सानोठिमी आउँदै गर्दा सँगै बसेको केटाले पटकपटक शरीरको संवेदनशील अङ्गमा छुने गर्छ जुन राधालाई मनपर्दैन । उनी के गर्ने, कसो गर्ने दोधारमा छिन् ।

**समूह ख** : राम र हरि कक्षा १० मा पढ्छन् । राम चुरोटको सेवनकर्ता हो । हरिलाई चुरोट सेवन गर्न राम कर गर्छ, जुन कुरा हरिलाई मनपर्दैन । हरि के गर्ने भन्ने दोधारमा छ ।

**समूह ग** : राधिका १३ वर्षकी घरेलु कामदार हुन् । उनलाई पढ्ने इच्छा छ तर घरमालिकलाई भन्न सकिरहेकी छैनन् । पढ्ने आफ्नो इच्छा कसरी पूरा गर्ने भन्ने सम्बन्धमा सोचिरहेकी छिन् ।

**समूह घ** : कृष्ण र दिनेशसँगै डिपार्टमेन्टल स्टोरमा काम गर्छन् । कृष्णलाई एच.आइ.भि. भएको थाहापाएर दिनेशकी आमा कृष्णसँग काम नगर्न कर गरिरहेकी छिन् । दिनेश दोधारमा छ ।

**समूह ङ** : अमित होटल म्यानेजमेन्ट पढ्न चाहन्छ तर उसका आमाबाबु कम्प्युटर इन्जिनियर बन्न कर गरिरहेका छन् । अमित दोधारमा छ ।

(क) हरेक समूहमा निम्नानुसारको Decision making frame उपलब्ध गराउनुहोस् ।

**निर्णय गर्ने ढाँचा**

| समस्या | विकल्पहरू | परिणामहरू | अनुभूति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

उपयुक्त विकल्प :

त्यही विकल्प छान्नुको कारण :

(ख) हरेक समूहले निर्णय गर्ने सीपको अभ्यास गर्ने ढाँचामा समूहलाई परेको मुद्दाअनुसार निर्णय तयार गरिसकेपछि प्रस्तुत गर्न लगाउनुहोस् ।

(ग) सबै समूहको प्रस्तुतिपछि व्यक्तिगत रूपमा हरेक समूहलाई निर्णय गर्ने तौरतरिकामा अझ राम्रो गर्न सकिने भए सुझाव दिन लगाउनुहोस् र तपाईंको धारणा पनि बताइदिनुहोस् ।

(घ) सहभागीहरूलाई हरेकको समस्यामाथि निर्णय लिनुपर्दा चरणबद्ध प्रक्रिया अपनाएर निर्णयमा पुग्दा जोखिम कम हुने कुरा बताइदिनुहोस् ।

(ङ) विद्यालयका विद्यार्थीहरूलाई पाठ्यक्रमअनुसार र दैनिक जीवनमा आउनसक्ने चुनौतीहरूको ससाना घटना बनाई "तिमी भए कसरी निर्णय गर्थ्यौ ?" भन्ने सन्दर्भ बनाएर Decision making frame अनुसार अभ्यास गर्न लगाउँदा सानै उमेर र तहबाट उपयुक्त Decision गर्ने तौरतरिकामा अभ्यस्त हुने मौका प्राप्त हुनाले फाइदा पुग्ने कुरा बताइदिनुहोस् ।

(च) सहभागीहरूलाई विद्यालयमा कस्ताकस्ता विषय र पाठमा Decision making सीपको अभ्यास गराउन सकिन्छ सोध्नुहोस् र गराउँदा पुग्ने फाइदाको बारेमा छलफल गराउनुहोस् ।

(छ) Decision making frame मा बसेर अभ्यास गर्दा तपाईंलाई कस्तो अनुभव भयो ? सहभागीको भावना प्रतिक्रिया लिँदै यस्तो Frame ले विद्यालयमा झन फाइदा पुग्ने कुरा बताइदिनुहोस् ।

(ज) Decision making skill विकास गराउने अरु तरिका भए हरेकलाई भन्न लगाउनुहोस् ।

(झ) कक्षाकोठामा यसलाई अझ प्रभावकारी रूपमा लैजान केही सुधार गर्न सकिने भए भन्न लगाउनुहोस् ।

## ५. मूल्याङ्कन

सहभागीहरूको क्रियाकलापको आधारमा मूल्याङ्कन गर्नुहोस् । समूहकार्य गर्दा हरेक सहभागीले भाग लिएको नलिएको अवलोकन गर्नुहोस् र समूहका सबैलाई बोल्न र कार्य गर्न प्रेरित गर्नुहोस् । सत्रको अन्त्यमा सत्रभरि गरिएका क्रियाकलापहरूमा सुधार गर्नुपर्ने केही कुरा भए भन्न लगाउनुहोस् । पृष्ठपोषण दिन नभुल्नुहोस् ।

सत्र : चौँथो
समय: १:३० घण्टा

# सामना गर्ने तथा आत्मव्यवस्थापनसम्बन्धी सीप

१. **उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्यहरू गर्न सक्षम हुनेछन् :

क) सामना तथा आत्मव्यवस्थापन सीपको परिचय दिन,

ख) सामना तथा आत्मव्यवस्थापन सीपअन्तर्गत पर्ने सीपहरू बताउन,

ग) सामना तथा आत्मव्यवस्थापनअन्तर्गत पर्ने सीपहरूको अभ्यास गर्न ।

२. **सामग्री**

सामना तथा आत्मव्यवस्थापनको परिचय लेखिएको चार्ट, कार्डसिट, साइनपेन, मास्कीङ टेप ।

३. **विषयवस्तु**

(क) सामना तथा आत्मव्यवस्थापन सीपको परिचय

(ख) सामना तथा आत्मव्यवस्थापनअन्तर्गत पर्ने सीपहरू

(ग) सामना तथा आत्मव्यवस्थापन सीपको अभ्यास

४. **क्रियाकलाप**

(क) **मस्तिष्क मन्थन**

- आफ्ना सकारात्मक गुणहरू आफैँले हेर्दा र अरुले हेर्दा निम्न क्षेत्रमा कस्ताकस्ता छन्, हरेकलाई भर्न निम्न चार्ट वितरण गर्नुहोस् ।
- चार्ट भर्दा तपाईंले आफूलाई हेर्दा के सकारात्मक गुण देख्नुहुन्छ ? पहिलो ठाउँमा भरिसकेपछि ४ जनाको समूहमा बाँडिएर बस्दा बाँकी ३ जनाले के देख्नुहुन्छ ? तपाईंको बारेमा सोध्नुहोस् र भर्नुहोस् ।

**आत्माजागरणका लागि सकारात्मक गुण पहिचान चार्ट**

| क्र.सं. | क्षेत्र | आफैँलाई लागेको मेरो सकारात्मक गुणहरू | अरुले देखेको मेरो सकारात्मक गुणहरू |
|---|---|---|---|
| १. | सामान्यतया म कस्तो देखिन्छु ? | | |
| २. | मेरो शरीर मलाई कस्तो लाग्छ ? | | |
| ३. | मेरो बुद्धि मलाई कस्तो लाग्छ ? | | |
| ४. | मेरो अरुसँगको सम्बन्ध कस्तो छ ? | | |
| ५. | मेरो पढाउने सीप कस्तो छ ? | | |
| ६. | मेरो समय बिताउने तरिका कस्तो छ ? | | |

- छलफल गर्दा तपाईंका बारेमा तपाईंले हेर्ने दृष्टिकोण र अरुले तपाईँलाई हेर्ने दृष्टिकोण उस्तै छ कि फरक छ ? पत्ता लगाउनुहोस् ।

- तपाईंका सकारात्मक व्यवहारहरू साथीहरूले औँल्याई दिँदा कस्तो लाग्यो ? सहभागीलाई सोध्नुहोस् ।
- तपाईंमा भएका सकारात्मक व्यवहारहरूको कारण तपाईंमा प्रशस्त क्षमता छ भन्ने ठान्नुहोस् । केही सुधार गर्न पर्ने भए पनि सुधार गर्नुहोस् भन्ने कुरा बताइदिनुहोस् ।
- यो आत्मजागरण जगाउने क्रियाकलाप भएको कुरा बताइदिनुहोस् ।

**(ख) सामना र आत्मव्यवस्थापन सीपको परिचय**

- सहभागीहरूलाई सामना र आत्मव्यवस्थापन सीप भन्नाले कस्तो सीपलाई जनाउँछ ? प्रश्न सामूहिक रूपमा राखी छलफल गर्नुहोस् ।
- सामना र आत्मव्यवस्थापन सीपको परिचय निम्नानुसार बताइदिनुहोस् ।

| |
|---|
| यो सीपले व्यक्तिलाई आफ्नो ज्ञान, धारणा तथा सीपको प्रयोग गरी स्वस्थ र सामाजिक रूपले स्वीकार्य व्यवहारहरू प्रदर्शन गरी जीवनयापन गर्न सहयोग गर्नुको साथै आफू र अरूको अस्तित्वलाई स्वीकार गर्न सिकाउँछ । |

**(ग) सामना र आत्मव्यवस्थापन सीपअन्तर्गत पर्ने सीपहरू**

यस सीपअन्तर्गत पर्ने सीपहरू बताइदिनुहोस् । यस सीपअन्तर्गत पर्ने सीपहरू निम्न पर्दछन् :


- सहकर्मी दवावको सामना
- समय व्यवस्थापन
- सहयोग लिने
- लक्ष्य निर्धारण
- क्षति, कुलत र दु:ख व्यवस्थापन
- अप्ठ्यारो र द्वन्द व्यवस्थापन
- तनाव व्यवस्थापन
- आत्माजागरण
- सकारात्मक सोचाइ
- आत्ममूल्याङ्कन
- आत्मविश्वास

**(घ) सामना र आत्मव्यवस्थापन सीपको अभ्यास**

सामना र आत्मव्यवस्थापन सीपअन्तर्गत पर्ने सीपहरूमध्ये यहाँ लक्ष्य निर्धारण र तनाव व्यवस्थापनको अभ्यास गरिनेछ ।

- लक्ष्य निर्धारण

**जीवन रेखा**




- प्रत्येक सहभागीहरूलाई कापीको पानामा तेर्सो रेखा खिच्न लगाउनुहोस् ।
- उक्त रेखा सहभागीको जीवनरेखा भएको कुरा बताइदिनुहोस् ।
- रेखाको सुरूकोमा जन्ममिति लेख्न लगाउनुहोस् ।
- रेखाको बीच भागमा आजको मिति लेख्न लगाउनुहोस् ।

- रेखाको अन्त्यमा जीवनको अन्त्य हुने समय (ऐच्छिक) लेख्न लगाउनुहोस् ।
- अब जीवनको सुरूदेखि आजको मितिसम्ममा तपाईंले सम्झनेदेखिका पाँचओटा राम्रा अवसरहरू रेखाको माथितिर सहभागीहरूलाई लेख्न लगाउनुहोस् । (जस्तै : SLC pass, विवाह, जागीर )
- रेखाको तलतिर सोचेअनुसार नभएका घटनाहरू भए पाँचओटा लेख्नुहोस् । ( असफल, .... )
- आजको मितिदेखि १ वर्ष, ५ वर्ष, १० वर्षभित्र प्राप्त गर्न चाहेको लक्ष्य केके हुन् ? एकएकओटा सहभागीहरूलाई रेखाको माथितिर लेख्न लगाउनुहोस् ।
- तीनजनाको समूह बनाउन लगाई आआफूले लेखेको कुराहरू छलफल गराउनुहोस् । यसरी छलफल गराउँदा निम्न प्रश्नहरूको उत्तर लेख्न पनि लगाउनुहोस् ।
  - किन त्यही लक्ष्य राख्नुभयो ?
  - ती लक्ष्यहरू प्राप्त गर्न तपाईंसँग अहिले भएका क्षमताहरू केके छन् ?
  - लक्ष्य प्राप्त गर्न अब केके कुरा तपाईंमा हुनुपर्छ ?
  - तपाईंमा भएका कुनकुन व्यवहारहरू हटाउनुपर्छ ?
  - लक्ष्य प्राप्त गर्न ७ दिनभित्र गर्ने तपाईंको कार्य के हो ?
- छलफल सकिएपछि केही समूहलाई ठूलो समूहमा अनुभवहरू बाँड्न मौका दिनुहोस् ।
- लक्ष्य निर्धारण सामना र आत्मव्यवस्थापन सीपको महत्वपूर्ण सीप हो । लक्ष्य प्राप्तिले व्यक्तिलाई सुखी र समृद्धशाली बनाउछ । लक्ष्य प्राप्त गर्न सकिने वस्तुगत र व्यावहारिक हुनुपर्छ । काल्पनिक लक्ष्यले झन व्यक्तिलाई बिगार्छ । लक्ष्य राख्नुभन्दा पहिला आफूसँग भएको अन्तर्निहित क्षमताको लेखाजोखा गर्नुपर्छ र अवसर तथा वरपरको वातावरणको समेत ख्याल गर्नुपर्छ । लक्ष्य प्राप्तिका लागि ससाना लक्ष्य पुनः निर्धारण गर्नुपर्छ । निरन्तर पृष्ठपोषण र अवसरको खोजी गरिनुपर्छ भन्ने कुरा बताइदिनुहोस् र सहभागीहरूको लक्ष्य प्राप्तिका लागि पृष्ठपोषण र हौसला दिन नबिर्सनुहोस् ।

- **तनाव व्यवस्थापन:**
  - तनावलाई व्यवस्थापन गर्न के के तरिका अपनाउने गर्नुभएको छ ? सोध्नुहोस् ।
  - निम्नानुसारको चार्ट वितरण गर्नुहोस् र तनावलाई व्यवस्थापन गर्न केके गर्न सकिन्छ ? प्रत्येक सहभागीहरूलाई चार्ट भर्न लगाउनुहोस् ।

**(तनाव व्यवस्थापन चार्ट)**

| व्यावहारिक तरिका | मनोवैज्ञानिक तरिका | संज्ञानात्मक तरिका | शारीरिक तरिका |
|---|---|---|---|
| समय व्यवस्थापन | सकारात्मक सोचाइ | चलचित्र हेर्ने | अभ्यास गर्ने |
| लक्ष्य निर्धारण गर्ने | विचारलाई पुनर्संरचना गर्ने | मनोरञ्जन लिने | सामूहिक खेल |
| | योगा | किताब पढ्ने | मालिस गर्ने |

| | | | |
|---|---|---|---|
| | | रङरोगन | |
| | | कथालेखन | |

- तनाव व्यवस्थापनका अरू तरिका भए सहभागीहरूबाट आदानप्रदान गराउनुहोस् ।
- लक्ष्य निर्धारण र तनाव व्यवस्थापनबाट पनि सामना र आत्मव्यवस्थापन हुने कुरा बताइदिनुहोस् ।
- यस क्रियाकलापलाई तालिम र कक्षाकोठामा प्रयोग गर्न उपयुक्त हुन्छ कि हुँदैन ? सोध्नुहोस् ।
- यस क्रियाकलापलाई अझ राम्रो एवम् प्रभावकारी बनाउन केही सुधार गर्न सकिने भए कसरी गर्न सकिन्छ ? सोध्नुहोस् ।

## ५. मूल्याङ्कन

**क्रियाकलापको समयमा सहभागीहरूको मूल्याङ्कन गर्नुहोस् र सबैलाई सक्रिय रूपमा सहभागी हुन** प्रेरित गर्नुहोस् । (प्रशिक्षक भएको नाताले तपाईंका सबल र सुधार गर्नुपर्ने पक्षहरूको समेत पृष्ठपोषण लिन नभुल्नुहोस् ।)